


# राष्ट्रकविको सय वर्ष

नइ प्रकाशन

# राष्ट्रकविको सय वर्ष

नरेन्द्रराज प्रसाई
इन्दिरा प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
प्रुफरिडर : लवप्रसाद भण्डारी
आवरण फोटो : राष्ट्रकवि माधव घिमिरे
आवरण चित्रकार : इन्द्र खत्री
साजसज्जा : सुमन कार्की
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १४४
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०७६ साल (2020)

---

ISBN: 978-9937-509-78-7
**Rastra Kabiko Saya Barsha**
(A Collection of Memories & Criticism
Edited by Narendra Raj Prasai & Indira Prasai)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेला, मौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नइ प्रसाई साहित्यिक परिसरका लागि नौलो नाउँ रहेन । राष्ट्रकविका लागि नइले अर्को गौरवी कृत्य रचेको कुरा पनि साहित्यिक संसारका लागि परिचित तथ्य नै हो ।

'राष्ट्रकविको सय वर्ष'नामक यस सङ्ग्रहमा राष्ट्रकवि माधव घिमिरेको वय एक सय वर्ष पुगेको अवसरमा घिमिरेसँग नजिक रहेका स्रष्टाहरूले उनका सम्मानमा आफ्ना शब्दपुष्पद्वारा राष्ट्रकविको अर्चना र वन्दना गरेका छन् । हाम्रो शास्त्रीय परम्पराअनुरूप यस्तो कार्य मानवोचित कर्तव्य एवम् चेतनायुक्तताको परिचायक पनि मानिन्छ ।

नेपाली राष्ट्रियतालाई काव्यका माध्यमबाट जनमनमा सञ्चारित गराउने राष्ट्रकवि माधवप्रसाद घिमिरेका सन्दर्भमा 'राष्ट्रकविको सय वर्ष' नइ प्रकाशनकै संस्थापक नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईबाट सम्पादनको संयोग हुनु राष्ट्रकविउपर साँच्चैको वन्दना भएको हामीलाई लागेको छ । राष्ट्रकवि माधव घिमिरेले नै नइ प्रकाशनको २०५३ असोज २७ गते विधिवत् उद्घाटन गरेका थिए ।

'राष्ट्रकविको सय वर्ष'नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची

- **सम्पादकीय • ११**
- **राष्ट्रकवि माधव घिमिरेको सङ्क्षिप्त परिचय • १३**
- **संस्मरण खण्ड**

१. **अज्ञात युवक • २१**
राष्ट्रकविसँगको गौरवमय क्षण

२. **इन्दिरा प्रसाई • २५**
राष्ट्रकविसँगका गर्भ र गर्वका कुरा

३. **प्रा.डा.उषा ठाकुर • ३६**
राष्ट्रकविसँगका प्रेरणादायी प्रसङ्ग

४. **उषा शेरचन • ४२**
मेरा प्रिय गीतकार राष्ट्रकवि घिमिरे

५. **प्रा.डा.कपिल लामिछाने • ४७**
मेरो धौलागिरि

६. **प्रा.डा.गार्गी शर्मा • ५१**
राष्ट्रकविको हराभरा

७. **गोपाल पराजुली • ५७**
साहित्य र कवि

८. **प्रा.डा.चूडामणि बन्धु • ६२**
राष्ट्रकविसँगको मेरो दिनचर्या

१०. **जयदेव भट्टराई • ६८**
नाउँ नै सम्मानित

११. **डा.जयन्ती रूपाखेती पौडेल • ७३**
राष्ट्रकविबारेको मेरो विद्यावारिधि

१२. **ठाकुरप्रसाद गुरागाईं • ८०**
राष्ट्रकविसँग मेरो नाता

१३. **डा.तुलसी भट्टराई • ८६**
राष्ट्रकविसँगको नभुल्ने एउटा दिन

१४. **नरेन्द्रराज प्रसाई • ९०**
माधव घिमिरे राष्ट्रकविमै बाँचे

१५. **भगवती बस्नेत • १०७**
स्रष्टा र साहित्यमा राष्ट्रकविको वाणी

१६. **भैरव रिसाल • ११७**
राष्ट्रकविलाई कोट्ट्याउँदा

१७. **मणि लोहनी • १२६**
जीवन र मृत्युसँग निर्धक्क राष्ट्रकवि

१८. **माधव वियोगी • १३२**
राष्ट्रकवि उपाधि

१९. **मानसाग्नि • १४९**
अक्षर पुरुष अथवा राष्ट्रकवि घिमिरे

२०. **डा.मोदनाथ प्रश्रित • १५७**
महाकवि बन्न उत्साहित राष्ट्रकवि

२१. **यादव भट्टराई • १६२**
नेपाली काव्यस्तम्भ

२२. **युवराज नयाँघरे • १७०**
कविवर प्रणाम !

२३. **डा.रजनी ढकाल • १७५**
मेरो समयका मानक र प्रिय कवि

२४. **रमेश शुभेच्छु • १८१**
राष्ट्रकविका अभिप्रेरक पक्ष

२५. **प्रा.राजेन्द्र सुवेदी • १८९**
पूर्वदीप्तिमा राष्ट्रकवि

२६. **प्रा.डा.लक्ष्मणप्रसाद गौतम • २०४**
लोकजीवनका कवि

२७. **ललिता दोषी • २१०**
राष्ट्रका सपूत राष्ट्रकवि

२८. **लीलबहादुर क्षत्री • २१५**
स्वनामधन्य राष्ट्रकवि घिमिरे

२९. **डा.लेखप्रसाद निरौला • २२०**
नारीसन्दर्भ र राष्ट्रकवि

३०. **वासुदेव अधिकारी • २२८**
राष्ट्रकविलाई डेराबाट अवलोकन

३१. **विजय चालिसे • २३४**
जनमनका गायक : राष्ट्रकवि

३२. **डा.विष्णु केसी • २३९**
नेपाली वाणीका अमर कलाकार राष्ट्रकवि

३३. **विश्वबल्लभ • २४९**
मैले सम्झेको कथा

३४. **प्रा.शिवगोपाल रिसाल • २५३**
गृहस्थ महात्मा

३५. **डा.शैलेन्दुप्रकाश नेपाल • २५९**
गौरवशाली स्रष्टा

३६. **ज्ञानेन्द्र विवश • २६९**
राष्ट्रकविसँग साक्षात्कार

- **समालोचना खण्ड**

१. **महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी • २७७**
राष्ट्रकविप्रतिको अभिवन्दना

# राष्ट्रकविको सय वर्ष

वर्तमान युगमा नेपाली कवितामा राष्ट्रवादी धारालाई जीवन्तता दिने विशिष्ठ कविको नाउँ माधवप्रसाद घिमिरे हो । नेपाली राष्ट्रवादलाई नेपाली जनमानसका मनमनमा बोकाएर सगरमाथाका टुप्पामा पुऱ्याउने कविको नाउँ माधवप्रसाद घिमिरे हो । अनि नेपाल र नेपालीको गौरवलाई कवितामा पस्केर नेपाली राष्ट्रवादको जयजयकारद्वारा नेपाली संसारै चुल्याउने कविको नाउँ नै पनि माधवप्रसाद घिमिरे हो ।

मुलुकभित्र वर्तमानमा जेजस्ता चर्चा वा चर्तिकलाहरूको चुरीफुरी देखिए तापनि दीर्घकालीन अस्तित्वधारकका रूपमा अक्षरकै मात्र महत्त्व देखिएको र मानिएको पनि छ । आफ्नो शिरमा आफ्नै मुलुक नबोकी संसारमाऊ कहिल्यै पनि, कुनै पनि र कत्रै पनि व्यक्तिविशेषको अस्तित्व उभिन सक्तैन । अर्थात् राष्ट्र नगाँसिएको व्यक्ति भूगोलमा नै हराउन पुग्छ । अनि साहित्य, कला, सङ्गीत र संस्कृतिले नबचाएको मुलुकले पनि विश्व परिवेशमा स्वत्व गुमाउँछ । यसर्थ वर्तमानले जति नै थिचे पनि, गिज्याए पनि, गिजोलगाजाल पारे पनि, लघारेर पाखा लगाए पनि यसै वर्तमानलाई समेत च्याप्प समातेर, जुरुक्क उचाल्दै थाप्लामा राखेर ब्रह्माण्ड परिक्रमा गराउने त अक्षरै हो । दिग्दिगन्तसम्म युग बचाउने त अक्षरै हो । त्यसैले त अक्षर नै ब्रह्म भनिन्छ । अक्षरका असल खेलाडीसँग नै युगलाई चिरञ्जीवि पार्न सक्ने अक्षराश्त्र हुन्छ । राष्ट्रकवि माधवप्रसाद

घिमिरे तिनै अक्षराश्त्रधारी व्यक्तित्व हुन् भन्दा हामी आत्मिक रूपबाटै मोहित हुन्छौँ ।

आफ्ना छातीमा हरेक पल देश बोकेर, मनमस्तिष्कमा देश खेलाएर, संसारभरिका नेपालीका भावनासँग तादात्म्यता राख्दै आफ्ना शब्दशब्दले राष्ट्रको अर्चना गर्ने कवि माधव घिमिरेको राष्ट्रभक्तिपूर्णका भावगङ्गिमामा नबग्ने सायदै कुनै नेपाली हुन सक्छ ।

हाम्रो युगले एक सय वर्षसम्म सशरीर प्राप्त गरेका महान् कवि माधवप्रसाद घिमिरे हाम्रा देशका एक मात्र 'राष्ट्रकवि' हुन् भन्दा हामीलाई थप गौरवीबोध हुने गर्छ । यसै गौरवगाथाको शाब्दिक प्रस्तुति नै 'राष्ट्रकविको सय वर्ष' हो ।

काव्यका रूपमा हाम्रो नेपाल राष्ट्रको महिमा र गरिमा अत्यन्त कुशल शिल्पीझैँ शब्दशब्दमा कुँद्ने कविलाई राष्ट्रकविका रूपमा राष्ट्रले नै सम्मान गर्नुपर्छ । उनलाई सरकारी स्तरबाट पनि अटल र अचल रूपले नेपाली संसारमै स्थापित गरिनुपर्छ भन्ने हामी नइको मान्यता हो । त्यसैले माधव घिमिरेलाई राज्यबाटै राष्ट्रकविको उपाधि दिलाउन एक दशक लामो अथक, अनवरत र सक्रिय नइको प्रयत्न थियो । त्यसैको सुखद परिणामस्वरूप नै माधवप्रसाद घिमिरे नेपाल राष्ट्रकै औपचारिक 'राष्ट्रकवि' भए भन्दा हामीलाई फेरि गौरवको अनुभूति हुने गर्छ ।

'राष्ट्रकविको सय वर्ष'नामक ग्रन्थमा समाविष्ट लेखन शिल्पीहरूका आआफ्ना काव्यऔजारद्वारा राष्ट्रकवि सय वर्ष पुगेको सन्दर्भमा आआफ्ना शाब्दिक मूर्ति कुँदिएको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको सय वर्षको उत्सव यसरी शाब्दिक यज्ञका रूपमा मनाउन पाउनु स्वयम् राष्ट्रकविका लागि भाग्यको खेल हो भने हामी स्रष्टाका लागि अहोभाग्य नै हो ।

**नरेन्द्रराज प्रसाई**
**इन्दिरा प्रसाई**

# राष्ट्रकवि माधव घिमिरे

(सङ्क्षिप्त परिचय)

**बुबाआमा**

गौरीशङ्कर उपाध्याय घिमिरे, द्रौपदीदेवी घिमिरे

**जन्म**

१९७६ असोज ७ गते (लमजुङ)

**विवाह**

विष्णुभक्त पोखरेल तथा जमुना पोखरेलकी छोरी गौरीसँग १९९० सालमा भएको थियो । २००४ सालमा गौरीको निधनपछि चिरञ्जीवी अधिकारी तथा देवकी अधिकारीकी छोरी महाकालीसँग २००५ सालमा दोस्रो विवाह भयो ।

**छोराछोरी**

छोरीहरू–शान्ति, कान्ति, मञ्जु, उषा, किरण र ज्योति छोराहरू– इन्दीवर र राजीव ।

**दीक्षा गुरु**

गौरीका हजुरबुबा शिवभक्त पोखरेल; (आफ्ना शिष्य माधव घिमिरेको प्रतिभासँग प्रभावित भएर शिवभक्त पोखरेलले आफ्नी नातिनी कन्यादान गरेका थिए ।)

**प्रथम शिक्षा गुरु**

बद्री सुवेदी

**शिक्षा**

शास्त्री (२००१ क्विन्स कलेज, वनारस, भारत)

**अनुभव**

- लेखक, नेपाली भाषानुवाद परिषद् १९९९)
- सहसम्पादक, गोरखापत्र (२००२-२००४)
- प्रधानाध्यापक, यशोब्रह्मा आधार हाईस्कुल (लमजुङ : २००५-२००८)
- प्राध्यापक, कलेज अफ एजुकेसन (२००९-२०१४)
- अध्यक्ष, नेपाल भारत मैत्री सङ्घ (२०१०-२०१४)
- अध्यक्ष, नेपाली शिक्षा परिषद् (२०५५ सालदेखि)

**मनोनीत**

- सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०१४-२०१८; २०२६-२०३५)
- आजीवन सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०२८)
- उपकुलपति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०३६-२०४५)
- कुलपति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०४६-२०४७)
- सदस्य, राजपरिषद् (२०५९-२०६३)

**कृतिहरू**

कविता

- नवमञ्जरी (कवितासङ्ग्रह : १९९४)
- नयाँ नेपाल (गीतिकाव्य : २०१३)
- गौरी (शोककाव्य : २०१५)
- राजेश्वरी (खण्डकाव्य : २०१७)
- पापिनी आमा (खण्डकाव्य : २०१७)
- राष्ट्रनिर्माता (खण्डकाव्य : २०२३)
- धर्तीमाता (खण्डकाव्य : २०३०)

- किन्नर किन्नरी (गीतसङ्ग्रह : २०३३)
- बोराको परदा (खण्डकाव्य : २०५७)
- इन्द्रकुमारी (खण्डकाव्य : २०५७)
- गौथली र गजधम्मे (खण्डकाव्य : २०५७)
- चैतवैशाख (कवितासङ्ग्रह : २०६०)

**गीतिनाटक**

- शकुन्तला (२०३७)
- मालती मङ्गले (२०३९)
- विषकन्या (२०५०)
- अश्वत्थामा (२०५३)
- हिमालपारि हिमालवारि (२०५४
- देउकी (२०५५)
- बालकुमारी (२०६१)

**निबन्ध र प्रबन्ध**

- आफ्नो बाँसुरी आफ्नै गीत (२०३०)
- चारु चर्चा (२०५८)

**बालसाहित्य**

- घामपानी (कवितासङ्ग्रह : २०१०)
- बाललहरी (कवितासङ्ग्रह : २०२६)
- सुनपङ्खी चरी (गीतसङ्ग्रह : २०५३)
- मनचिन्ते मुरली (कथासङ्ग्रह : २०५७)
- बिजुले र बिजुला (कवितासङ्ग्रह : २०६३)

**सम्पादन**

- माछाकाँडे सिउर (लोककाव्य : २०१३)
- पच्चिस वर्षका खण्डकाव्य (२०३९)

**अनुवाद**

- उषाचरित्र (चम्पूकाव्य : १९९८)
- नागानन्द (गीतिनाटक : २००२)
- दुर्गासप्तशती (काव्य : २०५८)

**सम्पादक**

- इन्द्रेणी (२०१३)

**उपाधि**

- राष्ट्रकवि (२०६०)
- मानार्थ विद्यावारिधि (त्रिभुवन विश्वविद्यालय : २०७३)
- मानार्थ सहायकरथी (२०७४)

**विभूषण**

- सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु (२०५६)
- वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५८)
- महाउज्ज्वल राष्ट्रदीप (२०७५)

**पुरस्कार**

- सरस्वती काव्य पुरस्कार (२००४)
- राजकीय प्रज्ञा विशिष्ट पदक (२०२२)
- त्रिभुवन प्रज्ञा पुरस्कार (२०३३)
- सीताराम पुरस्कार (२०५०)
- आदिकवि भानुभक्त पुरस्कार (२०५२)
- भूपालमानसिंह कार्की प्रज्ञापुरस्कार (सार्कस्तरीय : २०५५)
- वसुन्धराश्री पुरस्कार (२०५७)
- साझा पुरस्कार (२०५४ र २०५८)
- राष्ट्रिय प्रतिभा पुरस्कार (नेपाल सरकार : २०५९)
- भानुभक्त पुरस्कार (नेपाल सरकार : २०७२)
- यात्री वाङ्मय पुरस्कार (२०७३)
- मनिराज वाङ्मय पुरस्कार (२०७४)

**सम्मान**

- सिलसिलाद्वारा रथयात्रा (२०५१)
- देवकोटा शताब्दी सम्मान (२०६६)
- पद्मश्री साधना सम्मान (२०६७)

**स्रोत**

- नइ प्रकाशन

# राष्ट्रकविको सय वर्ष

# राष्ट्रकविसँगको गौरवमय क्षण



अज्ञात युवक

**गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली**
**जय जय हे नेपाल सुन्दर, शान्त, विशाल ।**

राष्ट्रिय भावनाका यी हृदयस्पर्शी भाकासँग पाठशाला टेकेर अक्षरसँग मितेरी गासिएदेखिकै समयमा आफूभन्दा माथिल्लो कक्षाका दाइदिदीहरूले लय हालेर गाएको सुनेदेखि नै साइनो गाँसिएको हो । यो गीत गाउन जाने पनि यस गीतका रचनाकार को हुन् भन्ने ज्ञान कहिल्यै भएन र जान्ने चाह पनि राखिएन । यो गीत कसले रचेका हुन् भन्ने थाह पाउने बेला नभएर पनि हुनुपर्छ, रचयिताका बारेमा थाह नै

भएन । समयले क्रमश: कक्षाहरू चढाउँदै लग्यो, बिस्तारै कवि माधव घिमिरे र उनका सिर्जना रहेछन् भन्ने जानकारी हुँदै गयो । अनि 'माधव घिमिरे भन्ने मान्छे कस्तो होलान्' भन्ने मनमा उब्जन थाल्यो । यति राम्रा गीतका रचनाकार पक्कै पनि आममान्छेभन्दा फरक रहेको ठहर मनले गऱ्यो ।

माध्यमिक शिक्षा सकेर उच्च शिक्षा लिन थालेपछि माधव घिमिरेका बारेमा र उनका कृतिहरूका बारेमा क्रमश: धेरै जानकारी भयो । कार्यालयबाट प्रकाशित कृतिहरूबाट झन् माधव घिमिरेका बारेमा र उनका धेरै कृतिहरूका बारेमा थाहा पाउन थालेँ । कार्यालयीय कामले कविवर माधव घिमिरेकहाँ जानुपर्ने भएकाले गर्दा सिनियर कर्मचारीको आँखामा म परेँ । उनीहरूले पनि मलाई फुर्क्याएर 'तिमी पनि कवि हौ, माधव घिमिरेकहाँ गएर यो काम गरेर आऊ' भनेकाले ठाउँको बारेमा सामान्य नक्साबाट जानकारी लिई यो सहरसँग अपरिचित म सोध्दै, खोज्दै कविनिवास पुगेँ ।

घर र पाठशाला मात्र गरेको म बिस्तारै यो सहरमा परिचित हुँदै थिएँ, त्यसैले नै मैले सजिलैसँग कविको निवास भेटेको थिएँ । कार्यालयबाट जाऊ भनेपछि नै कताकता डर लागेको थियो । त्यति ठूलो कविसँग कसरी भेट्ने होला । कहिल्यै कसैसँग नबोलेको मान्छे म, के भनेर बोल्ने होला, कतै गाली पो गर्ने हो कि, मनभरि डरैडर लिएर म कविनिवासमा पुगेको थिएँ । निवासमा पुगेर माधव घिमिरेलाई भेट्न आएको भन्नेबित्तिकै केही समयमा कवि मेरा सामुन्ने खडा भएपछि मेरो हंसले ठाउँ छोडचो । आफू आउनुको कारण बताएपछि उनले भित्र डाके । ढोकाबाट भित्र पस्नेबित्तिकै पुरस्कार र सम्मानपत्रका लस्कर देख्दा मलाई अर्कै संसारमा प्रवेश गरको भान भयो । यति धेरै पुरस्कार र सम्मानपत्रका चाङ देखेको सायद मेरो जीवनको पहिलो र आखिरी क्षण हुनुपर्छ । माधव घिमिरे उमेरमा मेरो हजुरबासरहको भान भयो । शिष्टाचारका कुनै शब्द त के सम्मान पनि गर्न सकिनँ ।

कविलाई देख्दा म हजुरबाकै अघि छु जस्तो लाग्यो । कविले नाम सोद्धा आफ्नो परिचयसँगै 'म पनि कविता लेख्छु' भनेर परिचय दिन पुगेँ । माधव घिमिरेले 'लेखनसँगै पठनको पनि आवश्यकता पर्दछ तसर्थ पहिला धेरै कविता पढ्ने र त्यसपछि लेखनमा ध्यान दिएमा सफल हुन सकिने' मेरा लागि दिव्य बुटी दिनुभयो । साहित्यमा म कविको पनाति पुस्ता उमेरमा पनि म पनातिसरहको मान्छे तर उहाँ सामु म पनि कविता लेख्छु भन्न सक्दा आफूलाई गौरबीबोध गर्न पुगेँ । कविताका बारेमा थोरै भए पनि धेरै ज्ञान पाएँ । जुन मेरो जीवनमा पछि फाट्टफुट्ट कविता लेख्दाका लागि दिव्य ज्ञान बने । त्यतिखेरको मेरो आलाकाँचा अवस्था देखेर गाली खाइने डरमा भएको ममा उहाँको निवास र उहाँका वाणीपछि यदाकदा लेखनका लागि सही मार्ग बने ।

उहाँको मिजासिलो व्यवहारले ममा उनीजस्तै कवि बन्न पाए हुन्थ्यो भन्ने लाग्यो तर मेरा सोचाइ गलत थिए । कवि त जेनतेन फाट्टफुट्ट कविता लेखेर हुन सकेँ साथीभाइहरूका अघि तर माधव घिमिरेजस्तो साहित्यले सदैव सम्झिरहने नामको कवि म मात्र होइन सायद कोही पनि हुन सक्दैनन् । कविका घरभित्र कोठामा चाङ लगाएर राखिएका प्रमाणपत्र र सम्मानपत्रहरूले झन् मलाई आश्चर्यचकित बनाएको थियो । यति धेरै सम्मान पाउन कति धेरै लेख्नुपर्ला भन्ने मनमा पस्यो तर त्यो लेखाइको स्तर उनको जस्तो हुन कसैको पनि सक्दैन भन्ने निष्कर्षका साथ कविवरसँग बिदा मागेँ । 'लक्ष्यमा पुग्न सफल हुनू' भन्ने शुभाशीर्वाद दिनुभयो तर कविवरको त्यो शुभाशीर्वादलाई मैले मनन गर्न सकिनँ ।

समय क्रमश: अघि बग्दै रह्यो । समयको फेरोमा अल्झँदा मैले कलमलाई पूर्ण समय दिन सकिनँ । कलमको र मेरो सम्बन्ध पातलिँदै गयो । कविवरलाई राष्ट्रकविको उपाधिका लागि सरकारमा राष्ट्रकविको प्रस्ताव लगियो । यो प्रस्ताव सरकारमा पुगेर लालमोहोर

लागेर आएपछि कविवरको पदोन्नति राष्ट्रकविमा भयो । राष्ट्रकवि भएपछि उनलाई भेट्ने अवसर पनि जुरेन । साहित्यिक कार्यक्रममा टाढाबाट देखिन्थ्यो, नमस्कार गर्दथेँ, भेट्ने अवसर पनि जुरेन । भेटिने र साहित्यिक वातावरणमा गफिने चाह मनभरि उठेका थिए तर म उनको शुभाशीर्वादको एक अंश पनि अगाडि बढ्न नसकेकाले गर्दा राष्ट्रकविदेखि टाढिँदै रहेँ । कार्यालयीय कार्य पनि कमै पर्न थालेको थियो । पछिल्लो समय भेटिने अवसर जुर्दा पनि कार्यालयीय अव्यवस्थाले गर्दा अगाडि पर्नै सकिएन । एक दिन राष्ट्रकविनिवासमा पुगेको थिएँ, ज्योति दिदीसँगको साहित्यसम्बन्धी कार्यले गर्दा । राष्ट्रकविलाई आज भेट्ने र शुभाशीर्वाद थाप्ने सोचाइ राखेको थिएँ । त्यतिखेर राष्ट्रकवि सेनाका हाकिमसँगको भेटमा रहेको थाहा पाएपछि स्वास्थ्य अवस्था बुझेर फर्किएँ । त्यसपछि राष्ट्रकविको शुभाशीर्वाद थाप्ने शुभ अवसर प्राप्त हुन सकेको छैन ।

नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधारा, परिष्कारवादी कविका रूपमा विशिष्ट स्थान बनाउन सफल कविवर माधव घिमिरेका कृतिहरूमध्ये धेरैजसो कृतिको प्रकाशन साझा प्रकाशनले गरेको छ । माधव घिमिरे कवि थिए, उनको लेखनलाई जनमानससम्म प्रकाशनको माध्यमबाट पुऱ्याउनलाई महत्त्वपूर्ण भूमिका खेली कविवर बनाउनमा साझा प्रकाशनले दिएको योगदानलाई नमन गर्दै राष्ट्रकविजस्तो उचित सम्मानका लागि योग्य तुल्याउन नइले खेलेको भूमिकालाई पनि मनन गर्नु आवश्यक छ । यति धेरै गहन कृतिका रचयिता र शतक आयु भुक्तान गरिसकेका भगवान्सरहका राष्ट्रकविसँग शुभाशीर्वाद थाप्ने समयको प्रतिक्षामा छु ।

# राष्ट्रकविसँगका गर्भ र गर्वका कुरा



इन्दिरा प्रसाई

प्रसङ्ग राष्ट्रकवि माधव घिमिरेकै हो । तर विषय वा प्रसङ्गको लहरो फेला पारे तापनि लहरोको जराको टुङ्गो चाहिन्छ । त्यसैले यस बखत म 'राष्ट्रकवि'को प्रारम्भ अथवा जरा खोतल्दै छु । यो कुरा म विराटनगरमै बसोबास गरेताकाकै हो, अर्थात् २०४९ सालमा मेरै परिकल्पना, सक्रियता र योजनामा 'सिलसिला'नामक संस्था विराटनगरमा स्थापना भएको थियो । २०५१ सालको जेठ महिनामा कविवर माधवप्रसाद घिमिरे, वरिष्ठ कवि केदारमान व्यथित र भाषाशास्त्री बालकृष्ण पोखरेललाई 'सिलसिला'द्वारा रथयात्रा गराउने भन्ने निर्णय

गरिएको थियो । मोफसलमा नवस्थापित सामाजिक संस्थासँग पर्याप्त पैसा हुने कुरा भएन । त्यसैले स्रष्टात्रयलाई सम्मानका साथ पैसा खाम्न सकिने अवस्था पनि थिएन । त्यस बेलाको नेपालमा ताम्रपत्र अहिलेजस्तो सस्तो र जताततै पनि थिएन । कविलेखकहरूले त्यस बेला ताम्रपत्रका साथ मात्रै सम्मान गरिँदा पनि निकै गर्विलो अनुभूति गर्थे । हामीले पनि उक्त समारोहमा तीनै जना स्रष्टालाई रुपियाँ दिन नसके पनि ताम्रपत्रचाहिँ समर्पण गरौँ भन्ने अठोट गरेका थियौँ । उक्त ताम्रपत्र काठमाडौँबाहिर बन्दैन थियो । काठमाडौँमा पनि जहीँतहीँ ताम्रपत्र अप्राप्य नै थियो । सोही प्रयोजनका लागि पनि २०५१ सालको आरम्भमा म काठमाडौँ आएकी थिएँ ।

जे होस् 'सिलसिला'को इच्छा सार्थक हुने भएको थियो । स्रष्टात्रयका लागि ताम्रपत्र छापिने स्थलमा नरेन्द्रराज प्रसाईका साथमा म पुगेकी थिएँ । हामी साहित्यकारका श्रद्धाका शिखर तथा आफ्ना सिर्जनाद्वारा राष्ट्रवादको ज्वलन्त साक्ष्य प्रस्तुत गर्ने माधव गुरुका लागि कुनै विशेष पदवीको आवश्यकता हामीले महसुस गरिरहेका थियौँ । त्यसैले उक्त ताम्रपत्रको बेहोरा लेख्ने क्रममा माधव गुरुलाई समर्पण गरिने ताम्रपत्रमा नरेन्द्र र मैले निकै विमर्श गऱ्यौँ । हामीमाझको उक्त विमर्शले कविवर माधव घिमिरेका नाउँका अघिल्तिर 'राष्ट्रकवि'को पदवी उल्लेख गरिनुपर्ने निष्कर्ष दिएको थियो । हामी नइले नइ प्रकाशनको स्थापना गर्नुपूर्व नै 'राष्ट्रकवि'को उपाधिको शब्द जन्माएका थियौँ र 'सिलसिला'द्वारा २०५१ सालको जेठ महिनामा समर्पण गरिएको सम्मानपत्रमा माधव गुरुलाई सर्वप्रथम 'राष्ट्रकवि'को पदवी खोपिएको थियो । त्यसपछि भने हामी 'नइ' सम्मिलित कुनै पनि समारोहमा कविवर भनिँदै आएका माधव घिमिरेलाई कविवर नभनेर 'राष्ट्रकवि' नै भन्न र लेख्न बिराएनौँ । २०५५ सालमा भूपालमानसिंह कार्की प्रज्ञापरिषद्बाट कविवर माधवप्रसाद घिमिरेलाई समर्पण गरिएको पाँच लाख रुपियाँ राशिसहितको सार्कस्तरीय

पुरस्कारका साथ समर्पित ताम्रपत्रमा पनि हामी नइले घिमिरेको नाउँअघि 'राष्ट्रकवि'कै पदवी खोपेका थियौँ ।

निस्सन्देह 'राष्ट्रकवि'बारेको सपना सर्वप्रथम मैले नै देखेकी हुँ । तर सपना मात्र देखेर अर्को पनि सपना देख्छु भन्दै पुन: निद्रामै डुब्नेले देखेका जस्तोसुकै स्वर्णीम सपना पनि वस्तुगत रूपमा परिवर्तित हुन सक्दैन । सपनाले पनि सपना पच्छ्याएर साकार पार्न सक्ने योद्धा खोज्दछ । मेरो 'राष्ट्रकवि' सपना पनि तिनै योद्धा नरेन्द्रराज प्रसाईले एकोहोरो, अनवरत र अथक रूपले पच्छ्याएर नै साकार पारिछोडेका हुन् भन्दा मलाई गर्व लाग्छ ।

'राष्ट्रकवि'बारेको यति जरो खोतलेपछि अब म राष्ट्रकवि माधव घिमिरेसँगको मेरो सम्बन्धका बारे मेरा मानसमा सङ्ग्रहित अनुभूति खोतल्ने प्रयत्नमा छु ।

त्यसो त नेपाली साहित्यिक आकाशका ध्रुवताराका विषयमा मेरो सानो कलमले लेख्नुपर्ने अथवा नलेखी नहुने पनि त्यस्तो केही छैन जस्तो मलाई लाग्छ । तर आफू पनि साहित्यिक चौतारीमै बिसाउने यात्री भएका कारण चौतारीका छाया प्रदाता 'राष्ट्रकवि'बारेका केही स्मृति खोतल्नु यस बेलाको मेरो शब्दकर्म भएको छ । यस सन्दर्भमा समयको गणितको निर्क्योल गरेर हेर्दा कुनै व्यक्तिविशेषसँग उनका कृतिबाहेकका सन्दर्भसँगको स्मृतिको पनि खोजी गरिँदो रहेछ । 'राष्ट्रकवि'बारे केही लेख्नुपर्दा यस बेला म बितिसकेका त्यस्तै समयको थुप्रो उधिन्ने प्रयत्नमा लागिपर्दै छु ।

स्मृतिका थुप्रो खोतल्दै जाँदा २०४० सालमा उहाँका अघि एउटा प्रस्ताव लिएर उभिएकी आफूलाई पाउँछु । त्यतिखेर विद्वद्वृत्ति पाऊँ भन्ने निवेदन र योजना लिएर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति माधव घिमिरेका अघि म उभिएकी थिएँ । कुराकानीका सन्दर्भमा उहाँको प्रश्न थियो– 'साहित्यमा तपाईंको मन परेको विधा

कुन हो ?' मैले 'कथा' भनेर जबाफ फर्काएकी थिएँ । 'अनि विदेशी कथाकारमध्ये कसका कथा मन पर्छन् र तपाईंलाई मन परेका नेपाली कथाकार कोको हुन् नि ?' घिमिरेले बडो मधुर वाणीमा सोध्नुभएको थियो । 'चेखव, मुन्सी प्रेमचन्द्र, रवीन्द्रनाथलगायत केही विदेशी कथाकारका केही कथा मात्रै मैले पढेकी छु र नेपाली कथाकारमा चाहिँ केटाकेटी हुँदा गुरुप्रसाद मैनाली, भीमनिधि तिवारी मलाई खुबै मन पर्ने कथाकार थिए र ठूली भएपछि मलाई बी.पी. कोइरालाका कथाहरू असाध्यै मन पर्न थाले' मैले जबाफ दिएकी थिएँ । 'मलाई पनि तपाईंलाई मन परेका कथाकारहरू मन पर्छन् ।' माधव गुरुले मुसुमुसु हाँस्दै जबाफ दिनुभएको थियो । त्यसपछि केहीबेर गुरुसँग अरू कुराकानी भएपछि म बाहिर निस्किएकी थिएँ । बाहिर मेरा साथीहरू मलाई केकस्तो प्रश्न सोधियो र मैले केकस्तो जबाफ दिएँ भन्ने सुन्न उद्यत थिए । मैले उनीहरूसमक्ष माधव गुरुका प्रश्न र आफ्ना जबाफ पनि अक्षरश: सुनाएकी थिएँ ।

'लौ पायौ अब तिमीले विद्वद्वृत्ति ! तिमीलाई किन बाठी भएर बी.पी.को नाम लिनुपरेको थियो ?' मैले घिमिरेसँग भएको कुराकानी सुनाएपछि मेरा साथीहरूले टाउकामा हात राखेर बैरागिँदै मलाई हप्काएझैँ गरी भनेका थिए ।

पञ्चायती व्यवस्थाको जगजगीको बेला थियो । तत्कालीन सत्ताधारीद्वारा अराष्ट्रिय तत्त्वका रूपमा चिनाइने बी.पी. कोइरालाको नाउँ अर्का सत्ताधारी घिमिरेसामु मैले ओकलेका कुराले गर्दा अब मैले विद्वद्वृत्ति नपाउने सम्भावना नै प्रबल भएको मेरा साथीहरूको अनुमान थियो । त्यसैले उनीहरूले मेरो प्रयत्नप्रति निरास हुँदै दु:खमनाउ गरेका थिए ।

'अब साँचो कुरा बोल्दा नपाइने भए किन चाहियो त त्यस्तो विद्वद्वृत्ति !' मैले पनि उनीहरूसँग झोक्किएर भनेकी थिएँ । त्यस

बेलाका मेरा साथीहरूका अनुहारमा निराशाको भाव मात्रै पढेपछि मैले पनि मनमनै विद्वद्‌वृत्ति पाउने आशा मारेकी थिएँ । त्यसपछि म विराटनगर फर्केकी थिएँ ।

अचानक एक दिन राष्ट्रिय समाचार समितिको बुलेटिनमा मैले पनि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको विद्वद्‌वृत्ति पाएको समाचार छापिँदा म छक्क परेकी थिएँ । त्यसै क्षण माधव गुरुको निष्पक्षता र मेरा साथीहरूको शङ्कालु प्रवृत्तिले मलाई एक्कै चोटि अचम्मित पारेको थियो । त्यस बेला एक वर्षको विद्वद्‌वृत्ति पाउँदा पनि शिक्षित बेरोजगारीका अवस्थामा बाँच्न बाध्य भएकी मलाई ठूलो आर्थिक निर्भरता प्राप्त भएको थियो भने अर्कातिर जिल्लामा बसेर साहित्यिक लेखनका लागि सो विद्वद्‌वृत्तिले मलाई निकै प्रोत्साहित पनि गरेको थियो । त्यसपछिका दिनहरूमा म काठमाडौँ आउँदा हरेक पटकजसो माधव गुरुसँग भेटेर मात्रै फर्किन्थेँ ।

२०४२ सालमा पूर्वाञ्चल साहित्य प्रतिष्ठानको संस्थापक सदस्यसचिव भएका कारण मैले नै माधव गुरुसँग उक्त संस्थाको उद्‌घाटनका लागि अनुरोध गरेकी थिएँ । मेरै पहलमा माधव गुरुले सो प्रतिष्ठानको उद्‌घाटन गर्नुभएको थियो । 'मालती मङ्गले' विराटनगरमा प्रदर्शन गर्न सकिए पूर्वाञ्चल साहित्य प्रतिष्ठानको कोषमा केही रकम जम्मा गर्न सकिन्थ्यो भनेर उक्त संस्थाका अध्यक्ष मेरा आदरणीय गुरु नरेन्द्र चापागाईंसँग मेरो सल्लाह भएको थियो । त्यसैले म सोही समयमा काठमाडौँ आई माधव गुरुसँग प्रज्ञाप्रतिष्ठानमा भेट गर्न गएकी थिएँ । मैले पूर्वाञ्चल साहित्य प्रतिष्ठानका तर्फबाट 'मालती मङ्गले' विराटनगरमा पनि मञ्चन गर्ने सन्दर्भमा गुरुसमक्ष निवेदन गरेकी थिएँ । त्यस सन्दर्भलाई उहाँले सहर्ष स्वीकृति दिनुभएको थियो । उहाँको उदार तथा सहयोगी भावनाकै कारण विराटनगरमा 'मालती मङ्गले' मञ्चित भएको थियो र पूर्वाञ्चल साहित्य प्रतिष्ठानको कोष पनि केही उक्सिएको थियो ।

विराटनगरमा आउनुभएका माधव गुरुले मलाई त्यस बेला मेरो विद्वद्वृत्तिबापत लेखिएको कृतिका बारे सोध्नुभएको थियो । मैले 'नेपाली साहित्यमा नारीको योगदान' विषय अलि गहन भएको र यस अध्ययनका लागि थप एकबर्से विद्वद्वृत्ति पाए कृति गहकिलो हुने अनुरोध गरेकी थिएँ । 'तपाईं एकपल्ट काठमाडौँ आउनोस्, हामी सल्लाह गरौँला, के गर्न सकिन्छ' उहाँले आश्वासन दिनुभएको थियो । त्यसै बेला कुरैकुरामा उहाँले 'तपाईंजस्तो क्रियाशील मानिसले काठमाडौँमा बस्नुपर्छ' भन्नुभएको थियो । त्यसताका काठमाडौँ आउने मेरो कुनै लक्ष्य थिएन । 'सबै क्रियाशीलहरू काठमाडौँमै गए जिल्लाका क्रियाकलाप कसरी सञ्चालन होलान् नि गुरु ? सबै मानिस किन काठमाडौँमै थुप्रिने ?' मैले गुरुसँग भनेकी थिएँ । त्यस बेला मेरा कुरा सुनेर गुरु खुसी हुनुभएको थियो । 'तपाईंको राम्रो विचार हो यो । वास्तवमा सबैले यस्तै सोचे हाम्रो देशको चौतर्फी विकास हुने थियो ।' उहाँले भन्नुभएको थियो । तर भनाइ र गराइमा मैले नै एकरूपता कायम राख्न सकिनँ र आखिरमा गएर मलाई पनि काठमाडौँले तानेरै छोडचो ।

२०५१ सालमा नै म काठमाडौँ नै बसाइँ सरेर आएँ । काठमाडौँको बसाइको सबैभन्दा ठूलो फाइदा नै यहाँ भएका राष्ट्रिय व्यक्तित्वहरूसँगको निरन्तर सम्पर्क मेरा लागि ज्यादै महत्त्वपूर्ण भयो । अग्र नरेन्द्रराज प्रसाईसँगको साहचर्यपछि हामीले स्थापना गरेका साहित्यिक प्रतिष्ठानका क्रियाकलापका कारण पनि कुनै बेला माधव गुरुले भन्नुभएको 'तपाईंजस्तो क्रियाशील मानिसले काठमाडौँमा बस्नुपर्छ' सार्थक भएको छ । लेखनको बीस वर्षपछि काठमाडौँमै मेरो पहिलो कथासङ्ग्रह 'मन सायद उघ्रँदैन' प्रकाशित भयो । त्यसपछि सम्पादन र लेखन गरी मेरा अन्य पुस्तकहरू पनि प्रकाशित हुन थाले । त्यस बेला विराटनगरमा कार्यक्षेत्रको सीमित घेराबन्दीमा कैद भएकी मलाई अहिले आएर काठमाडौँवासी हुँदा मात्रै माधव गुरुको त्यस बेलाको मप्रतिको वाक्यसिद्धि सम्प्रेषण भएको छ ।

राष्ट्रकविबारेको मेरो स्मृतिपटल उधिँदै गएको छ । झन्नै पच्चिस वर्षअघि माधव गुरुबाटै नइ प्रकाशनको उद्घाटन गरिएको थियो । उक्त उद्घाटन समारोहमा पनि माधव गुरुलाई हामी नइले औपचारिक रूपमा 'राष्ट्रकवि' भनेर सम्बोधन गरेका थियौँ र हामी नइलाई पनि उहाँले आशीर्वाद दिनुभएको थियो । त्यस बेलाको गुरुको आशीर्वाद यसै हावामा नउडेर सार्थक हुँदै अघि बढेको म महसुस गरिरहेकी छु । यसका साथै डेढ दशकअघि हामी नइद्वारा नै अनुष्ठित अर्को संस्था त्रिमूर्ति निकेतनको उद्घाटनका साक्षीका रूपमा पनि 'राष्ट्रकवि'को उपस्थितिको ओज हामीले प्राप्त गरेका हौँ । त्रिमूर्ति निकेतनको भित्तामा उहाँको महावाणी पनि खोपिएको छ ।

'राष्ट्रकविको बाँकी जीवनको अमूल्य समय जताततै सभा समारोहका लागि नखर्चिएर महाकाव्यको लेखनयात्राका निमित्त खर्चिनुपर्छ ।' राष्ट्रकवि बनिसकेका पूज्य माधव गुरुसमक्ष हामी नइले नै सार्वजनिक रूपले अनुरोधात्मक प्रस्ताव राखेका थियौँ । 'मेरो पनि इच्छा त छ, तपाईंहरूले पनि आग्रह गर्नुभयो, हेरौँ अब के गर्न सक्छु ।' हाम्रो प्रस्ताव सुनेपछि उहाँले आफ्नो मन्तव्यकै क्रममा भन्नुभएको थियो । केही समयपछि नै राष्ट्रकविले 'ऋतम्भरा' महाकाव्य प्रारम्भ गर्नुभएको उदघोष गर्नुहुँदा हामी नइ गर्वित अनुभूतिमा पुगेका थियौँ ।

कविवर माधवप्रसाद घिमिरे भन्नु नेपाल राष्ट्रका कवि अर्थात् राष्ट्रिय वाग्विदग्ध कवि हुनुहुन्छ र उहाँलाई राष्ट्रले राष्ट्रकविको पदवीद्वारा विभूषित गरिनुपर्छ भन्ने नइ प्रकाशनद्वारा उद्घोष गरिएको थियो । त्यसो त राष्ट्रकवि माधवप्रसाद घिमिरे कुनै विभूषण, पुरस्कार अथवा सम्मान र अभिनन्दनभन्दा उपल्लो दर्जामा पुगिसकेको नाउँ हो । वास्तवमा स्रष्टा सिर्जनाले चिनिन्छ, सिर्जनाले चुलिन्छ र सिर्जनामा नै अजरअमर पनि हुन्छ । यस अर्थमा आज माधवप्रसाद घिमिरेलाई सम्मानित गरिने हरेक सम्मानद्वारा माधव घिमिरेभन्दा

पनि सो सम्मान आफैं र ती सम्मानका आयोजक स्वयम् नै सम्मानित हुने अवस्था आइसकेको छ । नेपाली काव्यधाराको जिउँदो कवि र कवितालाई राष्ट्रिय वाग्धारामा जीवित राख्ने कविका रूपमा यस बेला माधव गुरुका समकक्षी अर्को उपस्थिति शून्य छ । त्यसैले पनि मलाई नरेन्द्रका शब्द पैँचो लिँदै 'कविताका शङ्कराचार्य' भनेर माधव गुरुको पहिचान गर्न मन लाग्छ ।

**गाउँछ गीत नेपाली**
**ज्योतिको पङ्ख उचाली !**

यो गीत म केटाकेटी हुँदा २०२४ सालताका चिच्च्याईचिच्च्याई गाएको गीत हो । त्यस बेला मलाई यी गीतका सर्जक को हुन्, केही थाहा पनि थिएन र चासो राख्ने खालको मेरो वय पनि भइसकेको थिएन । तर पूर्वाञ्चलको पाँचथर जिल्लाको लिम्बा गाउँबाट त्यसताका हाम्रा घरमा आएका एक जना नातेदार दाइले आफ्ना स्कुलको प्रार्थनाका कारण आफूसँग पहाडबाटै ल्याएको गीत थियो यो । उनी हामी मधेसका केटाकेटी आफ्ना वरिपरि राखेर आफ्नो पहाडेजीवनका कथा सुनाउँथे र प्रायजसो यो गीतचाहिँ भाका हालेरै गाउने गर्थे । त्यस बेला हाम्रा स्कुलको प्रार्थनामा भने 'श्रीमान् गम्भीर नेपाली' चल्थ्यो ।

नौदस कक्षातिर पढ्न थालेपछि मेरा बुबाका पुस्तकालयमा भएका 'मुनामदन' र 'गौरी' मैले ऊन्नै एकै समयताका पढेकी हुँ । दुवैले मलाई उत्तिकै प्रभावित पारेका थिए । क्याम्पसको पढाइमा 'राष्ट्रनिर्माता' पढ्नुपर्दा पनि म अति नै प्रभावित भएकी थिएँ । मलाई छन्दविधान आउँदैन तर छन्दमा लेखिएका कविता पढ्दा साह्रै नै आनन्द आउँछ । छन्दको लयात्मकताले मलाई आकर्षित गर्छ । गद्यकविता मात्रै लेख्ने सामर्थ्य भएकी म पद्यमा लेख्ने कविहरूको क्षमताप्रति ईर्ष्यावान् हुने गर्छु । यस अर्थमा माधव गुरुका काव्यप्रति पनि म आरिस गर्छु ।

'आहा ! मैले पनि यस्तै लेख्न सके !' मेरा मनमा यस्तो ईर्ष्याको फूल फुल्ने गर्छ ।

लेखकीय व्यक्तित्वसँग पुरानै परिचय भए पनि माधव गुरुसँगको साक्षात्कारपछि चाहिँ म उहाँसँग झनै प्रभावित हुन पुगेँ । खास गरेर कञ्चन र मृदु कुरा लेख्ने कतिपय लेखकहरूको व्यवहार भने मैले रूखो र विकृत पाएकी छु । तर माधव गुरुका कविता र उहाँको व्यक्तित्वका बीच समानता पाउँदा मलाई अति आनन्द लागेको थियो । मौमसअनुसारका सफासुग्घर पहिरनमा ठाँटिएका माधव गुरुको ओजस्वी व्यक्तित्वका रापले उहाँवरिपरिको वातावरणलाई जाज्वल्यमान पारेको अनुभूति मलाई हुने गर्छ । लेखनमा मात्र नभएर वक्तृत्वकलामा पनि माधव गुरुको आफ्नो पहिचान छ । कुनै विषयवस्तुमाथि गहिरिएर मन्तव्य व्यक्त गर्ने क्रममा माधव गुरुद्वारा व्यक्त गरिएका वाणीहरू भविष्यका लागि टेप गरेर सुरक्षित गर्नुपर्ने हो भन्ने हाम्रो मान्यताले यथार्थ रूप लिन नसकेकोमा हामीलाई दुक्ख पनि लागेको छ । अध्ययन, अनुभव र साधनाले खारिएका माधव गुरुका वाणीहरू भविष्यका पुस्ताका लागि अनमोल निधि हुने कुरा निश्चित छ ।

नेपाली राष्ट्रियताका सम्बन्धमा राष्ट्रधर्म निर्वाह गरिसक्नुभएका शिखर पुरुष माधव घिमिरेसँग मैले पनि आफ्नो नाउँ गाँस्ने अनुपम अवसर पाएकी छु । मेरो 'नेपाल न्युज डट कम'नामक कवितासङ्ग्रहमा उहाँका आशीर्वचन राख्न पाउँदा मैले आफूले पनि सानोतिनो ढिस्कोमा उभिन पाएको अनुभूति सँगालेकी छु । राष्ट्र र राष्ट्रियताका सन्दर्भमा मेरा कविताका लागि माधव गुरुका राष्ट्रभक्तिले पूर्ण अक्षरहरूको छहारी पाउनु भनेको निश्चय नै मेरो ठूलो भाग्यको फल हो भन्ने मेरो ठहर छ ।

नेपाली साहित्यलाई गरिमाशाली पार्ने लेखकहरूको नाउँको सूचीमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाउँ स्वर्णाक्षरमा कुँदिएको

छ । साहित्यप्रतिको एकनिष्ठ समर्पणका कारण नै आज उहाँ काव्यशिखर बन्नुभएको हो । समर्पण र साधनाको सग्लो स्वरूप नै माधवप्रसाद घिमिरेको पहिचान हो भन्ने मलाई लाग्छ । साहित्यका पथिकहरूले माधव गुरुसँग सिक्नैपर्ने धेरै कुरा छन् । सबैभन्दा पहिले त उहाँमा भएको उत्साह, उमङ्ग र जोसको पहिलो पाठ हामीले पढ्नुपर्छ । उहाँको ऊर्जाशील व्यक्तित्वले हाम्रा लागि प्रेरक भूमिका निर्वाह गरेको छ । माधव गुरुसँग बसेर कुराकानी गर्दा मलाई सधैँ नौलोपन, सधैँ आकर्षण र सधैँ नै अतृप्ति हुने गर्छ । माधव गुरुको विद्वत्ओज प्राप्तिका लागि म सदा लालायित रहन्छु । माधव गुरुको वाक्यसिद्धिका कारण मैले झनै सधैँ सम्झने नाउँ बन्यो– 'राष्ट्रकवि माधवप्रसाद घिमिरे' ।

सधैँ विकासोन्मूख रहँदै आएको हाम्रो नेपालमा सरकारी संयन्त्रले अझैसम्म पद्धतिमय भएर काम गर्न सकेको छैन भन्दा एक्काइसौँ शदीको उत्तरार्धमा पुगिसकेका हामीले शिर झुकाउनुपर्ने अवस्था छ । 'हाम्रा भएपछि मात्रै राम्रा'को परिपाटीले गर्दा अहिले राष्ट्रका हरेक क्षेत्र बिथोलिएको र निरुत्साहित भएको अवस्था छ । जतिसुकै ठूलो स्रष्टा वा व्यक्ति पनि निजी क्षेत्रका कुनै समूह वा स्वयम् स्रष्टाकै परिवारवृत्त लागिपर्दा मात्र उक्त स्रष्टा चिनिने वा बाँकी रहने व्यवस्था हाम्रो नियति भएको छ । त्यसैले सिर्जनाले जतिसुकै चुलिएका स्रष्टाका लागि पनि यदि कुनै व्यक्तिविशेषले उनका लागि समर्पित नभइदिँदा कुनै पनि विराट् स्रष्टाको योगदान वाङ्मयको इतिहासभित्र मात्र थन्किने निश्चित छ । तर कविवर माधव घिमिरेका प्रसङ्गमा त्यसो हुन पाएन । उहाँको कवित्वले उहाँकै जीवनकालमा राज्यद्वारा नै 'राष्ट्रकवि'को पदवीले सुसज्जित र सम्मानित हुने सुअवसर पायो । यस कार्यका लागि हामी 'नइ'ले सक्रिय भूमिका निर्वाह गर्न पायौँ । साहित्यिक परिसरमा घटित यस घटनालाई नेपाली वाङ्मयको गौरवमय इतिहास रचनाको सामाग्री

हामीले स्वीकार गर्नैपर्छ । कुनै पनि राष्ट्रको गहना भनेको त्यस राष्ट्रको साहित्य, कला र संस्कृति नै हुने गर्छ । यस सन्दर्भमा हाम्रो राष्ट्रले विश्वसामु शिर ठाडो पारेर उभिन सक्ने विषयका रूपमा 'राष्ट्रकवि' बुझ्नुपर्ने हुन्छ । त्यसैले सबैले स्वर मिलाई गाउनुपर्ने पनि हुन्छ–

**विश्वसामु 'राष्ट्रकवि' हाम्रो देशको गौरव हो,**
**विश्वमाझ 'राष्ट्रकवि' हाम्रो देशको सौरभ हो ।**

# राष्ट्रकविसँगका प्रेरणादायी प्रसङ्ग



प्रा.डा.उषा ठाकुर

युगस्रष्टा र युगद्रष्टा राष्ट्रकवि माधव घिमिरे आफ्नो सम्पूर्ण जीवन नेपाली भाषासाहित्यको उन्नति, संरक्षण र विकासका लागि समर्पित गर्दै सय वर्षको हुनुभयो । बहुमुखी प्रतिभासम्पन्न घिमिरेले साहित्यका विविध विधाअन्तर्गत खण्डकाव्य, बालकविता, कविता, गीत, गीतिनाटक, निबन्ध, कथा, समालोचना, सम्पादन तथा अनुवादसमेतमा सफलतापूर्वक कलम चलाउँदै अझ पनि 'ऋतम्भरा' महाकाव्य लेखिरहनुभएको छ ।

जीवनप्रति सदैव सकारात्मक र ऊर्जाशील विचार राख्ने राष्ट्रकवि माधव घिमिरेमा अझ पनि जोस र

उल्लास छ र सार्थक जीवन व्यतीत गरिरहनुभएको छ । म आफूलाई धेरै भाग्यशाली ठान्दछु किनकि राष्ट्रकविसँग नजिक हुने धेरै अवसर पाएकी छु ।

हुन त साहित्यिक कार्यक्रमहरूमा उहाँका प्रभावशाली व्यक्तित्वबाट प्रेरित भएर सधैँ उहाँसँग केही साहित्यिक कुराहरू सङ्क्षेपमा हुन्थ्यो । उहाँप्रतिको मेरो श्रद्धाका कारण हुनुपर्छ । कविवर मलाई माया र प्रोत्साहन दिनुहुन्थ्यो ।

सौभाग्यवश सन् २००० मा पहिलो सार्क लेखक सम्मेलनमा कविवर माधव घिमिरेसँग धेरै नजिक हुने अवसर जुऱ्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति कविवर मोहन कोइरालाको नेतृत्वमा कवि माधवप्रसाद घिमिरे, तत्कालीन प्राज्ञपरिषद् सदस्य तोया गुरुङ, कमलमणि दीक्षित, कालीप्रसाद रिजाल, प्रा.डा. अभि सुवेदी, प्रा.डा. उषा ठाकुर र अन्य प्रतिष्ठित साहित्यकारहरूसमेत हामी नौ जना दिल्लीको एकेडमी अफ फाइन आर्टस एन्ड लिटरेचरको निम्तोमा इ.२००० अप्रिल २८ देखि ३० सम्म तीन दिन नई दिल्लीमा सहभागी रूपमा सँगै थियौँ र हामीलाई दिल्लीका आई.आई.सी. सेन्टरमा राखिएको थियो । यस सार्क लेखक सम्मेलनमा हामी कार्यक्रम स्थलमा र आई.आई.सी. सेन्टरमा सबै एकैसाथ हुन्थ्यौँ । भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, मालदिभ्स, भुटानका प्रसिद्ध साहित्यकारहरूको उक्त सुन्दर र अविस्मरणीय भेला थियो । यस कार्यक्रमको उद्घाटन सत्रपश्चात् कविगोष्ठी कार्यक्रममा हामी सबैले आफ्नोआफ्नो कविता वाचन गरेका थियौँ । मलाई याद छ कि कविवर माधव घिमिरेले आफ्नो कविता 'रूपा रानी'को अङ्ग्रेजी अनुवाद प्रस्तुत गर्नुभएको थियो र मैले आफ्नो 'बादल' शीर्षक कविताको अङ्ग्रेजी अनुवाद The Cloud प्रस्तुत गरेकी थिएँ ।

कविवर घिमिरेसँग व्यतीत भएको त्यस बेलाको समय अत्यन्त अविस्मरणीय रहेको छ । हामी सबै एकैसाथ ब्रेकफास्ट, लन्च

खान्थ्यौँ र कार्यक्रममा सहभागी हुन्थ्यौँ । त्यस विशेष अवसरमा घिमिरेसँग धेरै नजिक भएर कुराकानी र विचारविमर्श गर्ने मौका पाएँ र उहाँको विराट् साहित्यिक व्यक्तित्वप्रति म धेरै प्रभावित भएँ, उहाँको साहित्यसाधना र साहित्यप्रतिका समर्पणप्रति श्रद्धान्वत भएँ, धेरै कुरा सिक्ने, जान्ने मौका पाएको थिएँ ।

यस्तै श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको छपन्नौँ शुभजन्मोत्सवको उपलक्ष्यमा आयोजित प्रतियोगितात्मक कविगोष्ठीमा २०५७ पुस २२ गते आफ्नो उत्कृष्ट कविताका लागि कविवर घिमिरेबाट पुरस्कार प्राप्त गर्ने सौभाग्य मैले पाएकी थिएँ, त्यो पनि मेरा लागि अत्यन्त उत्साहजनक घटना थियो, जसले मलाई थप प्रोत्साहन दिएको थियो ।

यस्तै २०५५ साल चैतमा आयोजित केशरी वज्राचार्य लिखित ‘मरुभूमिका काँडा’ कवितासङ्ग्रहबारे विचार गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा र २०५९ साल पुसमा मैले सम्पादन गरेको ‘मरुभूमिको काँडा बिम्ब प्रतिबिम्ब’ समालोचनासङ्ग्रह विमोचन कार्यक्रममा कविवर घिमिरेलाई हामीले प्रमुख अतिथिको रूपमा भेटेका थियौँ र मैले पनि एउटै मञ्चमा बस्ने मौका पाएकी थिएँ ।

‘**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचनम्**’का अनुयायी कविवर माधव घिमिरे यस्तायस्ता मौकामा पनि मलाई प्रेरणा दिनुहुन्थ्यो र आफ्नो सङ्क्षिप्त कुराकानीमा मलाई भन्नुहुन्थ्यो– ‘हामी आफ्नो कर्मप्रति समर्पित भएर आफ्नो सिर्जनामा, आफ्नो साहित्यसाधनामा लागिरहनुपर्छ ।’

मलाई स्मरण छ कि वि.सं.२०७१ देखि हालसम्म नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ भई अनुवाद विभाग प्रमुख रहँदा समयसमयमा उहाँले अनुवाद कार्यको महत्ताबारेमा कुरा गर्दा अनुवाद कार्यलाई प्रोत्साहन दिनुपर्छ भन्ने आफ्नो प्रेरणादायी मन्तव्य मलाई प्रदान गर्नुभएको छ ।

‘अश्वत्थामा’को हिन्दी अनुवाद गराउने क्रममा पटकपटक उहाँले मलाई आफ्नो निवासमा बोलाउनुहुन्थ्यो र विचारविमर्श हुन्थ्यो ।

यस्ता अवसरहरूमा मैले उहाँबाट अनुवादबारेका गहकिला कुराहरू सुन्ने मौका पाएँ । उहाँको विचारमा हाम्रो नेपाली साहित्यका केही उत्कृष्ट कृतिहरूलाई नोबेल पुरस्कार प्रदान गराउनका लागि आवश्यक पहल गर्नुपर्छ र अनुवाद कार्यमा स्तरीयतालाई प्राथमिकता दिनुपर्दछ ।

मैले उहाँको प्रमुख आतिथ्यमा केही अनुवादसम्बन्धी विचारगोष्ठीहरूका आयोजना गरेकी छु । विश्व अनुवाद दिवसको अवसरमा आयोजित (२०७२ असोज १३) अनुवादसम्बन्धी विचारगोष्ठीका प्रसङ्ग मलाई याद आइरहेको छ । उक्त कार्यक्रमको प्रमुख अतिथि राष्ट्रकवि माधव घिमिरेले आफ्नो मन्तव्यमा भन्नुभएको थियो कि ‘आजको युगमा अनुवाद विधा अनिवार्य विधाको रूपमा प्रतिष्ठित भएर हामीमा विश्वबन्धुत्वको भावना जाग्रत गरिरहेको छ । अनुवाद कार्यद्वारा हाम्रो प्राज्ञिक चेतनालाई बल मिल्छ । हामी विश्वसाहित्यका रसास्वादन गर्न चाहन्छौँ र यो अनुवाद कार्यद्वारा नै सम्भव छ । अनुवादद्वारा नै हामी नेपाली भाषासाहित्यलाई विश्व रङ्गमञ्चमा प्रतिष्ठित गर्न सक्छौँ ।’

यस्तै सौभाग्यवश अनेकौँ साहित्यिक कार्यक्रमहरूमा राष्ट्रकविसँग एउटै मञ्चमा बस्ने मौका पाएकी छु र उहाँबाट प्राप्त प्रेरणाप्रद साहित्यिक सन्देशहरूले मलाई सञ्जीवनीबुटी सदृश ऊर्जा प्रदान गर्दै आएको छ ।

मलाई सम्झना छ– १५ भदौ, २०७३ मा राष्ट्रकवि माधवप्रसाद घिमिरेले ज्योति पौडेलको खण्डकाव्य ‘अस्मिताको लुट’ आफ्नै निवासमा विमोचन गर्नुभएको थियो । कार्यक्रम मेरो सभापतित्वमा सम्पन्न भएको थियो । विमोचनपछि घिमिरेले भन्नुभएको थियो– ‘यस

खण्डकाव्यमा समाजका यथार्थपरक घटनालाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । समाजलाई प्रेरणा र मार्गदर्शन दिने यस्ता कृतिहरूको आज अत्यन्त आवश्यकता छ ।' औपचारिक कार्यक्रम सकिएपछि पनि हामीबीच कुराकानी जारी नै रह्यो । मैले उहाँसमक्ष आफ्नो जिज्ञासा राखेँ– 'राष्ट्रकवि, आफ्नो सिर्जनशीलताप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?' उहाँले भन्नुभयो– 'वर्तमान विशृङ्खल मानवजीवनलाई दिशा निर्देशन दिएर लोकमङ्गलको प्रतिष्ठा गर्नुका साथै भावी मानवजीवनलाई समेत मङ्गलमय बनाउने दिशामा सतत प्रयत्नशील हुनु कविको कर्तव्य हो र मलाई लाग्दछ कि मैले आफ्नो सिर्जनशीलताद्वारा नेपाली भाषा र साहित्यको सेवा गर्दै समाजमा राष्ट्रिय प्रेमलाई ऊङ्कृत गरेको छु, युगबोधलाई उद्बोधित गरेको छु, मावनताविरोधी कार्यहरूप्रति विद्रोह प्रकट गर्दै अनेकानेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याहरूका निराकरणका लागि बाटा देखाएको छु । आफ्नो कविकर्मप्रति समर्पित भएर जीवनभरि साधना गरेँ र आफ्नो कर्तव्य पूर्ण गर्नमा केही हदसम्म अवश्य सफल भएँ जस्तो मलाई लाग्दछ ।'

यसै सन्दर्भमा लगभग बीस वर्ष पुरानो एउटा प्रसङ्ग मलाई याद आयो– 'कान्तिपुर' पत्रिकामा 'युद्धको विभीषिका र सन्त्रासबाट मुक्ति दिलाउने प्रयासमा अश्वत्थामा र अन्धो युग' शीर्षकमा मेरो लेख प्रकाशित भएको थियो । त्यो लेख पढेर हर्षले विभोर कविवर घिमिरेले मलाई बिहानै ७ बजे फोन गर्नुभयो । उहाँले भन्नुभयो– 'युद्ध पिपासाले ग्रस्त मानवलाई मानव संहारका विनाश लीलाबाट बचाउनका लागि, विश्वलाई आणविक हतियारबाट सचेत रहन मैले 'अश्वत्थामा'को माध्यमबाट आह्वान गरेको छु ।'

'उषाजी, तपाईंले विश्वशान्तिका सन्देशवाहक 'अश्वत्थामा'को उचित मूल्याङ्कन गरिदिनुभएको छ । तपाईंलाई हृदयदेखि धेरै धन्यवाद छ ।' मेरो यसै रचनाको हिन्दी अनुवाद प्रसिद्ध हिन्दी साहित्यिक पत्रिका 'गगनाञ्चल'मा (अक्टुवर दिसेम्बर सन् २००४)

मा प्रकाशित भयो । मैले यो पत्रिका उहाँलाई उपहार दिँदा उहाँ झन् प्रसन्न हुनुभयो । उहाँले भन्नुभयो– 'मेरो कवितालाई हिन्दी साहित्यजगत्मा पनि चिनाउने प्रयास गरिदिनुभयो यहाँलाई हार्दिक धन्यवाद ।' यस घटनापछि उहाँसँग अत्यधिक नजिक हुने अवसर पाएँ । साहित्यसाधनामा अनवरत लागिरहने उहाँको बहुमूल्य योगदानप्रति मेरो श्रद्धा पनि बढ्दै गयो । उहाँसँग व्यतीत गरेका सुखद क्षणहरू र प्रेरणादायी संस्मरणहरूको ठूलो शृङ्खला छ मेरो मनमस्तिष्कमा, जसले मलाई प्रेरणा र प्रोत्साहन प्रदान गरिरहेको हुन्छ । म राष्ट्रकवि घिमिरेको स्वस्थ, सिर्जनशील र दीर्घायु जीवनका लागि हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

राष्ट्रकवि माधव घिमिरेजस्ता व्यक्तित्व जसले आफ्नो लेखनीबाट समाज, राष्ट्र र विश्वलाई बहुमूल्य योगदान प्रदान गरिरहनुभएको छ, त्यस्ता व्यक्तिलाई नइले राष्ट्रकविको परिकल्पना गरेर राज्यबाटै घोषणा गराउन जुन पहल गऱ्यो त्यो व्यहोरा नै स्तुत्य छ । योग्य व्यक्तित्वको कदर र सम्मान गर्न नइबाट धेरै सिक्नुपर्दछ । सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुष घोषित गराउन पनि नइकै योगदान रह्यो । साथै डा.वानीरा गिरिलाई पनि नइले नै विश्व नारी नेपाली साहित्य रत्न बनायो । साहित्यका यी तीन महारथीलाई नइकै पहलमा जनही पाँच लाख रुपियाँको पुरस्कारसमेत प्रदान गरिएको थियो ।

# मेरा प्रिय गीतकार राष्ट्रकवि घिमिरे



उषा शेरचन

साहित्यका पितामह आदरणीय माधवप्रसाद घिमिरे दाइ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य हुँदै उपकुलपति, कुलपति सबै भूमिकामा रहनुभएको देखेकी हुँ । उति बेलाको प्रज्ञाप्रतिष्ठानको गरिमा र उपकुलपति, कुलपति हुनुको प्रतिष्ठाको के बयान गरौँ म ! हामीलाई त भित्र पस्न र प्रेक्षालयमा टेक्नसमेत धक लाग्थ्यो तापनि माधव घिमिरेको सरल व्यवहारका कारण त्यो धक हराउँथ्यो र आफ्नो दाइसँग भेटेझैँ भान हुने भएकाले मैले पनि माधव दाइ भनेर सम्बोधन गर्थें, जुन आजपर्यन्त कायमै छ !

उपकुलपति, कुलपतिको सम्बोधन सुन्न अभ्यस्त हाम्रो

कान र कार्यकाल सकिएपछि पूर्वउपकुलपति अनि पूर्वकुलपति सुनिरहेको कानले एक पटक नइको कुन कार्यक्रममा हो तिथिमिति र कार्यक्रमचाहिँ भुलेँ तर पहिलो पटक साहित्यकार एवम् नइका संस्थापक अध्यक्ष इन्दिरा प्रसाईले पहिलो पटक राष्ट्रिकवि भनेर सम्बोधन गर्नुभएको भने अझैसम्म पनि स्पष्ट रूपमा सम्झना छ मलाई । सबैले कविवर वा अन्य सम्बोधन त गर्ने गर्थे तर अचानक राष्ट्रकवि भनेर पहिलो पटक सुन्दा भने म अचम्मित भएकी थिएँ । तर मैले चाहिँ उति बेलादेखि माधव दाइ भनेर सम्बोधन गर्ने गरेको आजसम्म त्यही सम्बोधन प्रिय र आत्मीय लाग्छ मलाई, त्यसैले सम्बोधन फेरेकी छैन !

त्यो बेलादेखि आजपर्यन्त दाइबाट पनि उही स्नेह प्राप्त गरेकी छु !

दाइलाई कवि भनेर चिन्नु बेग्लै थियो तर उहाँका गीतहरूको पनि म उतिकै फ्यान थिएँ ! त्यति बेला हाम्रा लागि मनोरञ्जनको साधन रेडियोबाहेक अन्य केही थिएन । टेलिभिजन, मोबाइल आदि त कल्पनादेखि परको कुरा थियो– आवा र चिठीको जमानामा !

माधव दाइका चर्चित गीतहरूमा ‘फूलको थुङ्गा बगेर गयो’ (तारादेवी), ‘आजै र राति के देखेँ सपना’ (नारायण गोपाल) आदि सुनेर कहिल्यै अघाउँदिनथेँ !

मेरा लागि माधव दाइको ‘गौरी’ शोककाव्य पढेर नअघाउने अनि गीतिनाटक ‘मालती मङ्गले’ हेरेर नअघाउने भित्र पर्छन् !

मेरो एल्बम ‘आकाश छुने रहर’ र ‘संवेदन’ लोकार्पणमा उहाँ नै प्रमुख अतिथि हुनुहुन्थ्यो ।

भेटपिच्छे जहिल्यैसुकै दाइले मेरो गीतलेखनको प्रशंसा गर्नुहुन्छ । त्यही कारणले उहाँको निवासमा म ‘नारायणगोपाल स्मृति सम्मान’ उहाँलाई पनि समर्पण गरिने निर्णय भएबमोजिम सोही पत्र ज्ञापन

गर्न राष्ट्रकविको निवासमा पुगेको बेलामा फेसबुक स्टचाटसमा (Novmeber 19, 2017) मा यस्तो लेखेकी रहिछु– 'गीत भनेको शब्द, सङ्गीत र स्वरको त्रिवेणी हो ! एउटा कालजयी गीत बन्नका लागि शब्द मात्रै राम्रो भएर हुँदैन अनि सङ्गीत मात्रै राम्रो भएर हुँदैन, स्वर पनि उतिकै जरुरी पर्छ ! तीनवटै कुराको तालमेल मिलेमा बल्ल साँच्चिकै कर्णप्रिय र कालजयी गीत बन्ने गर्दछ !'

स्वरसम्राट् नारायणगोपाल स्वयम्ले 'सङ्गीतमा ठूलो क्रान्ति ल्याउनुपर्छ साहित्यसँग निकट सम्बन्ध राखेर' भन्ने उद्गार पोख्नुभएको छ ! तापनि हाम्रो देशमा विडम्बना नै भन्नुपर्छ कि गीतकार भने सधैँ ओझेलमा पर्ने गर्छन् ।

यही उद्गारलाई मध्यनजर राखेर नारायणगोपाल सङ्गीत कोषले स्वरसम्राट् नारायणगोपाल दाजुको पचासौँ स्मृतिदिवसमा पच्चिसै जना गीतकारलाई एकै थलोमा एकै पटक सुन्दर मालाझैँ उनेर 'नारायणगोपाल स्मृति सम्मान' विशेष समर्पण गर्ने योजना रहेको थियो । दुर्भाग्यवश सोही साल भूकम्प जानु र नाकाबन्दी सुरु भएको हुनाले कोषको सपना पूरा हुन सकेन ।

अधुरो रहेको उक्त योजनालाई साकार पार्ने तर एकै पटकमा सम्भव नभए दुईतीन पटक गरेर भए पनि स्वरसम्राट् नारायणगोपालको साङ्गीतिक यात्रामा सहयात्री गीतकारहरूलाई 'नारायणगोपाल स्मृति सम्मान' विशेष समर्पण गर्ने नारायण गोपाल स्मृति कोषको बैठकमा हामीले निर्णय गर्‍यौँ । किनभने स्वरसम्राट्ले गाउनुभएका गीतकारहरू पेमला भाउजू हुँदै प्रकाशित 'कालजयी स्वरहरू'मा आबद्ध गीतकारहरू पच्चिस जनाजति नै हुनुहुँदो रहेछ ।

प्रत्येक वर्ष एकएक जना गीतकारलाई समर्पण गर्दा पनि पच्चिस वर्ष लाग्दो रहेछ । गायक वा सङ्गीतकारलाई नियमित रूपमा समर्पित गर्दै आएको सम्मान त यथावत् छँदै छ ।

नियमित रूपमा समर्पण गरिने सत्ताइसौँ स्मृतिदिवसका लागि 'नारायणगोपाल स्मृति सम्मान' वरिष्ठ सङ्गीतकार एवं गायक सि.के. रसाइली तथा गीतकार माधवप्रसाद घिमिरे, रत्नशमशेर थापा, नगेन्द्र थापा, कालीप्रसाद रिजाल, किरण खरेल, भैरवनाथ रिमाल 'कदम', कञ्चन पुडासैनी, दुर्गालाल श्रेष्ठ, चेतन कार्की, मनबहादुर मुखिया र यादव खरेललाई विशेष सम्मान समर्पण गरिने निर्णय भएबमोजिम सोही पत्र ज्ञापन गर्न राष्ट्रकविको निवासमा पुगेको थिएँ । सोही बेलामा मैले मेरो प्रकाशित गर्न लागेको गीतिसङ्ग्रहको पाण्डुलिपिसमेत सँगै लिएर गएकी थिएँ । किनभने राष्ट्रकवि माधवप्रसाद दाइले मलाई जहिल्यै भेट्नुहुँदा पनि 'बहिनीले गीत मीठो लेख्नुहुन्छ ! गीतको किताब अनि एल्बम खोइ त ?' भनेर सोध्ने गर्नुहुन्छ ! तर मैले एल्बम बोक्न त भुसुक्कै बिर्सेछु !

'एक दिन गीतको पाण्डुलिपि लिएर म हजुरको घरमै आउँछु' भन्ने गर्थें । तर जाने अनुकूलता भने पाएकी थिइनँ । बल्लतल्ल त्यो साइतसमेत जुर्‍यो । अनि त्यस बेला दाजुभाउजूसँग एकदुई घण्टा बसेर पनि आएँ !

यसबीचमा दाइ निकै बिमारी हुनुभयो । दिल्लीमा उपचारपछि निको भएपछि पत्रकार सुरज गुरुङ भाइले लाइभ प्रसारणमा राष्ट्रकविसँग भिडियोमा कुरा हुँदा हामी सबैको माया सद्भाव र प्रार्थनाले निको भएको भन्नुभएको थियो ।

यसरी मैले मेरो गीतिसङ्ग्रहको पाण्डुलिपि त राष्ट्रकविको घरमा बल्लतल्ल पुर्‍याउने साइत जुर्‍यो तर गीतिसङ्ग्रहका लागि उहाँका आशीर्वादका शब्दहरू लिने साइत भने अझैसम्म जुरेको छैन । कारण पनि म स्वयम् नै हुँ !

अत्यन्तै आदरणीय माधवप्रसाद घिमिरे दाइ उमेरले सय वर्ष पुगे तापनि जोस, जाँगर हेर्दा उहाँलाई तन्नेरीजस्तै देखिन्छ भन्ने

प्रमाण बिबिसीमा उहाँले दिनुभएको अन्तर्वार्ता पढेपछि पनि थाहा हुन्छ ।

म प्रभावित भएको माधव दाइले बिबिसीलाई दिनुभएको अन्तर्वार्ताको सारसङ्क्षेप मलाई यहाँ पनि प्रस्तुत गर्न मन लाग्यो ।

'नयाँ महाकाव्य सद्विचारकै बारेमा महाकाव्य लेख्दै छन् उनी– 'ऋतम्भरा' । 'ऋतम्भरा' को प्रेरणा खोज्न भने घिमिरेको इतिहास नै खोतल्नुपर्छ । 'विश्व अणु सन्त्रासले त्रस्त भएको समयमा अणु अस्त्रजस्तै ब्रह्मास्त्र लिएको र त्यसको दुरुपयोग गरेको हाम्रो एउटा पात्र अश्वत्थामालाई लिएर कृति लेखेको थिएँ ।' उनी भन्छन्– 'विश्व नकारात्मक पक्षमा गएकोमा खबरदारी गरेको छ त्यो कृतिले ।' त्यसो भए सकारात्मक बाटोचाहिँ कुन हो त ? अणु सन्त्रासबाट गुज्रिसकेको आधुनिक समाजका चुनौतीहरू उनी देख्छन् प्रविधिमा । 'अहिले प्रविधिले गर्दा मान्छे मान्छेबाट टाढा भए । भावनाचाहिँ खत्तम हुँदै गयो– माया, प्रेम इत्यादि ।' त्यसो भए विश्वका मानिसले जाने बाटो कुन हो त ? 'अर्को अस्त्र छ', भन्छन् उनी, 'हाम्रो हृदयमा ।'

माधव घिमिरे दाइले साहित्यकारले पाउनुपर्ने जम्मै मान सम्मान, पुरस्कार पाउन सफल हुनुभएको छ । यसका साथै उहाँलाई राष्ट्रले राष्ट्रकविको उपाधिसमेत प्रदान गरेको छ । मैले नइबाटै पहिलो पटक राष्ट्रकवि भनेर सम्बोधन गरेको सुनेकी हुँ र आज फेरि नइबाट नै राष्ट्रकविबारे अर्को विशिष्ट कृत्य तयार भएको छ ।

# मेरो धौलागिरि



प्रा.डा.कपिल लामिछाने

माघ ३ गतेको बिहान ठिहिऱ्याउँदो जाडो छल्दै म त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय जमल पुगेँ । त्यतिखेर विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय जमलमा थियो । कर्मचारीले देखाएको ठाउँमा हस्ताक्षर गरेँ र कोठामा छिरेँ ।

कोठाभित्र मेरा श्रद्धेय गुरुवर निर्देशक प्रा.मोहनराज शर्मा हुनुहुन्थ्यो र अर्को एक जना कविवर माधवप्रसाद घिमिरे । ढोका बन्द छ, म छिरेपछि तीन जना भयौँ ।

कुरा २०४१ को हो । त्रि.वि. नेपाली विभागले पहिलो पटक हाम्रो ब्याचदेखि सिर्जनात्मक लेखनको पत्र आरम्भ गरेको थियो । मसहित

केही साथीहरूले यो पत्र लिएका थियौँ । मैले सम्झेसम्म नवराज कार्कीले कविता, अच्यूतशरण अर्यालले निबन्ध र मैले कथासिर्जना । प्राध्यापक मोहनराज शर्माको कुशल निर्देशनमा मैले 'मरुभूमिका पोथ्राहरू' शीर्षकमा सिर्जनात्मक लेखन गरी बुझाएको थिएँ ।

माघ ३ गते त्यसकै मौखिक परीक्षा (भाइवा) थियो । म मौखिक परीक्षा सामना गर्न पुगेको थिएँ । बाह्य परीक्षकमा कुनै प्राध्यापक वा कुनै लब्धप्रतिष्ठित कथाकार आउनुहुन्छ भन्ने पूर्वअनुमान थियो । यस्तो कुरा त्यतिखेर साह्रै गोप्य राखिन्थ्यो । एउटा काव्यसर्जक कविवर माधवप्रसाद घिमिरेलाई त्यस ठाउँमा देखेर म चकित र हर्षित पनि भएको थिएँ । त्यतिखेर उहाँ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलपति हुनुहुन्थ्यो ।

मेरा कथा उहाँले बडो सूक्ष्म तरिकाले पढ्नुभएको रहेछ । कथावस्तु, पात्र, परिवेश, भाषिक प्रयोग, रचनागर्भ, कथावस्तुको स्रोत आदिबारे उहाँले मिहिन प्रश्न गर्नुभयो । मैले उत्तर दिँदै गएँ । उहाँ सुरिँदै जानुभयो । नेपाली कथापरम्परा, प्रवृत्ति, कृति आदिबारे प्रश्न गर्नुभयो । राम्रो अध्ययन रहेछ । म त त्यसमै डुबेको थिएँ । अनि लाग्नुभयो, विदेशतिर । पुस्किन, चेखव, गोगोल, गोर्की । भर्खर रसिया घुमेर आउनुभएको रहेछ । नेपालीमा अनुवाद भएका कथा मैले पढेको थिएँ । जानेको भनेँ । उहाँको अनुहार प्रफुल्ल भयो । म पनि प्रफुल्लित भएँ । प्राध्यापक मोहनराज शर्मा आफ्नो प्रिय शिष्यको समुचित प्रस्तुतिबाट झनै प्रफुल्लित हुनुभयो । मैले उहाँकै पङ्क्ति सुनाएँ । 'त्वदीयमिदं वस्तु गोविन्द तुभ्यमेव समर्पये ।'

**मेरो सच्चा सुख छ दिनहूँ क्यै नयाँ सिर्जनामा**
**आफैँलाई पनि सृजनको शोखमा बिर्सनामा ।**

मुसुक्क हाँस्नुभयो । ताली बजाउनुभयो । म परीक्षार्थी, उहाँ परीक्षक । बाह्य परीक्षक तर यो कुनै परीक्षाजस्तो अनुभूति भएन । एउटा साहित्यिक अन्तर्क्रिया पो भयो । उहाँले भन्नुभयो– 'त्रि.वि.ले

नेपालको पहिलो सिर्जनात्मक कथालेखनको बाह्य परीक्षण गर्ने ऐतिहासिक जुन अवसर मलाई प्रदान गऱ्यो, त्यसले मलाई कथाबारे पढ्ने बुझ्ने र परीक्षण गर्ने एउटा नौलो अनुभूति प्राप्त भयो । आभारी छु, बधाई छ, तपाईंलाई । सिर्जनात्मक कथा लेख्ने तपाईं पनि पहिलो ।'

मौखिक परीक्षा सकियो ।

अन्तमा उहाँले भन्नुभयो– 'यी कथा छाप्ने बेलामा मलाई भन्नुहोला ।' म प्रथम श्रेणीमा प्रथम (टपर) भएँ । मकबुल अहमद लारी स्वर्णपदक पाएँ । महेन्द्र विद्याभूषण पनि पाएँ ।

मैले थप चारवटा कथा लेखेँ । २०४४ सालतिरको कुरो हो । 'मरुभूमिका पोथ्राहरू' शीर्षकको कथासङ्ग्रह प्रकाशनार्थ उहाँको कार्यालय प्रज्ञामा पुगेँ । उहाँ उपकुलपति पदमा बहालै हुनुहुन्थ्यो । उहाँको बोली चल्थ्यो । पाण्डुलिपि टकारेँ । पहिलेको वचन स्मरण गराएँ । मीठो बोल्नुभयो । खुसी प्रकट गर्नुभयो । प्रथम श्रेणीमा प्रथम भएको र पदक पाएकोमा बधाई दिनुभयो ।

भन्नुभयो– 'कपिलज्यू, तपाईं राम्रा कथा लेख्नुहुन्छ । अझ लेख्नुस् । लेखकले लेख्न हतारिनुपर्छ । छाप्न, छपाउन हतारिनुहुन्न ।'

२०४१ सालमा लेखेका कथा २०४४ सालमा छाप्न खोज्नु पनि के हतारिनु थियो र । म भैरहवा हानिएँ । प्राध्यापन गर्ने क्याम्पस भैरहवामै थियो । महिनाको एक हजार चार सय सत्तरी तलब पाउने समयमा सात हजार खर्च गरेर 'मरुभूमिका पोथ्राहरू' कथासङ्ग्रह प्रकाशन गरेँ । आवरण प्रसिद्ध चित्रकार टेकवीर मुखियाले बनाइदिनुभयो । केही बिक्रीवितरण साझा प्रकाशनले पनि गऱ्यो । केही शुभचिन्तकले किने । केही बाँडेँ । मेरा कथाले हलुका तरङ्ग ल्याए । म कथाकारका रूपमा चिनिएँ ।

भाइवामा उहाँले मलाई ठूलो हौसला दिनुभयो । म साहित्य शिखरको आकाङ्क्षी भएँ । केही न केही लेख्ने रहर थियो । परिस्थितिले रहरलाई जिम्मेवारीमा बदलिदियो । लेख्दै गएँ । अहिले मेरा विभिन्न विधाका गरी चार दर्जनभन्दा बढी कृति प्रकाशित छन् । जब मेरो नौलो कृति प्रकाशित हुन्छ, दङ्ग पर्छु अनि अग्रजका योगदानलाई हेर्छु, स्मरण गर्छु र आफैँलाई धौलागिरि शिखरको आधारशिविरतिरै अलमलिएको पाउँछु ।

मेरा धौलागिरि शिखर राष्ट्रकवि माधवप्रसाद घिमिरेको चौरासी २०६० असोजमा रूपन्देहीबाट बूँद राना र म आमन्त्रित भयौँ । बडो कष्टका साथ सहभागी भयौँ पनि । त्यो संस्मरण बेग्लै छ र ताजै छ ।

# राष्ट्रकविको हराभरा



प्रा.डा.गार्गी शर्मा

मैले नेपाली अलिअलि पढ्न सक्ने भएपछि घरमा रहेको 'शारदा' पत्रिका रहरले पढ्ने गर्दथेँ । 'शारदा' पत्रिका मात्र आठदस अङ्क र अन्य किताबहरूमा केही हिन्दी उपन्यास थिए । त्यस बेला त्यस्तो उपन्यास पढ्ने मेरो क्षमता थिएन; छोटा कथाहरू, केही कविताहरू रहरैरहरमा पढ्नु मात्र थियो । नेपाली कवितासङ्ग्रह भाग दुईमा आमाको कविता पनि रहेछ । त्यसैले उक्त सङ्ग्रहका कविताहरू पनि कहिलेकाहीँ पढ्ने गर्दथेँ, त्यस बेला सरसरती पढ्नु न हो । भाव बुझ्नु न भाषा, मात्र बसिबियाँलो । बरु उक्त सङ्ग्रहमा 'गाउँछ गीत

नेपाली' मीठो राष्ट्रिय गीत आमालाई मन परेकाले मलाई पनि यो कण्ठ गरेर पढ् भन्नुहुन्थ्यो । केही श्लोक कण्ठ गरे पनि सधैँ त्यो पढेर पाठ बुझाउनुपर्ने होइन, कति पढियो, कति बिर्सियो । कविता सरसरती पढे पनि कविको नाम पढ्ने, सम्झने बानी थिएन । आवश्यक पनि थिएन । तर म आईए पढ्ने बेलामा प्राध्यापक शिवगोपाल रिसालले मीठो लय हालेर यो कविता पढाउनुभयो । पाठ्यक्रममा रहेकाले यसको भाव शैली साथै कविको नाम पनि सम्झनुपर्ने भयो र बल्ल माधवप्रसाद घिमिरेको कविता रहेछ भन्ने जानेँ । यसै गरी कक्षा पाँचछतिर 'म मिरिमिच्चे म्याँम्याँ ब्रुक' बालकविता पनि पढेकी थिएँ, त्यस बेला पनि कविको नामसँग हामी विद्यार्थीलाई केही वास्ता हुँदैनथ्यो, मात्र कविता कण्ठ गरेर गुरुलाई सुनाउनुपर्दथ्यो ।

आठनौ कक्षादेखि भने पाठ्यक्रमभित्रका कवि लेखकहरूको नाम सम्झन करै लाग्दथ्यो, परन्तु कतिपय सुप्रसिद्ध कविहरूलाई मैले देख्ने मौका पाइनँ । देवकोटा, लेखनाथ, हृदयचन्द्रसिंह प्रधान आदिको नाम मात्र सुनेँ र पढेँ मात्र । भन्न त कृष्णचन्द्रसिंह प्रधान भन्नुहुन्थ्यो– 'कवयित्री आमा (गोमा) का कारण साहित्य र लेखनबारे भइरहने कुराकानी अनि कवि लेखकहरूसँगको बसउठ, सत्सङ्ग, प्रेरित गर्ने वातावरण उनलाई (गार्गी) लाई प्राप्त छ ।' हाम्री आमाले भने म सानी छँदा एक पेट खाना र एकधर कपडा जुटाउन दिनको पन्ध्रसोह्र घण्टा काम गर्नुपर्दथ्यो । काठमाडौँदेखि पाटन नागबहाल स्कुलसम्म पढाउन जानुपर्दथ्यो, महिनाको अठार रुपियाँ तलब थाप्नुपर्दथ्यो । त्यस बेला आमाले हामी आमाछोरीका लागि दाल, भात कमाउनु कि साहित्यकारहरूसँग साहित्यमा जुट्नु ! त्यसैले धेरै पछि मात्र सिद्धिचरण श्रेष्ठ, धरणीधर कोइराला, भवानी भिक्षु, कविवर माधव घिमिरे, लैनसिंह बाङ्देल आदिलाई देख्ने मौका पाएकी हुँ, दोहोरो चिनाजानी त कतिसँग भयो सम्झना छैन ।

२०३५ सालमा नेपाल प्रज्ञाप्रतिष्ठानमा 'मालती मङ्गले' गीतिनाटक प्रदर्शन भएको थियो । उक्त नाटक हेर्न आमाले पनि

एउटा पास कताबाट हो पाउनुभएछ । आमा एक्लै नजाने, जहाँ गए पनि मलाई हात समातेर लैजानुहुन्थ्यो । त्यस कारण एउटा किनेर हामी दुवै जना गयौँ । त्यस बेला उक्त नाटक महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' भन्दा पनि निकै राम्रो लाग्यो । त्यसैले मैले केही समयपछि यसको सानो समीक्षा पनि लेखेँ । आमा न हो ! आफ्नी छोरीको जेजस्तो पनि मन पराउने, खुसीले त्यसै उत्फुल्ल हुने । त्यसैले आमाले उक्त लेख नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति माधव घिमिरेलाई देखाउन लैजानुभएछ । कविवर घिमिरेसँग भेट भएन क्यारे र प्राज्ञ देवेन्द्रराज उपाध्यायलाई पढ्न दिनुभएछ । उहाँलाई पनि राम्रो लागेछ र कविवर घिमिरेलाई 'एक पटक पढी ता हेर्नोस्' भनेर दिनुभएछ । दुईचार दिनपछि आमाले उक्त लेख लिन देवेन्द्रराज उपाध्यायकोमा जाँदा कवि घिमिरेलाई दिएको छु भन्नुभएछ । आमालाई कविले देख्नेबित्तिकै उक्त लेख दिँदै भन्नुभएछ– 'लेख धेरै राम्रो छ तर नानीलाई मैले आजसम्म देखेको छैन । अरूहरू भए यस्तो लेखेँ, अब अरू के गर्नुपर्ला आदि इत्यादि भन्न कति पटक आइसक्थे ।' कविको यो भनाइबाट आमा कति खुसी हुनुभयो होला, हामी आफैँ अनुमान गर्न सक्छौँ ।

२०४४ सालदेखि रमा शर्माले पनि नेपाली शिक्षा परिषद्को विभिन्न कार्यक्रममा बोलाउन लाग्नुभयो । त्यहाँबाट पनि कतिपय साहित्यकारलाई देख्ने मौका पाएँ । २०५२ सालतिर त्रि.वि.बाट आत्मोन्नति बिदा लिएर माधव घिमिरेका गीतिनाटकमा मानवतावाद शीर्षकमा लघु अनुसन्धान गर्ने योजना लिएकी थिएँ । म र भगीरथ काफ्ले उहाँको घरमा यसबारे केही सोधपुछ गर्न गयौँ । प्रथम पटक यसरी उहाँसँग भेटघाट गर्ने मौका पाएकी हुँ । उहाँ पनि खुसी हुनुभयो, 'मालती मङ्गले' र 'शकुन्तला' नाटक पनि दिनुभयो । 'दुईचार दिनपछि आउनुहोस् अरू पनि दिउँला' भन्नुभयो । हामीले सोच्यौँ– सायद 'मालती मङ्गले' बारे अरू केही पनि होला भन्ने लाग्यो । नभन्दै केही त रहेछ परन्तु 'मालती मङ्गले' र 'शकुन्तला'

बारे नभई अप्रकाशित गीतिनाटक 'देउकी', 'अश्वत्थामा' र 'बालकुमारी'का प्रतिलिपि दिँदै 'यिनीहरूबारे पनि लेख्नुहोस्' भन्नुभयो । पन्ध्रसोह्र महिना लगाएर 'माधव घिमिरेका गीतिनाटकमा मानवतावाद' पूरा गरेर त्रि.वि.मा बुझाएँ । कविलाई पनि टाइप गरेको एक प्रति 'नववर्षको शुभकामना' भनेर २०५५ वैशाखमा दिएँ । 'धेरै राम्रो लाग्यो, चाँडै प्रकाशन गर्नुहोस् है' भन्नुभयो ।

प्रकाशन गर्न पनि आफ्नै समस्या छँदै थियो । भेट हुँदा एकदुई पटक सोध्नु पनि हुन्थ्यो तर मैले 'हेरौँ, कहिले र कसरी सकिन्छ' भन्दै गएँ । उहाँलाई चाहिँ चाँडै होस् भन्ने रहेछ । त्यस बेला कविले नइका तर्फबाट भूपालमानसिंह कार्की प्रज्ञापुरस्कार, सीताराम साहित्य पुरस्कारजस्ता उच्चस्तरीय पुरस्कार प्राप्त गर्नुभएको थियो । त्यसैले नइको सहयोगबाट यो कृति पनि प्रकाशन गर्न सकिन्छ कि भनेर पनि उहाँले मलाई भन्नुभएको थियो । सायद नइ प्रकाशनको नीतिनियमभित्र नपरेर होला त्यो कुरा मिल्न सकेन । अनि २०५७ सालमा भगीरथ काफ्लेको प्रयासबाट प्रकाशन गर्न सकियो ।

माधव घिमिरेले २०६० सालमा राष्ट्रप्रमुखबाट राष्ट्रकविको उपाधि पाउनुभयो । 'नइको सत्प्रयासबाट मैले यो उपाधि पाएँ' भनेर ठाउँ र मौका पाएसम्म सुनाउन उहाँ सधैँ अग्रसर हुनुभएको देख्दा उहाँको मृदु स्वभावको प्रशंसा गर्नै पर्दछ । राष्ट्रकवि शब्द मैले नइ प्रसाईबाट मात्र साहित्यिक कार्यक्रमहरूमा सुन्दै आएकी थिएँ र त्यो बीज प्रस्फुटन हुँदै २०६० सालमा हराभरा भएको हो ।

राष्ट्रकविसँग यसरी परिचय बढ्दै गएपछि कहिले नेपाली साहित्य मन्दिरको कार्यक्रममा प्रमुख आतिथ्य ग्रहण गरिदिनुहुन हामी अनुरोध गर्न उहाँका घरमा जान्थ्यौँ । कहिले युगकवि सिद्धिचरण प्रतिष्ठानबाट पुरस्कार या यस्तै केहीका लागि उहाँकहाँ पुग्दथ्यौँ । यति मात्र हैन, त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा बेलाबेलामा प्रमुख आतिथ्य ग्रहण गर्नुहुँदा भगीरथ काफ्लेसँग पनि उहाँको झन् बढी भेटघाट हुँदै गयो ।

साहित्यमा सानैदेखि नाटकमा मेरो विशेष अभिरुचि हुनाले उहाँका गीतिनाटकहरू मलाई अति मन पर्दथ्यो । उक्त नाटकका विषयवस्तु पनि अति मार्मिक हुने हुनाले सबै पाठक तथा श्रोता भावविह्वल हुने नै भए । कुनै प्रसङ्गवश मैले भनेकी थिएँ, 'बालकुमारी' गीतिनाटकमा अति मन पर्ने हरफ 'गए हुन्छ– जाँदाजाँदा पाउँछौँ भनेँ । किन्तु कोही नगए है धिक्कार पाउँछौँ' भनेँ । प्रस्तुत हरफ कुन बेला कहाँ भनेँ, मलाई सम्झना छैन तर एक दिन उहाँको आँगनमा पुगेको बेला भन्नुभयो– 'गार्गी तिमीलाई मन पर्ने 'बालकुमारी' को हरफ एक बिहान यही आँगनमा घुम्दाघुम्दै फुरेको हो ।' म अवाक् भएँ कस्तो सम्झनाशक्ति ! मलाई लाग्छ उहाँको तीव्र सम्झनाशक्ति दैवीय अवदान हो, युगौँयुगदेखि सञ्चित हुँदै आएको ईश्वरीय देन हो ।

राष्ट्रकविको मृदु मुस्कान, मीठो बोली अनि आशीर्वचनले प्रफुल्लित नहुने कोही हुँदैनन् । त्यसैले आफ्नो कुनै कृति प्रकाशन गर्नुअगाडि उहाँको आशीर्वचन लिन धेरै पुगेकै हुन्छन् । यस्तैमा मैले पनि 'गोमा' काव्यमा केही शब्द लेखिदिनुहुन अनुरोध गरेँ र एक प्रति छोडिदिएँ । उहाँले दिनुभएको समयमा गएँ, लेखेर तयार गर्नुभएको रहेछ । कसैलाई भनी नबिझाउने उहाँको स्वभावानुसार काव्यको प्रशंसा पनि गर्नुभयो । अनि भन्नु पनि भयो– 'यसरी मन्तव्य लेख्ने क्रममा सायदै कसैको अद्योपान्त पढेको हुँला तर मैले योचाहिँ पढेँ ।' मैले उहाँको यो कुरा पत्याउन सकिनँ र भनेँ पनि 'सबै पढ्न हजुरलाई कहाँ फुर्सद भयो होला र ?' तर कस्तो अचम्म उहाँले ठाउँठाउँको चारपाँच हरफ र अरू आफूलाई मन परेको सन्दर्भ पनि सुनाउनुभयो । यो सुनेर म त जिल्ल परेँ र आफूले आफैँलाई धन्य सम्झेँ । मन्तव्य लेख्दा पनि सत्यतथ्य केलाउने उहाँको स्वभाव प्रशंसनीय मान्नुपर्छ । मलाई प्राध्यापक डा. शब्द लेख्नुअगाडि 'प्राध्यापक पनि हो' भनी सोध्नुभएको थियो ।

राष्ट्रकवि आफ्नो अडानमा सधैँ अडिग हुनुहुँदो रहेछ भन्ने कुरा २०७२ सालमा थाहा पाएँ । डा. डिल्लीरमण रेग्मीबाट स्थापना गरिएको प्रत्येक दुईदुई वर्षमा प्रदान गरिने शान्ति पुरस्कार राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्ति स्थापनामा संलग्न हुने एक राष्ट्रिय र एक जना अन्तर्राष्ट्रिय प्रतिभालाई सम्मान गर्ने कार्यक्रम विगत केही वर्षदेखि गरिँदै आएको छ । २०७२ सालका लागि गठन गरिएको चयन समितिमा म पनि रहेकी थिएँ । विगत केही वर्षमा नेताहरू अर्थात् पूर्वप्रधानमन्त्रीहरूले मात्र मौका पाएकाले अब साहित्यकारले पनि पाउनुपर्छ, साहित्यबाट पनि राष्ट्रमा शान्ति कायम हुन्छ भन्ने मानेर राष्ट्रकवि माधव घिमिरे र वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीलाई हामीले चयन गर्‍यौँ । यो चयनलाई स्वीकृति पनि दिइयो ।

बधाई दिन मलाई जाऊ भन्नुभयो, चयन समितिका संयोजक प्रा.डा.मोहन लोहनीले । मैले बधाईसहित उहाँलाई हाम्रो यो निर्णय सुनाउँदा राष्ट्रकविले 'शताब्दी पुरुष सत्यमोहन जोशीसँग संयुक्तमा दिइने सम्मान मलाई मन्जुर छैन' भनेर इन्कार गर्नुभयो । भोलिपल्ट डिल्लीरमण पुस्तकालयका तत्कालीन अध्यक्ष प्रेम छोटा, प्रा.डा.मोहन लोहनी, शिक्षा मन्त्रालयका सहसचिव र म पनि उहाँलाई मनाउन सकिन्छ कि भनेर गयौँ । वाङ्मय शताब्दी पुरुषले मन्जुर गरिसक्नुभएको थियो तर राष्ट्रकविले केही गरी पनि मान्नुभएन । 'चकलेट दिएर केटाकेटीलाई फकाउने जस्तो कुरा नगर्नोस्' भनेर सबैलाई चुप गराउनुभयो । यस्तो रहेछ उहाँको अडान ।

अन्त्यमा एउटा पूर्ण शताब्दीको घामछाया, उज्यालो अँध्यारो सम्पूर्ण भोगेर, देखेर अनि पचाएर अर्को शताब्दीमा यात्रा गर्दै अगाडि गइरहनुभएको महापुरुष राष्ट्रकविको शुभाशीर्वाद हामी नेपाली सम्पूर्ण साहित्यकारले मात्र हैन सम्पूर्ण जगत्ले नै पाऊन् भन्ने भगवान्सँग प्रार्थना गर्दछु ।

# साहित्य र कवि



गोपाल पराजुली

साहित्य नारीवादी र पुरुषवादी होइन । न प्रगतिशील र अप्रगतिशील । न कवि राष्ट्रकवि र अराष्ट्रकवि हुन सक्छ । कुनै बेला मानवीय कमजोरीलाई देखाउने बेलामा बाहेक संसारको कुनै लेखकले नारीको विरुद्धमा लेखेको छ ? कि विश्वको कुनै लेखक कविले आजसम्म अप्रगतिशील साहित्य लेखेको छ ? देशको विसङ्गति, विकृति, हिंसा, हत्या र अपराधको विरुद्ध लेखे पनि कि कुनै देशको कवि लेखकले आफ्नो देशको द्रोहमा अहिलेसम्म केही लेखेको छ ? मैले यहाँ उठाउन लागेको कुरा लामो छैन । र त्यो कविको बारेमा हो । र छोटो छ । जुन देशमा बसेर लेखे पनि मानवीय

सरोकारमा बसेर लेख्ने कवि त्यो देशको पनि हो, त्यो देशभन्दा पर अर्को देश छ भने त्यो अर्को देशको पनि हो । युनिभर्सल र मानवीय अपिल छैन भने जुन विश्वमा बसेर लेखे पनि त्यो कवि त्यो विश्वको पनि हुँदैन । त्यो देशको पनि हुँदैन । यति हुँदाहुँदै पनि धेरै देशले आफ्ना देशका कुनै बेलाका कुनै कविलाई राजकवि, राष्ट्रकवि आदिको उपाधि दिने गरेको इतिहास छ । इतिहास पुरानो हुँदै जान्छ । र नयाँ बन्दै पनि । तर इतिहासलाई भत्काइहाल्न नहुने पनि हुन्छ र त्यो पनि क्रियटिभ इतिहास । कुनै उपाधि नपाएका कुनै देशको कविको कुन इतिहास भत्किएको छ ? नपाएकाको भत्किएको छैन भने पाएकाको पनि भत्किनु जरुरी छैन ।

राष्ट्रकवि र विश्वकवि देशमा र विश्वमा धेरै हुन सक्छन् । जसले उपाधि पाउँछन्, समयले तिनको इतिहास भत्काउँदैन । खासमा हावाको, पानीको, कविको र भगवान्‌को बोर्डर हुँदैन । तेह्रौँ शताब्दीका पर्सियन मुस्लिम कवि रुमीको बोर्डर छ ? सेक्सपियरको बोर्डर छ ? कृष्णको, क्राइस्टको, बुद्धको ? मोहम्मदको, व्यासको बोर्डर छ ? साहित्य, राजनीति, दाउपेच र षड्यन्त्रको खेल होइन । इतिहास हत्या र हिंसा, अपराधको भत्किन्छ । त्यो जरुरी देख्ने कवि लेखक संसारसित छ । संसारसित भन्नु क्रियटिभ मान्छेसित छ । सत्यको कलर हुँदैन, कला हुन्छ । भारतबाट कालिदास, टेगोर भत्किन सक्छ ? जापानबाट कोइजुमी याकुमो, मुरासाकी सिकिबु भत्किन सक्छ ? नेपालबाट देवकोटा, मोतीराम भत्किन सक्छ ? इङ्ल्यान्डका चसर, सेक्सपियर, मिल्टन भत्किन सक्छ ? फ्रान्सबाट ह्युगो, जर्मनीबाट गेटे, ग्रिसबाट होमर, इटलीबाट दाँते, स्पेनबाट लोर्का, स्विडेनबाट भर्नर भोन, युएसबाट ह्विट्मन, डिकन्सन, फ्रस्ट, एन्जोलो भत्किन सक्छ ? कुन देशका कुन कवि लेखक भत्किन सक्छ ? रोमबाट अगस्टन, पिरियडका भर्जिल भत्किन सक्छ ? कवि जन्मिन्छ, अरूले चिनाउँछ; कि व्यक्तिले, कि संस्थाले, कि देशले, कि विश्वले ! ग्रिसलाई होमरको गर्व छ । रोम भर्जिललाई हाम्रो ठूलो मान्छे भनेर

दावा गर्छ । इङ्ल्यान्ड मिल्टनको प्रसिद्धिमा उभिन्छ । मोतीरामहरूले देश चिनाउँछन् । नरेन्द्र र इन्दिराहरूले नेपाल चिनाउँछन् । नेपाली भाषासाहित्यलाई देशव्यापी बनाउँदै विश्वव्यापक गर्न तम्सने नइको नाम पनि नेपालले औपचारिक रूपमा एक दिन गर्वसाथ उच्चारण गर्नेछ । माधव घिमिरेलाई पनि राष्ट्रकवि भनेर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नै चिनाएका होइनन् ? अनि राज्यले नइकै सपोर्ट गरेन ?

साहित्यले हृदय र मस्तिष्क दिँदा विचार दिन्छ । साहित्यकार र देश दिन्छ । र चिनारी दिन्छ । राष्ट्रको विश्वको । राजनीतिको एक्सिडेन्ट युद्धमा हुन्छ । साहित्य पनि एक्सिडेन्टमा जन्मिन्छ । जब देश र मानिसलाई चोट लाग्छ । साहित्य संवेदनाको कार्य हो । ज्ञान, विचार, भावनाको उत्सव हो । यसले हिँडाउँछ । उठाउँछ मानिसलाई । शान्ति, आनन्द र शक्तिको समाचार संवेदनाबाट हुन्छ । राजनीतिले जब थकाउँछ । साहित्य आउँछ अगाडि हल्का हातले छुन । साहित्यकारले कलम समात्ने कारण यही हो । समाजले सितिमिति सुख दिँदैन । रातमा परेकालाई बिहानको सूर्य आशा हो । संवेदनाको पनि सूर्य हुन्छ । रातभित्रै पनि मानिसलाई दुःखमा छुने संवेदनाको चन्द्र हुन्छ । साहित्य, सङ्गीत र कलासित कला हुन्छ भन्ने कुरा सबैलाई थाहा छ । आर्टमा अरनिको, सङ्गीतमा एन्जोलो, नारायणगोपाल, साहित्यमा सेक्सपियर हुन्छ भन्ने कुराको सत्य ध्रुवसित छ । साहित्यसित छ अलि राम्रो संसार र अलि राम्रो शब्द । विश्वले उच्चारण गरेपछि थाहा हुन्छ । शब्द र अर्थको लय । माटोको स्पिरिट र विश्वको संवेदना कलमले बोक्छ । र मानिसको कल्पना । जीवनलाई साहित्यले र विश्वलाई कलमले जे दियो त्यो एकता हो । र मानिस र साहित्यकारको । साहित्यकार कसरी उभिन्छ संसारमा । र बगैँचाको फूल कसरी सर्छ साहित्यमा । र त्यो मानिसमा त्यसलाई हेर्न 'लिबर्टी' मानिससित छ । यो अस्त्रले

भरिएको संसारमा संवेदना लिएर हिँड्ने आदेश कि ईश्वरलाई छ । कि साहित्यकारलाई । मानिसको संवेदना हल्लाले बचाउँदैन । कलमले बचाउँछ । र संवेदना कसैको छातीमा छ भने यो पृथ्वीको कसैले पनि ।

स्रष्टालाई कलमले बाटो देखाउँछ । डिस्कोर्सलाई शब्दले । म यहाँ डिस्कोर्समा उभिएको होइन । सफा वायुले बिहान र साँझ दुवैलाई पल्युट गर्दैन । ज्ञान कलममा सुरु हुन्छ र शब्दमा पूर्ण । डिस्कोर्सले वक्तालाई पूर्ण गर्न सक्छ तर कविलाई जरुरी छैन । कवि डिस्कोर्स गर्छ । गर्छ भने तारासित । चन्द्रमासित गरेझैँ देवकोटाले । हावासित सेलीले । डयाफोडिलसित वर्डस्वर्थले । आधा विद्वत्ताले बुद्धि बन्दैन । आधा पृथ्वीले कवि बन्दैन; आकाशले । कविको स्पेस र क्षेत्र छैन । ऊ जहाँ बसे पनि नबसे पनि सीमित छैन । मौसमले हावापानी परिवर्तन हुन्छ । कविले समाज, देश । कविले शब्द खोज्छ जीवनको । कि समाजको, जीवनको । मिल्टन स्वर्ग खोज्न आउँछ । डिकिन्सन आफूभित्र हराएको संसारको तस्बिर खोज्न । दर्शन ! समाज आआफ्नो कुरामा आफ्नो आनन्द खोज्छ । जीवनको आनन्द ‘सङ अफ माई सेल्फ’ मा पनि छ । कसैको तासमा । कविको आँखामा हुन्छ शब्द । मौनतामा शब्द । रिमाल बोलेर गए । डिकिन्सन नबोलेर गइन् संसारबाट । यो विश्वसित ह्विटमनको आँखा छ । डिकिन्सनको छाती । स्टकहोमको प्रकृति टमस ट्रान्सट्रमरको मौनता हो । प्रत्येक कविसित यो विश्वको घायल छाती छ । प्रत्येक कविसित देश छ । प्रत्येक कविसित माया एन्जोलो र वानीरा गिरि छ । कवि देशको गीत हो । र विश्वको सत्य । लादेन बहादुर होइन जसले ट्विन टावर ढलाए र जसले नारायणहिटी ढलाए । त्यो पनि होइन । गुफामा व्यास बसे । र गुफाबाटै ऋग्वेद जन्मियो । कवि त्यो हो । जोसित छालसित चल्ने साहस र मानिससित बस्ने धैर्य हुन्छ । ईश्वरको गिफ्ट कलमसित छ । बन्दुकको गिफ्ट अरूसित भए पनि ।

आफैँभित्रको युद्धसित लड्न सक्ने बहादुर कलम कि डिकिन्सनसित छ, कि संसारका कविसित छ । यो विश्वलाई साहस दिने डिकिन्सन । र ईश्वर दिने कोही । र मान्छे दिने कलम कविसित छ । कविको फूलसित शब्द छ । जूनसित आँखा ।

कवि पूर्ण विराम होइन । कविले तयार पार्छ । संसार हिँड्ने बाटो । र मानिस हिँड्ने देश । र मानिस नै हिँड्ने विश्व । कविका लागि खतरा इज्जत हो । बन्दुक लिने बाहिरको युद्धसित लड्छ । कलम लिने मान्छेभित्रको संसारसित । र रातले पछि लागे पनि नलागे पनि समय लिएर अगाडि बढ्छ । न भोकदेखि डराउँछ । न पैसादेखि रुन्छ । कवि साहसको उत्तर हो । हृदय र मस्तिष्कको । कवि शक्तिदेखि डराउँछ । र चिहान र आर्यघाटदेखि । संसार नष्ट नभएसम्म कवि पृथ्वी हराउँदैन । प्रेमिकाको प्रेम । र आमाको देश हराउँदैन । लेखक कविलाई कसैले खोज्नु शिष्टता हो । देशको र व्यक्तिको । र विश्वको । कविसित परिचय छ । पृथ्वीको । मानिसको । देशको परिचय राजनीतिज्ञसित सधैँ नहुन सक्छ । देशको घमन्ड कविसित छ ।

# राष्ट्रकविसँगको मेरो दिनचर्या



प्रा.डा.चूडामणि बन्धु

माधव घिमिरेले गाउँमा नै प्रारम्भिक शिक्षा लिई सत्र वर्षको उमेरमा काठमाडौँ आएर संस्कृतको अध्ययन गर्न थाल्नुभयो । बाइस वर्षको उमेरमा ने.भा.प्र.स.मा लेखकको जागिर खाएपछि नेपालीमा उहाँका कृति प्रकाशित हुन थाले । 'गोरखापत्र' को सहायक सम्पादक, आधार शिक्षाअन्तर्गत आफ्नै गाउँका अध्यापक, अनि आधार शिक्षा शिक्षण केन्द्रका प्रशिक्षक र शिक्षा महाविद्यालयको प्रारम्भिक कालमा नेपालीका प्राध्यापक भएका माधव घिमिरे २०१४ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य मनोनीत भएपछि त्यहाँ उपकुलपति र कुलपति हुनुभयो । २०६०

सालमा नेपालका राष्ट्रकवि भएका माधव घिमिरेले सय वसन्त पार गर्नुभएको छ ।

राष्ट्रकवि माधव घिमिरेसँग मैले उहिलेको रायल नेपाल एकेडमीमा भेटेको हुनुपर्छ । त्यसपछिका वर्षहरूमा त्रिभुवन विश्वविद्यालयमा नेपालीको अध्यापन गर्दाको समयमा उहाँसँग सम्पर्क भइरहन्थ्यो र उहाँका कविता पटकपटक सुन्न पाइन्थ्यो । त्यसै पनि कवितामा मेरो विशेष रुचि भएकाले उहाँका कविताहरू पढ्ने गर्थें । 'साझा कविता'को सम्पादन गर्दा उहाँसँग भेटेर उहाँका आफ्ना प्रिय कविताबारे र त्यस समयका कविता प्रवृत्तिबारे जान्ने अवसर पनि पाएको थिएँ । यस क्रममा मैले त्यस समयका धेरै कविहरूसँग सम्पर्क गर्न सकेको थिएँ । प्रज्ञाप्रतिष्ठानले नेपाली कविताको सङ्कलन र सम्पादन गर्दा पनि उहाँले मलाई सहभागी बनाउनुभएको थियो । 'देवकोटा' लेख्दा मैले उहाँबाट धेरै जानकारी प्राप्त गरेँ । त्रिभुवन विश्वविद्यालयमा मेरो जिम्माको काम 'भाषाविज्ञान' पढाउने नै थियो । नेपाली साहित्य र विशेष गरी कवितामा मेरो विशेष रुचि हुँदाहुँदै पनि आधुनिक भाषाविज्ञान पढाउनका निम्ति सैद्धान्तिक सामग्री तयार गरी दिनुपर्ने हुँदा मेरो धेरै समय भाषाका सैद्धान्तिक अध्ययनमा बित्यो र साहित्यको रसास्वादन गर्न ज्यादै कम समय रह्यो ।

२०४१ सालमा म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यमा मनोनीत भएँ । त्यस बेला कुलपति लैनसिंह बाङ्देल र उपकुलपति माधव घिमिरे हुनुहुन्थ्यो । सदस्यसचिव विजय मल्ल र सदस्यहरूमा नयराज पन्त, कलाकार अमर चित्रकार, इतिहासकार ढुण्डिराज भण्डारी, वनस्पति र वातावरणविद् तीर्थबहादुर श्रेष्ठ, कवि भूपि शेरचन र म थियौं । भूपि शेरचन अस्वस्थ हुँदा 'कविता' पत्रिकाको सम्पादन र कविता महोत्सवजस्ता कार्यक्रमहरूमा पनि मैले काम गर्नुपर्ने हुन्थ्यो, जसमा उपकुलपति माधव घिमिरेको निर्देशन मलाई प्राप्त भइरहन्थ्यो । 'कविता' पत्रिकाका लागि राम्रा कविता

प्राप्त गर्नुपर्ने थियो । कविता महोत्सवको व्यवस्थापनमा पनि सहभागी हुनुपर्दथ्यो । कविता महोत्सवमा वाचन गरेका केही कविताहरू मात्र निश्चित समयभित्र रेडियोबाट प्रसारण गरिन्थे । त्यसका लागि पाठ गर्ने व्यक्तिहरूको चयन गरिन्थ्यो । त्यसमा केही विशिष्ट व्यक्ति पर्दैनथे । एक पटकको कुरा सम्झना छ– 'बन्धुले पक्षपात गरेर मेरो कविता वाचन गर्न अगाडि राखेन, पछि राख्यो' भनेर उहाँसँग मेरा विरुद्धमा सिकायत परेछ । उहाँले भनिदिनुभएछ– 'त्यो उनले आफ्नो चाहनाले गरेको होइन, कविता महोत्सव समितिको सूचीमा हजुरको नाम पछि परेको होला ।' प्रज्ञाप्रतिष्ठानमा मैले केही नयाँ कार्यक्रम अगाडि बढाउन खोज्दा उपकुलपति घिमिरेले सधैँ प्रोत्साहन र सहयोग गर्नुहुन्थ्यो ।

प्रज्ञाप्रतिष्ठानमा आएपछि नेपाली भाषामा पारिभाषिक शब्दावलीको निर्माणको परियोजना सुरु गरेँ । नेपाली भाषामा वैज्ञानिक प्राविधिक लेखन पछि पर्नुको कारण नेपाली भाषामा प्राविधिक पारिभाषिक शब्दावलीको समस्या पनि हो । शिक्षाका क्षेत्रमा पठनपाठनलाई प्रभावकारी र गुणस्तरीय बनाउन, नेपाली र नेपालका भाषाहरूमा पाठ्यपुस्तक, अनुसन्धान ग्रन्थ र लेखहरू तयार गरी प्रकाशित गर्न, सञ्चारका क्षेत्रमा नयाँनयाँ सूचना र ज्ञानको विस्तार गर्न, प्रशासनका क्षेत्रमा आफ्ना शब्दावलीको प्रयोग विस्तार गर्न र विज्ञान र प्रविधिका नयाँनयाँ ज्ञानलाई नेपालीमा अनुवाद गर्न प्राविधिक पारिभाषिक शब्दावलीको निर्धारण गर्नुपर्ने थियो । यसका लागि मैले प्रस्ताव तयार गरेर प्राज्ञ परिषद्मा प्रस्तुत गरेँ । त्यसका लागि योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. मोहनमान सैजूलाई भेटेँ र सरकारी सहयोगका लागि उहाँको स्वीकृति प्राप्त गरेँ । तत्कालीन सरकारको योजना आयोगबाट स्वीकृत भई त्यसका निम्ति रकम पनि आयो र काम थालियो । मलाई नै त्यस परियोजनाको संयोजक पनि बनाइयो । विभिन्न विषयका विद्वान्का सहायताले बीसभन्दा बढी विषयका

पारिभाषिक शब्दावली सङ्कलित भए । तिनलाई परिष्कार गरी अन्तिम रूप दिन नपाउँदै आफ्नो पाँच वर्षको अवधि सकियो । पाँच वर्षको अवधि सकिनेबित्तिकै मैले त्रि.वि.मै फर्कने सुरसार गरेँ । तर मैले थालेका पारिभाषिक शब्दावलीको काम पूरा गर्नुपर्छ भनेर मलाई २०४६ सालको सुरुमा पुन: मनोनीत गरियो । बहुदलको पुनस्थापनाका लागि गरिएको आन्दोलनबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पनि अप्रभावित रहेन । प्रज्ञाप्रतिष्ठानका सबै सदस्यहरूले सामूहिक राजीनामा दियौँ । नयराज पन्तले मात्र दिनुभएन । मलाई लाग्यो– उहाँले ठीकै गर्नुभयो । प्रज्ञाप्रतिष्ठान राजनीतिबाट प्रभावित हुनु हुँदैन । पारिभाषिक शब्दावली परियोजना पूरा गरिएको भए नेपाली भाषाको अभिव्यक्ति क्षमताले विस्तार पाउँथ्यो । गुगलले अहिलेसम्म धेरै सामग्री नेपालीबाट अनुवाद गरिसक्थ्यो ।

उपकुलपति स्वयम्ले नेपाली साहित्यको इतिहासलेखनको बृहत् योजना प्रस्तुत गर्नुभएको थियो । दुई भागमा पूरा गरिने त्यस इतिहासको पहिलो भागको सम्पादन गर्ने जिम्मा मेरो थियो । त्यसका लेखकहरूमा मसमेत मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी, शरदचन्द्र शर्मा र घटराज भट्टराई थियौँ । हामीले त्यो काम पूरा गऱ्यौँ र त्यो पहिलो भाग पछि प्रकाशित पनि भयो ।

उपकुलपति माधव घिमिरेसँग देशभित्रै र देशबाहिरका अध्ययन अवलोकन भ्रमणहरूमा पनि जाने अवसर मैले पाएँ । उहाँसँगको मेरो चीनको भ्रमण अविस्मरणीय रह्यो । चीनको भ्रमणमा रहँदा छेन मिन र श्रीमती च्या चे दोभाषे थिए । श्रीमती च्या चेले नेपालको त्रिभुवन विश्वविद्यालयमा नै बसेर दुई वर्षसम्म नेपाली भाषा तथा साहित्य पढेकी थिइन् । त्यसले गर्दा हाम्रा टोली नेता उपकुलपति माधव घिमिरेलाई आफ्ना कुरा भन्न सजिलो भयो ।

घिमिरेकै प्रेरणाले म २०४३ सालमा राउटेहरूको र २०४४ सालमा रानाथारूहरूको लोकसांस्कृतिक अध्ययनमा जान सकेँ ।

प्रज्ञाप्रतिष्ठानमा यस प्रकारको अध्ययनको आयोजना यसअघि सत्यमोहन जोशी र तुलसी दिवसले पनि गर्नुभएको थियो । सत्यमोहन जोशीले कर्णाली लोकसंस्कृतिको अध्ययन गर्दा म पनि सहभागी थिएँ । तर यी अध्ययन भने छोटो समयका थिए र पुस्तक बन्न सकेनन्, प्रतिवेदन बुझाएँ र लेखहरू लेखेँ ।

प्रज्ञाप्रतिष्ठानका अविस्मरणीय क्षणहरूमा २०४४ सालमा सम्पन्न बालसाहित्यको राष्ट्रिय सम्मेलन र बालसाहित्य लेखन कार्यशाला थियो । उपकुलपति माधव घिमिरे स्वयम् बालसाहित्यकार भएकाले नेपालमा बालसाहित्यको संवर्द्धनका निम्ति केही गर्नुपर्ने आवश्यकताले पनि यो कार्यक्रम विशेष महत्त्वको थियो । युनेस्कोको सहयोगमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले यसको आयोजना गरेको थियो । यसको परिकल्पनादेखि समाप्तिसम्मका कार्य आफ्नै संयोजनमा गर्न सकेकोमा मलाई विशेष आनन्दको अनुभूति भएको थियो । सम्मेलनमा नेपालका विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता थियो । यसै समयमा भएको कार्यशाला गोष्ठीमा बीसओटा बालचित्रकथा तयार भएका थिए । तिनमा केही प्रकाशित पनि भए । भारतकी श्रीमती मनोरमा जफालाई त्यस कार्यशालामा विशेषज्ञका रूपमा आमन्त्रित गरिएको थियो । यस सम्मेलनले नेपाल बालसाहित्य समाजको स्थापनाको प्रस्ताव ल्यायो । त्यस बेला स्थापित भएको यो गैरसरकारी संस्था अहिले पनि सक्रिय छ । सुरुमै समाजले बालसाहित्यका क्षेत्रमा विशेष योगदान गरेकोमा कविवर माधव घिमिरेलाई सम्मानित सदस्यता प्रदान गरेको थियो ।

नेपाल प्रज्ञाप्रतिष्ठानको स्थापना नेपालमा ज्ञानविज्ञानको संवर्द्धनका लागि भएको थियो । ज्ञानविज्ञानका विभिन्न शाखामा हुनुपर्ने विकासबारे चेतनाको संवर्द्धन गर्न गोष्ठी, सम्मेलन र कार्यशालाहरूको ठूलो भूमिका हुन्छ । यस प्रकारका कार्यक्रमहरूको आयोजना नेपाल प्रज्ञाप्रतिष्ठानजस्ता संस्थाबाट समयसमयमा

भइरहनुपर्छ । यसो गर्दा प्रतिष्ठानका गतिविधिहरूमा धेरैलाई सहभागी बनाई समेट्न सकिन्छ । उपकुलपति रहँदा र पछि कुलपति हुँदा पनि उहाँले यस्ता विविध प्राज्ञिक कार्यक्रमहरूको आयोजना गर्न प्रेरणा दिइ नै रहनुभयो । प्रज्ञाप्रतिष्ठानमा नेपाली व्याकरण अधिगोष्ठी, बालकथा लेखन कार्यशाला, कोशविज्ञान कार्यशाला, सिर्जनात्मक लेखन कार्यशालाजस्ता कार्यक्रमहरूको सञ्चालनमा उहाँको प्रेरणा र प्रोत्साहन मैले पाइरहेँ ।

२०४६ सालमा प्रज्ञाप्रतिष्ठानमा पुनर्गठन हुँदा उहाँ कुलपति हुनुभयो तर २०४७ सालको सुरुतिर बहुदल आएपछि हामीले सामूहिक राजीनामा गर्‍यौँ । त्यसपछिका वर्षहरूमा पनि कविवर माधव घिमिरेसँगको भेटघाट र सम्पर्क रहिरह्यो । उहाँका कृतिहरू बजारमा आइरहे ।

कविवर माधव घिमिरे नइको सत्प्रयासले २०६० सालमा राष्ट्रकवि हुनुभयो । उहाँका पाठकहरू उहाँको महाकाव्यको प्रकाशनको प्रतीक्षामा छन् । तर राष्ट्रकवि माधव घिमिरे आफू सन्तुष्ट नहुँदासम्म कुनै कृतिलाई प्रकाशमा ल्याउनुहुन्न । कविता, गीत, काव्य, गीतिनाटक वा निबन्ध र भूमिका नै किन होस् । उहाँका लेखनीबाट निस्केका शब्दहरू मोतीका दानाजस्ता चुनिएका हुन्छन् । कुनै पनि कुरा निरर्थक हुँदैनन्, बरु अनेकार्थी हुन्छन् । उहाँ सिर्जना गर्दा शब्दचयनमा विशेष ध्यान दिनुहुन्छ । अहिलेसम्म पनि नेपाली साहित्यले उहाँको अभिभावकत्व पाइरहेको छ । जीवनमा सय वसन्त पार गरेका नेपालका राष्ट्रकविबाट पाठकले अझ पनि केही आशा गर्दै छन् ।

# नाउँ नै सम्मानित



जयदेव भट्टराई

धेरैका मनमनमा बस्नुभएका माधव घिमिरे आफ्नै रचनाले चुलिनुभएका साधक । कविता, गीत, काव्य, गीतिनाटकमा शिखर चुम्नुभएका स्रष्टा । निबन्ध र समालोचना, सम्पादन र अनुवादमा पनि त्यत्तिकै सिद्धहस्त साहित्यकार । समग्रमा माधव घिमिरे मनका कवि, सम्मानित नाम जसका सिर्जना नै सम्मानित छन्, मन छुने छन् र स्तरीय छन् । माधव घिमिरे सबैका लागि लेख्न सक्ने सफल लेखक । माधव घिमिरेको कलमले सिर्जिएका रचना, कृतिमा नेपालकै स्वाद छ, हाम्रै परिवेश र माटोको सुगन्ध भेटिन्छ उहाँका रचनामा । सबैभन्दा सशक्त पक्ष भनेको

राष्ट्रियता हो । 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' जस्ता गीतका स्रष्टाको गीत आज पनि त्यत्तिकै सान्दर्भिक बनेको छ । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली' ले कसको मन उचालिँदैन र ? 'गौरी'को मन छुने पङ्क्तिले कसको आँखा नरसाउला, 'मालती मङ्गले'को वेदनामा सहानुभूति नदर्साउने को होला र ? 'फूलको थुङ्गा बहेर गयो गङ्गाको पानीमा..., आजै र राति के देखेँ सपनी मै मरी गएको' जस्ता कालजयी गीत नरुचाउने भेटिनै गाह्रो पर्ला । किशोरीको कुरा गीतमा पोखेर धेरै किशोरीहरूले आफ्नै आवाज ठानेका पनि छन् । यति मात्र होइन; बालबालिकाका लागि पनि उहाँको कलमद्वारा तोतेबोलीमा त्यत्तिकै सशक्त रचना, कृति सिर्जिएको छ । कविको रूपमा माधव घिमिरेलाई सम्मान गर्नेहरू धेरै भए पनि साहित्यकार माधव घिमिरेको बालसाहित्य, अनुवाद, सम्पादन, निबन्ध, समालोचना, संस्मरण, पत्रकारिता आदि पनि त्यत्तिकै उल्लेख्य छन् । नेपाली बालसाहित्यको क्षेत्रमा उत्कृष्ट बालसाहित्यकारको रूपमा उहाँ चुलिनुभएको छ । 'गोरखापत्र'मा केही वर्ष पत्रकारिता गरेको उहाँको विगतले अनि पछिल्ला दिनहरूमा 'इन्द्रेणी', 'कविता' आदि पत्रिकाहरूको सम्पादनमा उहाँले दिएको योगदान पनि जोड्नैपर्छ, नेपाली साहित्यले पाएको गौरव माधव घिमिरेको सन्दर्भमा । शालीनता, नम्रता र सबैप्रति उत्तिकै स्नेह राख्न सक्ने खुबीले पनि उहाँको कद बढाएको छ । लेखेर शिखर आरोहण गरिसक्नुभएका उहाँकै कृति 'अश्वत्थामा' नेपाल प्रज्ञाप्रतिष्ठानका तत्कालीन उपकुलपति एवं वरिष्ठ साधक मदनमणि दीक्षितको पहलमा नोबल पुरस्कारका लागि समेत पुगेको थियो ।

काठमाडौँको लैनचौरमा जीवनको एक शताब्दीको उमेर नाघेर पनि सिर्जनामा रमाउन सक्ने उहाँको यहाँसम्मको यात्रा पक्कै पनि त्यति सहज थिएन । कलिलो उमेरमै घर छाडेर काठमाडौँ आउँदा जन्म दिने बाबुआमाले मन दुखाए पनि होलान, इष्टमित्र

छरछिमेकले खल्लो महसुस गरे पनि होलान । आफू जन्मे, बढे, हुर्केको थलो छाडेर राजधानी आउँदा उहाँको पनि मन दुख्यो होला । त्यतिखेरको त्यही साहस बोकेर आँखामा कैयौँ सपना सँगालेर राजधानी छिर्नुभएका माधव घिमिरे अहिलेको माधव घिमिरे मात्र बन्नु भएन, राष्ट्रकविको रूपमा समेत सम्मानित भइसक्नुभएको छ । आदिकवि, कविशिरोमणि, जनकवि, युगकवि, आशुकवि, युवाकविसँगै नेपाली साहित्यको इतिहासमा राष्ट्रकविको रूपमा हामीले माधव घिमिरेलाई पाएका छौँ । जीवन साहित्यसाधनामै बिताउने एक शताब्दीको उमेर काटिसक्नुभएका माधवप्रसाद घिमिरेको त्यतिखेरको निर्णयले आजको माधवप्रसाद घिमिरे बनाउन पक्कै पनि सघायो । लमजुङमा प्रारम्भिक शिक्षा ग्रहण गरेर काठमाडौँ आउनुभएका माधव घिमिरेले राजधानीको यही थलोमा बसेर एकसेएक कृति दिँदै जानुभयो । यही भूमिमा बसेर नेपाली भाषा र साहित्यको क्षेत्रमा उहाँले मनग्गे योगदान दिनुभयो र दिइ नै रहनुभएको छ ।

नेपाली साहित्य, कला, संस्कृतिको क्षेत्रमा स्रष्टा साधकलाई विभिन्न उपाधिबाट सम्मानित गर्ने सन्दर्भमा माधव घिमिरे २०६० सालमा राष्ट्रकविको उपाधिले सम्मानित हुनुभयो । वि.सं. २०५३ सालको असोज २७ गते नइ प्रकाशनको विधिवत् उद्घाटन भएपछि साहित्यिक गतिविधि र प्रकाशनमा निकै सक्रियतापूर्वक लागेको नइकै जोडबलले आफू राष्ट्रकवि भएको कुरा साहित्यिक पत्रकार तुलसीहरि कोइरालालाई 'गोरखापत्र'मा दिनुभएको अन्तर्वार्ता (२०७५ असोज ६ गते)मा घिमिरे स्वयम्ले बताउनुभएको छ । जीवन लेखनमै बिताउने नेपाली काव्यका शिखर माधव घिमिरे लेखनबाटै सम्मानित हुनुहुन्छ । पुरस्कार, सम्मान, अभिनन्दन, उपाधि आदिबाट समयसमय र पटकपटक सम्मानित भइसक्नुभएका माधव घिमिरेलाई राष्ट्रकविको रूपमा सम्मान प्रदान गर्न नइको भूमिका उल्लेख्य रहेको छ ।

जीवनको एक शताब्दी काटेर पनि सम्मानित र सक्रिय जीवन धेरै कमले मात्र पाउँछन्, राष्ट्रकविले पाएको दीर्घायुजस्तै उहाँले सिर्जिनुभएका अनेकौँ सिर्जना यस्तै दीर्घायुका छन् । उहाँका जीवनमा सम्मान र पुरस्कारको चाङ लागेको छ, उहाँलाई भेट्न खोज्ने र भेट्नेहरू लामबद्ध हुन्छन् । सिर्जनाको संसारमै रमेर बितेको एक शताब्दीको आयु सिर्जना र साधनामै बिते । राष्ट्रकविसँग मैले जति पटक भेटेँ, उहाँको उत्साह चुलिएको पाएँ । राष्ट्रकविसँग भेट्ने जोसुकैले पनि उहाँमा निहित असीमित ऊर्जासँग साक्षात्कार गरेको हुनुपर्छ भन्ने मलाई लाग्छ ।

'गोरखापत्र'बाट थालिएको साहित्ययात्रादेखि आजसम्म माधव घिमिरेको लेखन भीमकाय कृति लेखनभन्दा ससाना काव्य, फुटकर कविता, गीतलेखनमै बढी केन्द्रित हुँदै आएको छ र यसैले उहाँलाई बढी सफलता पनि दिएको छ, लोकप्रिय पनि बनेका छन् । एकपछि अर्को सशक्त कृति निरन्तर दिन सक्ने विशेषता र निरन्तर सिर्जनशील हुने खुबी धेरै कममा मात्र पाइन्छ । राष्ट्रकवि माधव घिमिरे यस सन्दर्भमा अपवाद नै हुनुहुन्छ । उहाँ निरन्तर लेखिरहेर पनि आफ्नो स्तर कायम राख्न सक्ने स्रष्टामा पर्नुहुन्छ । सानो आकारको 'गौरी' ले नै चुलिएको छ उहाँको लेखन । तर पनि यता केही वर्षदेखि महाकाव्य लेखनको प्रसङ्ग जोडेर उहाँसँग धेरैले यही प्रश्न गर्दै आएका छन्– 'ऋतम्भरा' महाकाव्य कहिले पूरा हुन्छ ? भनेर । यस विषयमा मैले एक पटक उहाँसँग प्रश्न गर्दा उहाँले आफ्नो लेखन गीत, कविता, खण्डकाव्यमै बढी केन्द्रित रहने गरेको र महाकाव्य लेखन आफ्नो रुचिको विषय नरहेको बताउनुभएको थियो । केही समालोचक, प्राध्यापकहरूको जोडबलले महाकाव्य लेखन थाले पनि त्यसलाई पूरा गर्न नसकिएको बताउनुभएबाटै प्रस्ट हुन्छ उहाँको रुचि । लेखनले शिखर आरोहण गरिसकेका राष्ट्रकवि माधव घिमिरे नेपाली साहित्यले गर्व गर्नलायक साधकको रूपमा सम्मानित

भइसक्नुभएको छ । मेरो विचारमा उहाँको सम्मानमा अब कुनै सम्मान, पुरस्कारले थप सम्मान गर्ला भन्ने लाग्दैन । धेरैका मनमनमा बस्नुभएका र धेरैले धेरै ठाउँमा लिने गरेको नाम, धेरैले उहाँका कविता, काव्य कण्ठाग्र पारेबाटै प्रस्ट हुन्छ माधव घिमिरे आफैँमा सम्मानित नाम हो, श्रद्धेय व्यक्तित्व हो ।

# राष्ट्रकविबारेको मेरो विद्यावारिधि



डा.जयन्ती रूपाखेती पौडेल

जीवनको सयौँ वसन्त पार गरिसकेका राष्ट्रकवि घिमिरेमा साहित्यप्रति अनुराग छ भन्ने कुराको पुष्टि हाल उहाँ 'ऋतम्भरा' महाकाव्यको लेखनमा व्यस्त रहनुभएको बाट पनि प्रमाणित हुन्छ । नेपाली माटो र नेपाली मुटुलाई सधैँ माया गर्ने घिमिरेका मुहारमा देखिने ओजस्वीपन, मनमुटुमा पलाएको नेपाली मातृभूमिप्रतिको अगाध मायाममता, देशभक्ति र प्रकृतिप्रेम अनि मानवतावादी भावना अझै पनि समुद्रका छालझैँ सलबलाइरहेका छन् । आफ्नो देश रहे मात्र हामी सबै नेपाली बाँच्न सक्छौँ र हाम्रो अस्तित्व पनि रहन्छ, यदि देश नै नरहे हामी नेपालीको अस्तित्व रहँदैन

भन्ने ओजस्वी राष्ट्रवादी भावनाले उहाँको सबैजसो काव्यकृतिलाई सिञ्चित तुल्याएको छ ।

प्रवीणता प्रमाणपत्र तहदेखि स्नातक तहसम्म राष्ट्रकवि माधव घिमिरेका काव्यकृतिहरू पढ्ने अवसर पाए पनि यस पङ्क्तिकारलाई राष्ट्रकविसँग साक्षात्कार हुने अवसर भने २०६५ सालमा मात्र मिलेको थियो । विद्यावारिधि गर्ने सिलसिलामा मैले राष्ट्रकवि माधव घिमिरेको बालकवितालाई रोजेको थिएँ । उहाँका सबैजसो काव्यकृतिहरूमा अनुसन्धान भइसकेको तर बालकवितामा भने अहिलेसम्म पनि कसैले विद्यावारिधि नगरेको हुनाले मैले घिमिरेका बालकवितामा विद्यावारिधि गर्ने निर्णय लिएकी थिएँ । विद्यावारिधि गर्ने सिलसिलामा एक पटक स्वयम् शोधनायकलाई नै भेटेर उहाँका अनुभवहरू समेट्ने उद्देश्यले श्रद्धेय गुरु प्रयागराज वाशिष्ठको साथमा सर्वप्रथम म राष्ट्रकविको निवास अलकाबस्ती पुगेकी थिएँ । सेतै फुलेका आँखीभौँ, उज्यालो हँसिलो अनुहार, झन्डैझन्डै शताब्दी पार गर्न लाग्दा पनि उहाँको जोस जाँगर अनि शारीरिक बनावटमा शताब्दी आयुको भान हुँदैनथ्यो । उहाँको फुर्तिलो शरीर, मीठो बोली अनि प्रभावशाली व्यक्तित्व देखेर म ज्यादै प्रभावित भएँ । कुराकानीको प्रसङ्गमा राष्ट्रकविसँग चिनारी गराउने क्रममा प्रयागराज वाशिष्ठले मेरो परिचय गराउनुभएपछि उहाँले ज्यादै हँसिलो मुहार लगाउँदै अनि उत्सुक हुँदै मेरा साहित्यिक कृतिहरूमा म सबै कृतिहरूलाई समान रूपले हेर्छु तर पनि बालकविता विधामा अहिलेसम्म कसैले चासो नदेखाएकोमा आफूलाई दु:ख लागेको अनुभव सुनाउनुभयो । त्यसै क्रममा बालकवितामा मैले पिएचडी गर्न लागेको सुनेर उहाँ ज्यादै खुसी हुनुभयो । आफ्ना अन्य साहित्यिक कृतिहरूझैँ बालकविता पनि महत्त्वपूर्ण पाटो भएकाले यसमा अनुसन्धान गर्नु अति आवश्यक र त्यसमा पनि महिलाले गर्न लाग्नुभएकोमा झन् बढी खुसी र गौरवको कुरा व्यक्त गरेको देखेर मलाई साह्रै हर्ष लाग्यो ।

माधव घिमिरे नेपाली काव्यसाहित्यमा स्वच्छन्दतावादी भावधाराका कविका रूपमा चिनिनुहुन्छ । उहाँका कविता, गीतिनाटक, गीत, खण्डकाव्य, निबन्ध, बालकविताजस्ता विधाहरूमा स्वच्छन्दतावादअन्तर्गत पर्ने प्रकृतिप्रेम, राष्ट्रप्रेम, देशभक्ति, विश्वबन्धुत्व र मानवतावादी भावनाहरू छताछुल्ल भएर पोखिएका छन् । थोरै शब्दमा धेरै कुरा अभिव्यक्त गर्न सक्ने कालिदासीय उपमालाई आफ्ना काव्यकृतिमा उहाँले कुशलतापूर्वक प्रयोग गर्नुभएको छ ।

माधव घिमिरेसँग साक्षात्कार हुन पाउँदाका मेरा अनुभूतिहरू थुप्रै तरङ्गित भएर रहिरहेका छन् । आफ्ना हरेक कृतिहरूमा देशप्रेमको भावलाई छताछुल्ल पोख्न सिपालु घिमिरेका प्रत्येक शब्दशब्दमा देशप्रेमको भाव झल्कन्थ्यो । आफ्ना साहित्यिक कृतिहरू विशेष गरी बालकविताप्रति कविको निकै मोह रहेको कुरा स्वयम् कविले आफ्नो मुखारबिन्दबाट अभिव्यक्त गर्नुभएको छ । बालकविता लेखनमा बाललोकगीत अनि आफ्ना अग्रज साहित्यकार लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालका बालकविता अनि बङ्गाली साहित्यकार रवीन्द्रनाथका बालकविताबाट पनि बढी प्रभावित भएर बालकविताको रचना गर्न पुगेको कुरा स्वयम् कविकै वाणीबाट सुन्न पाउँदा मलाई अत्यन्त खुसी लाग्यो ।

२००४ जेठमा नेपालमा सर्वप्रथम भएको ऐतिहासिक कविगोष्ठीमा कवि घिमिरेको ‘राष्ट्रिय झन्डा’ शीर्षक कविताले प्रथम स्थान हासिल गर्न सफल भएपछि कवि घिमिरे राष्ट्रिय स्तरमा पनि निकै ख्याति प्राप्त गर्न सफल हुनुभएको थियो । २०१४ सालमा घिमिरे नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य बनेपछि त झन् उहाँ राष्ट्रिय स्तरकै कविका रूपमा प्रतिष्ठा प्राप्त गर्न सफल हुनुभयो । यसरी २००४ सालदेखि नै कविका रूपमा ख्याति प्राप्त गरेका कवि घिमिरेका साहित्यिक कृतिहरू ‘राजेश्वरी’, ‘राष्ट्रनिर्माता’, ‘पापिनी आमा’ अध्ययन र अध्यापन गर्ने अवसर

आए पनि कविसँग सात्क्षात्कार हुने अवसर भने मलाई प्राप्त भएको थिएन । करिब एक घण्टाजतिको बसाइमा भएको हरेक कुराकानीमा उहाँको जोड मानवतावाद, विश्वबन्धुत्व र देशप्रेमसँग सम्बन्धित थियो । 'अघिल्लो घरको भाइ रुँदा पछिल्लो घरको दाइले सुन्नुपर्छ' भन्ने मानवतावादी उद्‌गारका धनी कवि घिमिरेलाई राष्ट्रकविको उपाधि दिनु समीचीन देखिन्छ ।

२०६५ सालको भेटघाटमा राष्ट्रकविसँग धेरै कुराकानी गर्ने अवसर प्राप्त भएन । बालकविता भनेको के हो ?, किन बालकविता नै लेख्नुभयो ?, बालकविता कस्तो हुनुपर्छ ? जस्ता नितान्त निजी छलफलबाट सुरुवात भएका कुराकानी कविको दिनचर्या र उहाँको रुचिका विषयसम्म पुग्दा आफूलाई शास्त्रीय सङ्गीतमा रुचि रहेको र फेरि यति नै समय पाए शास्त्रीय सङ्गीत सिक्ने थिएँ भन्ने भनाइबाट अझै पनि उहाँमा नयाँ कुरा सिक्ने र जान्ने इच्छा जागृत भएको घटनाले जीवनमा जान्ने र सिक्ने इच्छालाई उमेरले छेक्ने रहेनछ भन्ने अनुभूति ममा पनि जागृत भयो ।

कविमा भएको देशभक्तिको भावना उहाँका हरेक बोलाइपिच्छे झल्कन्थ्यो । देश रहे मात्र हामी रहन्छौं यदि देश नै छैन भने हाम्रो अस्तित्व सुरक्षित छैन भन्ने भनाइ उहाँ बारम्बार दोहोऱ्याइरहनुहुन्थ्यो–

**नेपाली हामी रहौँला कहाँ नेपालै नरहे**
**उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे !**

राष्ट्रकवि माधव घिमिरेलाई उहाँका साहित्यिक कृतिहरूमा अभिव्यक्त देशप्रेम र राष्ट्रप्रेमका भावना उजागर गर्ने अभिव्यक्ति अनि शास्त्रीय छन्द र झ्याउरे छन्दमा रचिएका काव्यकृतिले नेपालको हिमाल, पहाड, तराईजस्ता भौगोलिक स्थलका साथै नेपालको माटो, नेपालीको मुटु, हावापानी सबैलाई छोएको हुन्छ ।

नइको पहलमा राष्ट्रप्रमुखबाट माधव घिमिरेलाई राष्ट्रकविको घोषणा गरिएको थियो । उहाँलाई राष्ट्रकविको उपाधि प्रदान गर्ने कार्यमा त्यसको एक दशकअघिदेखि नै नइ प्रकाशनका संस्थापकद्वय इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाई लागिपर्नुभएको कुरा मलाई घरीघरी राष्ट्रकवि माधव घिमिरेले भन्ने गर्नुहुन्थ्यो । उहाँसँगको भेटमा मलाई भन्नुहुन्थ्यो– 'नइ नभए म कताबाट कसरी राष्ट्रकवि हुन सक्थैं र !' तर उहाँ राष्ट्रकवि भएको व्यहोरा उहाँका लागि मात्र नभएर विश्वका साहित्यकार तथा नेपाली जनताहरूका लागि पनि खुसी र गौरवको कुरा हो ।

करिव चौध वर्षको उमेरदेखि जीवनपर्यन्त नेपाली काव्यसाहित्यको अनवरत सेवा गर्ने अनि आफ्नो मनमस्तिष्क अनि मुटुमा सधैँ नेपालको माया बोकेर नेपालको हितकै लागि सधैँ गुनगुनाइरहने बहुमुखी प्रतिभाका धनी राष्ट्रकवि घिमिरेको बालकवितामा विद्यावारिधि गर्ने सिलसिलामा यो पङ्क्तिकार फेरि २०७० सालमा राष्ट्रकविलाई भेट्न उहाँकै निवासमा पुगेकी थिएँ । आफ्ना बालकविता थोरै भए पनि ती गहन भाव बोकेका भएकाले अन्य कृतिसरह बालकविता पनि महत्त्वपूर्ण भएकाले यसमा विद्यावारिधि गर्न लागिएको कुराले फेरि पनि राष्ट्रकवि अत्यन्त खुसी हुँदै आफ्ना बालकविताका रचनागर्भबारे स्पष्ट पारिदिने कुराले म ज्यादै खुसी भएँ । 'के खोज्छस् कानो आँखो' भनेझैँ बालकविताको सैद्धान्तिक पृष्ठभूमि र बालकविताका बारेमा लेखिएका पुस्तक पढ्नुभन्दा स्वयम् कविलाई नै भेटेर उहाँका बालकविताका भाव र रचनागर्भबारे जान्ने उत्सुकता लिएर फेरि म उहाँको निवासमा गएकी थिएँ । राष्ट्रकवि जस्तो प्रतिष्ठित व्यक्तित्वलाई फोन गरेर समय लिई भेट्न जाँदा मेरो मुटु कताकता डर र उत्साह दुवैले धड्किरहेको थियो । दोस्रो पटकको भेटमा उहाँले मलाई 'तपाईं एउटी सोझी इमानदार बुद्धिजीवी महिला हुनुहुँदो

रहेछ त्यसैले म मेरा बालकविताको रचनागर्भ बताइदिनेछु' भनेपछि म ज्यादै पुलकित भएँ । वयोवृद्ध उमेका राष्ट्रकविले आफ्ना बालकविताका रचनागर्भ र आफ्ना बालकविताका श्लोक धाराप्रवाह रूपमा गुनगुनाउँदा उहाँका बालकवितामा पनि देशप्रेम र राष्ट्रभक्तिको भावना त्यत्तिकै उजागर भएका थिए ।

राष्ट्रकविका हरेक बालकविता, गीत, गीतिनाटक, खण्डकाव्य, कथा, निबन्ध सबै विधामा नेपाली जनता, देशमा भएको द्वन्द्व, नेपालको भूगोल, नेपालीको आनीबानी, बालकका खेलमेलजस्ता सबै कुरालाई आफ्ना कृतिमा समेट्न सक्ने राष्ट्रकविको खुबीको प्रशंसा नगरिरहन सकिँदैन । यसरी नेपाली जाति, संस्कृति, नेपाली परिवेश इत्यादि सबै कुराको गायन गर्न सिपालु कवि घिमिरेका काव्यहरू जति रसिला र गहन भाव बोकेका छन्; त्यसै गरी उहाँको हँसिलो अनुहार, उदार भावना अनि प्रत्येक पलपलमा नेपाल रहे मात्र नेपाली रहन सक्छौं भन्ने राष्ट्रवादी भावनाका धनी राष्ट्रकविले यस पङ्क्तिकारलाई आफन्तसरह व्यवहार गरेर आफ्ना काव्यकृतिका बारेमा दिएका उद्गारहरू त्यति नै महत्त्वपूर्ण छन् । आफ्नो वयोवृद्ध उमेरमा समेत अलिकति पनि झिँजो नमानी दिएको, अमूल्य समयको र उहाँको योगदानलाई शब्दमा अभिव्यक्त गर्न मसँग सायद कुनै शब्द छैन होला । उहाँ मात्र नभई उहाँका परिवारजनसमेतले गर्नुभएको सहयोगलाई म जीवनभर कहिल्यै भुल्न सक्तिनँ ।

राष्ट्रकविका साहित्यिक कृतिमा नेपालको भूगोल, इतिहास, संस्कृति, रीतिरिवाज मात्र बोलेको छैन; सिङ्गो राष्ट्र नै बोलेको छ । त्यसैले उहाँले आफ्नो हरेक कृतिमा आफ्नो देशलाई माया गर्नुपर्छ र अरूको सभ्यताको नक्कल गर्ने क्रममा आफ्नो सभ्यतालाई भुल्नु हुँदैन भन्ने कुरा अभिव्यक्ति गर्नुभएको छ । नेपाली राष्ट्रियताका सबल गायक यस्ता कवि नेपालका राष्ट्रकवि हुनु भनेको नै हाम्रो

राष्ट्रियताको विजय हो । त्यसैले राष्ट्रकवि हामी नेपालीकै सान र मान हो ।

आफ्ना बालकविताका रचनागर्भबारे आफूले अहिलेसम्म कुनै शोधकर्ता र जिज्ञासुलाई नबताएको कुरा उल्लेख गर्दै उहाँले 'तपाईंले आफ्नो अनुसन्धानको क्रममा मेरा बालकविताका रचनागर्भ र त्यसका व्यञ्जन अर्थलाई समेटेर पुस्तक लेख्नुहोला' भन्ने उहाँको इच्छाअनुसार यस पङ्क्तिकारले 'माधव घिमिरेका बालकविताको अध्ययन' शीर्षक समालोचनात्मक ग्रन्थ तयार पारी राष्ट्रकविकै हातबाट विमोचन पनि गराइसकेकी छु । यस्ता दीर्घजीवी व्यक्तित्व अनि नेपाली काव्य साधनाका पुजारी, राष्ट्रियता र नेपाली जातिको गुणगान गर्ने महापुरुष अरू अर्को शताब्दीसम्म पनि दीर्घजीवी रही नेपाली साहित्य र नेपाली जातिको गुणगान गर्न सकिरहनुहोस् ।

# राष्ट्रकविसँग मेरो नाता



ठाकुरप्रसाद गुरागाईं

जिन्दगीका तीन दशक वर्ष उक्लिसक्दा पनि कविवरको नाम सुनेको होइन मैले । तर आज कविवर माधव घिमिरे मेरा आइडोल कवि हुन् । उहाँलाई म आफ्ना बुबाजत्तिकै स्नेह र आदर गर्दछु र उहाँ पनि मलाई छोराजत्तिकै स्नेह गर्नुहुन्छ । आफ्ना पुर्खाहरूको देश, भाषासाहित्य र संस्कृतिमा माया हुनेहरूले विदेशमा जीवन बिताउनु विडम्बना नै हो । आफू त झन् तीनपुस्ते प्रवासी परियो । उसमाथि विदेशसँग सम्पर्क गर्न सरकारले कठोर नियन्त्रण गरेको युगमा र विदेशी पुस्तक र पत्रपत्रिका छिरेर हामीसँग आउन नसक्ने अवस्थाको देशको बासिन्दा म ।

न कसैको आवतजावत नै थियो यस देशमा । यहाँबाट देशै छाडेर सदाका निम्ति बाहिर जान भने पाइन्थ्यो । प्रजाहरूको जीवन एक प्रकारले देशभित्र बन्दीजस्तै थियो । त्यसैबीच कवि माधव घिमिरेको लोप्रियता चुलिएर कविवरको उपाधि मिलिसक्दा पनि उहाँका कृतिहरूसँग परिचित हुने मौका मिलेको थिएन हामीलाई । सन् १९७६ मा एक जना साथीले दार्जिलिङतिरबाट निस्केको एउटा पुरानो पत्रिका (नाम सायद 'भारती' थियो) देखाए । त्यसमा माधव घिमिरेको 'स्वदेशको सँग्रेलो' नामको कविता छापिएको रहेछ । त्यो कविता पढेर भावुक बनें म । घिमिरेले त्यो कविता हामी प्रवासीका लागि लेखिदिएजस्तै लाग्यो । शार्दूलविक्रीडित छन्दमा लेखिएका उक्त दस पद कविता मैले दुई दिनमै मुखाग्र गरेको थिएँ । त्यसै वर्ष नेपाली नवयुवक सेवासमितिको एउटा साप्ताहिक कार्यक्रममा साथीहरूले सो कविता भाका हालेर गाउन पठाए मलाई । कविता वाचन गरिरहँदा म स्वयम् भक्कानिएको थिएँ भने श्रोताहरूका पनि आँखा रसाएका थिए । यसपछि उक्त कवितालाई टेपमा रेकर्डिङ गरेर लानेहरू पनि धेरै भएका थिए । घिमिरेको अरू केही कविता नेपाली राजदूतमार्फत हात लागेका महेन्द्रमालाका पाठ्यपुस्तकमा भेटाएर मुखाग्र गरें । 'झूटो बोल्दैन सारङ्गी, गाली गर्दैन बाँसुरी' भन्ने कविता र 'नवयुवक' कविता उत्ति नै प्रिय लागे । उसपछि त म घिमिरेका कविता खोजीखोजी पढने भएँ । केही पछि मनीपुरको बाटो चोरीचोरी छिरेर आउने पुस्तकहरूमा मैले 'गौरी' र 'किन्नर किन्नरी' पनि हात पारें । साथै देवकोटाको 'मुनामदन' र 'लक्ष्मी' निबन्धसङ्ग्रह तथा लेखनाथको 'लालित्य' र 'तरुण तपसी' पाएपछि साहित्यको तिर्खाले थोरै तृप्ति पायो । अर्थात् तिर्खाले आत्तिएको मानिसलाई तलाउ चाहिँदैन रैछ, खोपिल्टाको पानी पनि पर्याप्त हुने रहेछ, त्यस्तै भयो मलाई ।

कविवर माधव घिमिरेसँग पहिलो साक्षात्कारचाहिँ आफ्ना उमेरले आधा शताब्दी नाघेपछि जगदम्बाश्री पुरस्कारको सिलसिलामा

नेपाल पुगेका बखत सन् १९९७ अक्टोबर २७ तारिकका दिन भएको थियो । त्यसै महिनाको ७ तारिक प्रथम पटक काकडभित्ताबाट आफ्ना पुर्खाहरूको मुलुक नेपाल छिरेको थिएँ म । अक्टोबर ९ तारिक पाटन रातो बङ्गला स्कुलपरिसरमा पुरस्कार समारोह थियो । समारोहमा स्वनामधन्य धेरै साहित्यकारको उपस्थिति थियो तर मेरा आइडोल कविवरको उपस्थिति थिएन । दर्शन गर्ने उत्कट इच्छा हुँदाहुँदै पनि दसैँ र अरू विभिन्न कारणहरूले गर्दा साइत जुराउन बीस दिन लाग्यो मलाई ।

बालुवाटारमा ऋषिराम ढुङ्गानाको घरमा दिवा भोजनको निम्ता थियो । बर्मामा दाजुभाइझैँ बसेका थियौँ हामी । कुरैकुरामा 'कविवरलाई भेटनु छ, उहाँले मलाई चिन्नुभाको छैन, म स्रोत खोज्दै छु' भन्दा ऋषिराम दाइले 'कविवर हाम्रो भिनाजु पर्नुहुन्छ म भेट गराइहाल्छु नि' भनेर फोन लगाइदिनुभयो । 'के खोज्छस् काना आँखो' झैँ भयो मलाई । फोनमा कविवरको बोली सुनेर एकैछिन त दङ्गै परेँ म । मैले परिचय दिएर 'हजुरका कविता मेरा पथप्रदर्शक भएका छन्, म हजुरलाई खोजीखोजी पढने मान्छे हुँ, एक चोटि दर्शन गर्न चाहन्छु, कहिले आऊँ' भनेँ । उहाँले बडो उत्साहित भाकामा 'किन, कहिले ? अहिल्यै आउने नि !' भनेर निम्ता दिनुभयो र ऋषिराम दाइले आफ्नै कारमा कविनिवाससम्म पुऱ्याइदिनुभयो । मेरा साथमा मेरी अर्धाङ्गिनी जानुका र गङ्गा काकी पनि हुनुहुन्थ्यो । बाहिरी गेटमा पुग्दा कविवरका दम्पती हाम्रो स्वागतमा उभिनुभएको देखेर स्तम्भित भएँ म । जुन कुराको आशा गर्न पनि सक्ने थिइनँ म, त्यही भइरहेको थिएँ । मैले अठोट गरेँ– घिमिरेका कवि कवितामा मात्र होइन व्यवहारमा पनि उत्तिकै कोमल रहेछन् भनेर 'फलेको वृक्षको हाँगो नफुकेको कहाँ छ र' सम्झेँ । कविदम्पतीले हामीलाई बडो आदरसाथ भित्र लिएर जानुभयो । एउटा परदेशी छोरा घर फर्कंदा बाआमाले दिने स्नेह महसुस भएको थियो मलाई । औपचारिक परिचयपछि उहाँले एक घण्टा लगभग बर्मेली नेपाली

जनजीवनबारे सोधखोज गर्नुभयो । हामीले खुलेर कुराकानी गऱ्यौँ । उहाँका मलाई मुखाग्र भएका केही कविता भट्टचाएर यी कविताबाट कस्तो प्रेरणा पाएको छु भनेर सुनाउँदा कविका अनुहारमा आनन्दका रेखा तानिएका देखेको थिएँ मैले । उहाँ मेरा कुरा सुनेर अचम्म मानिरहनुभएको थियो । 'तीन पुस्तादेखि बर्मामा बसेको मान्छे, पहिलो चोटि नेपाल आएको भन्नुहुन्छ र यति राम्रो नेपाली बोल्नुहुन्छ पत्याउनै गाह्रो जस्तो । कसले भन्छ तपाईंलाई परदेशी भनेर ?' मेरी अर्धाङ्गिनीलाई देखाएर 'यी नानी त झन् यतै विराटनगरतिर कतैकी जस्तैँ लाग्ने देखिनुहुन्छ' भनेर न्यानोपन दर्साउनुभयो । कुराकानीपछि हामी उठेर जान्छौँ भन्दा अझै 'एकछिन कुरा गरौँ न' भनेर पर्खाउनुभयो । यसरी किन पर्खाउनुभयो भनेको तब थाहा भयो जब गुरुआमाले भित्रबाट तात्ताता सेलरोटी तरकारी र अचार ल्याएर टक्र्याउनुभयो । भर्खरै जस्तो खाना खाएर गएका थियौँ र पनि उहाँहरूको त्यो हार्दिक आतिथ्य स्वीकार गर्नै पऱ्यो ।

थोरै दिनपछि नेपाल म्यान्मा मैत्री सङ्घले आयोजना गरेको सम्मान समारोह थियो । त्यसमा मुख्य अतिथिका रूपमा कमल दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, यादव खरेल, दयाराम सम्भव, बर्मेली राजदूत उटिन्ह्ला, म साथै कविवर घिमिरे पनि आमन्त्रित हुनुहुन्थ्यो । मञ्चमा कविवरले मलाई आफ्नै छेउमा बस्न लगाएर स्नेह देखाउनुभएको थियो । समारोहमा डा.तारानाथ शर्माले 'मधुपर्क'का लागि तयार पारिएको 'गुरागाईंकी गङ्गा' नामक लेख पनि ओजस्वी ढङ्गले वाचन गर्नुभएको थियो । कविवर घिमिरेले मलाई त्यो दिन पनि धेरै स्नेह दिनुभयो ।

सन् १९९८ को अन्तिम सप्ताहमा दुबसु क्षेत्री (हाल नेपाली राजदूत, बेलायत) ले यान्गुन नेपाली राजदूतावासको परिसरमै बृहत् नेपाली साहित्य सम्मेलन आयोजना गर्नुभएको थियो । समारोहमा नेपालबाट नेपाली साहित्यका शिखर पुरुषहरू कविवर माधव घिमिरे,

कमलमणि दीक्षित, मोहन कोइराला र वैरागी काहिँलाहरू आमन्त्रित थिए । हामी दुबसुसँगै लगभग बीस जनाजति हवाईअड्डामै अतिथिहरूलाई स्वागत गर्न गएका थियौँ । साथमा मेरो छोरा सन्तोष पनि थिए । केटाहरूको स्वभाव त हो, छातीका दुइटा बटन खुलेका रहेछन् जसबाट सन्तोषको जनै देखिएको रहेछ । छोराको काँधमा जनै देखेर कविवर तथा दीक्षितले खुसी प्रकट गर्दै 'आफ्नो संस्कृतिलाई कसरी जोगाउनुभएको छ भन्ने प्रमाण हो यो' भनेर बाबूलाई धाप दिनुभएको थियो ।

दुबसुका निवासमा पुगेपछि बर्मेली साहित्यसेवीहरूले नेपाली साहित्यका विभूतिहरूलाई घेरिसकेका थिए । यसअघि उनीहरूले यति ठूला कविहरूलाई देख्न पाएका थिएनन् । यसै क्रममा मैले हारमोनियम बजाएर हाम्रै धुनमा गाएका कविवरका दुइटा गीतमध्ये 'जीवन रच्दै जाउँला हरेक राम्रै काजमा, ज्योतिको खम्बा गाडौँला विश्वको यही माझमा' भन्ने गीतलाई मेरा छोराछोरीसमेत कोरसमा गाउँदा कविवरले खुसी हुँदै भन्नुभएको थियो– 'मैले गीत लेखेको थिएँ तपाईंले त्यसमा प्राण भरिदिनुभएछ ।'

दोस्रो, नेपालको प्रसिद्ध राष्ट्रिय गीत गाउनुअघि मैले शब्द बदली गरेको बेहोरा टक्र्याउँदा भने उहाँले मुख अमिलो बनाउनुभएको थियो । 'गाउँछ गीत नेपाली'को दोस्रो चरण 'जयजय आमा नेपाल सुन्दर शान्त विशाल'को ठाउँमा देश, काल र परिस्थितिको कारणले निज गौरवको सुन्दर आमाको भाषा अङ्गाली, भनेर बदली गरिएको छ । त्यसको वास्तविक धुन पनि हामीलाई थाहा थिएन । तर शब्द मन परेकाले हाम्रा शिक्षासत्र र तालिम सिविरहरूमा कोरस बनाएर आफ्नै धुनमा गाउने गरेका छौँ र आजसम्म त्यसै रूपमा गाइँदै छ । राष्ट्रकविजस्तो गौरवशाली सम्मान हासिल गरिसकेका कविगुरुको पदावली फेर्ने दुस्साहस गर्नु हाम्रो विवशता हो । त्यसमा आफैँलाई पनि माफ गरेको छैन मैले । अर्जुनले मन मिचेर

भीष्मलाई बाण हानेको अनुभूति हुन्छ मलाई । तर स्नेहवश कविवरले मलाई केही भन्नुभएन । कविवरले नेपाल फर्कने क्रममा कारमा सवार भइसकेपछि कोटको भित्री खल्तीबाट झिकेर आफ्नो पारकर पेन मेरो हातमा दिँदै 'यस कलमले धेरै राम्राराम्रा कृति लेख्नुहोला' भनेर आशीर्वाद दिनुभएको थियो । त्यो कलम अद्यावधि मेरो साथमा छ । २०६९ सालमा उहाँका आधा दर्जन कृतिहरू हस्ताक्षर गरेर मलाई पठाइदिनुभएको रहेछ ।

नेपाली कला साहित्य डट कमको निमन्त्रणामा हामी २०७२ सालको पुरस्कार ग्रहण गर्न नेपाल पुगेका थियौँ । त्यसै बखत नेपाली साहित्यका अतिरथी प्रिय भाइ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले आफ्नै कारमा राखेर राष्ट्रकविनिवासमा पुऱ्याउनुभएको हो हामीलाई । राष्ट्रकविलाई भेट्नुअघि त्यसै दिन बिहानीपख हामीले वानीरा गिरी, शताब्दी पुरुष सत्यमोहन जोशी र कमल दीक्षितलाई पनि भेटिसकेका थियौँ । उमेरले गर्दा कविवरले ऌट्ट नचिने पनि चिनेपछि मलाई तानेर छातीमा लगाउनुभएको थियो । त्यस बेला पनि हामीले धेरै फोटोहरू खिचेका थियौँ । त्यस दिन नइनिवासमै हामीले दिवा भोजन लिएका थियौँ । मेरो साथमा मेरै भाइ पदम, ठूलो बाबू मोती र जानुका पनि थिए ।

# राष्ट्रकविसँगको नभुल्ने एउटा दिन



डा. तुलसी भट्टराई

राष्ट्रकवि माधवप्रसाद घिमिरेका जीवनी पक्षमा लेख्ने उद्देश्य होइन । उहाँका बारेमा दर्जानौं ग्रन्थ लेखिएका छन् । उहाँबारे विद्यावारिधि र स्नातकोत्तर शोधहरू दर्जनौं भइसकेका छन् । राष्ट्रकविमाथि महाकाव्यसमेत नै पनि लेखिएको छ । उहाँका बारेमा लेख्नु एक प्रकार पिष्टपेषण अथवा अरूको अनुकरण गर्नु मात्र हो जस्तो पनि लाग्ने गर्छ ।

यसो भन्दै गर्दा सय वर्षअघि अर्थात् लमजुङको पुस्तुन गाउँको स्मृति श्रुतिस्मृति अगाडि आउँछ । ती बालकको चित्र– माधव कृष्ण रूपमा झल्किन्छ ।

त्यही बालक पूर्ण शतायु पार गरेको राष्ट्रकविका रूपमा आज राष्ट्रअन्तर्राष्ट्रिय जगत्मा सुपरिचित भएर साहित्य वाङ्मय जगत्मा छाएको छ ।

माधव घिमिरेले श्री ५ वीरेन्द्रबाट 'मालती मङ्गले' नाटकका निम्ति विशिष्ट पुरस्कार पाउनुभएको हो । त्यसो त मानसम्मान र पुरस्कारबारे सबै लेख्न सम्भव छैन । त्यो उहाँको जीवनको उपलब्धि हो ।

राष्ट्रकवि माधव घिमिरेका मनका भाखा प्राय: उहाँद्वारा लिखित पुस्तकहरूमा प्रकाशित छन् । उहाँले जति लेख्नुभयो– ती प्राय चर्चाका शिखरमा पुगे । कतिसम्म भने उहाँको एउटा किताब त नोबल पुरस्कारका लागि पनि पेस भएको थियो ।

केही समयअघि उहाँसँग भेट गर्न गएका बेला दर्शनार्थीहरूसँग उहाँ भन्दै हुनुहुन्थ्यो– 'ऋतम्भरा' महाकाव्य पूरा हुँदै छ । त्यो प्रकाशन गर्ने लक्ष्य छ । अर्थात् अझ पनि उहाँ सिर्जनामा लागिरहनुभएको छ । उहाँको सिर्जनामा नेपाली माटो मगमगाउँछ नेपाली जनजीवनको धुकधुकी हुन्छ । उहाँ साँच्चैका हामा राष्ट्रकवि ! राष्ट्रकवि घिमिरेका बारेको एउटा सानो प्रसङ्ग यहाँ जोड्न उपयुक्त होला ।

२०६० साल असोज ९ का दिन बिहान म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कार्यकक्षमा केही लेखेर बसेको थिएँ । उक्त दिन प्रज्ञा परिषद्को बैठक भएकाले बिहानै गएर त्यस दिन सदस्यसचिवका नाताले प्रस्तुत गर्ने एजेन्डाबारे म रिपोर्ट तयार पार्दै थिएँ ।

त्यसै बेला मेरो कार्यकक्षमा 'नइ' अर्थात् नरेन्द्रइन्दिरा प्रसाई पुगे । नरेन्द्र भाइको हड्बडे बानीअनुसार कुर्सीमा नबसी एकोहोरो आफ्ना कुरा राखे । मैले पनि मेरो कार्यव्यस्तताबारे नरेन्द्र भाइलाई

बताएँ । भाइले मेरो कुरा सुने पो । उनी फेरि बोल्न थाले– 'मेरा गुरु दाइ ! यो काम अहिले थन्क्याउनुहोस् । हाम्रो एउटा जरुरी काम छ । हामी तीनै जना तपाईंकै गाडीमा गएर त्यो काम गर्ने, ल छिटो उठ्नुहोस् ।' मैले कहाँ के काम भन्न नपाउँदै मेरो हात समाएर नरेन्द्रले उठाए । हामी लैनचौरतिर लाग्यौँ । अनि मात्र नरेन्द्रले हाँस्तै भने– 'हामी अहिले राष्ट्रकवि माधव घिमिरेको घर जाँदै छौँ; त्यहीँ गएर सबै कुरा थाहा हुन्छ ।'

कविवरसँग भेट भएपछि नरेन्द्रले बधाई कविजी 'राष्ट्रकवि' हुनुभएकोमा भन्दै ठूलो फूलमाला लगाइदिए र इन्दिरा र मैले अबिर लगाइदियौँ । 'म राष्ट्रकवि भएछु, नइको प्रयासले यो अति विशिष्ट काम भयो; धन्यवाद छ, इन्दिरा नरेन्द्रलाई !' कवि घिमिरेले निकै भावुक भएर भनेको त्यति बेलाको दृश्य अझ पनि मेरा आँखैमा छ ।


घिमिरेले राष्ट्रकवि उपाधि पाउनुअगाडि नै नरेन्द्रले मसँग भनेका थिए– 'नइले कवि माधव घिमिरे 'राष्ट्रकवि' उपाधिका निम्ति ठाउँठाउँमा नै प्रस्ताव पुऱ्याएको छ । यो काम हुन्छ होला; गुरु दाइ !' साँच्चै नै सरकारले राष्ट्रकविको उपाधिका निम्ति त्यो प्रस्ताव पास गरेछ । त्यही कुरामा पहिलो बधाई र शुभकामना दिन नइको सौजन्यमा म पनि राष्ट्रकविगृहमा पुगेको थिएँ । म पुग्दा राष्ट्रकवि पनि खुसी भएको मैले अडकल काटेको थिएँ । कतिपयले नइका बारेमा विभिन्न टीकाटिप्पणी आलोचना गरे पनि राष्ट्र र समाजका निम्ति, नेपाली वाङ्मय र वाङ्मय साधकहरूका निम्ति नइले सार्थक काम गर्दै आएको कुरा सबैलाई प्रस्ट थाहा छ ।

राष्ट्रकवि माधव घिमिरेको शतायु पार गरेको सन्दर्भमा त्यति बेलाको यो प्रसङ्ग यहाँ राख्न मन लाग्यो ।

नेपालमा कविशिरोमणि भनेर लेखनाथ पौडचाललाई चिनिन्छ । इतिहासशिरोमणि बाबुराम आचार्य र विद्वत्शिरोमणि

कुलचन्द्र गौतम, जनकविकेशरी धर्मराज थापा, महाकवि लक्ष्मीप्रसाद देवकोटालाई चिनिन्छ । शताब्दी पुरुष भनेर सत्यमोहन जोशीलाई चिनिन्छ भने त्यसरी नै राष्ट्रकवि भनेर माधव घिमिरेलाई राष्ट्र र अन्तर्राष्ट्रिय जगत्ले युगौँसम्म चिन्नेछ । हाम्रा देशका ती महान् कवि माधव घिमिरेसँगको मेरो व्यक्तिगत सङ्गतका कारणले मैले पनि उहाँबाट धेरै ज्ञान बटुलेको महसुस गरेको छु । राष्ट्रकवि माधव घिमिरे पनि मेरा आदरणीय गुरुका रूपमा मैले श्रद्धा गर्ने नाउँ हो ।

# माधव घिमिरे राष्ट्रकविमै बाँचे



नरेन्द्रराज प्रसाई

माधव घिमिरे जतिसुकै गजक्क परून्, जतिसुकै नरम बनून् र जतिसुकै चिसा र ताता बनून् अन्ततः उनी राष्ट्रकवि नै हुन् । उनले आफूलाई जुन धरातलको देखे पनि उनी नेपाली भाषाको एउटा सिङ्गो राष्ट्रकवि बने । कविहरूले नदेखेको घाम देख्छन्, जुन देख्छन् र तारा देख्छन् । देख्ने क्रममा घिमिरेले कहिले म लेखनाथभन्दा ठूलो हुँ भन्देलान्, कहिले बालकृष्ण समभन्दा ठूलो हुँ पनि भन्लान् र कहिले देवकोटालाई उछिनिसकेँ पनि भनिदेलान् । उमेरका कारणले पनि मान्छेहरू सपनामा दौड्ने गर्छन् । २०७५ साल असोज ३ गतेको कुरा हो– घिमिरेले

उनकी जेठी छोरी सङ्गीतज्ञ शान्ति अधिकारी, नेपालकी प्रथम नारी सरोदवादक रूपा न्यौपाने, मेरी पुरोधिका इन्दिरा र मेरा सामुन्ने आफूलाई कविशिरोमणि, नाटचसम्राट् र महाकविभन्दा सानो मानेनन् । त्यस दिन उनले 'अरू को शताब्दी पुरुष हुन सक्छ म पो शताब्दी पुरुष हुँ' भन्न पनि छाडेनन् । त्यतिखेर उनका कुरा सुन्दा म आफू पनि युवा जोसमा नै पुगेको मभित्र अनुभूत भइरह्यो । आफैँले शिरमा बोकेका कविले मादक पदार्थ सेवन नगरी मनका भाखा पोखिरहँदा पनि मेरो मनले उनीप्रति गौरवी मनाइरहेको थियो । किनभने एक सय वर्षको उमेरमा पनि उनी कति मापाका भइरहेका छन् भन्ने हिसाबले म पनि त्यस घडी उनीसँगै फुरुङ्गै बनेको थिएँ । वास्तवमा त्यतिखेर मैले उनको उत्साह कस्तो पाएँ भने उनी चन्द्रमा छुने लहर र रहरमा पुगेका देखिन्थे । उनको माग र चाहनासँगै उनको साहस अनुकरणीय देखिन्थ्यो । त्यस घडी उनको चुरीफुरी देख्दा उनी किशोर अवस्थामा नै हिँडिरहेका छन् भन्ने लाग्थ्यो । तर उनले जस्तोसुकै सपना देखे तापनि उनी नेपाली आकाशका एउटा भरपर्दो कवि हुन्, त्यतिले पुगेन भनेर उनलाई राजा ज्ञानेन्द्रले 'राष्ट्रकवि'को लालमोहर लगाइदिएका हुन् । अन्ततः मेरा प्रिय राष्ट्रकवि हाम्रो नेपाल राष्ट्रकै गौरव हुन् । उनका रचनाले नै उनी महान् बने । तिनै राष्ट्रकविबारेको एउटा पुरानो सन्दर्भ मेरा डायरीका पानामा यसरी फरफराएका छन् । जुन शब्द, कथन र भाकालाई मैले मेरो मनको चुचुरोमा सधैँ सुरक्षित गाडेको छु–

२०५४ साल माघ ७ गतेको कुरा हो । त्यस बेला मैले प्रधानमन्त्री सूर्यबहादुर थापालाई भेट्ने मौका पाएको थिएँ । त्यस बेलाको भेटमा मैले थापासमक्ष एउटा प्रस्ताव राखेको थिएँ– 'घिमिरे र व्यथितलाई शिरोमणि, राष्ट्रकवि वा राजकविको दर्जा दिनुहोस् । साथै नातिकाजी, तारादेवी र अम्बर गुरुङलाई कम्तीमा मासिक पाँच हजार रुपियाँ भत्ता दिएर संस्कृति मन्त्रालय वा सञ्चार मन्त्रालयको

सल्लाहकारमा राखिदिनुहोस् । काम नपाएर होला उनीहरूलाई अहिले हीनताको बोध भएको मैले महसुस गरेको छु । फेरि उनीहरूबाट हामीले किन काम नलिने ?' त्यस बेला मेरा कुरा थापालाई मन परेछन् क्यारे । उनले मलाई यिनै कुरा लेखेर पनि दिनुहोस् भने । मैले यिनै बेहोरा लेखेर पनि दिएँ । अनि यो कुरा मैले सूर्यबहादुर थापाका भाइ कवि नगेन्द्र थापा, कवि कृष्णभक्त श्रेष्ठ र नरहरि आचार्यलाई पनि थाहा दिएँ । तर केही समयपछि सूर्यबहादुर थापाको प्रधानमन्त्री पद हिँडचो । साहित्यकार र कलाकारप्रतिको उनको भावना पनि भावनैमा तुहियो । वास्तवमा त्यति बेला मेरा मनमा कुरा खेलिरहे यो नेपालमा जो प्रधानमन्त्री भए पनि साहित्यकार तथा कलाकारका लागि कुनै आशाको विषयवस्तु हुनै सकेन । अर्थात् भनौँ, यहाँ 'जुन जोगी आए पनि कानै चिरेका' जस्तै मात्र हुन गयो ।

हो, माधव घिमिरेहरूजस्तालाई नेपालका कुनै पनि प्रधानमन्त्रीले आफ्नो शक्तिका रापले त्यति गन्ती गर्न भ्याएनन् । तर माधव घिमिरे भन्नुचाहिँ नेपाली भाषा बोलिने मान्छे संसारमा जताजता छन्, त्यतात्यताका प्रिय कवि हुन् । घिमिरेको काव्यमा डुबेर पाठकहरू धुरुधुरु रुने गरेका छन् । किनभने उनी लेख्दा आफ्नो छाती पट्ट फोरेर लेख्छन् :

**यी रोए पनि दुःख लाग्छ– यिनले सम्झे कि आमा भनी**
**यी हाँसे पनि सुक्ख छैन– यिनले बिर्से नि आमा भनी ।**

मैले संवत् २०४० सालमा माधवप्रसाद घिमिरेलाई प्रत्यक्ष चिनेको थिएँ । उनको 'गौरी'ले मलाई उनीसँग परिचय हुनुभन्दा अघि नै रुवाइसकेको थियो । पछि मलाई मेरा दाजु सी.के. प्रसाईले पनि भनेका थिए– 'भाइ ! म जेल बस्दा मैले 'गौरी' पढेँ, त्यो किताब पढेर म धेरै रोएको छु ।' साँच्चै हो, म र सी.के. दाइ मात्र त्यस कृतिबाट रोएका होइनौँ, आफूलाई निष्ठुरी ठान्ने जुनसुकै मान्छे पनि 'गौरी' पढचो भने त्यो धुरुधुरु नै रुने गर्छ । वास्तवमा माधव

घिमिरेको पनि त्यो एउटा 'मुनामदन' नै हो । आफ्नी दिवङ्गत पत्नीका विषयमा लेखिएको 'गौरी' नेपाली भाषाको अजरअमर काव्य हो । उनले आफ्नी पत्नी गौरीलाई त्यस काव्यमार्फत हिमालको मुकुट बनाएका छन् । उनले गौरीलाई नेपाली भाषाका माध्यमबाट जुगजुग बाँच्ने पात्र बनाएका छन् । अनि म मात्र होइन, 'गौरी' पढेर समस्त पाठक रोएका छन् । यदि कसैको मुटुमा रगत छ भने त्यो मान्छे 'गौरी' पढेर रोएकै हुनुपर्छ । यसै प्रसङ्गमा एक दिन मलाई राजकवि केदारमान व्यथितले पनि भनेका थिए– 'रुँदै रुन्नँ भनेर कसैले 'गौरी' पढ्यो भने पनि त्यो मान्छेका आँखाभरि आँसु थुप्रिन थालिहाल्छन् । साँच्चै हो, 'गौरी' पढेर म रोएको छु ।'

माधव घिमिरे मलाई प्यारो गर्ने कारणले म पनि बराबर गुरुगृह लैनचौर पुग्ने गर्छु । २०४८ सालतिर डा.तारानाथ शर्मा र मलाई उनले 'विषकन्या' सुन्न बोलाएका थिए । त्यस बेला उनी त्यो काव्य पढेर आफैँ पनि रोएका थिए । त्यस दिन उनले लगातार दुईतीन घण्टा त्यो काव्य पढेर हामीलाई सुनाएका थिए । उनी मीठो भाका हालेर गीतिकविता पढ्ने स्रष्टा हुन् । उनको प्रस्तुति नै मनोहारी हुन्छ । हुन त माधव गुरुको घरमा म त्योभन्दा अघि र त्योभन्दा पछि पनि बराबर गएको छु । म जाँदा सधैँ गुरु खुसी पनि हुने गर्थे ।

मद्वारा सञ्चालित साहित्यिक समारोहहरूमा माधवप्रसाद घिमिरेलाई म बराबर निम्त्याउने गर्थें । मेरा विभिन्न साहित्यिक समारोहमा घिमिरे कहिले सभापति र कहिले प्रमुख अतिथि भएका छन् । त्यही क्रममा मेरो व्यक्तिगत कुरा नै गर्ने हो भने मेरो गीतसङ्ग्रह 'पुग्नुपर्ने टाढा थियो' र जीवनीसङ्ग्रह 'नेपाली साहित्यका प्रमुख समालोचक'को लोकार्पण समारोहका सभापति पनि माधव घिमिरे नै थिए । त्यस समारोहमा पनि मलाई गुरुले बेसरी सर्काएर आफ्नो अभिव्यक्ति दिएका थिए । त्यस समारोहको मन्तव्यमा उनको भनाइको निष्कर्ष थियो– 'गीतकार नरेन्द्रराज प्रसाई नेपाली

गीतिसाहित्यिका मार्मिक गीतिलेखकका साथै रङ्गीन गीतकारका रूपमा पनि परिचित छन् ।'

**मायाको डोरी बाट्तैथें, पराई आँखाले काटेछ**
**हुरी र बतासलाई छेक्तैथें, बीचैमा पर्दा फाटेछ ।**

नेपाली साहित्याकाशमा माधव घिमिरे मेरा एउटा प्रिय नाउँ हो । त्यही अपार व्यक्तिसँग बसेर मलाई फोटो खिच्न मन लागेको धेरै भएको थियो । हुन त २०४९-०५० सालतिर जयन्त चन्द र मैले घिमिरेसँग बसेर थुप्रै फोटोहरू खिचाएका थियौं । तर ती फोटोहरू मेरा हातमा परेका थिएनन् । त्यसैले त्यही क्रममा २०५४ माघ ७ गते १२ बजे मैले कविवर माधवप्रसाद घिमिरेलाई फोन गरेँ– 'गुरु ! आज इन्दिरा र म फोटो खिच्न गुरुका घरमा आउँदै छौं, हामी दुई बजेतिर आउँछौं ।' मेरा कुरा सकिएपछि माधव घिमिरे बोले– 'दुई बजे त म इन्दुजीलाई भेट्न जाँदै छु । बरु म नै तपाईंका घरमा आउँछु ।' 'ठीक छ गुरु, म गुरुका लागि रसभरी ल्याइराख्छु ।' त्यस घडी हर्षका साथ गुरुसमक्ष मैले आफ्नो भावना पोखेको थिएँ ।

मैले फोन गरेको झन्डै एक घण्टामा राष्ट्रकवि घिमिरेले मेरो घरमा प्रवेश गरे । त्यस बेला हामी घाम तापेर बसिरहेका थियौं । त्यसैले गुरु सरासर मेरो घरको छतमा उक्ले । त्यस बेला गुरुको प्रवेशमा इन्दिरा, कञ्चनजङ्घा र म खुसी भयौं । अनि त्यसै बेला घाम तापेर बसिरहेका कञ्चन पुडासैनीले पनि उठेर घिमिरेप्रति श्रद्धाज्ञापन गरे । मैले त्यसै बेला आफ्नो मुख खोलेँ– 'गुरु ! कञ्चन दाइ गुरुका बफादार चेला हुन् ।' मेरा भनाइले भुइँ छोइसकेपछि पुडासैनी पनि बोले– 'गुरु त मेरा सर्वोच्च गुरु ।'

केही समयपछि हामीले गुरुसँग बसेर फोटो पनि खिच्यौं, खिचायौं । त्यही क्रममा गुरु भन्दै थिए– 'मेरो जस्तो फोटो आए पनि नरेन्द्रको चाहिँ राम्रो निस्कनुपर्छ है !' वास्तवमा मैले गुरुसँग बसेर फोटो खिच्ने रहर गरेको बेहोरा गुरुलाई कण्ठै थियो ।

त्यस दिन पनि हामीले केही समय ठट्टा, रमाइलो र गम्भीर छलफल पनि गर्‍यौँ । अनि गुरुको आग्रहमा मैले मेरो मोटरसाइकल घरबाहिर निकालेँ । त्यसपछि गुरुलाई मोटरसाइकलमा राखेर म पूर्वतिर हान्निएँ । हिँडिरहेका बेला पनि हामीमाऊ विभिन्न कुराहरू भइरहे र त्यसै बेला बाटामा गुरुले एउटा संवाद निकाले– 'तपाईंले भनेजस्तो साथ पाउनुभएको छ; इन्दिरा तपाईंजस्तै उत्साही, हिम्मती र जाँगरिली छिन् । उनीलाई त म पहिलेदेखि नै चिन्थेँ ।' हामी एकअर्काको बातमा रम्दारम्दै इन्दुका निवासमा पुगेर मेरो मोटरसाइकल टक्क रोकियो ।

मेरो काम इन्दुका निवाससम्म गुरुलाई पुर्‍याउने मात्रै थियो । तर गुरुको गहिरो आग्रह भयो– 'जाऊँ न, इन्दुसँग परिचय पनि हुन्छ ।' गुरुको ढिपीमा म पनि साहित्यकार इन्दुको निवासमा गएँ । वास्तवमा त्यस समय म विभिन्न कामको हतारोमा थिएँ तापनि त्यस बेला गुरुका कुरा मैले हार्न सकेको थिइनँ । त्यसैले म पनि गुरुका पछिपछि लागेर इन्दुकामा पुगेँ ।

साँच्चै मैले त्यस बेला इन्दु अर्थात् अनन्तविहारीलालदाससँग परिचय नगरेको भए मलाई जीवनमा पछुतो हुने थियो । उनीजस्ता अनुभवीलाई भेट्दा त्यस दिन मलाई अत्यन्तै रमाइलो लागेको थियो । माधव घिमिरेले मेरो परिचय गराउनेबित्तिकै इन्दुले मपट्टि फर्केर भनेका थिए– 'मैले १९६६ (इ.) मा कविवर म.वी.वि. शाहको 'उसैका लागि' मैथिलीमा अनुवाद गरेको थिएँ र त्यो दरभङ्गाबाट प्रकाशित भएको थियो । राजदूत नरेन्द्र जैनले आफ्नो सम्पादनमा प्रकाशित 'नेपाली कविता'मा सङ्गृहीत 'चाँदनी शाहका कविता' पनि मैले नै अनुवाद गरेको हुँ । तर त्यस बेला मलाई नरेन्द्र जैनले अनुवादका र सम्पादकमा त्यति महत्त्व दिनुभएन । खालि भूमिकामा लेखिदिनुभयो, 'इन्दुले अनुवाद गरिदिनुभएको हो ।'

सत्तरी वर्षीय इन्दु बोलिरहेका बेला नै माधव घिमिरेले इन्दुको व्यक्तित्वमाथि मलाई प्रकाश पार्ने हिसाबले भने– 'इन्दुका अनुवाद साह्रै सरल हुन्छन् । उहाँको अनुवाद पढ्दा तपाईं छक्क पर्नुहुन्छ ।' त्यस बेला इन्दुसँग मेरो पनि प्रशंसा गर्दै घिमिरेले भनेका थिए– 'नरेन्द्र राम्रा गीत लेख्ने गर्नुहुन्छ ।' त्यस बेला नै घिमिरेले मलाई निर्देशन दिँदै भनेका थिए– 'तपाईं आजै ल्याएर आफ्ना कृतिहरू इन्दुलाई दिनुहोस् ।' अनि मैले भनें– 'ठीकै छ, उहाँलाई फेरि काठमाडौं आएको मौका पारेर म कुनै समय टक्र्याउँछु नै !'

माधव गुरुले साहित्यिक यात्रामा मलाई यथेष्ट प्रेरणा दिएका छन् । खास गरी मेरो लेखन हल्काफुल्का भए तापनि उनले मेरा कृतिहरूका विषयमा सार्वजनिक समारोहहरूमा पनि बेजोडले प्रशंसा गरिदिएका छन् । उनले मलाई यथेष्ट पाती लगाएर मेरो साहित्यिक कृतिको फूलबुट्टा भरिदिने काम गरेका छन् । त्यसरी साहित्यिक समारोहहरूमा खुला हृदयले मलाई प्रोत्साहन दिने मेरा माननीय गुरुले एकान्तमा मलाई के भन्लान् ! वास्तवमा एकान्तमा मप्रति उनी झनै प्रिय, प्रोत्साहक र प्रेरक भएर मलाई धुरी चढाउने गर्छन् । अनि यो रीत २०४५ सालदेखि झनै विकसित भएर आएको म पाउँछु । त्यसै बखतदेखि नै केदारमान व्यथितसँग पनि मेरो आत्मीयता झाङ्गिँदै आएको थियो ।

•

केदारमान व्यथित र माधव घिमिरे दुवै मेरा प्रिय कवि मानिन्थे । उनीहरूसँग मैले भित्रभित्रै छिरेर सङ्गत पनि गरें । त्यसै परिवेशमा मैले यी दुवैको मन छामें, मगज छामें र व्यवहार पनि छामें । यीमध्ये व्यथित धेरै उदार थिए, घिमिरे सर्काउन निक्कै सिपालु थिए । त्यति मात्र होइन, व्यथित उनका घरमा आउनेलाई ससम्मान, स्नेह र आत्मीयताका साथ खाना खुवाउन सिपालु थिए, साथै घिमिरे पनि आफ्नो कोमल भावना देखाउन सिपालु थिए ।

व्यथित अरूलाई उठाउन पनि लागि पर्थे र रूपार्न पनि पछि पर्दैन थिए । अनि घिमिरे अरूलाई सम्मान गर्थे, अरूसँग नरम बोल्थे तर अरूको हीतमा समय खर्च गर्न त्यतिसारो अग्रसर हुँदैन थिए । व्यथित चाहेको काम सकेसम्म लिएरै छाड्थे, नपाए कराउने गर्थे; घिमिरेचाहिँ चाहेको कुरा पाएनन् भने गुनासो पनि गर्दैन थिए । किनभने घिमिरे पनि लटरम्म फलेका वटवृक्ष थिए । त्यही वृक्षको फेदमा बसेर मैले घिमिरेको माथिल्लो स्तरको स्वाभिमान पनि देखेको छु । कुरा के हो भने– घिमिरेलाई 'जगदम्बाश्री पुरस्कार' दिने कमल दीक्षितको चाहना रहेछ । अनि पटकपटक दीक्षितले मसँग भनेका थिए– 'माधव घिमिरेलाई मैले हात ढोग्ने गरेको छु । उनी मैले मानेका कवि ! उनलाई जगदम्बाश्री पुरस्कार दिनुपर्छ । यसबारे कुरा गर्न उनका घर जाऔँ । तपाईं कुरा गर्न सिपालु हुनुहुन्छ, उनलाई पुरस्कार लिन मनाऔँ !' २०५५ सालतिरको कुरा हो– कमल बाबूका निर्देशनमा कमल बाबू, इन्दिरा र म माधव गुरुका घर गएका थियौँ ।

माधव गुरुलाई हामी तीन जनाले तीनतिर बसेर हजुरले 'जगदम्बाश्री पुरस्कार' लिनुपर्छ भनेर चेप्यौँ । तर उनी हाम्रा कुरामा हल्लेनन्, चटपटाएनन् र उनले खासै उत्सुकता पनि देखाएनन् । निक्कै बेरपछि उनले हामीमाथि सहज, नरम र सामान्य जबाफ दिएका थिए– 'भैगो ! मलाई दिने कष्ट नगर्नुहोस्; कमल बाबू ! सबैलाई दिइराख्नुभएकै छ । त्यसैमा म खुसी छु । ... (नाउँ काडेर फलाना र ढिस्कना) लाई दिइसकेको पुरस्कार मलाई नथमाउनुहोस् ! तपाईंले जैँ नेपाली भाषामा काम गर्ने मान्छे मैले अहिले देखेको पनि छैन । तपाईंको म प्रशंसा गर्छु । तर मदन पुरस्कार र जगदम्बाको कुराचाहिँ यहीँ बिसाऔँ ।'

त्यस दिन माधव घिमिरेका घरबाट कमल बाबू र हामी नइ रित्तै फर्केर आयौँ । बाटामा हामीले माधव गुरुबारे कुनै गुनासो पनि

गरेनौँ र प्रसंशा पनि गरेनौँ । पछि अर्थात् २०७२ सालमा बर्माबाट नेपाल आएका र जगदम्बाश्री पुरस्कारबाट समेत विभूषित ठाकुर गुरागाईं, उनकी धर्मपत्नी जानुका गुरागाईं, उनका भाइ पदम गुरागाईं, छोरा मोती गुरागाईं र हामी नइ कमल दीक्षितका कार्यालय मदन पुरस्कार गुठी गएका थियौँ । त्यहाँ हामी ऊन्नै एक घण्टा बसेका थियौँ । हामी हिँड्ने तरखरमा लाग्दानलाग्दै कमल दीक्षितले ठाकुर दाइलाई सोधेका थिए– 'अब कता लाग्नुहुन्छ ?' त्यस बखत दीक्षितका संवादमा ठाकुर दाइले जबाफ फर्काएका थिए– 'हामी शताब्दी पुरुषका घर गएर आयौँ, अब भने राष्ट्रकविका घर जान लागेका छौँ ।' अनि त्यसै बेला हामी सबैका अगाडि कमल दीक्षितले माधव घिमिरेजस्ता आडम्बरीलाई भेट्न किन जानुहुन्छ ? त्यहाँ नजानुहोस् ।' फेरि कमल दीक्षितले हामी सबै अगाडि उभिएर भने– 'घिमिरेले अहङ्कार गरेर जगदम्बाश्री पुरस्कार लिन्न भनेका छन् ।' त्यतिखेर दीक्षितले माधव घिमिरेले जगदम्बा पुरस्कार लिन्न भनेको प्रसङ्ग केही बङ्ग्याएर थपेका थिए । अनि मैले त्यसै बेला त्यहीँ प्रत्युत्तर फर्काएको थिएँ– 'कमल बाबूले त्यस मामलामा यस्तो कुरा गर्न त्यति उपयुक्त भएन । घिमिरे आफ्ना ठाउँमा ठीकै हुनुहुन्न र ?' मैले बोलेपछि त्यहाँ कसैले पनि त्यसबारेको प्रसङ्गमा कुरा निकालेनन् । त्यसपछि ठाकुर दाइका परिवारसहित हामी नइ सरासर राष्ट्रकवि माधव घिमिरेका घर गएका थियौँ ।

•

माधवप्रसाद घिमिरेका गीत पढ्दापढ्दै म पनि गीतकार भएँ ।' वास्तवमा जीवनमा मैले माधव घिमिरे, हरिभक्त कटुवाल, ईश्वरवल्लभ र चाँदनी शाहका गीत दोहोऱ्याउँदै, तेहऱ्याउँदै र चौहऱ्याउँदै कण्ठ गरेको छु । गीतहरू पढ्दापढ्दै, बुझ्दाबुझ्दै र जान्दाजान्दै मैले पनि गीत लेख्न थालेको हुँ । यसै प्रसङ्गको सम्झनाले मलाई कहिलेकाहीँ छुने गर्छ । अर्थात् मैले पनि गीत पढ्दापढ्दै

गीतलेखनमा हिँड्ने मन गरेँ र त्यही यात्रामा हिँडिरहेको छु, लागिरहेको छु र बगिरहेको छु । नेपाली साहित्याकाशका महारथी माधवप्रसाद घिमिरेलाई रोजेर, पछ्याएर र मानेर म पनि त्यही यात्रामा बामे सरिरहेको छु । उनका यस्ता काव्यधाराले नै मलाई प्रेरित गरिरहेका छन् :

**वारि र पारि घाम र छाया, माझैमा पियार**
**संसारमा जन्म दिएर ईश्वर ! बैँसैमा नमार ।**

•••

## माधव घिमिरे राष्ट्रकवि कसरी भए ?

**('माधव घिमिरे राष्ट्रकवि कसरी भए ?' शीर्षकमा 'मधुपर्क' मासिक कात्तिक २०७५ मा मेरो लेख छापिएको थियो । माथिको लेखसँग केही प्रसङ्ग दोहोरिए तापनि 'मधुपर्क'मा छापिएको लेखलाई पनि यहाँ प्रस्तुत गर्न मैले सान्दर्भिक ठानेको छु ।)**

केदारमान व्यथित र माधव घिमिरे झन्नै एउटै समयका कविहरू थिए । केदारमान व्यथितचाहिँ सिद्धिचरण श्रेष्ठसँग जेल बसेपछि उनैको प्रभावले कवि भए । अनि माधव घिमिरे भने आदिकवि भानुभक्त आचार्यदेखि कविशिरोमणि लेखनाथ पौड्यालसम्मका अनुयायी भएर कवि भए । व्यथितले राजनीति र साहित्य दुवैतिर बराबरी हात हालेका थिए भने घिमिरेचाहिँ साहित्यमा मात्र केन्द्रित थिए । २०१७ सालदेखि घिमिरेलाई राजनीतितिर कुनै सरोकारै भएन । राजनीतिमा पनि समर्पित भएबापत व्यथित मुलुकका सहायकमन्त्री, निर्माण, यातायात, विद्युत र सञ्चार मन्त्रीका साथै त्यसको बाह्र वर्षपछि अर्थात् २०३६ सालमा गृहमन्त्रीसमेत भए । त्यति मात्र होइन, उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा कुलपति हुने प्रथम जनता थिए । राजा महेन्द्रले कुलपतित्व छाडेर आफू बसिरहेको त्यस गद्दीमा पहिलोपल्ट व्यथितलाई २०२६ सालमा नै विराजमान गराएका थिए । व्यथित

कुलपति भएपछि क्रमश: सूर्यविक्रम ज्ञवाली, लैनसिंह वाङ्देल र माधव घिमिरे प्रज्ञाप्रतिष्ठानका कुलपति भए । त्यस बेलासम्म पनि नेपाल प्रज्ञाप्रतिष्ठानको गरिमा सुनझैं शुद्ध थियो । तर मुलुकमा बहुदलीय प्रणाली भित्रिएपछि कुलपति पद सरकारले नै कब्जा गऱ्यो र उपकुलपति मात्र जनता हुने प्रावधान बस्यो । त्यही क्रममा प्रा.डा.ईश्वर बराल, मदनमणि दीक्षित, मोहन कोइराला र प्रा.डा.वासुदेव त्रिपाठीको उपकुलपतित्वमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान गठन भएको थियो । नेपालमा गणतन्त्र भित्रिएपछि राजकीय शब्दलाई राजाको शब्द बुझेर उक्त शब्द नै फालियो । अनि बौद्धिकता, क्षमता र प्राय प्राज्ञिक तत्त्व नै नभएका दलका कारिन्दा अथवा भनौं कार्यकर्तालाई प्राज्ञ बनाएर त्यस पवित्र स्थलमा प्रवेश गराइयो । जसले गर्दा असली प्राज्ञ भेट्न घरघरतिर जानुपर्ने भयो अनि दलका कार्यकर्ता भेट्नुपरे प्रज्ञाप्रतिष्ठानतिर लाग्नुपर्ने भयो । यसरी नेपालको इतिहासमा नै सबैभन्दा दुर्भाग्य र लाजमर्दो प्रज्ञाप्रतिष्ठानको गठन भइरह्‍यो । यस युगले त्यस युगका केदारमान व्यथितदेखि माधव घिमिरेसम्म र ईश्वर बरालदेखि वासुदेव त्रिपाठीसम्मको नेतृत्व, प्राज्ञिक स्तर र बौद्धिक क्षमताको तिर्सना जगाइरह्‍यो । वास्तवमा त्यस युगको प्रतिनिधित्व गर्ने कुलपतिदेखि उपकुलपतिसम्मको सिर्जनात्मक प्रतिभाको नापो नेपाल प्रज्ञाप्रतिष्ठानका गणतान्त्रिक कुनै पनि कुलपति र त्यसमुनिका पदहरूसँग नापिन नै सकिँदैनथ्यो ।

केदारमान व्यथित र माधव घिमिरे महत्त्वाकाङ्क्षी पनि थिए । व्यथितचाहिँ आफूलाई प्रखर राजनीतिज्ञ ठान्थे भने घिमिरे भने आफूलाई कविशिरोमणि नै ठान्थे । यसरी उनीहरूको महत्त्वाकाङ्क्षा चुलिनु पनि गलत थिएन । किनभने व्यथितमा साहित्यको भन्दा राजनीतिकै बोलबाला अधिक थियो । अनि माधव घिमिरे पनि आफ्ना गुरुहरूलाई माथ गर्ने नै भइसकेका थिए ।

केदारमान व्यथितकै सक्रियतामा नेपालमा साहित्य सम्मेलनको सूत्रपात भएको थियो र उनैले घरीघरी साहित्य सम्मेलनहरू पनि गरिरहे । व्यथितमा आफूभन्दा अनुज पुस्ताका सर्जकहरूप्रति पनि असीम प्रेमको भावना थियो । वृद्धावस्थामा पुगिसक्ता पनि व्यथितले आफ्नै निवास काठमाडौँको ज्याठामा साहित्यिक कार्यक्रम र स्रष्टाहरूका सम्मानमा बेलाबखत दिवाभोज र रात्रिभोजको आयोजना गरिरहन्थे । जीवनको अन्तिम समयसम्म पनि उनमा रहेको ऊर्जा उल्लेखनीय थियो । उनी साहित्यिक सङ्गठन गर्न धेरै सिपालु थिए । राजनीतिमा धेरै समय दिए तापनि उनी साहित्य भनेपछि मरिमेट्थे । त्यस बेला चित्त नबुझेको कुरामा पनि राजारानीबारेको दुखेसो पोख्न पाइँदैन थियो । त्यसैले व्यथित आफन्तका कानकानमा र घरभित्र राजारानीको पनि कुरा काट्ने गर्थे । अर्कातिर माधव घिमिरेचाहिँ राजारानीको पनि वकालत गरिदिन्थे । तर उनले सिर्जनाबाहेक सङ्गठनचाहिँ गरेनन् । भनौँ, उनीमा व्यथितको जस्तै साहित्यिक गतिविधि न्यून थियो ।

माधव घिमिरेका सिर्जनामा राष्ट्रप्रेमको उज्यालो प्रशस्त मात्रामा थियो । 'गाउँछ गीत नेपाली' जस्ता कालजयी गीतका सर्जक र 'राष्ट्रनिर्माता' जस्तो खण्डकाव्यको सिर्जना गरेर घिमिरेले नेपालीधरामा आफूलाई सुप्रबल राष्ट्रवादी कविका रूपमा स्थापित पनि गराएका थिए । वास्तवमा आधुनिक नेपालको जनमानसमा राष्ट्रप्रेमको भावना जागरण गराउने प्रमुख भूमिका पनि घिमिरेले नै निर्वाह गरेका थिए ।

माधव घिमिरेको राष्ट्रवादी पृष्ठभूमिका विषयलाई लिएर एक दिन इन्दिरा प्रसाईले मसँग एउटा प्रस्ताव राखेकी थिइन्, 'घिमिरे हाम्रा राष्ट्रकवि हुन्, उनलाई हामीले राष्ट्रकवि नै मान्नुपर्छ र भन्नुपर्छ । अनि मैले पनि उनका कुरामा बूढी औँला थिचिदिएँ । त्यसपछि

केदारमान व्यथितलाई उपाधि के दिने भन्ने हामीमाझ सल्लाह भयो । उनी राजनीतिज्ञ पनि भएको हुँदा उनलाई 'राजकवि' भन्नु उपयुक्त हुन्छ भन्ने हामी दुवैले ठहर गर्‍यौँ । त्यहीअनुसार उनीहरूलाई हामीले 'राजकवि' र 'राष्ट्रकवि' भन्न पनि थाल्यौँ र लेख्न पनि थाल्यौँ । हाम्रो अभियान सुनेर दुवै कविहरू पनि खुसी देखिन्थे ।

२०५३ साल असोज २७ गते नइ प्रकाशनको विधिवत उद्घाटन माधव घिमिरेले गरे (संस्थाको स्थापनाचाहिँ २०५२ साल माघ १५ गते भएको थियो) । त्यस बेला इन्दिरा र मैले उनलाई राष्ट्रकवि भनेर पहिलोपल्ट औपचारिक सम्बोधन गर्‍यौँ । त्यसपछि पनि हामी त्यही लहरमा लहरिँदै हिँड्न थाल्यौँ । त्यही क्रममा मैले व्यथित र घिमिरेलाई भनेको थिएँ– 'हामी राजालाई जाहेर गरेर पनि राजकीय स्तरबाट तपाईंहरूलाई राजकवि र राष्ट्रकवि घोषणा गराउँछौँ ।' त्यसपछि घिमिरेले चाहिँ हामीमाझ आफ्नो मन खोलेका थिए– 'मेरा लागि चाहिँ कविशिरोमणि या राष्ट्रकविमध्ये एउटा उपाधि जाहेर गरिदिनुपर्छ । मलाई मन परेको उपाधिचाहिँ कविशिरोमणि नै हो ।'

रानी ऐश्वर्यसँग मेरो राम्रै सम्पर्क थियो । त्यसैले मैले रानी ऐश्वर्यलाई यसबारेको बिन्तीपत्र चढाएँ । त्यस बेला रानीबाट हुकुम भएको थियो– '२०४६ सालपछि राजदरबारबाट उपाधि दिन नपाइने भएको छ । अब मन्त्रिमण्डलले नै त्यस्तो काम गर्छ ।' रानीका कुरा सुनेर त्यस घडी मेरो मुख सुक्न थालिसकेको थियो । हामी हाम्रो योजनामा सफल भइरहेका थिएनौँ तापनि व्यथित र घिमिरेलाई हामीले राजकवि र राष्ट्रकवि भन्न र लेख्न छाडेका पनि थिएनौँ ।

सूर्यबहादुर थापा प्रधानमन्त्री भएका बेला २०५४ सालमा यसबारे मैले थापाका भाइ नगेन्द्र थापालाई गुहारेँ र माघ ७ गते यही प्रस्ताव बोकेर म प्रधानमन्त्रीसमक्ष पुगेँ । प्रधानमन्त्री थापालाई मेरो कुरा चित्त बुझेछ । अनि उनले 'लेखेर दिनुहोस् न !' भनेपछि

हामीले नइ प्रकाशनबाटै लेखेरै निवेदन दियौँ । इन्दिरा र मेरा बीच सल्लाह भएअनुसार लेखनाथ पौडयालको उपाधि नै किन फेरि प्रयोग गर्ने ! 'कविशिरोमणि'को उपाधि लेखनाथ पौडयालकै नाउँमा रहोस् । त्यसैले हामीले व्यथित र घिमिरेलाई 'राजकवि' र 'राष्ट्रकवि'को उपाधिका लागि अनुरोध गरेका थियौँ । तर हामीले दिएको निवेदन कार्यान्वयन नहुँदै सूर्यबहादुर थापाको प्रधानमन्त्रित्व समाप्त भयो । अनि केही महिनापछि भनौँ, २०५५ साल भदौ २६ गते व्यथितको पनि स्वर्गारोहण भयो ।

२०६० सालमा सूर्यबहादुर थापा पुनः प्रधानमन्त्री भए । त्यसै बेला मदनमणि दीक्षितको संयोजकत्वमा 'माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति'को गठन पनि भयो । त्यस समारोहमा इन्दिरा सदस्य र म सल्लाहकारमा राखिएका थियौँ । त्यसैले उक्त समारोह समितिमा पनि हामीले माधव घिमिरेलाई 'राष्ट्रकवि' सम्बोधन गरिनुपर्छ भन्नेबारेको प्रस्ताव लगेका थियौँ । त्यस बेला समितिको बैठकमा हामीले भनेका थियौँ– 'छ वर्षअघि हामीले प्रधानमन्त्री सूर्यबहादुर थापासमक्ष माधव घिमिरेलाई 'राष्ट्रकवि'को उपाधिका लागि प्रस्ताव लगेका थियौँ । उहाँलाई हाम्रो प्रस्ताव पनि मन परेको थियो । अहिले फेरि उहाँ नै प्रधानमन्त्री हुनुभएको समय छ । समारोह समितिबाटै पनि हामीले यो प्रस्ताव लग्यौँ भने यसले साकार रूप लिन सक्छ ।' तर समितिले हाम्रो मागलाई टेरपुच्छर नै लगाएन । कतिसम्म भने 'माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति'को आयोजनामा असोज ७ गते प्रधानमन्त्री सूर्यबहादुर थापाबाट घिमिरेलाई अभिनन्दन पत्र दिइँदाको समारोहमा भने न कुनै पदाधिकारीले घिमिरेलाई राष्ट्रकवि भनेका थिए न त प्रधानमन्त्रीबाटै उक्त शब्दको उच्चारण भएको थियो । त्यस समारोहका सञ्चालक (उद्घोषक) इन्दिरा प्रसाईले भने पूरै समारोह अविधिभर पटकपटक

राष्ट्रकवि, राष्ट्रकवि र राष्ट्रकवि भनिरहेकी थिइन् । समारोहको भिडियो हेरेपछि दङ्ग पर्दै घिमिरेले इन्दिरासँग भनेका थिए– 'ओहो ! मेरो अभिनन्दनका बेलामा तपाईंले त सुरुदेखि अन्तिमसम्म मलाई राष्ट्रकवि नै राष्ट्रकवि भन्नुभएको रहेछ । सोही शब्दसमेत वायुमा गुञ्जायमान हुँदैहुँदै ब्रह्माण्डकै जागृतीले समेत मलाई राज्यले राष्ट्रकविको उपाधि दिनै परेजस्तो लाग्यो ।' (२०७५ साल असोज ६ गतेको 'गोरखापत्र शनिबार') ।

कविवर माधव घिमिरेको अभिनन्दन समारोहको समापन कार्यक्रमले हामी नइलाई धेरै चिन्तित बनाएको थियो । समारोहमा प्रधानमन्त्री आएर त एउटै शब्द उच्चारण नगरी खाली हात गए र समितिका कुनै पदाधिकारीले समेत राष्ट्रकविको 'रा' नै पनि उच्चारण गरेनन् भने अब कविवरलाई राष्ट्रकवि बनाउने काम पार लाग्दैन भन्ने हामीलाई लागेको थियो । यतिका वर्षसम्म हामी यसैलाई साकार पार्न एकोहोरो भएर लाग्दा पनि राष्ट्रकविको अर्थ कसैले चाल पाएनन् भनेर हामी दुवैलाई दुक्ख लागिरह्यो । वास्तवमा त्यो रात मलाई निद्रा पनि लागेन । त्यसैले भोलिपल्ट बिहानै सात बजे यसै कामलाई सार्थक बनाउने प्रयासका लागि सूर्यबहादुर थापाका कान्छा भाइ साहित्यकार नगेन्द्र थापालाई भेट्न हामी बालुवाटारतिर लाग्यौँ । नगेन्द्र दाइलाई फेरि सबै कुरा भनेपछि उहाँले 'म दाइसँग भेटाइदिन्छु; अनि भाइबैनीले नै उहाँलाई सबै कुरा भन्नु' भन्नुभयो ।

प्रधानमन्त्री सूर्यबहादुर थापासमक्ष राष्ट्रकविबारेको हामीले २०५४ सालको कुरा पनि स्मरण गरायौँ र उहाँबारेका सबै कुरा खोल्दै गयौँ । 'माधव घिमिरेका नाउँमा त्यत्रो समारोह समिति गठन भएको थियो । त्यस समारोहमा म गएको पनि थिएँ । उनीहरूचाहिँ किन यस भावनामा देखा परेनन् ?' हाम्रो निवेदनमाथि त्यस बेला प्रधानमन्त्री थापाको हामी नइलाई पहिलो प्रश्न थियो । 'हजुरले कुनै हालतमा पनि राष्ट्रकविका लागि निर्णय गरिदिनुपर्‍यो ।' त्यस बेला

अरू केही नभनी मैले प्रधानमन्त्रीसँग त्यही मात्र एकोहोरो निवेदन गरिरहेँ । 'नइको माग अत्यन्तै जायज छ । यस कार्यले साहित्यिक क्षेत्रको गरिमामा वृद्धि हुनेछ' हामीसँगै भएका नगेन्द्र थापाले प्रधानमन्त्रीसमक्ष सिफारिस गर्दै भनेका थिए । हामीले प्रधानमन्त्रीलाई भेटेको भोलिपल्टै अर्थात् असोज ८ गते मन्त्रिपरिषद्को बैठक बस्ने दिन पनि परेछ । कमल थापा र नगेन्द्र थापाका अनुसार 'नइबाट प्रेषित माधव घिमिरेलाई राष्ट्रकविको उपाधिका लागि सूचना तथा सञ्चार मन्त्री कमल थापाले मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव लगेका थिए ।' अनि सोही दिन नै मन्त्रिपरिषद्बाट 'राष्ट्रकवि'को उपाधि प्रदान गर्ने निर्णय भएको थियो । साथै सो निर्णयमा त्यसै दिन तत्कालीन श्री ५ ज्ञानेन्द्रबाट लालमोहर पनि लागेको थियो ।

माधव घिमिरे राष्ट्रकवि भएको बेहोराको सबै सञ्चार माध्यममा समाचार आयो । अनि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव डा.तुलसी भट्टराईको मोटर चढेर उनीसहित इन्दिरा र म माधव घिमिरेलाई बधाई ज्ञापन गर्न असोज ९ गते बिहान उनको निवास लैनचौर पुगेका थियौँ । त्यस बेला मेरा हातमा एउटा भव्य माला थियो । मैले गौरवान्वित हुँदै सोही माला घिमिरेका गलामा पहिऱ्याइदिएँ । इन्दिराले चाहिँ उनलाई अबिर लगाइदिइन् अनि तुलसी भट्टराईले अबिर र फूलले घिमिरेलाई पर्सिदिए । हामीले माल्यार्पण गरिरहँदा माधव घिमिरेका आँखामा खुसीका आँसु छमछमाउँदै थिए । 'नइ भनेका चमत्कार हुन् । यो चमत्कारको फल मैले नै पाएँ । नइ बसेकै संस्थाबाट आजभन्दा पाँच वर्षअघि मैले पाँच लाख रुपियाँ राशिसहित सार्कस्तरीय भूपालमानसिंह कार्की प्रज्ञा पुरस्कार पनि पाएको थिएँ । त्यस बेला मैले पाएको ताम्रपत्रमा नै 'राष्ट्रकवि' लेखिएको थियो । साथै मेरो जीवनमा पाँच लाख रुपियाँ मैले एकमुष्ठ गनेको पनि त्यही प्रथम पटक थियो ।' उनका कृतज्ञताका शब्दले त्यतिखेर हामी पनि भावुक बनेका थियौँ ।

राष्ट्रकवि भएपछि माधव घिमिरेले राष्ट्रकविका लागि पहल गर्ने नगेन्द्र थापा तथा उहाँकी श्रीमती मञ्जु थापा, कृष्णभक्त श्रेष्ठ र हामी नइलाई रात्रिभोजनका लागि उनका घरमा बोलाएका थिए । शान्त रात्रिभोज चलिरहेका बेला उनले हामीमाऊ भनेका थिए– ‘नइ नलागेका भए म कसरी राष्ट्रकवि हुन्थैँ र ?’

# स्रष्टा र साहित्यमा राष्ट्रकविको वाणी



भगवती बस्नेत

**नेपाली हामी रहौँला कहाँ नेपालै नरहे**
**उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे...**

यी गीतका पङ्क्ति सुन्नासाथ हामी राष्ट्रकविलाई सम्झन्छौँ । राष्ट्रकविको उपाधि उनले त्यतिकै पाएनन् । उनले आफ्ना लेखनमा आफू जन्मेको माटो, आफू हिँडेको बाटो, आफ्नो देशको प्रकृति, देशको माया, राष्ट्रप्रेमलाई आफ्नो धड्कन बनाएका छन् । त्यसैले त माधव घिमिरेले राष्ट्रकविको उपाधि पाएका छन् । उनी राष्ट्रका कवि भएका छन् । उनको सान्निध्यमा उनका समकालीन, अग्रज र अनुज पुस्ता सबै रमाएका देखिन्छन् ।

जोकोही आफ्ना सिर्जना लिएर उनलाई भेट्न, आफ्ना सिर्जना सुनाउन लालायित हुन्छन् । सबैको कविता सुन्न उनीहरूको कविताका बारेमा प्रतिक्रिया दिन माधव घिमिरे सधैँ उत्साहित देखिन्छन् । धेरैले आफ्ना कविता सुनाएर उनको सल्लाह, सुझाव ग्रहण गरेका छन् । मैले पनि उनका कविताहरू पढेको छु, गीत सुनेको छु तर भेट्ने अवसर पाएको थिइनँ ।

समकालीन साथीभाइले उहाँसँगको भेटघाट र कुराकानी गरेको सुनाउँदा, सुन्दा मलाई पनि उहाँसँग भेट्ने उत्कट चाहना थियो । म लामो समय वैदेशिक रोजगारमा रहेकाले पनि होला नेपालका उत्कृष्ट साहित्यकारहरूको सामीप्यता कम भएको थियो । समय र परिस्थितिले मानिसलाई जहाँ पुऱ्याए पनि जननी र जन्मभूमिले उसलाई आफ्नो सामीप्यतामा ल्याएरै छाड्ने रहेछ । म पनि केही समयको प्रवासको बसाइलाई बिट मार्दै नेपाल फर्किएँ । साहित्यमा आफ्नो रुचि अनि अग्रज र दिग्गज साहित्यकारहरूबाट केही सिक्न, केही जान्न सधैँ उत्सुक भइरहने मेरो चाहअनुसार एभिन्युज टेलिभिजनमा 'स्रष्टा र साहित्य' साहित्यिक कार्यक्रम चलाउने अवसर पाएँ ।

नेपाली साहित्यका धरोहर जो एक शताब्दी पुगेका थिए । मेरो कर्मको पहिलो पाहुना उहाँलाई बनाउने चाहले म उहाँसँग सम्पर्क गर्न लागेँ तर निकै मुस्किलले उहाँसँग भलाकुसारी गर्ने अवसर जुऱ्यो । त्यस अवसर जुराउने रूपा न्यौपानेको सहयोग अत्यन्त महत्त्वपूर्ण छ । माधव घिमिरेको जेठी छोरी शान्ति दिदीको उहाँले सम्पर्क नम्बर दिनुभयो । छोरीले समय मिलाइदिनुभयो । २०७५ साल असोज ५ गते दिउँसोको १ बजेको समय मिल्यो । आफूले श्रद्धा गरेको मानिससँग कुराकानी गर्ने अवसर प्राप्त भएकोमा निकै उत्साहित थिएँ । उहाँको घरभित्र नै एभिन्युजको गाडी लग्यौँ । घरमा सय वर्षको शताब्दी वर्ष मनाउने तयारी हुँदै थियो ।

वरिपरि फूलहरू फुलिरहेका थिए । फराकिलो आँगन । उच्च स्थानमा रहेको पुरानो तर सुन्दर डिजाइनको घर । हामी उहाँले दिएको समयमै पुगेका थियौँ । त्यहाँ उहाँलाई भेट्न आउने मानिसको भीडभाड थियो । माधव घिमिरेको उठ्ने समय हुँदै रहेछ । हामी उहाँको बैठक कोठामा पस्यौँ । क्यामराम्यान भाइहरू क्यामराको सेटिङ गर्न थाले । मलगायत रूपा दिदी, कान्ति दिज्जु भिनाजुसँग गफिन थाल्यौँ । रूपा दिज्जु र कान्ति दिज्जु गीत, सङ्गीत र रेकर्डिङका कुराकानी गर्दै हुनुहुन्थ्यो । आँगनभरि गीत, सङ्गीत, साहित्यको कुराकानीका लागि विभिन्न ठाउँबाट विभिन्न व्यक्ति आएर बसेका थिए । एक्कासि भऱ्याङमा टकटक आवाज आयो, माथिबाट माधव घिमिरे तल झर्दै हुनुहुँदो रहेछ लट्ठीको सहारामा । उहाँलाई एक सहयोगीले डोऱ्याउँदै बैठकमा ल्याइपुऱ्याए । शरीर बूढो भए पनि राष्ट्रकविको अनुहार उज्यालो थियो, स्पष्ट बोलीका उहाँ निकै फुर्तिलो देखिनुहुन्थ्यो । उहाँ बिरामी परेर भर्खर अस्पतालबाट फर्कनुभएको थियो तर उहाँ बिरामी मानिसजस्तो लाग्दैनथ्यो । कहिले नभेटे पनि उहाँको फोटो हेरेर, उहाँ कार्यक्रममा सहभागी भएका भिडियो देखेर पनि होला उहाँलाई भेट्दा मलाई नौलो मानिस भेटेजस्तो अनभूति भएन ।

'कतिको बोल्न सक्छु, ल सोध्नुस्, के सोध्नुहुन्छ ? तपाईंले कति पढनुभएको छ ? कुन विषय लिनुभएको' भनेर सोध्नुभयो । 'नेपाली लिएर पढेको हो' भन्दा 'त्यसो भए मेरो 'राजेश्वरी' खण्डकाव्य पढेको नै होला' भन्नुभयो । मैले 'हो' भनेँ । फेरि उहाँले 'कुन टेलिभिजनबाट रे ?' भनी सोध्नुभयो, मैले 'एभिन्युज टेलिभिजन' भनेँ ।

माधव घिमिरेका विचार, अनुभव, दर्शन र साहित्यका लागि आउने, जाने मान्छे कहिले टुट्दैन । उहाँले आफ्नो अनुभव सुनाउनुभयो– 'कलासाहित्यले अरूलाई के दियो, दिएन तर मलाई सबै थोक दियो । मैले लेख्न सुरु गर्दा कहिले सोचिनँ कि म एक दिन राष्ट्रकवि बन्छु,

मलाई मेरा समकालीन साथीहरू अनुज पुस्ताहरूको यति धेरै माया पाउँछु भनेर सोचेको पनि थिइनँ तर कलाले कलालाई नै पछ्याउँछ भन्थे, हो रहेछ । आज मैले हिँडेको बाटोमा हजारौँ मानिस हिँडेका छन् । मलाई माया गर्ने, मेरो लेखनीलाई प्रेम गर्ने मानिस देख्दा म खुसीले गद्‌गद हुन्छु । मानिस भएर जन्मिएपछि आफ्नो विचार, दर्शन र आफ्ना वरपर आफ्ना अनुज पुस्तालाई प्रभावित गर्न सक्नु ठूलो कुरा हो ।' उहाँसँगको छोटो अनौपचारिक कुराकानीपछि हामी अन्तर्वार्तातिर लाग्यौँ ।

उहाँले 'कतिबेर लाग्छ म धेरैबेर बोल्न सक्दिनँ होला' भन्नुभयो । उहाँको छोरीज्वाइँले पनि 'उहाँलाई गाह्रो छ' भन्दै हुनुहुन्थ्यो । हामीले कुराकानी सुरु गर्‍यौँ । सुरुमा स्वास्थ्यको बारेमा कुरा भयो । उहाँले 'पूरा स्वस्थ भएको छैन' भन्नुभयो । मैले 'यहाँको यति हँसिलो मुहार, स्पष्ट बोली, फुर्तिलो कुराकानी गराइले त यहाँ पूर्ण स्वस्थ रहेको भान हुन्छ' भनेँ । यति भन्नासाथ उहाँ मन्द मुस्कानका साथ 'यहाँहरूको यस्तै प्रतिक्रियाले मलाई अचम्म लाग्छ । यहाँहरू मसँग कुराकानी गर्न आउनुभयो, सम्झनुभयो । यस्तै माया, सद्‌भावले मेरो आधा रोग ठीक भएझैँ लाग्छ ।' फेरि मैले सोधेँ– 'यहाँले कवितालेखनमा लेखनाथको परिष्कारवादी शैली, लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दवादी शैली पछ्याएर कविता लेखिरहनुभएको छ । उहाँहरूलाई कसरी सम्झनुहुन्छ' भन्दा 'पूर्ववर्ती स्रष्टाहरूको प्रभाव उत्तरवर्ती स्रष्टामा पर्नु स्वाभाविक नै हो । मेरो कविताको शैली कस्तो भने मेरा कविता पढ्दा गीत गाएको हो कि कविता गाएको हो बुझ्न गाह्रो हुन्छ । शैलीको कुरा मात्र होइन । लेखनाथ र लक्ष्मीप्रसादको शैली तपाईंलाई थाहा भए पनि मेरो शैली तपाईंलाई म बुझाउँछु । 'आई कहिले पनि नसकिने चैत वैशाख मेरा, लाई कैले पनि नसकिने प्रीत नौलाख मेरा' भन्दा प्रेम सधैँ हुन्छ । ऋतु आएर कहिले सकिँदैन भने भइहाल्छ नि किन 'चौतारीमा वरपीपलको बोट नौलो

लगाउ छहारीको तलतिर बसी गीत एउटा म गाउँ' यी लाइन भन्नुपऱ्यो भने हाम्रो संस्कृति वनको संस्कृतिबाट अर्थात् प्रकृतिबाट विकसित भएको हो । हामी वरपीपलको पनि विवाह गराउँछौँ । बिहे पनि प्रेमको प्रतीक हो । मेरो कविताले आफ्नै भाव पक्डेको छ ।' फेरि मलाई अर्को कुराले उकुसमुकुस बनायो । उहाँलाई राष्ट्रकवि भनेर कसले पहिला भनेको होला, कसरी उहाँले यो पदवी पाएको होला भन्ने खुलदुली भइरहेको थियो ।

भानुभक्तलाई मोतिरामले चिनाएझैँ माधव घिमिरे राष्ट्रकवि हुन उनको हरेक कवितामा राष्ट्रप्रेम झल्किएको कुरा कसैले त थाहा पाएका होलान् भनेर मैले उहाँलाई सोधेकी थिएँ– 'सबैभन्दा पहिले राष्ट्रकविको उपाधि दिनुपर्छ भनेर कसले भनेको सम्झनुहुन्छ ?' उहाँले एकछिन सम्झिएर 'नइ प्रकाशनको उद्घाटन मैले नै गरेको हुँ । त्यसै बेला नइ दम्पती (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)ले मलाई राष्ट्रकवि भनेको म सम्झन्छु । राष्ट्रकवि नै किटेर सरकारका अगाडिसमेत मेरो नाउँ प्रस्तावित गरेको नइले नै हो । यी चमत्कारी जोडी हुन् । यिनीहरू कुनै काममा लागेपछि त्यो काम पूर्ण गरेर नै छाड्छन् र नै म पनि राष्ट्रकवि बनेँ ।

२०६० सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सभागृहको समारोहमा मेराबारे विभिन्न किसिमको उपाधिको चर्चा भयो । त्यस समारोहमा कसैले मलाई छन्दशिरोमणि, कसैले कविशिरोमणि भने तर इन्दिरा प्रसाईले राष्ट्रकवि नै भनेर सम्बोधन गरेकी थिइन् । त्यस समारोहमा इन्दिरा कार्यक्रम सञ्चालक थिइन । उनले एक पटक मात्र होइन सम्पूर्ण कार्यक्रमभरि राष्ट्रकवि भनिरहिन् । राष्ट्रिय भावनाले भरिएको सिर्जना लेख्ने घिमिरे मात्र हुन् भनेर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले एक पटक मात्र होइन पटकपटक राष्ट्रकवि नै दिनुपर्छ भनेर जोड गरेर लाग्नुभएको थियो । नइ दम्पतीबाट राष्ट्रकवि प्रस्तावित भए पनि मन्त्रिपरिषद् हुँदै राजामा

पुग्नुपर्छ र त्यहाँबाट स्वीकृत भएर आउन समय लाग्छ । राष्ट्रकविको प्रस्ताव राजाबाट पास भएर आउन अलि ढिला हुँदा नरेन्द्रराज प्रसाई तरङ्गित भइरहेका थिए । आउँछ, आउँछ, अवश्य आउँछ भनेर भन्नुहुन्थ्यो तर उहाँले जे भन्यो त्यही स्वीकृत भएर ट्वाक्क त्यही आयो । म त खुसी हुने भइहालेँ, नरेन्द्रराज प्रसाई पनि आफूले भनेको कुरा पास भएकोमा खुसी भए । प्रसाई दम्पती त अन्तर्यामी हुन्– दूरदर्शी व्यक्तित्व हुन् । साहित्यकारहरूलाई नइले योग्यताअनुसारको सम्मान, पुरस्कार, पदवी दिने गर्छन् । म जुन क्षेत्रमा लागेको थिएँ, त्यस क्षेत्रको सबैभन्दा माथिल्लो दर्जा राष्ट्रबाट पाएँ । म पनि राष्ट्रप्रति कृतकृत्य छु ।'

मैले अर्को प्रश्न राखेँ– 'यहाँले साहित्यको विविध विधामा कलम चलाउनुभएको छ; यहाँको विचारमा गीत, सङ्गीत र साहित्यलाई कसरी लिनुहुन्छ ?' 'यसो विचार गर्दा गीत, सङ्गीत र साहित्य भात खाने कुरा होइन । नभई नहुने कुरा पनि होइन । यो त लक्जरीजस्तो कुरा छ तर गहिरिएर सोच्दा यही व्यापक छ । हाम्रो देशमा गीत नगुन्जिएको कहाँ छ भन्नुस् त ! अहिले हाम्रो सात प्रदेशमा नै लोकगीत गुन्जिरहेको छ । देश विकासका लागि पनि साहित्य र गीत, सङ्गीतले सहयोग पुऱ्याएको छ । हाम्रो देश विविध जातजाति भाषाभाषीले भरिएको देश हो । त्यसमा गीत, सङ्गीतको विकासमा विभिन्न सङ्घ संस्था पनि लागिरहेका छन् । हाम्रो गीत, सङ्गीतको क्षेत्र मौलाउँदो छ । साहित्यको कुरा गर्दा पशुपतिमा जानुस् त त्यहाँको शिलामा अझ पनि प्रशस्त लेख भेटिन्छ । धेरै वर्षअघिका पुराना अभिलेख भेटिन्छ । अहिले पश्चिमी जगत्ले पूर्वको उपलब्धिमा सबैभन्दा ठूलो कवि कालिदास र उनको कृति 'शकुन्तला' नाटकको चर्चा सुने र हिन्दुस्तानमा खोज्दा ब्रिटिस इन्डियाले पाएनन् । खोज्दै आउँदा कवि कालिदास र उनको कृति 'शकुन्तला' नाटक नेपालको वीर लाइबेरीमा भेटियो । नेपालको

पुरानो संस्कृति, पुरानो भाषा, नेवारी भाषा र अन्य भाषाहरूको संरक्षण यहाँ पहिलेदेखि भइआएको छ । अर्को कुरा कुनै कलाकारले अत्यन्त सुन्दर मूर्ति कुँद्यो भने त्यसलाई देवताको रूप दिने, मन्दिर बनाउने, गुठी राख्ने, एउटा पुजारी राख्ने, मूर्ति बनाउने कलाकारलाई पनि सम्मान गर्ने परम्परा यहाँ छ । कति राम्रो संस्कृति छ हाम्रो ! ल, भन्नुस् त ! यस्तो देशमा जन्मनु भाग्यको कुरा हो, यस्तो परम्परा चिन्नु नचिन्नु अर्को कुरा हो । आफ्नो परम्परा, संस्कृति, साहित्यलाई मन पराउने, सङ्गीतलाई मन पराउने व्यक्तिहरू, समालोचक, प्रशासक विद्वान् आए भने अरू खुसीको कुरा हो । कला केही होइन भन्ने होइन । मेरो विचारमा साहित्य र कला नै सर्वस्व हो । तपाईं यति राम्ररी सोधिरहनुभएको छ, तपाईं विदुषी पनि हुनुहोला । त्यसो भएकाले भन्छु, भगवान्लाई साक्षात्कार गरेपछि समाधिमा जुन चीज अनुभूति हुन्छ, त्यसलाई ब्रह्मानन्द भनिन्छ । कवितालाई, साहित्यलाई आनन्द भन्दा नि कठोर जस्तो लाग्छ त्यसैले अति सुकुमार रस भन्न सकिन्छ । प्रेमको रस प्रेमको आनन्दभन्दा बढी भिजेको एकदम भिजेको भन्न सकिन्छ । झरी परेर भिज्नु र रुझ्नुमा फरक छ । रुझ्नु भनेको पानीको छिटा पर्नु बाहिरी रूपमा भिज्नु हो, जुन भिजेपछि टकटकाउँछन् तर भिज्नु भनेको भित्रसम्म पुग्नु हो । साहित्यको रस भनेको अति सुकुमार रस हो । राणाकालमा पनि देवकोटा, लेखनाथजस्ता कवि जन्मिए । अहिले पनि अन्तर्राष्ट्रिय क्षेत्रसम्म आवाज पुऱ्याउने कविहरू आइरहेका छन्, आइरहेका छौँ, किन नभन्ने म पनि सय वर्ष पुगेँ भने यति भन्ने अधिकार छ' भन्दै मुस्कुराउनुभयो । मैले उहाँको होमा हो मिलाउँदै 'अवश्य हो' भनेँ । यति भन्दै अर्को प्रश्न गर्न तम्सिएँ ।

'यहाँले लेखेका अनेकौँ कृतिमध्ये कुन कृति मन पर्छ' भन्दा 'कुन कृति मन पर्छ भन्ने प्रश्न सोध्ने, तर ठ्वाट्ट भन्न असजिलो हुन्छ, अरूले हेर्दा तपाईंको पाँचवटा सन्तानमा यो राम्रो यो नराम्रो

भनेर सुस्पष्ट छुट्टयाउँला तर बाउआमाले चाहिँ अलि लाटो लठेब्रोलाई नै राम्रो मान्छन् होला, केही भन्न सकिँदैन । तर पनि जुन कृति पाठकहरूले धेरै मन पराएका छन्, मलाई पनि त्यही मन परेको छ । त्यतिखेर केही कविता वाचन गरिसकेर राष्ट्रकविले मलाई प्रश्न गर्नुभयो– 'मेरो हृदय हल्लिएको तपाईंले महसुस गर्नुभयो कि भएन ?

एउटा स्रस्टालाई मन परेको सिर्जना पाठकलाई पनि मन पर्ने रहेछ भन्ने लाग्यो मलाई । काव्यको काम हृदय रिझाउनु हो । हाम्रो हृदयले सधैँभरि प्रेम मात्र खोज्छौँ, राम्रो मात्र खोज्छौँ तर त्यो मात्र होइन रहेछ । एकदम दु:ख, एकदम करुणा, विरह पनि त सबैले मन पराउने रहेछ । करुणा काव्य विशेषता हो । मान्छेभित्र करुणाको भाव भयो भने समाजका निम्ति काम लाग्छ । अहिले विश्वले मानसम्मान कसलाई गरिरहेछ– बुद्धलाई । किनभने बुद्ध करुणाका अवतार हुन् । त्यसैले सबैले करुणा मन पराउँछन्, सम्झिरहन्छन् । काव्य भनेको चीज अर्कै चीज हो । त्यसलाई प्राप्त गर्न गम्भीर शब्दहरू, सुन्दर शैली भएर मात्र हुँदैन । त्यसमा करुणरस हुनु जरुरी छ । मेरो 'गौरी'मा करुणरस ज्यादा भएकाले नै सबैले मन पराए । मलाई पनि मन पर्छ । मेरो काव्यले एउटा मोड लिएको वास्तविक कविताको सृजन हुन थालेको 'गौरी'बाट नै हो । 'राजेश्वरी'मा गएर त्यसको विकास हुँदै गएको छ ।

अब मलाई सोध्न मन लागेको कुरा थियो, माधव घिमिरे गद्य कवितालाई कविता नै भन्नुहुन्न भन्ने मैले सुनेको थिएँ, त्यसैले मैले 'यहाँले विशेष गरी छन्दमा लेख्नुहुन्छ, छन्दमा नलेख्नेलाई मन पराउनुहुन्न भन्ने सुनेको थिएँ त्यो सत्य हो ?' भनेर सोधेँ । उहाँले 'हो, तपाईंले ठीक भन्नुभयो । मचाहिँ कविताका लागि लय चाहिन्छ, भन्छु । नेपालमा तपाईं गाउँतिर पहाड, मधेस जतातत्तै जानुहुन्छ; लोकगीत सुन्नुहुन्छ भाकामा । मैले कविता लेख्दाखेरिमा

कविता भनेको भाका हालेर पढ्ने चीज हो भनेर सम्झिएको थिएँ । हाम्रो परम्परा पनि हो, छन्द कविता अरूको नयाँ नक्कलचाहिँ भिज्छ कि भिज्दैन, पर्खनुपर्छ आफूभित्र भिजिरहेको चीज प्रयोग गर्न सजिलो हुन्छ । मेरो संस्कारमा आएको हुनाले मैले छन्दमा नै लेख्छु । एउटा समालोचक सायद कृष्ण चन्द्रले भनेका थिए घिमिरेको कविता पढदा लोकगीतजस्तो लाग्छ, लोकगीत सुन्दा कविताजस्तो लाग्छ भनेका थिए । त्यस्तो कसरी भएको हो भने मैले लोकबिम्बहरू टप्प टिप्दा त्यस्तो लागेको हो । लोकबिम्बको आत्मीयताले गर्दा त्यस्तो भएको हो ।'


मलाई अर्को तासकन्दको प्रसङ्ग पनि उहाँसँग सोध्न मन लागेको थियो । तासकन्दमा देवकोटाको भाषण अझै पनि लोकप्रिय मानिन्छ । घिमिरे त्यस बेला देवकोटासँग रूस जाने व्यक्ति थिए । मैले उहाँलाई 'महाकवि लक्ष्मीप्रसाद देवकोटासँग रूस जाँदा तासकन्दमा के भएको थियो, त्यस बेला राज्यले यहाँहरूलाई जरिवाना गरेको थियो भन्ने सुनिन्छ, त्यसबारे केही बताइदिनुस् न' भन्दा उहाँले भन्नुभयो– 'एउटा देशका कविहरू अर्को देशमा गएर राष्ट्रको इज्जत कमाएर फर्केको बेलामा दण्डित हुन नपर्ने हो । भयो, त्यो दु:खद कुरा हो । त्यहाँ पहिलो दिन हाम्रो पालो थिएन, दोस्रो दिन सभामा लक्ष्मीप्रसाद देवकोटा बोल्न थालेपछि सभा नै स्तब्ध भयो । तालीको गड्गडाहट भयो । देवकोटा बोलिसकेपछि पनि लामो समयसम्म ताली बजिरह्यो । मैले पनि लोकगीत सुनाए, उनीहरूले मन पराए र हाम्रो पनि तिमीहरूको जस्तै लोकगीत छ भनें । देवकोटा धेरै ठूलो सान राखेर आफ्नो देश आए । त्यस सम्मेलनमा जान नपाएकाहरूले चुक्ली लगाइदिएका मात्र हुन ।'

मेरो अर्को प्रश्न थियो– 'आजभोलि साहित्यमा पनि विभिन्न किसिमका विकृति भित्रिएको भनिन्छ, यहाँलाई कस्तो लाग्छ ?'

'जसरी एउटा धर्म मान्ने मान्छेले बोल्दाखेरि अर्को धर्मको निन्दा गऱ्यो भने राम्रो मानिँदैन । साहित्यमा लागेको मान्छेले खास गरी कविले पनि आफ्नो चाहिँ राम्रो अर्काको चाहिँ विकृतिमा छ भन्नु उचित होइन । राम्रो नराम्रो भन्ने कुरा समालोचकले भन्नुपर्छ ।' मैले अर्को प्रश्न राखेँ– 'यहाँले गाउँछ गीत नेपाली, फूलको थुँगा बहेर गयो, आज र राति के देखेँ सपनाजस्ता कालजयी गीत लेख्नुभएको छ, यस्तै गीत लेख्न कसरी शब्द चयन गर्नुपर्छ ?' भन्दा उहाँले 'साहित्य र सङ्गीत दुवै भएको गीत कालजयी हुन्छ । मेरो जुन गीतले राम्रो सङ्गीत पाएको छ त्यो गीत बाँचेको छ । गीतको उन्नतिका लागि गीतकार, सङ्गीतकार र गायक जन्मिरहनुपर्छ । हाम्रो लोकगीतहरूले हिन्दी सिनेमा राम्ररी चलेको छ । हामीले हाम्रो लोकगीत सङ्कलन गरेका छैनौँ । लोकबिम्बले हामीलाई आत्मीयता अनुभूत गराउँछ ।'

'नयाँ पुस्तालाई कस्तो सन्देश दिनुहुन्छ' भन्दा उहाँले भन्नुभयो– 'अब सबै चीजको भार नवयुवकहरूको काँधमा पर्छ । नयाँ प्रजातन्त्र, लोकतन्त्र नयाँ चीजले समानताको व्यवहार सिक्नु पऱ्यो । विज्ञानले जसरी उन्नति गरेको छ, कविताले पनि त्यस्तै उन्नति गर्नुपर्छ । कविता पनि नयाँ किसिमको युगसुहाउँदो लेख्नुपर्छ । आफ्नो युगको प्रतिनिधित्व आफैँ गर्नुपर्छ । कालिदास, सेक्सपियर जन्मिएको हजारौँ वर्ष बितिसक्दा पनि ताजै छन् । उनीहरू आफ्नो कृतिमा बाँचिरहेछन् । यदि हामीले वास्तविक कविता पक्डिएर लेख्न सक्यौँ भने उनीहरूजस्तै बाँचिरहन्छौँ, नयाँ बन्न सक्छौँ र हामीले नयाँ बन्नु जरुरी छ ।'

# राष्ट्रकविलाई कोट्याउँदा



भैरव रिसाल

चिरञ्जीवी राष्ट्रकवि माधवप्रसाद घिमिरे हाँसीहाँसी भन्दै हुनुहुन्थ्यो– 'बल्लबल्ल वर्षदिनमा एकपल्ट लाउन पाएको नयाँ भोटो, सुरुवाल र पटुका मासुको बोसोले बरबाद भो ।' २०५५ सालमा रेडियो सगरमाथामा माधव घिमिरेसँग उहाँ केटाकेटी छँदाको बडादसैंको सम्झना गर्दै गर्दा उक्त रहस्य खोल्नुभएको हो । रेडियो सगरमाथा एफएम दक्षिण एसियाकै नाफारहित सामुदायिक पहिलो रेडियो हो । राष्ट्रकवि माधव घिमिरेसँग म कुरा गर्दै थिएँ, पश्चिम नेपालको लमजुङ जिल्ला बाहुनडाँडा पुस्तुनमा उहाँ भोटो,

सुरुवाल र पटुकामा हिँड्ने बेला चौरानब्बे-पन्चानब्बे वर्षअघिको वास्तविकता हो यो । बडादसैँमा टीका लाउन गाउँका सिरानदेखि पुछारसम्मका घरघरै सबै भुराभुरी जाने चलन थियो । छोरीमान्छे भए यसै एकदुई पैसा दक्षिणा दिन्थे । छोरामान्छे भए मासुचिउरा खान दिन्थे । बाहुननानी रहेछन् भने त्यस्तै एकदुई पैसा दक्षिणा पनि दिन्थे । दाजुभाइखलक रहेछन् भने त्यो पनि दिँदैनथे । पैसाको लोभले माधव घिमिरे पनि आफ्ना दौँतरी तीनचार जना बटुली गाउँको घरघरै गएका थिए । टीका लाएपछि मासुचिउरा भने खान दिने चलन थियो । एकदुई घरमा मासुचिउरा खाएपछि पुगिहाल्यो । अरू घरमा दिएको मासुचिउरा पटुकामा थाप्न थालेछन् । अब त्यो पकाएको मासुको बोसो, चिल्लो मसला र फोहोर चुहिएर भोटो सुरुवाल र पटुका बरबाद हुने नै भयो । त्यो जमानामा पुस्तुनमा लुगा धुने साबुन पुगेकै थिएन । छोराको त्यो चालामाला देखेर परिवारका बाआमा, बाजेबज्यै सबै आगो भएर खनिन लागे रे ! कति रोचक घटना सुन्दा पनि रमाइलो । राष्ट्रकविका आँखा नै रसाए, यो आफूले भोगेका सत्यकथा भन्दा भावुकै भए त ।

## चेत आउन अभ्यास नै चाहिने

रेडियो सगरमाथाकै अर्को एउटा कार्यक्रममा फेरि राष्ट्रकवि माधव घिमिरेले कति रमाइलो गर्नुभयो कति । उहाँको प्रकृति र भनाइ सम्झँदा अहिले पनि हाँसो उठ्छ । दसैँको रमाइलोकै चर्चापरिचर्चा हुँदै थियो । कार्यक्रमको निर्धारित समय सकिन लाग्यो । मैले अब पाँच मिनेट बाँकी छ भनेँ– 'माधव घिमिरे सहसा भन्नुहुन्छ, कहाँ समय सकिनु भर्खर तात्दै छु । कुराले अब बल्ल वेग लिन थालेको छ । वेग लिने बेला कहाँ समय सकिनु ।' साँच्चै हो यसरी रेडियो, टेलिभिजनहरूमा अन्तर्वार्ता, कुराकानी गर्ने अभ्यास नबस्दासम्म समयको चेत नआउने रहेछ । आखिर समय भनेको समय नै हो । राष्ट्रकवि भने पनि जसको भने पनि समय तन्किने होइन त । मान्छे परिपक्व पारा केटाकेटी बूढाको ।

## म पाखुरे निम्तोमा

राष्ट्रकवि बूढासँग अर्को घटना । म पाखुरे निम्तोमा गएको थिएँ । नेपाल प्रज्ञाप्रतिष्ठान मुख्य भवनको उत्तरतर्फ छिँडीमा विश्वसाहित्यसम्बन्धी अनुष्ठान थियो । माधव घिमिरे प्रमुख अभ्यागत थिए । डा.तीर्थबहादुर श्रेष्ठ कि नोट स्पिकर थिए । डा.श्रेष्ठले मलाई पनि जाऊँ भने । बोलाएको छैन, जान्न भनैं । उहाँले मलाई चारपाँचवटा निम्ताकार्ड दिएका छन् अरू मान्छे ल्याउन । जाऊँ, न जाऊँ भनेपछि जान्न भन्न नसकेर गएको थिएँ । डा.श्रेष्ठलाई आयोजकहरूले भनेका थिए रे– 'तपाईंले खाएका मान्छे ल्याए हुन्छ ।' आफ्नो नाममा नआएको निम्तोलाई म पाखुरे निम्तो भन्ने गर्छु ।

पाखुरे निम्तोको खाँटी अर्थ बुझ्न गाउँघरतर्फ पुग्नु राम्रो हुनेछ । जग्गाधनीले एक जना किसानलाई मोहीको हैसियतमा जग्गा कमाउन दिन्छ । तर सो औपचारिक मोहीले सो जग्गा अर्का किसानलाई खेती गर्न दिन्छ । दोस्रो किसानले पहिलो मोही किसानलाई तोकिएको बाली बुझाउँछ । त्यो बालीबाट पहिलो मोही किसानले आफूले पाउने गैरकानुनी भाग राखी कबुलबमोजिमको कूत जग्गाधनीलाई बुझाउँछ । त्यो प्रणालीमा खास खेती गर्ने किसान कानुनी मोहीमा पर्दैन, कानुनी मोही पहिलो तहको मोही नै हुन्छ । दोस्रो तहको मोहीलाई पाखुरे मोही भनिन्छ । पाखुरे मोहीको कुनै कानुनी हक रहँदैन ।

## पछिल्लो पङ्क्तिमा नै आँखा लागेको

राष्ट्रकवि माधव घिमिरेले आफ्नो बाल्यकाल एवं बाललीला सम्झँदै गम्भीर कुरा उल्लेख गर्नुभयो । त्यति बेला उहाँ भावुक पनि देखिनुभएको थियो र भन्नुभयो– 'त्यतिखेर पाठशाला स्कुल खोल्यो भने जेल जानुपर्थ्यो ।' त्यसपछि सभास्थल नि:शब्द भयो, गम्भीर भयो र भयो स्तब्ध पनि । कुरो सामान्य थियो । फेरि असी-पचासी वर्षअघिको कुरो हो । नयाँ पुस्तामा अनौठो सन्देश दियो, माधव घिमिरेको त्यो संस्मरणले । 'स्कुल सञ्चालन गरे झ्यालखाना जानुपर्ने !

भट्‌टी र कोठी खोले नि ?' भन्नेजस्ता प्रश्न उब्जिए सहभागीहरूमा । त्यस प्रकारको कुदृष्टिबाट बच्न शासकको नामबाट स्कुल खोल्ने तरिका निकाले शिक्षाप्रेमी महामनाहरूले । तब जुद्धोदय, पद्मोदय, पद्मश्री, त्रिभुवन आदर्श विद्यालयजस्ता विद्यालय खुल्न लागे । त्यही गोष्ठीमा डा.तीर्थबहादुर श्रेष्ठले अर्को मुद्दा उठाउनुभयो । त्यो समय नेपाल सशस्त्र 'जनयुद्ध'को नेतृत्व गर्ने पार्टी नेकपा माओवादीले जातीयताको प्रश्न सशक्त रूपमा उठाएको थियो । प्रदेशहरूको नाम पनि जातको नाममा राखिनुपर्छ भन्ने अडानमा थिए । जस्तै– ताम्सालिङ, मगरात, खस आदि । डा.श्रेष्ठले साहित्यका विविध हाँगाबिँगाका नामोच्चारण गर्दै कला, कृतिहरूको बौद्धिकताबारे चर्चामा प्रवेश मात्र गर्नुभयो । जातीयताको सवालमा एउटा गम्भीर परिस्थिति विकसित हुँदै गरेको वस्तुस्थिति प्रस्तुत गर्दै वनस्पतिशास्त्री तथा संवेदनशील साहित्यकार श्रेष्ठले जिज्ञासा राख्नुभयो– 'म नेवार, मेरी छोरीले क्षत्रीसँग बिहे गरिन्, छोरोले पनि क्षत्रीसँग नै बिहे गरे । अब मेरा नातिनी र नाति के, कुन जातका भए ?' यो जटिल गाँठो कसले फुकाउने ? सभाकक्ष फेरि सन्न भयो । उत्तर कुनै कुनाबाट पनि आएन न त आयो सभाबाटै पनि । अर्को एउटा रोचक प्रसङ्ग पनि उल्लेख गरौँ– 'म त्यो सभास्थलमा पछिल्लो पङ्क्तिमा बसेँ । अघिल्लो लहरमा आउन भन्नुभयो आयोजकहरूले । मैले ठटचौलो भाषामा स्पष्ट भनेँ– म पाखुरे निम्तोमा आएको, त्यसैले यतै बस्छु । पछि आउने प्रसिद्ध साहित्यकार वाङ्मयका साधकहरू, उपासकहरू, चिन्तकहरू पनि त्यसै पछाडिपट्‌टिको मेचमा बस्नुभयो । अन्ततः पछाडिपट्‌टिका लहरहरूमा सबैका आँखा परे ।' मलाई लाग्यो आँखा लाग्न, आकर्षण दिन मञ्च वा अग्रपङ्क्ति नै जरुरी हुँदो रहेनछ ।

## खोइ ध्यान दिएको राष्ट्रकविको स्वास्थ्यतर्फ

वाल्मीकि विद्यापीठ टुकुचाको किनारमा, विद्यापीठको सभाकक्षमा एउटा विमर्श कार्यक्रम 'जयतु संस्कृतम्' संस्थाले आयोजना

गरेको थियो सात वर्षजति अघि; साल, मिति बिर्सें । प्रमुख अतिथि हुनुहुन्थ्यो राष्ट्रकवि माधव घिमिरे । मलाई पनि बोलाएकाले गएको थिएँ । सभाकक्ष सफा थिएन । टेबुलहरू धूलैधूलोले ढाकेको पाएँ । मेचहरू तद्‌विसेक थिए । संस्कृत शिक्षाको जुन ओज, मूर्धन्यता, उच्च सभ्यता, शिष्टता र शालीनताको बयान गरिन्छ । सभाकक्ष त्यो इज्जत धान्ने स्तरको थिएन । त्यहाँ शिक्षण संस्था सुहाउँदा विद्वत्तापूर्ण लामालामा प्रवचन र व्याख्या भइरहेका थिए । नब्बे वर्षमाथिका राष्ट्रकवि ख्वाक्कख्वाक्क खोक्दै थिए । त्यहाँ खानका लागि तातो पानी पनि देखिनँ । उनलाई ओखती खानुपर्छ कि ? चिया खानुपर्छ, पर्दैन ? परे कस्तो चिया, कफी, दूध भएको कि कालो ? चिनी हालेको कि नहालेको ? शौचालय जानुपर्ने नपर्ने जस्ता स्वास्थ्य र निवृत्त हुने मानवस्वभावबारे कसैले वास्ता गरेको देखिनँ । राष्ट्रकविको त्यो उमेर, सभाकक्षको त्यो अवस्था, उहाँको अवस्थाबारे कसैले चासो राखेजस्तो लागेन । त्यस्तो कुनै सङ्केत नै देखिनँ त ! अब मलाई धैर्य भएन र आयोजकमध्येका एक जनालाई बोलाएँ र 'राष्ट्रकविको चिया खाने बेला भयो कि ? अघिदेखि खोकिरहनुभएको छ । सोध्नोस् न' भनेँ शिष्टतालाई उल्लङ्घन गरेरै । उनले सोधे, नभन्दै उहाँलाई चिया खाने मन रहेछ– कालो चिया खाने भन्नुभएछ । चिया ल्याए । उज्यालो मुख लाउनुभयो, खानुभयो, प्रसन्न देखिनुभयो । हाम्रा सभा समारोहहरूमा ज्येष्ठ नागरिकहरूलाई आमन्त्रण गरिन्छ तर आयोजनाहरू ज्येष्ठ नागरिकमैत्री हुँदैनन् । आमन्त्रण गर्दा नब्बे वर्षमाथिकालाई निमन्त्रणा गर्दा ध्यान दिनु जरुरी हुन्छ । सभाकक्ष सफा नहुने, युवा मान्छे, सद्धे मान्छे पनि बिरामी होला जस्ता ठाउँ । चिया खाने, ओखती खाने, फलफूल खाने समय पनि नसोध्ने चलन छ । राष्ट्रकविलाई त्यो धूलो र फोहोरले प्रतिक्रियात्मक रुघा लागे, निमोनिया भए को जिम्मेवार ? भन्ने प्रश्न उठ्दैन । तर हामीकहाँ त्यस्तो प्रश्न गर्ने परिपाटी छैन । तसर्थ हाम्रा सभा समारोहहरू ज्येष्ठ नागरिकमैत्री हुनुपर्‍यो । ज्येष्ठ

नागरिकलाई चाँडै बोलाउने, विशिष्ट अथिति बरु प्रमुख अतिथिलाई ढिलो बोलाउने । ती विशिष्ट व्यक्तित्व झन् ढिलो आउने, ढिलो आएकोमा क्षमा माग्नेजस्ता औपचारिकता पनि पूरा नगर्नेहरू धेरै छन् । यस्ता असभ्य एवं अमान्य व्यवहार तत्कालै हटाउनुपर्‍यो । मान्छे हो बिरामी होला । तर सभा समारोह गर्ने ठाउँहरू पूर्ण सफा र स्वस्थ हुनुपर्‍यो । आमन्त्रितहरूको उमेर हेरी औषधिसेवन, चिया, खाजा खानेजस्ता कुरामा होस पुर्‍याउनुपर्‍यो; कि ज्येष्ठ नागरिक नब्बे वर्षमाथिकालाई निम्तो गर्नै भएन ।

## राष्ट्रकवि तीनधारा पाकशालामा

वर्तमानका राष्ट्रकवि माधव घिमिरे माधवप्रसाद घिमिरेको चिनारीमा विद्यार्थी छँदा घण्टाघर उत्तरतर्फ स्थित तीनधारा पाकशालामा बसेर पढ्नुभएको हो । केही वर्ष त्यो पाकशालामा बसेर रानीपोखरी संस्कृत पाठशालामा पढ्नुभएको हो । तीनधारा पाकशालाको छात्र सङ्गठनले बर्सेनिजसो त्यहाँ बसी पढेका पूर्वविद्यार्थीहरूलाई समेत निम्तो गरी पुनर्मिलन गर्ने, सम्मान गर्ने, आदर गर्ने गर्छ । त्यस्ता समारोह गर्न अनुकूल नपरे भेटघाट, आपसी क्षेमकुशलहरूका कुरा गर्ने अनुकरणीय कार्य गर्ने थिति बसालिएको छ । सात वर्षजति अघि त्यस्तै एउटा भेलामा म पनि थिएँ । राष्ट्रकवि माधव घिमिरे कति प्रसन्न मुद्रामा, कति झरझराउँदो, उज्यालो मुखाकृति ! त्यो भेटघाट पहिलेको पूर्वीया ब्राह्मणहरूको ठूलो भान्छामा गरिएको थियो । मान्छेलाई खुसी गराउन के पो चाहिने रहेछ र ! शिष्ट, विनयपूर्ण व्यवहार, नम्रता र शालीनता भए पुग्ने । माधव घिमिरे बिछट्टै प्रसन्न हुनुभयो । आफू पाठशालाको विद्यार्थी छँदाका रोमाञ्चक क्षणहरू, परीक्षाको तयारी, परीक्षापछिको परिणामको उत्साहपूर्ण प्रतीक्षाका दिनहरू सम्झेर यसो गम्भीर हुन खोजे पनि माधव घिमिरेको मुखाकृति ओजस्वी, प्रफुल्ल रहँदै चिरप्रतिक्षित केके नपाएजस्तो भएको थियो । उहाँले आफ्नो तीनधारा पाकशालाको

उति बेलाको रमाइला, नरमाइला, सहपाठीहरूबीचको मित्रतापूर्ण प्रतिस्पर्धाको विहङ्गावलोकन गर्नुभएको थियो ।

## राष्ट्रकविका मूल्याङ्कनमा म लिम्पियाधुरा

नेपाल वातावरण पत्रकार समूहका केही साथीसहित हामी वातावरणसम्बन्धी कार्यक्रममा धनगढी गएका थियौँ । त्यहाँ अभिनन्दित हुन राष्ट्रकवि धर्मपत्नी महकालीसहित जानुभएको रहेछ । भोलिपल्ट बिहानै होटेल डिभोटीमा अकस्मात् जम्काभेट भयो माधव घिमिरेसँग । उहाँहरू पनि त्यही होटेलमा बस्नुभएको रहेछ । बेलुकी को कता, को कता ! बिहानको सुस्मित, सूर्योदयको मुहूर्त । महाकाली र माधव घिमिरे दम्पतीसँग अप्रत्याशित भेट, उहाँको वात्सल्यपूर्ण– 'कता हो लिम्पियाधुराजी ? के कार्यक्रममा कता ?' मेरो न्वारनको नाम घननाथ; प्रमाणपत्र, नागरिकता र चल्तीको नाम भैरव रिसाल । तर राष्ट्रकविले राख्नुभएको मेरो अर्को थप नाम लिम्पियाधुरा । माधव घिमिरेसँग फोन गर्दा वा भेट हुँदा म सम्झाउँछु र लिम्पियाधुराको नमस्कार भन्छु । उहाँ पुष्टि गर्नुहुन्छ र भन्नुहुन्छ– 'ए लिम्पियाधुरा हो ?' म फेरि भन्छु हो । म हाँस्छु, राष्ट्रकवि मभन्दा बढी हाँस्नुहुन्छ । हामी दुवै मस्तसँग हाँस्छौँ, दुवै दङ्ङ । उहाँ 'पश्चिम किल्ला काँगडा पूर्वमा टिस्टा पुगेथ्यौँ'का रचनाकार, कृतिकार । आज हामीलाई सुगौली सन्धि ( ४ मार्च १८१६) ले पूर्वमा मेची र पश्चिममा कालीभित्र खुम्च्याइदिएको छ । तसर्थ राष्ट्रकवि माधव घिमिरेले मलाई गर्ने गरेको स्नेहपूर्ण सम्बोधन 'लिम्पियाधुरा' नितान्त देशभक्तिपूर्ण लाग्छ । आज सिँगो लिम्पियाधुराभित्र पसी भारतीय पल्टन मेरो मातृभूमिको छातीमा छालाका बुठले कवाज खेल्छ, हान्छ र धूलो उडाउँछ । माथि उल्लिखित कवितामा भारतको अतिक्रमण हुनु धेरैपहिले नै त्यस्तो जीवन्त कविताद्वारा राष्ट्रकविले जुन अखण्ड देशभक्ति एवं सहभागिता जनाउनुभएको थियो, त्यसको निम्ति मुरीमुरी प्रशंसा ।

बूढा किन जर्नेल भएका ? किन हो राष्ट्रकवि माधव घिमिरेले नेपाली सेनाको कुन दर्जाको हो जनरल पद ग्रहण गर्नुभयो । सेनाका निम्ति साँच्चै नै जनरल दर्जा सम्मान, साँच्चै सम्मानको प्रतीक हो । यो पदको आफ्नै परिभाषा छ, मान्यता छ, गौरव छ र गर्वको अनुभूति हुन्छ । तर राष्ट्रको नै सर्वोच्च सम्मान होइन र राष्ट्रकविको सम्मान । त्यो जनरलको दर्जाले उहाँको व्यक्तित्वलाई कायम बनायो कि खुम्च्यायो ? यो प्रश्न आफैंमा जटिल छ, कुटिल छ । त्यो दर्जाको सम्मानले राष्ट्रकविको साहित्यिक एवं वाङ्मय व्यक्तित्व माथि उचाल्यो कि तल खँगाऱ्यो । निर्मल तथा कठोर चिरफार जरुरी ठान्छु । राष्ट्रकवि घिमिरे कुनै पनि सार्वजनिक उत्सव वा समारोहहरूमा प्रमुख अतिथि हुनुभएको बेला आफूभन्दा माथिल्लो दर्जाको जर्साप सवारी भए, हाम्रा बूढाले उठेर फुर्तीसित सलाम गर्ने कि नगर्ने ? एउटा जिज्ञासा ! राष्ट्रकवि जर्नेल भएकै दिन मेरा एक जना परममित्रले सोध्नुभयो– 'दाइ, राष्ट्रकवि बित्नुभएको बेला सागरमा जाने कि नजाने ? जर्सापको अन्त्येष्टि पूरा सैनिक विधिपूर्वक भएमा हामीजस्ता असैनिक फ्यानहरूको सहभागिता कस्तो खालको हुने होला !' म अवाक् भएँ, जबाफ भएन । यो भावनाभित्र सेनाप्रति मेरो दुर्भावना वा असम्मान छैन ।

**सुटुक्क भागेका हाकुचा साहूसँग**

माधवप्रसाद घिमिरे सत्रबर्से किशोर नै थिए, ससुराली गाउँको भाषा पाठशालामा पढ्दै थिए । घरबाट सल्लाहले काठमाडौं पढ्न पठाउने लक्षण थिएन । श्रीमतीको सन्दुस खोले सुटुक्क । सात मोहर नगद रहेछ । केही गहना पनि थिए । तर गहना लिन खोज्दा श्रीमतीको मुख सम्झेछन् । त्यसपछि सरक्क सात मोहर झिकेछन् र गाउँकै किरानापसले साहू हाकुचा काठमाडौं जान लागेकाले उसैसँग काठमाडौं हानिएछन् । काठमाडौ सोह्रखुट्टे आइपुगेछन् छैटौं दिनमा । सोह्रखुट्टे पाटी भरिभराउ भएको रहेछ । त्यसैले आसपासको पाटीमा साहू

हाकुचासँगै रात काटे रे । लमजुङ पुस्तुन, बाहुनडाँडा खुदीबेनी भाषा पाठशालाका पण्डित बद्रीनाथ सुवेदी गुरु हुनुहुन्थ्यो । माधव घिमिरेलाई विद्वान् गुरुहरूसँग पढ्ने मन भएछ र सुटुक्क भागेर नेपाल पसेछन् ।

## पश्चिम किल्ला काँगडा पूर्वमा टिस्टा पुगेथ्यौँ

सबभन्दा पछिल्लो घटना जहाँ म राष्ट्रकवि दम्पतीसँग एउटै मञ्चमा बस्ने अवसर पाएँ, त्यो हो मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले माधव घिमिरेको शतवार्षिकीका उपलक्ष्यमा भव्य अभिनन्दन समारोह गरेको थियो । त्यो समारोहमा साँच्चै बूढाबूढी नै कति उज्याला र झिल्के देखिएका ! अर्को घटना– भारतले सुगौली सन्धिअनुसार नेपालको लिम्पियाधुरा क्षेत्रको कालापानी भूभागलाई आफ्नोमा हालेर नक्सा निकाल्यो । त्यही क्रममा सीमा बचाऔँ अभियानले सीमा रक्षाको आह्वानमा राष्ट्रकविलाई समाहित हुन डा.बमहादुर थापा 'जिताली' मार्फत आग्रह गर्दा सहसा तयार हुनुभएछ र भन्नुभएछ– 'मैले उहिले जुगैँमा 'पश्चिम किल्ला काँगडा पूर्वमा टिस्टा पुगेथ्यौँ' लेखिसकेको छु, मेरो पूर्ण समर्थन छ' भन्नुभएछ ।

# जीवन र मृत्युसँग निर्धक्क राष्ट्रकवि



मणि लोहनी

सय वर्ष पुगे उनी ।

अझै उत्तिकै सक्रिय । सम्मानसाथ सबैको मनमा रहेका उनी सबैको मन राख्न खप्पिस छन् ।

माइक उनी बसिरहेकै ठाउँमा पुऱ्याउन खोज्दा मानेनन्– 'म रोस्टममै गएर बोल्छु ।'

'हजुरलाई सजिलो हुन्छ कि भनेर नि ।' मैले भनेँ ।

'यसरी सजिलो खोजेको भए कहाँ अहिलेसम्म रहन्थेँ होला र ?' उनले भनेपछि सबैले ताली पिटे ।

राष्ट्रकवि माधव घिमिरेको अनुहारमा तेज र आकर्षण छ । आफ्नोपनको

आभास हुने आकर्षण र सबैलाई प्रभाव पार्ने उज्यालो । धपक्क बलेको सन्तुष्ट अनुहार ।

पहिलेपहिलेका भन्दा अलि फरक थियो– राष्ट्रकवि माधव घिमिरेको आजको बोली । उनको चिरपरिचित कम्पनयुक्त आवाजको आकर्षण उही थियो । उही थियो अनुहारको भावभङ्गिमा । तर बोलिरहेका शब्दहरू फरक थिए । शब्दका भाव भिन्न थिए । मृत्युको कुरा गरेर उनी जीवनको विशिष्टता बताइरहेका थिए ।

'म सय वर्ष पुगें । मसँग समय कम छ ।' मृत्युको आभाष भएजस्तो गरी उनले भने । केही महिनाअघि राष्ट्रकविको घरमा म पुगेको थिएँ । कुराकानीका क्रममा मृत्युका कुरा ज्यादा भए । 'मृत्युको भय कत्तिको हुन्छ ?' मैले सोधेको थिएँ । त्यतिखेर उनले भनेका थिएँ– 'मैले मर्न डराउनु हुँदैन मणिबाबू । मैले पनि मर्न डराएँ भने त पाप लाग्ला नि मलाई ।'

मलाई आश्चर्य लागेको थियो । मैले जिज्ञासा राखें– 'जीवन जिउन चाहन्छु भन्दा पनि कहीँ पाप लाग्छ त ?'

'मभन्दा निकै साना मानिसहरू मरिरहेका छन् । मेरा समकालीन एकदुई जना बाँकी होलान् । सबै गइसके । यस्तो अवस्थामा म अझै बाँच्न चाहन्छु भन्नु मूर्खता हो । अज्ञानता हो । मलाई त जतिखेर मन लाग्छ त्यतिखेर लगोस् कालले ।'

'थाक्नुभएको हो र जीवनसँग ?'

'थाकेको भए यति फुर्तीसँग तपाईंसँग बोल्थें र म ? तपाईंका कथाका पात्रहरूका कुरा कसरी गर्थें र ? अब के छ र थाक्नु ? सबैले मानसम्मान गरेका छन् । जता गयो त्यतै वाहवाही छ । सबैतिर माया पाएको छु । यस्तो अवस्थामा कसरी थाक्न सकिन्छ ? तर थाकेको छैन भनेर धेरै लोभ पनि त गर्नुभएन नि ।'

कति सुल्झिएका शब्दहरू ! हो, उनी मलाई भेटेका बेला मेरा कविता र कथाका कुराहरू गर्छन् । कथाका मेरा कति पात्रहरूका नाम र संवादमाथि उनले पटकपटक मसँग बहस गरेका छन् । 'अनेक रङ्ग जीवनका' शीर्षकको मेरो कथाको आइते र उनका संवादहरू राष्ट्रकविलाई खूब मन परेका थिए । 'तपाईंका कवितामा भेटिने मृत्युचिन्तन मलाई उत्कृष्ट लाग्छ ।' मलाई भेटेपिच्छे उनी मलाई फुर्काइहाल्थे– 'मान्छे चञ्चल तर कविता गम्भीर ।'

राष्ट्रकविको घरमा म प्राय गइरहन्छु । महिना दुई महिनामा । कति पटक त मैले टेलिभिजनका लागि उनीसँग कुराकानी गरेको छु । एक पटक 'मृत्युसंवाद' भनेर एक घण्टा कुरा गरैं । टेलिभिजनमा त्यो प्रसारण पनि भयो । त्यो 'मृत्युसंवाद' धेरैका लागि जीवन बुझ्न र जिन्दगी बाँच्न प्रेरणादायी बन्यो । जीवनसँग निष्फिक्री रहन सक्ने र जीवनलाई चारैतिरबाट हेर्न सक्ने गुण उनमा मैले महसुस गरेको छु । हरेक भेटमा मैले जीवनप्रतिको उनको सकारात्मक सोचलाई देखेको छु । उनको अनुहारमा देखिने आकर्षण उनको विनम्रता र सकारात्मक सोचकै परिणति हो ।

वि.सं. २०६८ सालको युवावर्ष मोती पुरस्कार मैले र व्याकुल पाठकले पाएका थियौं । लेखनाथ सदनमा पुरस्कार वितरण समारोह थियो । प्रमुख अतिथि थिए राष्ट्रकवि माधव घिमिरे । मञ्चमा हामी दुईलाई दुईतिर राखेर राष्ट्रकवि बसे । दुवैलाई एकसाथ अँगालोमा लिए । अनि मतिर फर्केर सोधे– 'तपाईं कोसँग आएको ?'

'आमा र दाइहरू आउनुभएको छ', मैले भनें । मञ्चमा बसिरहेका राष्ट्रकवि उठेर तल दर्शकदीर्घामा बसिरहेकी मेरी आमासम्म पुगे । आमाले उठेर नमस्कार गरिन् । राष्ट्रकविले नमस्कार फर्काउँदै भने– 'बस्नुस्, बस्नुस् । म एउटा कविको आमालाई सम्मान प्रकट गर्न आएको ।'

उनको हातबाट मैले ग्रहण गरेको मोती पुरस्कारभन्दा सयौँ गुणा ठूलो थियो, उनले मेरी आमालाई गरेको सम्मान ।

०५८/५९ सालताका म चल्तीमा रहेको एउटा राष्ट्रिय दैनिकमा काम गर्थें । त्यसताका कविवरसँग कुरा गर्नुपर्‍यो भनेर लैनचौरस्थित उनको निवासमा गएँ । उनी लमजुङका केही ठूलाठालु र व्यवसायीहरूसँग रहेछन् । मलाई सँगै राखे । सबैसँग परिचय गराए, 'उहाँ पछिल्लो समयको राम्रो कवि । पत्रकार पनि हो । छोटा मीठा कथाहरू पनि लेख्नुहुन्छ ।'

लमजुङका ठूलाठालु र व्यवसायीहरू लमजुङमा उनको प्रतिमा राख्नलाई अनुमति माग्न आएका रहेछन् । उनले मानेनन् । उनीहरूले कर गरे– 'हामीले सबै तयारी गरिसकेका छौँ । खर्च पनि जुटाइसकेका छौँ । हजुरको अनुमति मात्र लिन आएको । अनुमति पायौँ भने तीन महिनामा हामी प्रतिमा राख्छौँ हजुर !'

उनले मान्दै मानेनन् । मनाउन गरिएका अनेक प्रयास विफल भए । निराश भएर फर्किए उनीहरू ।

'किन नमान्नुभएको त आफ्नो प्रतिमा राख्न ?' उनीहरू हिँडेपछि मैले सोधेँ ।

'लेखक कविले आफ्नो प्रतिमा र सालिक पाठकहरूको मनमा बनाउने हो, दोबाटो चौबाटोमा होइन ।' कम्पनयुक्त आवाजमा उनले भने– 'मलाई पाठकका मनमा रहिरहन मन छ । सडक दोबाटोमा उभिन होइन ।'

कविवरप्रतिको श्रद्धा झन् बढ्यो । त्यसो त राष्ट्रकवि माधव घिमिरे मात्र एउटा यस्ता मानिस हुन्, जसप्रति हरेक भेटमा श्रद्धा चुलिँदै गएको छ । जति चोटि भेट्यो त्यति नै चोटि उनीप्रतिको श्रद्धा थप फैलिएको छ । झाङ्गिएको छ । 'म मरेपछि जेसुकै गरून् । तर म बाँचुन्जेल चोक र दोबाटोमा मेरो प्रतिमा कसैले नराखून् ।'

लमजुङवासीले बनाएको त्यो अर्धकदको प्रतिमा अहिले उनको घरको बैठककोठामा सानसँग रहेको छ ।

त्यसैताका हुनुपर्छ । कुनै एक दिन त्यतिकै उनको घरमा पुगेको थिएँ । उनलाई प्रमुख अतिथि बनाउन मानिसहरू आइरहेका थिए । एकै दिन चारवटा कार्यक्रममा प्रमुख अतिथि बस्न उनी राजी भएपछि धर्मपत्नी महाकाली घिमिरे रिसाउनुभयो– 'आफ्नो स्वास्थ्यको पनि ख्याल गर्नुपर्छ नि ।'

'के गर्नु सबैले बोलाउँछन् । नाइँ भन्न मन लाग्दैन । उनीहरूले नै बुझेर नबोलाए हुन्थ्यो ।' मतिर हेर्दै उनले भने ।

त्यो साँझ कार्यालय पुगेपछि मैले एउटा समाचार लेखेँ– 'कविवर घिमिरे जिवित सम्पदा हुन् । उनलाई अझ सृजनशील र स्वस्थ बनाउन कार्यक्रममा धेरै बोलाउनु राम्रो होइन । उनी आफैँ पनि धेरैले मलाई नबोलाओस् भन्ने चाहन्छन् ।'

यो समाचार छापिएपछि उनी खुसी भएर मलाई फोन गरे– 'तपाईंले राम्रो गरिदिनुभो ।'

एक महिनापछि घर पुग्दा धर्मपत्नी महाकाली घिमिरे अझ खुसी भेटेँ– 'बाबूले राम्रो गरिदिनुभो त्यो 'स्पेसटाइम'मा छापिएपछि कार्यक्रममा बोलाउन कम भएको छ ।'

यो अठार वर्षअघिको कुरा हो । तर अहिले फेरि त्यस्तै भइसकेको छ । राष्ट्रकवि एउटा महाकाव्य पूरा गर्न दत्तचित्त छन् । तर उनीसँग समय नै छैन ।


'म सय वर्ष पुगेँ । मसँग समय कम छ ।' उनले भने, 'मेरो समय तपाईंहरूले बचाइदिनुस् ।' उनले अनुरोध भावमा भने–क 'तपाईंहरूले बोलाएपछि मैले कसरी नाइँ भन्नु । तर म एउटा महाकाव्य पूरा गर्न खोज्दै छु । त्यो पूरा गर्न दिनुस् । मसँग साँच्चिकै समय कम छ ।'

हो, सय वर्षको मान्छेलाई कार्यक्रममा बोलाएर दुईतीन घण्टा राख्नु भनेको दु:ख दिनु नै हो । बरु रहर लाग्छ भने उनको निवासमा जान सकिन्छ । सँगै बसेर फोटो खिच्न सकिन्छ । साहित्य, जीवन र दर्शनका कुराहरू गर्न सकिन्छ । तर कार्यक्रममा बोलाउनु र बोल्न लगाउनु त्यति व्यावहारिक होइन कि भन्ने लाग्छ ।

'तपाईंहरूलाई राष्ट्रकविको हातबाट विमोचन गराउन र पुरस्कार ग्रहण गर्न मन लाग्नु स्वाभाविक हो । तर म बूढो कति ठाउँमा जाऊँ ? गाह्रो पनि हुन्छ । फेरि मसँग समय नै कहाँ छ र धेरै ?' उनले फेरि भने ।

उनको अन्तिम वाक्य नमीठोसँग मेरो मनमा गढ्यो– 'फेरि मसँग समय नै कहाँ छ र धेरै ?'

# राष्ट्रकवि उपाधि



माधव वियोगी

राज्यस्तरबाट राष्ट्रकवि र जनस्तरबाट छन्दशिरोमणिको उपाधि प्राप्त गर्नुभएका माधव घिमिरे नेपाली भाषासाहित्यका दीर्घसेवी तथा शतायु उमेरमा पनि सिर्जनात्मक सक्रियता भएका व्यक्तित्व हुनुहुन्छ । धेरै बाँच्नु र सक्रिय जीवन बाँच्नु दुई पृथक् कुरा हुन् । राष्ट्र, समाजका लागि खासै उल्लेख्य काम नगरेका र धेरै वर्ष बाँचेका तथा राष्ट्र, समाजका लागि असल कर्म गरेका र धेरै वर्ष बाँचेका व्यक्तिहरू धेरै छन् नेपालमा । धेरै बाँच्नुलाई केवल संयोग र ईश्वरीय वरदान मात्र भन्न मिल्दैन । धेरै बाँच्ने लालसा र एषणा मलाई पनि छ र मजस्तै अरूलाई पनि छ । जीवनको तारतम्य मिलाएर सुखद क्षण

निम्त्याउँदै सामाजिक मूल्य र मान्यताको सम्मान र परिमार्जनका साथ बाँच्ने प्रयत्न एक पक्ष हुन सक्ला र स्वास्थ्य नै धन हो भन्ने आदर्शको आत्मसात् गर्दै त्यसलाई हरपल जीवनको मूल कर्म बनाउनु अर्को पक्ष हुन सक्ला । यी सन्दर्भमा कसले कुन पक्षलाई कसरी ग्रहण गर्छ र जीवनोचित कर्म गर्छ त्यसमै जीवनको परिवेश निर्धारण हुन्छ ।

माधव घिमिरे उल्लेखित सबै पक्षलाई ध्यानमा राखी जीवन जिउने व्यक्ति हुनुहुन्छ । उहाँ राष्ट्र र समाजसापेक्ष कर्ममा विश्वास गर्नुहुन्छ । यो प्रवृत्ति उहाँमा बाल्यकालदेखि नै विकसित भएको हो । कुसुमाकरका वंशज तथा गौरीशङ्कर र द्रौपदीका पुत्ररत्न माधव घिमिरे पूर्वीय आदर्श र संस्कारमा जन्मे, हुर्केका व्यक्ति हुनुहुन्छ । जन्म सार्थक त्यति बेला हुन्छ जति बेला सुन्दर, सार्थक र समाजोपयोगी क्रियाकलापद्वारा आफू उच्च स्तरको जैवनिक परिवेशमा पदार्पित भइन्छ भन्ने तथ्यलाई उहाँले बाल्यकालमै बुझेको प्रतीत हुन्छ । बाल्यकालदेखि हालसम्म एउटै नैतिक आदर्शको बाटो हिँड्नु र आफ्ना क्रियाकलापद्वारा नेपाली जनमाझमा सुनझैं चम्किरहनुले पनि सो कुरा प्रस्ट हुन्छ । क्रियाकलाप, शैली, व्यवहार, बोलीचाली र लेखनपद्धति सबैमा उहाँले त्यस प्रकारको पूर्वीय आदर्श र मर्यादाको पालना गरेको प्रस्ट देखिन्छ । परिवारबाट उच्च नैतिक उपदेश र संस्कार नपाएका बालबालिकाहरूले भविष्यमा उल्लेख्य प्रगति गर्न सक्तैनन् । भविष्य आफैं सुन्दर र मनमोहक हुने समय होइन । यसलाई सुन्दर, फलदायी, सार्थक र प्रेरणादायी बनाउनका लागि अथक प्रयत्न आवश्यक पर्दछ जसका लागि सङ्घर्षका भावनात्मक झन्डाहरू बोक्नुपर्छ ।

जीवनको राग र विरागको तथ्य राम्ररी बुझेका माधव घिमिरे सार्थक सङ्घर्ष र तिर्सनाका परिपाक सारथि हुनुहुन्छ । रातमा सँगै शयन गरिरहेकी प्रिय पत्नी गौरीलाई छाडेर र मातापिताको ममतासमेत भुलेर सात मोहोर चोरी भाग्नुभएका

माधव घिमिरे त्यसपछिको समयमा साँच्चै आजसम्म नकारात्मक भावनाले कहिल्यै बरालिनुभएन । बरालिनुभयो त उहाँ सचेतताको शिखर चढेर युगलाई नवीन सन्देश प्रवाहका खातिर बरालिनुभयो । जसले समग्र नेपाल र नेपालीको सौन्दर्य बढायो । समयको महत्त्व नबुझ्ने र युगसापेक्ष चिन्तन नगर्ने कोही कसैबाट माधव घिमिरेको जस्तै प्रगति सम्भव छैन । बरालिनुको तात्पर्य नकारात्मक काममा लाग्नु मात्र होइन । कुनै कार्यमा तन्मय भई सरिक भइरहनु पनि बरालिनु हो । जुन बेला व्यक्तिले आफू र आफ्नो कर्तव्य तथा दायित्वलाई राम्ररी बुझ्छ त्यो बेला भित्रैदेखिन् राष्ट्र र समाजका लागि केही गर्छु भन्ने भावना जागृत हुन्छ । यही जागृतिको शङ्खघोषपूर्ण क्रियालाई पनि बरालिनु भनिन्छ । सात मोहोर चोरेर भाग्नुको तात्पर्य भाग्यको उदय भन्नुसिवाय अरू के नै भन्न सकिन्छ र । पैसा चोर्नु बाध्यता र लहडको आवेग होला तर तात्पर्यमा त्यो निजी जीवन, घरपरिवार, समाज, राष्ट्र र विश्वकै रोशनी बन्यो । अर्को दृष्टिले चोराइ र हालको प्रगतिको तुलनात्मक मूल्याङ्कन गर्दा पनि सबै समयसापेक्षित क्रिया बनेका छन् ।

अनुमानमा भन्न सकिन्छ कि माधव घिमिरेले सात मोहोर नचोरेको भए के अहिलेको अवस्थामा पुग्नुहुन्थ्यो ? यही सन्दर्भमा संयोगको कुरा उठाउन सकिन्छ । संयोग सकारात्मक र नकारात्मक दुवै सन्दर्भका हुन्छन् । संयोग यदि नकारात्मक प्रवृत्तिको भयो भने त्यो घातकजन्य र सकारात्मक भयो भने फलमय हुनु स्वाभाविक हो । माधव घिमिरे अहिले फलमय सुखद स्थितिमा हुनुहुन्छ, सकारात्मक संयोगका कारण । परिवेशअनुकूल भएन भने आशातीत लक्ष्य पूर्ण हुन सक्तैन । कुनै पनि कार्य सम्पादन गर्नुपूर्व परिवेशलाई अनुकूल बनाउनुपर्ने हुन्छ । प्रतिकूलताका बाबजुद पनि आशातीत लक्ष्यमा पुग्नु संयोग नै हो । माधव घिमिरेको जीवनमा संयोग कम र तथ्ययोग बढी देखिन्छ । वास्तवमा उहाँले कसैको ललिपप खानुभएन

न त्यो खुवाउने प्रयत्न नै गर्नुभयो । जहाँ आफ्नै बलबुता र सामर्थ्य सीप हुन्छ त्यहाँ मोलाहिजा र तिकडमको जरुरत पर्दैन ।

मलाई लाग्छ– एक्लो सङ्घर्षका एक भरपर्दा उदाहरण हुनुहुन्छ माधव घिमिरे ।

(१)

माधव घिमिरेको राष्ट्रकवित्वका सन्दर्भमा पनि केही लहर सिर्जित छन् । सामान्यतया राष्ट्रको महिमागान गर्ने कवि राष्ट्रकवि हो । अर्को हिसाबले भन्नुपर्दा राष्ट्रका सर्वोत्कृष्ट कविलाई राष्ट्रकवि भनिन्छ । यी दुवै सन्दर्भलाई छाडेर भन्ने हो भने राष्ट्रको कुनै पनि कवि अराष्ट्रिय हुँदैन । राष्ट्र नै कविको सर्वोपरी महत्ता हो । राष्ट्र भन्नु भौगोलिक सीमा, राज्य सरकार, सार्वभौमसत्ता र जनताको समष्टिगत स्वरूप मात्र नभएर त्यसभित्रको भावनात्मक प्रेम पनि हो । यही भावनात्मक प्रेमले माधव घिमिरेलाई राष्ट्रकवि बनाएको हो भन्ने मलाई लाग्दछ । हिजोआज राष्ट्रप्रति उग्र प्रेम देखाइन्छ कविहरूबाट । प्रेम वास्तवमा शान्त र शीतल नै हुनुपर्छ । प्रेम शब्दले उग्रताको छनक दिँदैन । प्रेम चाहे राष्ट्रप्रतिको होस्, चाहे अन्य व्यक्ति वा वस्तुप्रतिको, त्यो सकारात्मक सोचका निम्ति सहायक हुनुपर्छ । प्रेम स्वार्थप्रेरित भयो भने त्यो घातकसिद्ध हुन्छ । माधव घिमिरेको राष्ट्रकवित्व मधुर राष्ट्रप्रेमको दर्बिलो उदाहरण हो । उहाँले राष्ट्रको नाममा जेजति लेख्नुभएको छ तिनका अक्षरअक्षरमा राष्ट्रप्रेम झल्केको छ । उहाँको राष्ट्रप्रेम केवल प्रेमका लागि मात्र नभएर राष्ट्रोत्थानका लागि पनि देखिन्छ । उहाँका राष्ट्रवादी कविताको रसस्वादन गर्दा पाठकवर्गमा एकातिर देशप्रतिको कर्तव्य मुखरित हुन्छ भने अर्कातिर राष्ट्रको महत्त्वबोध प्रकटिन्छ । उहाँका त्यस प्रकारका कवितामा राष्ट्रको प्राकृतिक सम्पदा र तिनको सौन्दर्यात्मक चेष्टा पनि प्रगाढ रहेको पाइन्छ । नेपाल राष्ट्रमा राष्ट्रवादोन्मुख

प्रकृतिका कविता नलेख्ने स्रष्टा कुनै छैनन् । कुनै पनि स्रष्टाका लागि राष्ट्र सबभन्दा ठूलो विषय हो भन्ने मलाई लाग्दछ । माधव घिमिरे त्यसको समग्र प्रतिनिधित्व गर्ने स्रष्टा हुनुहुन्छ । अर्को कुरा के पनि भन्न सकिन्छ भने उहाँ राष्ट्रवादका मात्र कवि हुनुहुन्न । त्यसो त एउटै पक्षमा मात्र विचार प्रकट गर्ने स्रष्टा विश्वमै नहोलान् । माधव घिमिरेको सिर्जनात्मक शक्ति राष्ट्रवादमा जति सशक्त छ; त्यही औसतमा आध्यात्मिक चिन्तन, प्राकृतिक सौन्दर्य (वर्णन, कारुणिकता, नैतिक उपदेश, सामाजिक परिवेशको चित्रण, सामाजिक विकृतिको उद्घोष र प्रेमाभिव्यक्तिको सूक्ष्मतालगायतमा पनि सशक्त छ ।

मूलतः राष्ट्रिय गीतका माध्यमबाट नै माधव घिमिरेको राष्ट्रवादको गति तीव्र र तथ्यपूर्ण भएको पाइन्छ । गीत लयले मात्र मीठो हुने होइन । गतियति जस्तै विषयको तथ्यपूर्ण प्रकाशन गीतमा अनिवार्य हुनुपर्छ । राष्ट्रवाद जडेर रचिएका घिमिरेका गीतमा शब्दतेज, भावतेज, विषयतेज, लयतेज र श्रुतितेजजस्ता पञ्चतेजको समागम पाइन्छ । तेज भनेको यस प्रसङ्गमा आकर्षण हो । उहाँका गीतले वाचक र श्रोता दुवैलाई ढुलुमुलु पारेका हुन्छन् । गीत सुनेपछि राष्ट्रको हितमा समर्पित हुन; विकास र निर्माणमा कुटो, कोदालो, घनगैंची र हलोजुवा बोकेर हिमाल, पहाड र तराई जगाउन; परदेश गमनका पाइला रोकेर जन्मभूमिको माटोलाई सदासदा ढोग्न; पुर्खाहरूको साहसपूर्ण वीरताको अनुसरण गर्दै नेपाल राष्ट्रका नाममा धावा बोल्ने बाह्य र आन्तरिक वैरीलाई मूला काटेझैँ काट्न; उच्च हिमाली शृङ्खला, वनजङ्गल, नदीनाला र देउराली पाखाको सौन्दर्यमा मग्नमस्त हुन र 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' को भावना आत्मसात् गर्न हामीलाई प्रेरित गर्छन् । यिनै सन्दर्भको आडमा मैले उहाँका गीतमा पञ्चतेज पाएको हुँ । मलाई के लाग्छ भने माधव घिमिरेका भन्दा राम्रा कविता रच्ने अन्य स्रष्टा होलान् र नभए जन्मलान् पनि तर राष्ट्रिय गीतमा उहाँतुल्य प्रतिभा 'न भूतो न भविष्यति' भन्दा अतिसयोक्ति नहोला ।

उहाँद्वारा सृजित राष्ट्रभावधाराका गीतले नै उहाँलाई राष्ट्रकवि बनाएको कुरामा म विश्वस्त छु । वास्तवमा बालक, युवा, वृद्ध, धनी, गरिब, नेता, मगन्ते सारा घिमिरेका गीतमा लट्ठिन्छन् ।

(२)

माधव घिमिरे लगभग जीवनभर सर्वाधिक चर्चामा रहनुभएका स्रष्टा हुनुहुन्छ । सकारात्मक कामका कारण चर्चामा आइरहनु चानेचुने कुरा होइन । राष्ट्रकविजस्तै छन्दशिरोमणि पनि माधव घिमिरेको महत्त्वपूर्ण उपाधि हो । जनताका प्रतिनिधि उपस्थित भई गड्गडाहट तालीले कुनै विषयलाई स्विकार्छन् भने त्यो विषय राष्ट्रिय विषय बन्दछ । छन्दशिरोमणि पनि त्यस्तै विषय हो जनताले सहर्ष दिएको उपाधि । महत्त्वपूर्ण कुरा त के छ भने नइ (नरेन्द्र र इन्दिरा) सूत्रधार भई सरकारले दिएको उपाधि राष्ट्रकवि र म स्वयम् सूत्रधार भई जनस्तरबाट दिइएको उपाधि छन्दशिरोमणि शीर्षकमा महाकाव्य रचना भएका छन् । 'राष्ट्रकवि' शीर्षकमा पूर्णप्रकाश नेपाल 'यात्री' ले र 'छन्दशिरोमणि' शीर्षकमा म स्वयम्ले महाकाव्य लेखेर उहाँको उच्च सम्मान गरेका छौँ । त्यस्तै गरी ओमवीरसिंह बस्नेतले पनि 'माधव घिमिरे' शीर्षकमा महाकाव्य लेख्नुभएको कुरा पनि स्मरणीय छ यहाँनेर । उहाँलाई नायक बनाएर तीनतीनओटा महाकाव्य जीवित अवस्थामै लेखिनु अर्कै महत्त्वपूर्ण कुरा हो । पछि अरू महाकाव्य पनि लेखिन सक्छन् । यस हिसाबले पनि उहाँ भाग्यमानी स्रष्टा हुनुहुन्छ ।

(३)

माधव घिमिरे गुणस्तरीय काव्य सिर्जनाका कवि हुनुहुन्छ । महत्त्वपूर्ण कुरा त के छ भने उहाँ एउटै प्रवाहमा कविता लेख्नुहुन्छ । उहाँद्वारा रचित पहिलो कविता र उहाँले हाल लेखेका कवितामा एउटै स्तर पाइन्छ । छन्द, रस, अलङ्कार, भाषा, शैली, कथनपद्धति, शब्दचयनलगायतमा सुरुका कविता र हालका कवितामा खासै भेद

पाउन सकिन्न । काव्यधाराको वर्गीकरणमा उहाँलाई स्वच्छन्दवादी कवि भनिए पनि मूलत: उहाँ परिष्कारधर्मी हुनुहुन्छ भन्ने लाग्छ । त्यो परिष्कारधर्मिता उहाँका लगभग सबै कवितामा पाइन्छ । उहाँको पहिलो कविता रामलाल भन्ने एक व्यापारीका बारेमा थियो भनिए तापनि त्यो प्राप्त हुन सकेको छैन । वि. सं. १९९२ मा 'गोरखापत्र' मा छापिएको 'ज्ञानपुष्प' शीर्षकको कवितादेखि हालसम्मको लेखन हेर्दा उहाँको प्रवाहमा एकरूपता पाइन्छ । यस्तो हुनुको पछाडिको मूल कारण सिर्जित रचनालाई बारम्बार वा वर्षौंसम्म पनि हेरिरहने र मिलाइरहने प्रवृत्ति नै हो । लेखिरहेको सामग्रीको विषय उपयुक्त छ वा छैन, त्यसको सामाजिक प्रभाव कस्तो हुन्छ, कसैप्रति लक्षित छ वा छैन, अघिल्लो रचनाभन्दा नराम्रो बन्यो कि जस्ता चिन्तनबिना परिष्कारधर्मी रचना रच्न सकिँदैन । उहाँको जीवन नै परिमार्जित छ । खानपान, काम गराइ, रहनसहन, बोलीवचन, सम्पर्क, भेटघाट आदिमा उहाँ कहिल्यै हताशपना देखाउनुहुन्न । अर्को महत्त्वपूर्ण कुरा के छ भने उहाँ लोकप्रिय हुनका लागि कुनै पनि काम गर्नुहुन्न । उहाँको मन यति परिमार्जित छ कि अनावश्यक कुरा सोच्दै सोच्नुहुन्न । उहाँले धेरैका कृतिमा भूमिका, शुभकामना वा मन्तव्य लेख्नुभएको छ । ती सामग्रीमा उहाँले कहीं कतै अनावश्यक प्रशंसाका कुरा लेखेको पाइँदैन । कृति ओजपूर्ण वा गुणस्तरीय नभए त्यस्ता कृतिमा उहाँले केही नलेखेर सुझावसहित फर्काइदिएका प्रसङ्ग पनि प्रशस्त छन् । जो पायो उहीको कृतिमा मन्तव्य लेख्दा आफ्नै ओज घट्ने सोचाइकै कारण हुन सक्छ त्यसो गर्नुको ।

(४)

माधव घिमिरेले जीवनमा राम्रैराम्रो र गुणस्तरीय साहित्य सिर्जना गर्नुभयो । त्यसो हुँदाहुँदै पनि निर्विवाद स्रष्टा भने हुन सक्नुभएन । राष्ट्रवाद नै उहाँको लेखनको वाद बन्यो । उहाँको विशिष्ट साहित्यिक योगदानको कदर गर्दै देशभर अभिनन्दनको

लहर चल्यो । उहाँ महान् स्रष्टा भएको मूल्याङ्कन पनि भयो । तर केही व्यक्तिले उहाँलाई बुर्जुवा कवि भने, केहीले कवि नै होइनन् भने र केहीले चाकडीवाज भने । वास्तवमा उहाँ वर्तमान युगले जन्माएका होनहार कविप्रतिभा हुनुहुन्छ । भविष्यमा यस्तै प्रतिभा जन्मन कठिनै छ । आखिर किन यस्तो भयो त ? यो बुझ्न असहज छैन । हो, उहाँ राणाकालमा जन्मेर पञ्चायतकालमा हुर्कनुभयो, प्रजातन्त्रकालमा उचाइमा पुग्नुभयो र अहिले गणतन्त्रकालमा सय वर्ष पूरा गर्नुभयो । राणाकाल र पञ्चायतकालभन्दा प्रजातन्त्रकाल र गणतन्त्रकालमा नै उहाँले ठूला पुरस्कार, मानसम्मान र उपाधि पाउनुभयो । राज्यले उहाँको विशालता र उचाइलाई स्विकारेको छ । उहाँको विरोधमा उत्रनु र लेख्नु भनेको प्रगतिको डाहा गर्नु हो, आफ्नै ओज घटाउनु हो वा पाखण्डी चरित्र देखाउनु हो ।

(५)

माधव घिमिरेलाई महाकवि बन्ने बहुत ठूलो धोको छ । त्यसैले त उहाँ 'ऋतम्भरा' महाकाव्य रच्दै हुनुहुन्छ । कुनै बेला महाकाव्यको युग गयो, महाकाव्यका पाठक छैनन् भन्ने घिमिरेमा महाकाव्यको युग गएको छैन, यसका पाठक छन् भन्ने सोच आउनुको पछाडि उहाँ आफैँ महाकाव्यको नायक बन्नु र थप इतिहास रच्न खोज्नु अवश्य हो । उहाँ महान् कविका रूपमा पुजित हुँदै हुनुहुन्छ अब महाकविका रूपमा कति पुजिनुहुन्छ त्यो हेर्न बाँकी नै छ । एक भेटमा मैले उहाँलाई भनेँ– 'महाकाव्य लेख्दै हुनुहुन्छ भन्ने हल्ला छ, हजुरको महाकाव्य हालसम्म प्रकाशित महाकाव्यभन्दा भिन्न खालको र ओजपूर्ण हुनुपर्छ नि ! सामान्य महाकाव्य त हामीले नै लेखेका छौँ ।' उहाँले प्रतिउत्तरमा भन्नुभयो, 'तपाईंले मेरो विषयमा 'छन्दशिरोमणि' महाकाव्य लेखिदिएपछि मैले पनि कसैको विषयमा लेखेर गुन लाउन परेन त ? तपाईंले नै प्रेरित गरेको त हो मलाई ।' मैले फेरि उहाँमा यस्तो प्रश्न तेसारेँ– 'निकै वृद्ध हुनुभयो, बल्ल लेख्न

सुरु गर्नुभएको छ, २००२ सालमा सुरु भएको र थन्क्याइएको विषय हो भन्ने पनि सुनेको छु । पहिला के कति लेखिएको थियो ? पूरा गर्न कठिन भयो भने त्यसलाई पूरा गर्ने सौभाग्य मैले पाउनुपर्छ है । बाँकी विषय मलाई बताइदिनुभयो भने म पूरा गर्न सक्छु ।' उहाँ केहीबेर गम्भीर बन्नुभयो र भन्नुभयो– 'मैले तपाईंजस्ताको सङ्गत गर्न पाएको छु । तपाईंको जस्तो महानता कसले देखाउन सक्छ र ? महाकाव्य लेख्न आँटिहालेँ, हात काम्छन्, पहिलेको जस्तो कलम तेज छैन । कति बाँच्छु ? भरसक म आफैँ पूरा गर्छु, सकिनँ भने पूरा गर्ने जिम्मा तपाईंकै भो । तपाईंको यो भनाइले पनि मलाई थप हौसला दिएको छ । तपाईंलाई धन्यवाद छ ।'

महाकवि देवकोटाभन्दा दस वर्षपछि जन्मनुभएका माधव घिमिरेमा देवकोटा महाकवि बनेकोमा ईर्ष्या लागेको पनि हुन सक्छ वा त्यस कर्मबाट प्रेरणा लिएको पनि हुन सक्छ । अर्को कुरा वर्तमानमा महाकाव्य लेखनमा आएको तीव्रतालाई उहाँले सकारात्मक र आवश्यक विकासको रूपमा लिएको पनि हुन सक्छ । मलाई प्रस्ट सम्झना छ कि मैले सञ्चालन गरेको महाकाव्यलेखन अभियान (२०६० सालको घोषणापत्र) लाई उहाँले नयाँ युग ल्याउने सशक्त प्रयत्न भन्नुभएको थियो । हरेक वर्ष एक महाकाव्य रच्ने मेरो प्रतिबद्धतालाई उहाँले आशालाग्दो प्रतिभाको कठोर तपस्या भन्नुभएथ्यो ।

(६)

नेपाली साहित्यको श्रीवृद्धिका निम्ति आफ्नो उच्चतम सिर्जनसीप खर्चेर उल्लेख्य योगदान पुऱ्याउने निकै थोरै व्यक्तित्वभित्र अब माधव घिमिरे पनि पर्नुभएको छ । पचासी वर्षभन्दा लामो साहित्य साधना गरेर उहाँले आफूलाई सबैभन्दा लामो समयावधिसम्म सक्रिय साहित्यिक जीवन बिताउने व्यक्तित्वका रूपमा समेत स्थापित तुल्याउनुभएको छ । जीवितावस्थामा सबैभन्दा बढी सम्मान पाउने सम्भवत: उहाँ नै प्रथम व्यक्तित्व हुनुहुन्छ । साहित्यिक

जनमानसबाट छन्दशिरोमणि र तत्कालीन श्री ५ महाराजाधिराजबाट राष्ट्रकविको उपाधि प्राप्त गर्नु, राष्ट्रिय स्तरमा अभिनन्दित हुनु, कविको पर्यायको रूपमा रहनु र उहाँको जीवनीमा आधारित महाकाव्यसमेत रचना हुनु, उहाँको सम्मान र उचाइका आधारहरू हुन् । यसो भन्न सकिन्छ कि माधव घिमिरेले राष्ट्रलाई जति ठूलो गर्नु लगाउनुभयो त्यति नै ठूलो मान, प्रतिष्ठा र उचाइ प्राप्त गर्नुभयो । 'केही गरे केही हुन्छ' भन्ने सदोक्तिका भरपर्दो र प्रत्यक्ष उदाहरणका रूपमा राष्ट्रकवि माधव घिमिरे रहनुभएको छ भन्दा अत्युक्ति नहोला । कुनै बेला महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम, धरणीधर कोइराला, सिद्धिचरण श्रेष्ठलगायतका उच्चतम काव्य व्यक्तित्वका समकालीन भएर काव्य लेखनमा जुट्नुभएका घिमिरे वर्तमानका थुप्रै प्रतिभाहरूका प्रेरणावीज एवम् आस्था र श्रद्धाका प्रतीक पनि बन्नुभएको छ ।

(७)

इतिहासको लामो कालखण्डमा उहाँले निरन्तर साधना मात्र गर्नुभएन कि आफूलाई परिमार्जित पार्दै ल्याउनुभयो र प्रतिफलस्वरूप आजको उचाइ प्राप्त गर्नुभयो । नहतारिनु वा नमात्तिनु, नआत्तिनु, समान व्यवहार गर्नु, अरूका गुनको कदर गर्नु, स्पष्ट बोल्नु र जीवनशैलीलाई सरल बनाउनु उहाँका परिचयका आधार हुन् । उहाँले जसरी कवितामा छन्दको प्रयोगलाई सरलीकृत गर्नुभयो त्यसरी नै उहाँको जीवनशैली पनि विकसित भयो । देशका हरेक जनसाधारण, बुद्धिजीवी, प्राध्यापक, वकिल, पत्रकार, शिक्षक, उद्योगी, व्यापारी, कृषक, विद्यार्थी इत्यादि सबैका प्रिय व्यक्तित्व राष्ट्रकवि घिमिरे हुनुहुन्छ । साथै उहाँ धेरैका आँखाको नानी बन्नुभएको छ । यो वास्तवमा चानेचुने कुरा होइन ।

माधव घिमिरेलाई राष्ट्रकविको उपाधि दिलाउन कसले, कहाँबाट, कस्तो किसिमको पहल गऱ्यो त्यो खोजी र चर्चाको विषय हुनु स्वाभाविक नै हो । यति बेला राष्ट्रकविको उपाधि दिलाउन प्रयत्न गर्ने 'म हुँ वा हामी हौँ वा हाम्रो संस्था हो' भन्नेहरू थुप्रै निस्केका छन् । हुन त घिमिरे आफ्नै योगदान र विशिष्टताबाट राष्ट्रकवि बन्नुभएको हो, यसमा सन्देह छैन । र पनि व्यक्तिविशेष र संस्थाले के कस्तो प्रयत्न वा पहल गरे भन्नेतर्फ चर्चा परिचर्चा हुनु, टीकाटिप्पणी गर्नु वा ध्यानाकर्षण गर्नु, गराउनु सचेत नागरिकको कर्तव्य हो । माधव घिमिरेका ८० प्रतिशतभन्दा बढी काव्यकृति वा रचना राष्ट्रिय सचेतनाबाट अभिप्रेरित छन्, लेखिएका छन् । घिमिरेको प्रथम चरणकै कविता 'राष्ट्रिय झन्डा'मा पाइने राष्ट्रवादी स्वर वा राष्ट्रचेत अत्यन्त गम्भीर छ, संवेदनशील र प्रगाढ महत्त्वपूर्ण छ । उक्त कविताबाट के कुरो प्रस्ट हुन्छ भने घिमिरे राष्ट्रकै प्रेरणाबाट वा राष्ट्रको गौरवप्रति घनिष्ठताको सहयोगबाट कवि बन्नुभएको हो । घिमिरेका निम्ति राष्ट्रभन्दा ठूलो काव्यलेखनको विषय अर्को भएन, बनेन ।

'राष्ट्रिय झन्डा'मा अभिव्यक्त राष्ट्रप्रतिको गम्भीर चिन्तन र संवेदनशील सन्दर्भले के देखाउँछ भने घिमिरेमा राष्ट्रकवि बन्ने लक्षण प्रारम्भमा नै थिए । हुन पनि उहाँले जीवनको हालसम्मको समयसन्दर्भमा उक्त लक्षणलाई प्रयोगकै रूपमा साथमा ल्याउनुभयो, सोहीअनुरूपका रचना लेख्नुभयो, रच्नुभयो । २००४ सालदेखि हालसम्म निरन्तर राष्ट्रप्रति नै संवेदनशील भइरहनु, चिन्तन गरिरहनु र अनेक सन्दर्भ वा पक्षबाट राष्ट्रलाई हेर्नु, घिमिरे राष्ट्रकवि हुनुको कारक तत्त्व अवश्य हो । घिमिरेको प्रथम रचना भने रामलाल साहूको बारेमा लेखिएको कविता हो जो दुराडाँडामा हुँदा, बस्ता एघारबाह्र वर्षको उमेरमा लेखिएको थियो । समय बित्दै जाँदा लेखिएका 'धर्तीमाता' र 'राष्ट्रनिर्माता' जस्ता खण्डकाव्यले उहाँ राष्ट्रकवित्वको उचाइमा पुग्नुभएको पक्कै हो । उहाँका बालरचना गीतिनाटक र

गीतहरूमा पनि राष्ट्रकै गान, गरिमा, माहात्म्य भेटिन्छ । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली' यो अंश मात्रले पनि घिमिरेलाई सशक्त राष्ट्रवादी गीतकार बनाएको छ । यसले दुनियाँको मन छाएको छ, यो दुनियाँको मुखमा झुन्डिएको छ र यो राष्ट्र सिँगार्ने एउटा मन्त्र बनेको छ । राष्ट्रकविभित्रको राष्ट्रिय भावना एवं सामाजिक चेतना मात्र नभएर समग्र विश्वसन्दर्भ पनि उहाँका काव्यात्मक अभिव्यक्ति बनेका छन् । प्रबल राष्ट्रवादिताका उहाँ जीवित उदाहरण हुनुहुन्छ । माधव घिमिरेलाई राष्ट्रवादीको उपाधि दिलाइनु वा उहाँले राष्ट्रकविको उपाधि पाउनुका बारेमा देशमा थुप्रै चर्चा, परिचर्चा, टीकाटिप्पणी र बहसहरू भएका थिए । उहाँको पचासिऔँ शुभजन्मोत्सवको पावन अवसरमा राष्ट्रले कुनै उपाधिको घोषणा गर्नुपर्ने मान्यता देशका प्राय सबै सचेत नागरिकले राखेका थिए । उहाँलाई छन्दशिरोमणिको उपाधि दिइनुपर्छ भन्ने प्रस्ताव मैले पनि राखेँ । माधव घिमिरे राष्ट्रिय सम्मान मूल समितिका अध्यक्ष तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द अर्थात् श्री ५ को सरकारसमक्ष, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानसमक्ष, माधव घिमिरे राष्ट्रिय सम्मान कार्यसमितिसमक्ष मैले सो प्रस्ताव राखेँ र आफूले गरेका कार्य र राखेको प्रस्तावबारे तत्कालीन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेवसमक्ष समेत जानकारी प्रस्तुत गरेँ । थुप्रै विद्वान् एवम् कवि लेखकहरूलाई सोबारे जानकारी पनि गराएँ । 'राजधानी' राष्ट्रिय दैनिकले 'नेपालका छन्दशिरोमणि' शीर्षकमा र 'चेतनापत्र' राष्ट्रिय दैनिकले माधव घिमिरेलाई छन्दशिरोमणिको उपाधि दिइनुपर्छ भन्ने शीर्षकमा मद्वारा लिखित प्रस्तावपूर्ण लेख छपाए । प्रस्ताव जहाँजहाँ राखेँ त्यहाँत्यहाँ गई जोड दिने कार्य गर्नुभन्दा प्रचारप्रसारमा नै म व्यस्त रहेँ । धेरै विद्वान् कवि, लेखक र साहित्यिक सङ्घसंस्थाहरूले तपाईंले अत्यन्त उपयुक्त उपाधि सिर्जना गर्नुभयो भने र बधाईसमेत दिए । सामान्य भेटमा मैले कार्यसमितिका संयोजक मदनमणि दीक्षितसमक्ष प्रस्तावलाई आधिकारिक बनाउन र कार्यान्वयन

गर्न आग्रह गरेँ तर दीक्षितले घिमिरेलाई कुनै उपाधि दिने समितिको योजना नभएको जानकारी दिनुभयो । घिमिरेलाई छन्दशिरोमणिको उपाधि दिलाउने मेरो प्रयत्न २०५७ सालदेखिकै थियो ।

(८)

२०६० असोज ६ गते प्रज्ञाभवनमा आयोजित विशाल साहित्यिक भेलाका बीच प्रधानमन्त्री सूर्यबहादुर थापाले राष्ट्रका तर्फबाट कविवर माधव घिमिरेलाई अभिनन्दन गर्नुभयो र सम्मानपत्र प्रदान गर्नुभयो । प्रधानमन्त्री थापाले राष्ट्रकवि वा छन्दशिरोमणिको उपाधिबारे बोल्नुहुने सम्बन्धमा म ढुक्क भएँ तर उहाँको सम्बोधनमा ती दुवै शब्द परेनन् । माधव घिमिरे प्रधानमन्त्रीका दृष्टिमा केवल कवि मात्र बन्नुभयो । म एक प्रकारले किंकर्तव्यविमूढ भएँ, एकोहोरो भई आफ्ना छन्दशिरोमणितर्फ हेरिरहेँ, निराश भएँ । उद्घोषक इन्दिरा प्रसाईले उद्घोषणका क्रममा घिमिरेलाई शब्दैपिच्छे राष्ट्रकवि भनी सम्बोधन गर्नुभएको थियो । जब उहाँले राष्ट्रकवि शब्द आवश्यकताभन्दा बढी प्रयोग गर्नुभयो तब मलाई रिस उठ्यो । प्रधानमन्त्रीलाई सो शब्द बारम्बार सुनाएर प्रधानमन्त्रीको सम्बोधनमा समेत पार्ने चालबाजी त हैन भन्ने शङ्कासमेत मैले सो अवसरमा गरेँ । घरीघरी त एउटा चिट दिएर राष्ट्रकवि शब्दको सट्टा छन्दशिरोमणि भनी सम्बोधन गर्न आग्रह गरौँ कि जस्तो लाग्थ्यो तर सो आँट आएन । जब दोस्रो सत्र सुरु भयो तब मैले हिरो बन्ने अवसर प्राप्त गरेँ । मद्वारा लिखित 'छन्दशिरोमणि' महाकाव्यका बारेमा मन्तव्यका साथ कविवर माधव घिमिरेलाई विमोचनका निम्ति प्रदान गर्ने दोस्रो सत्रमा प्रसन्न मुद्रामा मञ्चमा म उपस्थिति भएँ । मेरो उपस्थितिलाई प्रज्ञा हलका समस्त साहित्यकार र मञ्चमा आसीन तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति मोहन कोइराला, कविवर माधव घिमिरे र महाकाली घिमिरेले गम्भीरताका साथ हेर्नुभयो । महाकाव्य लेखनको सन्दर्भबारे प्रकाश

पार्दै जब मैले कविवर माधव घिमिरेलाई छन्दशिरोमणिको उपाधिको प्रस्ताव राख्छु भन्ने अभिव्यक्ति दिएँ तब गडगडाहट ताली बजे । सारा नेपाली जनताले मेरो प्रस्ताव स्वीकार गरेको महसुस मलाई भयो । माधव घिमिरेको मुहारमा प्रसन्नताका रेखाहरू देखा परे । मैले ठूलै युद्ध जितेको अनुभूत पनि गरेँ । कविवर घिमिरेले आफ्नो मन्तव्यको क्रममा 'वियोगीजीले मलाई सबैभन्दा ठूलो सम्मान दिनुभएको छ' भन्ने अभिव्यक्ति दिनुभयो । मैले आफैँलाई भाग्यमानी ठान्न थालेँ । थुप्रै सञ्चार माध्यमले मसँग कुराकानी गरेँ । च्यानल नेपाल टेलिभिजनमा त म निकै गर्जें । सरकारले माधव घिमिरेलाई कुनै उपाधि नदिएर युद्ध हारेको र आफूले जनस्तरबाटै भए पनि छन्दशिरोमणिको उपधि दिलाएर युद्ध जितेको सम्म पनि बोलेँ । मैले दृढताका साथ पत्रकारका थुप्रै प्रश्नको जबाफ दिएँ ।

(९)

माधव घिमिरेलाई सम्मान गरेपछि श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेवबाट घिमिरेलाई राष्ट्रकविको उपाधि बक्स भएको समाचार आयो । माधव घिमिरे कसरी राष्ट्रकवि बन्नुभयो त्यो खोजीको विषय बन्यो । यसअघि नइ प्रकाशन काठमाडौँले राष्ट्रकवि उपाधिका लागि पहल गरेको मलाई थाहा छ । नइले घिमिरेलाई राष्ट्रकवि भन्न थालेपछि पोखराको लेखनाथ साहित्य प्रतिष्ठानले पनि यस किसिमको पहल गरेको थियो । यो लहर बढ्दै जान थाल्यो र अर्को वाङ्मयिक संस्था पोखरेली युवा सांस्कृतिक परिवारका साथीहरू पनि माधव घिमिरेलाई राष्ट्रकविकै रूपमा मान्ने गर्नुहुन्थ्यो । यसबारे व्यक्तिगत एवम् संस्थागत रूपमा पोखरेली कथाकार एवम् समालोचक मदन भण्डारीले गर्नुभएको पहल पनि सराहनीय छ । धेरै मान्छेसित कुरा गरेर र लेखहरू प्रकाशित गरेर उहाँले घिमिरेप्रति दर्साउनुभएको सम्मानलाई मैले अत्यन्त राम्रो मानेको छु । यस्तै पहल अन्य संस्था र व्यक्तिले आआफ्नो किमिसले

नगरेका होइनन् । मेरो खोजी र अनुसन्धानमा घिमिरेलाई राष्ट्रकवि शब्दको उठान गर्नेदेखि उपाधि दिलाउनेसम्म दुई व्यक्तित्व नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई नै हुनुहुन्छ । साहित्यिक परिसन्दर्भमा अत्यन्त क्रियाशील र आफ्नो आदर्श एवम् सिद्धान्त पूरा गरेरै छाड्ने दृढता भएका यी दुई व्यक्तित्व स्वयम्मा महान् हुनुहुन्छ । महान् व्यक्तिले महान् कार्यमा नै हात हाल्छन् भन्ने भरपर्दो उदाहरणका रूपमा मैले उहाँहरूलाई पाएको छु । इन्दिरा प्रसाईले २०६० असोज ६ गतेको सम्मान कार्यक्रममा माधव घिमिरेलाई वाक्यैपिच्छे राष्ट्रकवि भनिरहनुको रहस्य त्यति बेला खुल्यो जति बेला कविवर माधव घिमिरे राष्ट्रकविको उपाधिद्वारा विभूषित हुनुभयो ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नइ प्रकाशनको उद्घाटनको बेलादेखि नै माधव घिमिरेलाई राष्ट्रकवि भन्न थालेको तथ्य मेरो कानमा परेको थियो र यो कुरो सार्वजनिक पनि हुँदै आएकै हो । तर त्योभन्दा अघिदेखि नइले राष्ट्रकविको पगरीको आन्तरिक रूपमा गुत्थै आएको हुनुपर्छ । नरेन्द्रराज प्रसाईले 'कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ' २०६० सालमा समावेश गर्नुभएको 'मेरो प्रिय नाउँ माधव घिमिरे' (पृष्ठ २५१) शीर्षकको आलेखमा 'आफूले २०५४ साल माघ ७ गते तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापासँग भेट पाएको बखत घिमिरे र व्यथितलाई शिरोमणि, राष्ट्रकवि र राजकविको दर्जा दिन आग्रह गरेको उल्लेख गर्नुभएको छ । पछि सूर्यबहादुर थापा प्रधानमन्त्री हुनुभएकाले प्रसाईले आफ्नो प्रस्ताव दोहोऱ्याई सो उपाधि दिलाउन कसरत गर्नुभएको हो । घिमिरेको चाहनाचाहिँ कविशिरोमणि बन्ने भएको बुझिन्छ ।

एक स्रष्टाले अर्को स्रष्टालाई भावनात्मक सद्भाव देखाउनु, मानसम्मान र उपाधिका लागि पहल गर्नु तथा प्रशंसाका शब्दहरू खर्च गर्नु स्वयम्मा गहन र उल्लेख्य कार्य हो । आफू मात्र अघि बढ्ने तथा अरूलाई उठ्नै नसक्ने गरी ढलाउने प्रवृत्ति साहित्यकारमा

हावी भइरहेको वर्तमानमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट जुन सद्भावपूर्ण, सम्मानपूर्ण अभियानको सुरु भयो र सफलता पनि मिल्यो, त्यसका निम्ति उहाँहरू दुवै बधाईका पात्र बन्नुभएको छ । जुन श्रद्धा हृदयले प्रदान गरिन्छ त्यसमा नै वास्तविकता हुन्छ । माधव घिमिरेजस्ता ऐतिहासिक महत्त्व राख्ने कविका निम्ति गरिने श्रद्धा जति भए पनि कमै हुन्छ । अब माधव घिमिरे नेपालीहरूका प्रिय राष्ट्रकवि बन्नुभएको छ, अझै सौन्दर्यशील र बास्नादार बन्नुभएको छ । राष्ट्रले गरेको उहाँको कदरका निम्ति तत्कालीन श्री ५ को सरकार र श्री ५ लाई धन्यवाद दिनैपर्छ । जनस्तरबाट प्रदान गरिएको छन्दशिरोमणिको उपाधि पनि राष्ट्रकवि घिमिरेको निधारमा टल्कने टीका हो, त्यसलाई पनि बिर्सनु हुँदैन । भाग्यमानी, कर्मशील र सर्वप्रिय कविले दसौं उपाधि जित्न सक्छन् ।

(१०)

मैले माथि नै आशय व्यक्त गरिसकेको छु कि राष्ट्रकविलाई नमान्ने वा नगन्नेको झुन्ड पनि छ । आफैंमा पराजित भएर बसेको त्यो झुन्ड पनि उहाँलाई भेट्न जान्छ र आशीर्वाद थाप्छ । राष्ट्रकविका लाखौं भक्त छन् जो उहाँ अर्को शताब्दीसमेत पूरै बाँचेको देख्न चाहन्छन् । यी दुवै सन्दर्भ अस्वाभाविक होइनन् । यसो हुँदाहुँदै पनि उहाँको सम्मानमा सक्रिय हुनेको सङ्ख्या भने कमै छ । कमै भए पनि त्यो सङ्ख्या दर्बिलो छ । त्यो दर्बिलो सङ्ख्यामा नइ (नरेन्द्र र इन्दिरा प्रसाई) लाई प्रथम चरणमै लिनुपर्ने हुन्छ । उहाँहरूले थुप्रै स्रष्टालाई उँभो लगाउने काम गर्नुभएको छ । धेरै संस्था र पुरस्कारका संस्थापक तथा स्वयम् पनि देशका गणनायोग्य साहित्यकारका रूपमा दरिएका उहाँहरू स्पष्ट वक्ता पनि हुनुहुन्छ । मलाई के लाग्छ भने उहाँ दुईको तत्परता र सदासयता वा निस्वार्थ श्रद्धा नभएको भए माधव घिमिरे र सत्यमोहन जोशीको यो चुलिएको उचाइ हामीले देख्न पाउने थिएनौं । माधव घिमिरेको राष्ट्रकवि उपाधिका बारेमा यसअघि

उल्लेख भइसकेकाले यहाँ उल्लेख गरिरहन परेन । पछिल्लो चरणमा सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि दिलाउने, हुलाक टिकटमा उहाँको तस्बिर अङ्कित गराउने र उहाँको नाममा मुद्रा टङ्कण गराउने कार्य नइले गर्नुभएको छ । मलाई के अचम्म लाग्छ भने वर्तमान शासन प्रणालीका सुरुदेखि नै विरोधी र राजतन्त्रकै पक्षपाती रहेका नइबाट यी कार्य कसरी सम्भव भए ? सम्भवत: सही कुराको सही प्रस्ताव सरकारसमक्ष राख्नु, प्रभावकारी वाक्शक्ति हुनु र सत्तासीनलाई प्रभावमा लिन सक्ने क्षमता हुनु नै उत्कृष्ट कार्य सम्पादनको कारण हुन सक्छ । नेपाली वाङ्मयमा विशिष्ट योगदान पुऱ्याउँदै सय वर्षको सक्रिय जीवन जिउँदै गरेका जोशी र घिमिरे नइका कारण पनि भाग्यमानी बन्न पुग्नुभएको हो । अरू कसैको पहल भएका भए यो कुरा सम्भव थिएन । मैले के पनि सुनेको छु भने माधव घिमिरेका तस्बिरअङ्कित मुद्रा निकाल्ने पहल पनि नइले गर्नुभएको छ रे । म कामना गर्छु कि छिटै सो पहल सार्थक भई कार्यान्वयन भएको सुन्न पाइयोस् । नेपाली सेनाले राष्ट्रकविलाई 'सहायक रथी'को उपाधि दिँदा र उहाँले स्विकार्दा नइबाट विरोध भयो । नइको विरोधको भने मैले विरोध गरेँ । सेनाको त्यो संस्थागत निर्णय थियो, सरकारको थिएन । राष्ट्रकविले त्यसलाई स्विकार्नु बाध्यता पनि थियो ! सेनालाई चिडाउन उहाँ चाहनुहुन्नथ्यो । त्यसो त पेडा खाएपछि आलु खानै हुन्न भन्ने हुँदैन । राष्ट्रकवि पेडा र सहायक रथी आलु भन्दा फरक नपर्ला ।

# अक्षर पुरुष अथवा राष्ट्रकवि घिमिरे



**मानसाग्नि**

लमजुङ जिल्ला मेरा लागि अत्यन्तै प्रिय छ । यसो भनिरहँदा अरू जिल्ला प्रिय छैनन् भनेको भने होइन । सेवा-साधनाका दृष्टिले मलाई बर्सेनि कैयौँ पटक मायालु अँगालोमा बाँध्छ लमजुङले । प्राकृतिक स्वास्थ्य संस्था काठमाडौँको बिरामी कक्षमा आफ्नो रोगले घुँडा टेकेर प्रवेश गरेको युवा स्वस्थ हुँदै गर्दा शरीर, मन र चेतनामा एउटा सोच फुरफुराउँछ । त्यो युवा लमजुङकै कृष्णराज ओलिया हुन्छ । तब मेरो लमजुङसँग साइनो बढ्न थाल्दछ । त्यो फुरफुराएको सोचलाई स्वरूप दिन विधान लेख्नेदेखि ठाउँ देख्नेसम्म र कल्पनाबाट

यथार्थमा पुग्दासम्म घण्टौँ मञ्चमा 'शब्द मञ्चनदेखि कलमका अक्षर मञ्चनसम्म गरियो, जसले सर्वोदय सेवाश्रम जन्मियो ।

काठमाडौँमा के रहस्य छ, मलाई थाहा छैन तर यति भने पक्का थाह छ । काठमाडौँको चार भन्ज्याङ कटेर उपत्यकामा पसेपछि त्यो मान्छे काठमाडौँकै रङ्गमञ्चमा अभिनय गरिरहन्छ । योग र तन्त्रको प्राचीन पराकम्पले हो कि, शिवशक्तिको मनमोहक लालित्यले या सम्भावनालाई सम्भव बनाउने वटवृक्ष देखेर हो । लमजुङको गाउँसहर पढ्दापढ्दै तेह्र वर्षको उमेरमा काठमाडौँ पसेका राष्ट्रकवि काठमाडौँमै रमाएँ । बाल्यकालमा गोठाला गएका र सँगीसाथीसँग खेलेका ती ठाउँ र ऐँसेलु, काफलले बर्सेनि बोलाउँदा पनि सुनेनन् । रोदीघर, मारुनी, सोरठी, घाटु र दोहोरीको केन्द्र लमजुङमा हुर्कँदै गर्दा हिमगोपिनीहरूका लोकलहरीमा लहरिँदै र मर्स्याङदीको सुसेलीमा सुसेलिँदै साहित्यपथमा अघि बढेका राष्ट्रकवि प्रकृतिका कृतिको रहस्यले एकाग्र हुँदै जाँदा आफ्नै जीवनको रहस्य खोज्न थाले । काठमाडौँबाट पाँचछ घण्टाको दूरीमा रहेको मर्स्याङदी गाउँपालिका, वडा नं.६ बाहुनडाँडा (पुस्तुन) पुग्न बीसएक्काइस वर्ष लाग्यो । चन्द्रोदय माध्यमिक विद्यालयको स्वर्ण महोत्सवमा वि.सं.२०६३ मा पुगेका उनी फेरि गाउँघर फर्केनन् । मलाई भने तीनतीन महिनामा जन्मथलो नपुगे चित्तै बुझ्दैन र पनि पचहत्तरै जिल्ला साधना र सेवाका लागि पुगेर पनि अन्तमा पशुपतिनाथको आँगनमै रमाएँ ।

लमजुङको संस्कृति, इतिहास र अन्य गुणगानका पारखी कृष्णराज ओलियाले राष्ट्रकविका गाउँले, गाउँ र प्रेमीमनसँग मलाई लमजुङ बसाइमा भेटाउँथे । पुस्तुनमा पुस्तौनी बसेकाहरू हुन् या लमजुङेहरू राष्ट्रकविको नाम लिनेबित्तिकै पुस माघको 'शीतलहरपछि देखिएको घामजस्तै अनुहार र हृदय बनाउँथे । फेरि जन्मथलो बिर्सिएको सम्झेर 'शीतलहरमा लहरिँदै निदार खुम्च्याउँथे । वि.सं.

२०५० सालमा स्थानीयले दान, चन्दा उठाएर 'माधव घिमिरे वाचनालय' बनाई पढ्ने संस्कृति विकास गर्ने र उनको जन्मथलोलाई देशविदेशमा चिनाउने काम गरे । वाचनालय, पुस्तकालय हुँदै सङ्ग्रालयसम्म पुग्ने सङ्कल्प बोकेको त्यो यात्रा तीन वर्ष नबित्दै वाचनालयबाट स्वास्थ्य चौकी बन्यो । स्वास्थ्य चौकी हिँड्यो, योङस्टार क्लब आयो । फेरि रेडक्रस आयो । भूकम्प आयो । आउने क्रम रोकिएन । छानाको जस्तामा खिया र फर्सीको झ्याल (लहरा) आयो । क्रमश: मुसाहरू आए, अझ केके आउने हुन्, आउने क्रम जारी छ । गाउँलेहरू भन्दै थिए– 'किन हो कुन्नि बीसएक्काइस वर्षपछि राष्ट्रकविको तन त कमसेकम एक पटक जन्मथलो फर्कियो, मन फर्केन । थोरै जग्गा दिनेबाहेक त्यस थलोलाई जगाउन प्रयत्न गर्नुभएन ।' यो सुनिरहँदा आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौडयालको जन्मथलो सम्झेर मौन भएँ ।

राष्ट्रकविको बच्चामा प्रेमले बोलाउने नाम सेतु थियो रे, प्रौढ हुँदा साहित्यका सेतु र आज सय वर्षको दीर्घ जीवन जिउँदा उमेरको सेतु बनेका छन् । सेतु अर्थात् पुल । त्यो समयको बोलअनुसारै चण्डी, रुद्रीबाट प्रारम्भ भएको गृहकुल शिक्षा अगाडि बढ्दै जाँदा मुहूर्त मार्तण्ड, चमत्कार चिन्तामणिजस्ता ज्योतिष ग्रन्थ पढ्ने गुरु र गुरुकुल पाए; ज्योतिष ग्रन्थ अध्ययन र अभ्यासले पात्रो र चिना लेख्न एवम् ग्रहदशा जान्न र ग्रहदोष हटाउन सक्ने त भएछन् तर आफ्नो जीवनलाई ग्रहले कता लैजाँदै छ भन्ने जाने कि जानेनन् भनेर एक पटक सोध्दा मुसुक्क मुस्कुराए । अक्षरारम्भसँगै सुरु भएको चण्डी र रुद्रीको आशीर्वादले होला, प्रेम र करुणाका प्रतिरूप गौरी र महाकाली पाए ।

राष्ट्रकवि घिमिरेले बाल्यकालमै प्रकृति र ऋतुको इन्द्रधनुषी कला देख्न पाए । बाबुसँग गोठमा वर्षायाम बिताउँदा उनले प्रकृति र

परमात्माका कृतिसँग नजिकिन पाए । उडेका बादल, बर्सेको पानी, फुलेका फूल, चरनमा चरेका गाईबस्तु र गोठमा मिल्ने धवलामृत एवम् डाँडापारिका हिमशिखरहरूले साहित्य पढाएका उनी ती दिन सम्झेर भावुक भएको दृष्टि हेर्दा उनी स्वयम् एक कविता बनेको देखेको छु । लमजुङका रूखले पनि गीत गुनगुनाउँछन् र गाईबाखा पनि नाँच्न थाल्दछन् भने राष्ट्रकवि कसरी अछुतो रहन सक्छन् र ? सङ्गीत सुन्न, गीत गुनगुनाउन मात्र होइन परिवारका साथ नाच्न पनि नछाड्ने उनी कलात्मक छन् । बच्चासँग बालपनमा रमाउनु, युवासँग ठटचौलीमा रमाउनु र समयसँग गुरु गम्भीर हुनु उनका ऋतु परिवर्तनको सौन्दर्य हो । मध्यम आकारको जीउडाल, शिरमा नेपाली ढाकाटोपी, आँखामा चस्मा, समय र स्थानअनुसारको नेपाली दौरासुरुवाल वा अन्य लुगा, मुसुक्क मुस्कुराएको गहुँगोरो अनुहार, कम्पनयुक्त ठेट नेपाली बोली त्यसमा पनि प्रसङ्ग मिलाएर भाका हालेर कविता मिसाउँदा आज पनि उनका साथ बस्दा मौलिक र मनोहर सान्निध्य देख्छु ।

कविता, खण्डकाव्य, काव्य, महाकाव्य र नाटकहरूमा बढी कलम चलेका राष्ट्रकवि गीतिनाटक र निबन्धमा पनि खरो उत्रेका छन् । उनको कवित्वसिद्धि भने खण्डकाव्यबाटै देख्छु । मैले पनि 'गौरी'मा डुबुल्की लगाएर उनका काव्याक्षरहरूले आँखा भिजाएको हुँ । कविता शैलीमा कालिदास, कवितालेखनको अभ्यासमा कविशिरोमणी लेखनाथ पौड्याल, कल्पनाको प्रयोगमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र सौन्दर्य चेतनामा रवीन्द्रनाथ टैगोरबाट प्रभावित भएको यदाकदा प्रसङ्गमा सुनाएर मुसुक्क हाँस्दथे ।

अत्यन्तै असजिला दिनहरू पारिवारिक, आर्थिक र सामाजिक रूपमा बाल्यकालदेखि जवानीसम्म भोग्दै आउँदा पनि उनमा कतै निराशाले अङ्कुराउने साहस गरेको देखिएन । राजमार्ग हिलाम्य, चिप्लो, उकालो र कहालीलाग्दो हुँदा पनि छेउको बनकसीको

त्यान्द्रो समातेर पनि शिखरमा पुगेरै छाडे, जो स्तुत्य छ । गोठदेखि गौरीसम्म पीडाले सिँगुरी खेल्दै हान्न आउँदा मरुभूमिलाई आँसुले सिञ्चित बनाए । उनका अगाडि बसेर ती दु:खका दिनको स्मृति सुन्दा पनि लाग्दैन त्यो उनी आफ्नैबारेमा बताइरहेछन् । मुस्कुराएर आफ्ना पीडालाई पनि काव्यजस्तो सुनाउनु उनको कला हो ।

लमजुङका तत्कालीन राजा यशोब्रह्म शाहको यशकृति फैंलाउने काम गरेका कुसुमाकर घिमिरेबाट फस्टाउँदै आएको वंश माधव घिमिरेसम्म आउँदा पनि शाह वंशको यशगान गरिरहे । श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रबाट प्रभावित उनले आफ्नो प्रभाव पनि नारायणहिटीसम्म पुऱ्याए । राष्ट्रवादी जिन बोकेर आएका माधव घिमिरेको सिर्जनामा राष्ट्रवादको दीपावली देखिन्छ । राष्ट्रप्रेम सिर्जनामा र हृदयमा सँगै भेटिन्छ । 'राष्ट्रनिर्माता' खण्डकाव्य होस् कि 'गाउँछ गीत नेपाली' जस्ता गीत त्यहाँ राष्ट्रप्रेमको वसन्त भेटिन्छ ।

लमजुङमा सर्वोदय सेवाश्रमको नामबाट योग एवम् प्राकृतिक चिकित्सा केन्द्र, जेष्ठ नागरिक आश्रमलगायत विभिन्न सेवामूलक कार्य गर्ने उद्देश्यले काम अगाडि बढेको थियो । लमजुङका गाउँगाउँमा योग, प्राकृतिक चिकित्सा, जीवनशैली परिवर्तनद्वारा रोगको रोकथाम र उपचारजस्ता चेतनामूलक प्रशिक्षण कार्यक्रमहरू साथै स्वास्थ्य शिविर चलिरहेका थिए । लमजुङको बेँसीसहरमा योग एवम् प्राकृतिक चिकित्साको सेवा सञ्चालनमा थियो । वि.सं.२०६१ वैशाख १८ गते राष्ट्रकवि लमजुङ गएको बेला पारेर हामीले सर्वोदय सेवाश्रममा निम्तो गऱ्यौं । त्यति बेला बृहत् स्वास्थ्य शिविर चलिरहेको थियो त्यसैले एक हप्तादेखि म पनि लमजुङमै थिएँ । सर्वोदय सेवाश्रमको बेँसीसहरस्थित प्राकृतिक स्वास्थ्य केन्द्रमा राष्ट्रकवि माधव घिमिरे, पत्नी महाकाली घिमिरे र प्रा.डा.वासुदेव त्रिपाठी एवम् गीता त्रिपाठी आउनुभयो । साथमा देवीप्रसाद सुवेदी, ध्रुवप्रसाद घिमिरे र विजयराज न्यौपाने पनि हुनुहुन्थ्यो । त्यो दिनको प्राकृतिक भोजनको

व्यवस्था पनि हामीले त्यहीँ गरेका थियौँ । सर्वोदयमा खीरजस्तै दूधमा पकाएको गहुँको दलिया र प्राकृतिक पाककलालाई प्रयोग गरेर बनाएका विभिन्न परिकार राष्ट्रकवि र प्राय: सबै अतिथिले साह्रै मीठो मानेर खाएका थिए । दूध, दही, घ्यूजस्ता गोरस राष्ट्रकविका प्रिय भोजन हुन् । त्यसैले त डेरामा बस्दासमेत गाई पालेर शुद्ध दूध, दही खान रुचाउँथे । भोजनपछि योगहलमा सङ्क्षिप्त कार्यक्रम भयो । लमजुङका बाल्यकालका स्मृति सुनाए । जङ्गलका काफल र बारीको डिलका अम्बा सम्झिएर मुस्कुराए । राष्ट्रकवि र प्रा.डा.वासुदेव त्रिपाठीले मेरो योग एवम् प्राकृतिक चिकित्सा अभियानको मुक्त कण्ठले प्रशंसा गरे । प्रा.डा.वासुदेव त्रिपाठीले भीमसेनगोला, बानेश्वरदेखि नेपालभर भएका योग एवम् प्राकृतिक चिकित्साका मेरा कार्य नजिकबाट देखेका थिए ।

सर्वोदय सेवाश्रमको स्मारिका सार्वजनिक गर्ने कार्यक्रमको प्रमुख अतिथि भएर प्राकृतिक स्वास्थ्य अस्पताल बानेश्वरमा आएका राष्ट्रकविले हामीले गरेका कार्यको खुलेर प्रशंसा गरे– 'डा.हरिप्रसाद पोखरेल भएर नेपाल र नेपालबाहिर योग एवम् प्राकृतिक चिकित्सामा पुऱ्याएको सेवा साधना त धेरै ठाउँमा देख्न पाएँ । लेखक, योगी मानसाग्निलाई पनि अगाडि ल्याउनुपऱ्यो । मानसाग्निका नामबाट लेखेका कैयन् कुरा पढ्न पाएको छु ।' उनका ती दिनका विचारहरूले मलाई लेखन क्षेत्रमा अझ प्रेरित गऱ्यो ।

राष्ट्रकविले नै २०६४ सालको वैशाखमा मेरो 'गीतमाला' पुस्तक सार्वजनिक गरेका थिए । मेरो बालसाहित्यको पहिलो कृति भने २०६० सालमा प्रकाशित 'केही गुणकारी बोटविरुवाहरू' हो । गीतमालाको सार्वजनिकीकरणका दिन राष्ट्रकवि र अन्य वरिष्ठ लेखक, साहित्यकारहरूले मेरो बारेमा बोलेका बोली र लेखनमा भएका सम्भावनाका हौसलाहरूले हौसिएर म चिकित्सा सेवा छोडेर लेखक बन्छु कि जस्तै भइसकेको थियो । तर म साधना, चिकित्सा र

लेखनको त्रिवेणी भएर जन्मिएको हुँ भन्ठान्छु । त्यसैले मलाई कुनै एउटा छुट्नेबित्तिकै अपूर्ण हुन्छ जस्तो लाग्छ । राष्ट्रकविले मलाई योग साधना र लेखनको दोभानमा देख्न चाहेको त्यस दिनको प्रमुख अतिथिको मन्तव्यमा अभिव्यक्त भएको थियो ।

गाउँका भट्मास, मकै र काठमाडौँका ताजा चिउरा मन पराउने राष्ट्रकवि गोरससँग हुरुक्कै हुन्छन् । दाल, भात, तरकारी, चट्नी प्रिय खाना मान्ने राष्ट्रकवि चिउरा, मह र घ्यू मुसेर खाँदा पनि दङ्ग पर्दछन् । सबैलाई माया, प्रेम गर्ने कला र करुणा भएका उनलाई पशुपक्षीलाई मारेर प्राप्त हुने मासुमा किन आकर्षण भएछ, मलाई थाहा छैन । गौरी वियोगमा काव्य लेख्नेलाई जीवको पारिवारिक विगोग किन थाहा नभएको होला भनेर एक पटक प्रश्न गरेको थिएँ । शिल्पी चातुर्यले मेरो प्रश्न खोलामा हराएको हीराजस्तै भयो ।

वि.सं. २०५२ सालमा माघ १५ गते नइ प्रकाशनको उद्घाटन कवि माधव घिमिरेबाट भएको थियो । त्यति बेलासम्म नइको बारेमा म जानकार थिइनँ । तर नइ दम्पतीले माधव घिमिरेलाई राष्ट्रकवि बनाइछाड्ने सङ्कल्प लिएको मैले सुनेँ । नइ दम्पतीलाई जब भेट्ने अवसर जुऱ्यो तब थाहा भयो इन्दिरा प्रसाईको प्रस्ताव र नरेन्द्रराज प्रसाईको सहमतिमा दुवै दम्पती अरू नेपाली साहित्यका काममा जस्तै यो काममा पनि रातदिन खटेको पाएँ । नइले रानी ऐश्वर्यदेखि प्रधानमन्त्री सूर्यबहादुर थापासम्म राष्ट्रकविको प्रस्ताव बोकेर हिँडिरहे । पहिलो पटक माधव घिमिरेलाई राष्ट्रकवि भन्ने र लेख्ने नइ नै हुन् । २०६० सालमा आयोजित ‘माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति’सँग नइ दम्पतीद्वारा माधव घिमिरेलाई ‘राष्ट्रकवि’को प्रस्तावको उक्त समितिले टेरपुच्छरै लगाएन । माधव घिमिरेको अभिनन्दन समारोहको समापन असोज ६ गतेको कार्यक्रमसम्म पनि राष्ट्रकवि बनाउन कसैले सघाउने छन्द नदेखेर नइ भोक न निद्राका भएछन् । त्यसपछि नइ पानीबिनाको माछाजैँ दौडिए । अर्को दिन मन्त्रिपरिषद्बाट

राष्ट्रकवि घोषणाको जोहो मिलाएपछि मात्रै नइ शान्त भए । नइ दम्पती एउटा सोचको सङ्कल्प गरेपछि त्यो पूर्ण नहुँदासम्म अथक अविश्रान्त खटिरहन्छन् भन्ने कुराको उदाहरण हो माधव घिमिरेलाई राष्ट्रकवि सरकारबाट घोषणा गराउन झन्नै बीस वर्षको खटाइ । त्यो बेला माधव घिमिरे राष्ट्रकवि हुने उचाइका एक मात्र कवि थिए, त्यसमा दुईमत छैन तर आफैँले आफूलाई बोकेर कहाँ जाने । नइले बोकेर शिखरमा पुऱ्याए । सबै नेपालीको गौरव शिखरमा पुग्यो ।

राष्ट्रकवि अक्षर पुरुष हुन्, अक्षर अर्थात् कहिल्यै क्षर नहुने !

# महाकवि बन्न उत्साहित राष्ट्रकवि



डा.मोदनाथ प्रश्रित

नेपाली साहित्यका तीन महारथी महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौडयाल र नाटचसम्राट् बालकृष्ण समपछि देखा परेका साहित्यिक व्यक्तित्व हुनुहुन्छ– राष्ट्रकवि माधव घिमिरे । सर्वप्रथम त उहाँलाई मैले उहाँकै कृतिद्वारा चिन्ने मौका पाएको हुँ । उहाँसँगको मेरो पहिलो प्रत्यक्ष साक्षात्कार भने चितवनको देवघाटमा भएको थियो । राजा महेन्द्रका पालामा उहाँ देवघाटको एक कार्यक्रममा जाँदा यो अवसर मलाई प्राप्त भएको थियो । राजनीतिक क्रियाकलापमा समावेश हुने क्रममा म लामै समय जेलमा

परेँ । यस कारणले विभिन्न साहित्यिक जमघटमा समावेश हुने लगन जुर्न सकेको थिएन । घिमिरेका बारेमा निकै कुरा सुनिन्थ्यो । उहाँको विशेष गरी 'गौरी' खण्डकाव्यको चर्चा निकै हुन्थ्यो । यसै सन्दर्भमा 'गौरी'को यो श्लोक सम्झन उपयुक्त होला–

**लीला माइतका भुलेर घरका धन्धा तिमीले गर्‍यौ**
**आमाको ममता भुलेर कसरी माया मलाई गर्‍यौ**
**छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ**
**हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ ।**

यसमा आफ्नी दिवङ्गत श्रीमतीप्रतिका भावनाहरू करुणरसमय रूपमा प्रस्तुत भएको छ । यस काव्यमा उल्लेख भएको उहाँको पारिवारिक दु:खद घटनाका बारेमा सबैले चर्चा गर्दथे । यही प्रसङ्गले उहाँसँग भेट्ने प्रबल इच्छा ममा जाग्दथ्यो ।

लामो जेल जीवनपछि त्यस्तै ०५१ सालतिर होला, हामी केही साहित्यकारहरू मिलेर घिमिरेलाई भेट्न भनी उहाँको घरमा पुगेका थियौँ । त्यस दिन उहाँको जन्मदिन परेको थियो । हामी उहाँलाई जन्मदिनको बधाई ज्ञापन गर्न एकजुट भएका थियौँ । औपचारिक रूपमा र भेट्ने उद्देश्यले भएको उहाँसँगको यो मेरो जीवनको एक मात्र भेट थियो । हुन त उहाँसँगका अरू भेट नभएका होइनन् तर मेरो जीवनमा उहाँकै घरमा भेटेको यो एउटा मात्र घटना हुन पुगेको छ । पार्टीमै बढी लाग्ने हुनाले त्यति बेला उहाँसँगको त्यति बाक्लो भेट हुन सकेको थिएन । त्यति बेला हामीले एकडेढ घण्टाकै समयसम्म उहाँको सान्निध्य पाएका थियौँ । यस अवसरमा खिचेको सामूहिक तस्बिर मेरो घरको भित्तामा अझै पनि झुन्डिएकै छ । विभिन्न साहित्यिक कार्यक्रमहरूमा जाँदा उहाँसँग भेट नहुने कुरै भएन । त्यसमा सामान्य हालखबर सोध्ने र प्रसङ्गानुसारका छलफल हुन्थे तर नियमित रूपमा त्यति कुराकानी हुन्थेन ।

घिमिरेको 'शोककाव्य 'गौरी' लगायतका कृतिहरू मैले पढेको छु । यसले मेरो निकै मन छोएको छ । करुणरसमा रचित यस रचनाले कसको आँसु नझार्ला र ? छन्दमय उहाँका काव्य निकै सरस छन् । यसमा पनि नेपालको प्रकृतिलाई छुने र सुहाउने खालको रचना गर्न उहाँ सिपालु हुनुहुन्छ । उहाँको रचना पढ्दा नेपालकै प्रकृतिमा हराएको अनुभव हुन्छ । उहाँका रचनाहरू रसप्रधान र सुमधुर, सुललित हुने हुनाले पढिरहूँजस्तो लाग्छ । सरल भाषामा रचिएका हुनाले उहाँका रचनाहरू बोधगम्य पनि छन् । उहाँ मीठो लयमा मार्मिक ढङ्गले आफ्ना भाव व्यक्त गर्नुहुन्छ ।

माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौडयाल समकालीन कवि हुनुहुन्छ । त्यस बेलाको लेखन नै छन्द कविताको थियो । रिमालले गद्य कविता लेखे पनि गद्य कविताले त्यति व्यापकता पाएको थिएन । यसैले घिमिरेको लेखन नै छन्दमा अगाडि बढेको थियो । लेखनाथ र घिमिरेको रचानामा लालित्य बराबरजस्तै छ । लेखनाथकोमा दार्शनिकता छ भने घिमिरेकोमा सामाजिक सांस्कृतिक परिवेश छ । घिमिरेको लेखनमा आत्मिक प्रेम तथा करुणरस बगेको पाइन्छ । भावप्रधान तथा रसप्रधान उहाँका रचनाले पाठकको ध्यान आकर्षण गरेको पाइन्छ । त्यस बेला लेखनाथकै काव्यधारालाई अगाडि बढाएर करुणरसमय रचना प्रस्तुत गर्न घिमिरे उपस्थित हुनुभयो । लेखनाथपछि छन्दमा लेखेर यसैमा बग्ने कवि घिमिरे नै हुनुहुन्छ । सिद्धिचरण श्रेष्ठमा छन्दको त्यति व्यापकता आउन सकेन । उहाँपछि मुकुन्दशरण उपाध्यायले पनि छन्दलाई समात्नुभयो । उहाँ जस्तै केही प्रतिभाहरूले अहिले पनि छन्दमा निकै राम्रो कलम चलाएका छन् ।

माधव घिमिरेकै समकालीन कविहरूलाई विभिन्न उपाधिद्वारा सम्मानित गरियो तर घिमिरेलाई भएको थिएन । लेखनाथलाई रथारोहण गराएरै कविशिरोमणि उपाधि दिइएको थियो । देवकोटालाई त सबै जनमानसद्वारा महाकवि नै भनिएको थियो । सिद्धिचरण

श्रेष्ठलाई पनि युगकवि भनेर चिनिन्थ्यो । माधव घिमिरेलाई आफूले यस्तो कुनै सम्मान नपाएकोमा अलि हीनताबोध जस्तो भएको थियो । यही तथ्यलाई बुझेर नइको प्रयत्नमा घिमिरेलाई राष्ट्रकविको उपाधि राज्य स्तरबाटै प्रदान गरियो । आफ्ना कवितामा प्राय राष्ट्रियताको भावना व्यक्त गर्ने कविलाई यो पदवी प्रदान गर्नु निकै उपयुक्त थियो । यस धरतीमा साहित्यकारलाई हौसला बढाउने केही व्यक्तित्वको जन्म भएको छ, जसले नेपाली साहित्यलाई उचाइमा पुऱ्याउनका लागि थप प्रेरणा प्राप्त भएको छ । यस्ता व्यक्तित्व हुन्– नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई । नइले प्रतिभाको राम्रै पहिचान गरेर बेला, मौकामा राम्राराम्रा सम्मान गरेको मैल देखेको छु र पछिल्लो समयमा सत्यमोहन जोशीलाई पनि वाङ्मय शताब्दी पुरुषको उपाधि राज्यबाटै दिलाएको घटनाले पनि यसको पुष्टि गर्दछ ।

मलाई लाग्छ, राष्ट्रकवि घिमिरेमा अझै पनि राष्ट्रले आफूलाई राम्रो सम्मान नगरेको उहाँको मनमा गुनासो छ । राष्ट्रबाट दिइने पृथ्वी प्रज्ञापुरस्कार उहाँले पाउनुभएको छैन । सायद यसको प्राप्तिको इच्छा पनि होला । हुन त नेपाल सरकारले प्रज्ञाप्रतिष्ठानको सदस्य, आजीवन सदस्य, उपकुलपति हुँदै कुलपतिसमेत बनाएर उहाँलाई सम्मान गरेको छ । प्रज्ञाप्रतिष्ठानमा घिमिरे लामै समय रहनुभयो । यो पनि उहाँको योगदानलाई कदर गरेर नै दिएको जिम्मेवारी हो । तर सायद घिमिरेको चित्त यतिमै बुझ्न सकेको छैन । उहाँलाई महाकवि बन्ने ठूलो धोको रहेको छ । जीवनको उत्तरार्धमा आएर उहाँ महाकाव्य लेखनमा लाग्नुभएको चर्चा आइरहेको छ । उहाँ लेखनमा लाग्नुभएको पनि छ तर यो कार्य पूरा हुन सकेको छैन । उहाँलाई महाकवि पदवी पाउने ठूलो आकाङ्क्षा रहेको छ । राष्ट्रकवि घिमिरेले वार्धक्यको शिखरारोहणपछि पनि आफ्नो लेखनीलाई कायम राख्नु उहाँको विशेषता हो । एउटा प्रतिभाले आफ्नो मर्यादा खोज्नु कुनै आश्चर्य त होइन तर उहाँको मनमा यसप्रतिको असन्तुष्टि भने रहेको पाइन्छ ।

शताब्दी उमेर पार गर्नुभएका घिमिरेमा स्मृतिशक्ति निकै तगडा छ । जीवनमा हामीले धेरै क्षेत्रमा आफ्नो भूमिका निभायौँ । यी विभिन्न क्षेत्रमा काम गर्नुपरेकाले होला सायद हाम्रो स्मृति बाँडिएको छ र कम हुँदै गएको छ । मेरो कुरा गर्दा मैले पत्रकारिता, राजनीति तथा साहित्य सबै क्षेत्रमा हात हालेँ । तर उहाँ एकोहोरो साहित्यमा नै लाग्नुभयो त्यसमा पनि काव्यमा । सायद एउटै गोरेटो समातेकाले होला उहाँको स्मरणशक्ति अझै पनि ताजै रहेको छ । उहाँको सिर्जना ढिलो छ । उहाँ निकै समय लिएर त्यसलाई परिपाक गरेर रचना तयार गर्नुहुन्छ । कति रचनाकारले छोटो समयमा नै रचना तयार गर्छन् तर उहाँ रचना गर्न कहिल्यै हतारिनुहुन्न । सायद यसैले होला उहाँका रचना आनन्दमय हुने गर्दछ । उहाँको लेखनको यो प्रवृत्तिले उहाँका रचनालाई उत्कृष्टता प्रदान गरेको छ ।

घिमिरेको उमेरले शताब्दी काट्दा समेत उहाँको लेखनशैली र प्रवृत्ति उही नै छ । प्राय साहित्यकारले आफ्नो उमेरसँगै लेखनको धार पनि बदल्ने गर्दछन् । तर उहाँमा त्यो पाइँदैन । लेखनमा आउने विचारधारा पनि उही नै छ । राजतन्त्र गएर गणतन्त्र आयो सबै जनताले गणतन्त्रका बारेमा लेखे पनि उहाँले कहिल्यै राजतन्त्रका विरुद्धमा कलम उठाउनुभएन ।

समग्रमा कुरा गर्दा माधव घिमिरेमा विस्मृति छैन, काव्यचेत र सौन्दर्यचेत भने प्रशस्तै छ । काव्यसिर्जनामा उमेरका कारणले त्यस्तो ह्रास आएको छैन । राष्ट्रकवि माधव घिमिरेको जीवनको मुख्य बलियो पक्ष भनेकै यही नै हो । महाकवि बन्ने धोकोले उहाँलाई अझै पनि सिर्जनामा लाग्न उत्प्रेरणा दिएको छ ।

# नेपाली काव्यस्तम्भ



यादव भट्टराई

मान्छेको जीवन नश्वर छ । जन्मपछिको एक मात्र ज्ञात सत्य हो– मृत्यु । जीवनको सार्थकता कर्ममा हुन्छ न कि आयुमा । युवाकवि मोतीराम भट्टको तीस वर्ष र महाकवि लक्ष्मीप्रसाद देवकोटाको पचास वर्षको आयु रह्यो । कविवर माधव घिमिरेले सय वर्षको आयु पूर्ण गर्नुभएको छ । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले २०७७ वैशाख ३० गते सय वर्षको आयु पूर्ण गर्नुहुनेछ । यिनै प्रतिभाका योगदानले नेपाली साहित्य र संस्कृतिको क्षेत्र दरिलो र भरिलो बनेको छ । नेपाली धराले यी र यस्तै अनेकौँ कर्मशील प्रतिभा जन्माएको छ ।

कविवर माधव घिमिरे नेपाली काव्यजगत्का विशिष्ट

प्रतिभा हुनुहुन्छ । सम्भवतः नेपाली स्रष्टाहरूमध्ये नागरिक एवम् राज्यस्तरबाट सर्वाधिक सम्मानित र पुरस्कृत व्यक्तिका रूपमा उहाँलाई लिन सकिन्छ । राष्ट्रभक्ति, प्रकृतिप्रेम र मानवतावाद निस्सृत सुललित काव्यसिर्जना कविवर घिमिरेका रचना वैशिष्ट हुन् । साहित्य समाज, राष्ट्र र सिङ्गो मानवजगत्का निम्ति हुनुपर्छ भन्ने भनाइलाई घिमिरेका कृतिहरूले थप सिद्ध गरिदिएका छन् ।

कविवरका बारेमा समाज र पाठकका निम्ति महत्त्वपूर्ण हुने संस्मरण मबाट के नै लेखिएला र ! तर किताबका अक्षरमा पढिएका माधव घिमिरे र उहाँको सान्निध्यमा मैले बिताएको पछिल्लो दुई दशकले चिनाएका माधव घिमिरेबीच अनुभूतिको तीव्र अन्तर बोध गरेको छु ।

चालिसको दशकमा मैले पढेका यी र यस्ता हरफहरूको भाव त्यति बेला म बुझ्दिनथेँ तर मैले स्वर हालेर वाचन गर्दा नजिकै बस्नुभएका आमा र फुपूहरूका आँखा रसाएका हुन्थे । त्यस बेला ती शब्दले भन्दा रसाएका आँखाले मलाई भावविह्वल बनाइदिन्थे । मैले किताबका अक्षरमा पढेको र रसाएका आँखाले प्रथम पटक परिचित गराएका प्रतिभाको नाउँ रहेछ– माधव घिमिरे । कक्षा पाँचमा पढ्दा कविता प्रतियोगितामा पुरस्कृत भएर प्राप्त गरेका पुस्तकहरूमध्येको एउटा पुस्तक 'गौरी' कविवर माधव घिमिरेलाई पहिलो पटक पढ्ने र नाउँ चिन्ने माध्यम बन्यो । 'गौरी'का पङ्क्तिहरू बाल बेलामै कति पटक वाचन गरियो, त्यसको कुनै हिसाब छैन मसँग । मैले बेलाबेलामा वाचन गरिरहँदा वरिपरि रहनुभएकाहरूको चित्त तानिन्थ्यो मतिरै । त्यो क्षण अहिले पनि झलझली आँखाअगाडि नाचिरहेको पाउँछु म ।

वि.सं.२०६८ सालतिर कविवरलाई मद्वारा सम्पादित र प्रकाशित 'शब्दसिन्धु' साहित्यिक पत्रिकाका निम्ति उहाँसँग गरिएको कुराकानीका

क्रममा 'गौरी'को रचनागर्भका बारेमा जिज्ञासा राख्दा उहाँले भन्नुभएको थियो– 'मेरी श्रीमती गौरी बीस/बाइसको उमेरकी, दुई छोरीमध्ये शान्ति पाँच महिनाजतिकी भएको अवस्था, त्यस्तो बेलामा उनको स्वर्गवास भयो । म पहाडको मान्छे, उनी पनि पहाडकी । पहाड छाडेर यहाँ (काठमाडौँ) एक ठाउँमा डेरा लिएर बसेको बेलामा अकस्मात् त्यो सोच्दै नसोचेको कुरा पर्दाखेरि मेरा लागि सम्पूर्ण पृथ्वी, सम्पूर्ण सृष्टि, सम्पूर्ण जीवन नै अडिएजस्तो भयो । ऋवाम्म छाँगाबाट खसेजस्तो भयो र यही भावनाले, शौकैशोकले काव्य परिपूर्ण भयो । श्रीमतीले छोडेको गाउँका पीरहरू, बच्चा हुर्काउने र अब उनीसँग भेटघाट नहुने, यी सबै कुरालाई अरूले सामान्य किसिमले सोच्छन् तर जसलाई यो पर्छ, उसले तीव्रतम रूपमा भोग्दछ । घर छोडेको व्यक्ति, साना बच्चा, जवानी अवस्थाकी श्रीमती, आफू पनि जवान हुँदा यस्तो पर्‍यो भने मलाई सबैलाई त्यो हुन्छ तर एउटा विशेषता के छ भने जसलाई लेख्न आउँदैन उनीहरू केवल रोएर अनुभव मात्रै गर्छन् । कविले त्यसलाई सामान्यीकरण गर्न जान्दछ अर्थात् त्यो व्यक्तिको कुरालाई अरू व्यक्ति जसको पनि हुन सक्ने बनाउन सकिन्छ, तब मात्र त्यस घटनाको सामान्यीकरण भएको मानिन्छ । त्यसपछि गौरीका ती बच्चाबच्ची केवल मेरा मात्र हुँदैनन् । पाठकलाई पनि 'कठैबरा ! ती कहाँ होलान् ! कसो होलान् !' भन्ने त्यो भावना जो गराउन सकिन्छ नि ! सामान्यीकरण भनेको त्यही हो । 'गौरी'मा यी सबै कुरा ध्वनित छन् ।'

वस्तवमा 'गौरी' नै कविवर माधव घिमिरेलाई वाङ्मय क्षेत्रमा स्थापित गर्ने महत्त्वपूर्ण कृति बन्यो ।

वि.सं.२०५५ को कुरा हो; मेरो गद्य कवितासङ्ग्रह 'दिशाहीन यात्राका हरफहरू' प्रकाशन भइसकेको थियो । तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति कविवर मोहन कोइराला हुनुहुन्थ्यो । गद्य कविताको सङ्ग्रह उपकुलपतिबाटै विमोचन गराउने

निधो भयो । उहाँको स्वीकृति प्राप्त भयो । उपकुलपति कोइरालाकै स्वीकृतिमा छापिएको निम्तो पत्र बोकेर स्मरण गराउन दुई दिनअघि म प्रज्ञाप्रतिष्ठान पुगेँ तर कोइरालाले समय दिएको कुरा अस्वीकार गर्नुभयो । अचम्म लाग्यो । आफैँले दिएको समयको अनुमति बिर्सेर हो वा उहाँको प्राथमिकतामा नपरेकाले हो, म आश्चर्यचकित भएँ । महत्त्वपूर्ण ओहोदामा बसेका व्यक्तिको व्यवहारप्रति खिन्नता प्रकट गर्नुबाहेक मसँग विकल्प थिएन । मेरो सङ्ग्रहमा भूमिका लेखिदिनुहुने साथै मेरा साहित्यका अभिभावक कविवर कृष्णप्रसाद पराजुलीकै सल्लाहमा कार्यक्रम तय गरिएको थियो । उहाँलाई यथार्थ अवगत गराएँ । पराजुली गुरुले तत्कालै मेरै सामुन्ने कविवर माधव घिमिरेसँग टेलिफोनमा कुरा गर्नुभयो । वैशाख २५ गतेको कार्यक्रममा प्रमुख अतिथिका निम्ति गरिएको अनुरोध कविवर घिमिरेबाट स्वीकार भयो । पुस्तक विमोचन हुने दिनको तीव्र प्रतीक्षा गरिरहेको मैले सन्तुष्टिको लामो सास फेरेँ । लगत्तै कवितासङ्ग्रह बोकेर म लैनचौरस्थित कविवरको निवासमा पुगेँ । दोहोरो कुराकानी भयो । पुस्तकमा पढेका साहित्यका यति अग्ला व्यक्तिसँग भेटेर कुरा सुन्न र सुनाउन पाएको त्यो दिन मेरा निम्ति खुसीको दिन थियो । उहाँको सरलता र स्नेहशील व्यवहारबाट म पुलकित भएको थिएँ । २०५६ सालको वैशाख २५ मेरा लागि राष्ट्रका ठूला कविसँग एउटै मञ्चमा बस्ने अविस्मरणीय अवसर बन्यो । प्रमुख अतिथिका रूपमा कमिज र पाइन्टमा आउनुभएका नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका पूर्वकुलपति माधव घिमिरेले गद्य कविता पनि कविता हो भनेर बोल्नुभयो । एउटा सुखद संयोग नइ प्रकाशनद्वारा प्रकाशित डा.रामप्रसाद उप्रेतीको कृति 'थोत्रा कलमहरू' को विमोचन कार्यक्रम पनि त्यसै दिन परेछ । कार्यक्रमपछि कविवर घिमिरेलाई नरेन्द्रराज प्रसाई र डा.रामप्रसाद उप्रेतीले बागबजारस्थित पद्मकन्या बहुमुखी क्याम्पसको डेनिस हलबाट लिएर जानुभएको मलाई सम्झना छ ।

त्यस यताका दुई दशक कविवर माधव घिमिरेसँग अत्यन्तै निकटस्थ भएरै बितिरहेका छन् । साठी र सत्तरीको दशक माधव घिमिरे साहित्यिक सभा समारोहहरूमा प्रमुख अतिथिका हैसियतले सम्भवत: अत्यधिक सहभागी हुनुभएका दशक हुन् । यही समयमा कैयौँ समारोहमा कार्यक्रम उद्घोषकका रूपमा उहाँसँग एउटै मञ्चमा हुन पाउनु मेरो अहोभाग्य हो भन्ने सम्झेको छु ।

माधव घिमिरे नेपाली काव्यजगत्का शिखर पुरुष ! एक अविश्रान्त साधक ! प्राय: राजधानीका सबै मञ्चका सौभाग्यवान् व्यक्तित्व ! म उहाँको व्यक्तित्वमा एक प्रकारको सम्मोहन अनुभव गर्दछु । हरेक क्षणलाई सिर्जनामै बिताउन चाहने काव्यशिल्पी ! उमेरका सिँढीहरू चढ्दै जाँदा झन्झन् दरिला बनेका नेपाली काव्यस्तम्भ ! काव्यसाधनामा तल्लीन रहेर नेपाली वाङ्मय भण्डारलाई स्तरीय र समृद्ध तुल्याउन उहाँले निर्वाह गर्नुभएको भूमिका चिरस्मरणीय रहनेछ । उहाँका कालजयी रचनाहरूले नेपाली काव्यलाई थप उचाइ प्रदान गरेका छन् । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली' होस् वा 'रहौँला हामी नेपाली कहाँ नेपालै नरहे' जस्ता राष्ट्रभक्तिले ओतप्रोत उहाँका गीतिसिर्जनाहरू उत्तिकै मर्मस्पर्शी र सार्थक छन् । 'मालती मङ्गले', 'अश्वत्थामा' जस्ता चर्चित गीतिनाटकहरूले बेग्लै अभिलेख कायम गरेका छन् । नेपाली भूगोल, प्रकृति, संस्कृति र नेपालीपन मन पराउने र विश्व परिवेशलाई समेत नजिकबाट नियाल्ने कविवर घिमिरे नेपाली लोकजीवन र संस्कृतिको प्रशंसामा बढी प्रसन्नताबोध गर्नुहुन्छ ।

कवि ठाकुर शर्मा भण्डारी र म उहाँकहाँ प्राय: सँगसँगै जान्छौँ । हामी दुईमध्ये एक्लै जाँदा उहाँको पहिलो प्रश्न– 'उहाँ खोइ ?' हुन्छ । कैयौँ कार्यक्रमहरूमा प्रमुख अतिथिका निम्ति आग्रह गर्दा परिस्थितिवश एकाध घटनाबाहेक उहाँले अस्वीकार गरेको मलाई सम्झना छैन । उहाँको यो व्यवहार सम्भवत: सबैका निम्ति

उस्तै हुँदो हो तर व्यक्तिगत रूपमा मैले अनुभूत गरेको मप्रतिको स्नेह र सद्भाव नै मेरा निम्ति अमूल्य छन् । साहित्यप्रतिको मेरो सक्रियताको उहाँ सधैँ प्रशंसा गर्नुहुन्छ, म थप ऊर्जा प्राप्त गर्दछु ।

कविवर माधव घिमिरेले प्राप्त नगरेको सम्भवत: कुनै सम्मान बाँकी छैन । सम्पूर्ण नेपालीहरूका मनमस्तिष्कमा उहाँ स्थापित हुनुहुन्छ । वि.सं.२०६० मा उहाँ राष्ट्रकविको उपाधिबाट विभूषित हुनुभयो । राष्ट्रका गौरवशाली व्यक्तित्व जसका कलमले सधैँ राष्ट्र नै लेखिरह्यो, ती प्रतिभालाई राष्ट्रले समर्पण गरेको सम्मान हो– 'राष्ट्रकवि'को उपाधि । उहाँलाई राष्ट्रकविको पदवीबाट अलङ्कृत गर्नमा नइ प्रकाशनको नै उल्लेख्य एवम् प्रशंसनीय भूमिका रहेको यथार्थ सर्वविदित नै छ ।

वि.सं.२०७६ असोज ७ गते उहाँ सय वर्षमा पदार्पण गर्नुहुँदा आयोजित भव्य कार्यक्रमको प्रत्यक्षदर्शी भएर शुभकामना बधाई अर्पण गर्न लैनचौर पुगेको क्षण अहिले पनि मानसपटलमा ताजा भएर रहेको छ । उहाँकी कान्छी सुपुत्री ज्योति पौडेलको कृति विमोचनका बेला उहाँ आफैँले टेलिफोन गर्नुभई कार्यक्रम सञ्चालनका लागि आग्रह गर्नुभएको क्षण म कसरी बिर्सन सक्छु र !

वि.सं.२०७० माघ महिनाको कुनै शनिबार बुबा बालकृष्ण भट्टराई र म उहाँको निवास पुग्यौँ– बिनापूर्वसूचना । बिहानको करिब एघार बजेको थियो । विद्युतीय घन्टी बजाएपछि ढोका खुल्यो । पूर्वसूचनाबिना हामी आएका छौँ भनेपछि 'बुबा खाना खान बस्नुभएको छ, एकछिन बस्दै गर्नुहोस्' भन्नुभयो कविपुत्रले । हामी बैठक कोठामा पस्न पनि भ्याएका थिएनौँ । राष्ट्रकवि तल ओर्लनुभयो र भन्नुभयो– 'यादवजी मात्रै नभएर बुबासमेत आउनुभएको रहेछ । एक पटक नभेटी मनले मानेन र तल ओर्लिएँ ।' हामी बाबुछोराले मुखामुख गर्‍यौँ । उहाँको स्नेही व्यवहारले त्यस बेला पग्लिएका थियौँ हामी ।

उहाँकहाँ हरेक पटक पुग्दा आफ्नो एउटा कृतिमा उहाँको आशीर्वचन र हस्ताक्षर प्राप्त गर्ने अभिलाषा जिउँदो भएर आउँछ । धेरै लेखकहरूलाई उहाँको भूमिका र आशीर्वचनका निम्ति सिफारिस लिएर जाने मेरा निम्ति त्यो अवसर जुरेको छैन । छरिएका रचनाहरू सङ्कलनप्रतिको उदासीनता नै सम्भवत: प्रमुख कारण हो । अघिल्लो पटक उहाँ अस्वस्थ भएर दिल्ली जानुअघि उहाँलाई भनेको सम्झना हुन्छ– 'मेरो कृतिमा आशीर्वचन लेख्न बाँकी छ, छिटो स्वस्थ भएर फर्कनुहोस् ।' उहाँले हाँस्दै शिरमा हात राखेको दृश्य आँखाअगाडि अहिले पनि जीवन्त छ ।

'ऋतम्भरा' शीर्षक महाकाव्यको परिमार्जनमा तल्लीन शताब्दी वयका राष्ट्रकविको सो कृति उहाँको जीवनकालमै प्रकाशित भएको देख्ने धोको सम्पूर्ण नेपाली वाङ्मयजगत्को छ । शताब्दी उमेरमा पनि सिर्जनाको भोक छ उहाँमा, राष्ट्रको चिन्ता छ । उहाँसँगका भेटमा सधैँ सार्थक कुराकानी हुने गर्छन् । उहाँकहाँ पुग्दा कुनै ऋषिआश्रममा पुगेको अनुभूति हुन्छ । उहाँ आफ्ना सम्मानपत्रहरू राखिएको कक्षमा लैजानुहुन्छ । वि.सं.२०६३ सालमा म सहायक प्राचार्य रहेको भीमसेनगोलास्थित कमलनेत्र छुनामुना माध्यमिक विद्यालयका प्राचार्य उदारमना व्यक्तित्व एवम् कलाकार डी.बी. लामाद्वारा निर्मित राष्ट्रकविको अर्धकदको मूर्ति विद्यालयमै मेरै उद्घोषणमा एक कार्यक्रमको आयोजना गरी उपहारस्वरूप उहाँलाई अर्पण गरिएको थियो । पूर्वजानकारीबिना निर्माण गरिएको र कार्यक्रमको आयोजनाले राष्ट्रकवि अत्यन्तै खुसी हुनुभएको थियो । उहाँको बैठक कोठामा राखिएको सेतो पत्थरको राष्ट्रकविको सोही प्रतिमा देख्दा म अतीततिर खिचिन्छु, जसले मलाई हर्षित तुल्याउँछ ।

पूर्वीय स्वच्छन्दतावादी, प्रगतिवादी भावधारालाई आत्मसात् गर्दै काव्यसिर्जनामा अघि बढिरहनुभएका राष्ट्रकवि माधव घिमिरे बौद्धिकता र दार्शनिक चिन्तनका दृष्टिले विशिष्ट हुनुहुन्छ । कुनै

पनि जटिल र असामान्य विषयलाई पनि सरल र सामान्य रूपमा भाव सम्प्रेषण गर्ने कला उहाँमा तीव्र देखिन्छ । उमेरमा पनि उहाँमा साहित्यप्रतिको उत्साहमा कुनै कमी देखिँदैन । समारोहहरूमा मन्तव्य लामो हुँदा कैयौँ पटक उहाँलाई आफैँले बीचमा रोक्ने धृष्टता गरेको मलाई सम्झना छ । यस्ता यशश्वी साधक अत्यन्त कम जन्मन्छन् ।

# कविवर प्रणाम !



युवराज नयाँघरे

कविताको शक्ति यति बलशाली !

राष्ट्रकवि माधव घिमिरेका रचना पढिरहँदा सधैँ मनमा खेलिरहने खुलदुली हो यो । यो रहिरहँदो चेतनामा कविवरप्रति अगाध प्रेम र सम्मान, श्रद्धा र आदर, मान र भरपत्यारको शब्द उद्वेलित भइरहन्छ ।

कविवरका कवितालाई मैले सधैँ सूक्तिमय आधारमा पढेँ । ती पढिरहँदा स्वर संसारको माधुर्य र मिठासले आलोकित भइरहेँ ।

कविताले दिने ठूलो आनन्दी भनेको बिम्ब, सन्देश र शिल्प जति हो– चित्र र भावनाको रङ अर्को विशाल

संसार हो । कविवरका कविताहरूले यी सबै पक्षलाई स्नेहवत् रूपमा सुमसुमाएको अनुभूत हुन्छ ।

'बन जीवन्त मानिस' पढेदेखि नै कविवरप्रतिको श्रद्धा, सम्मान र सप्रेममा मैले कमी गरिनँ । उल्टै थपिएर गयो । त्यो थपाइमा कविता र कविवरको समान यात्रा ठान्छु म ।

•••

जीवन एउटा समयको दुवै गति हो । ओल्लो किनार वा पल्लो किनार, घाम वा छाया, उज्यालो र अँध्यारो अर्थात् उन्नति वा अवनतिका सग्ला र मसिना चरित्रसँग जीवन जोडिएकै हुन्छ ।

कविवरसँग पनि यी सबै तथ्य परै रहे भन्दिनँ म । तर उनको कवित्व र रचनाकारितामा माथि तोकिएका असङ्गत, असम्मत र अस्पष्टताहरू वर आएनन् परपरै बसे । कविवरको गीति, काव्य वा फुटकर कवितालेखनको उचाइसँग हार खाएको मैले कहिल्यै देखिनँ ।

कवितासँग शास्त्रास्त्र गर्ने कला र क्षमता घिमिरेले पाएको जस्तो लाग्छ । उनको कविता र शैल्पिक चेतना औधी मोहक लाग्छ । गीतिसंसारमा सधैँ नेपाली मौलिक अनुहार र आभासँग उनले मेलमिलाप गरे । त्यो मेलमिलापले हाम्रो गीत, कविता र काव्यको आकाश सधैँ सङ्लो रह्यो, निर्मल रह्यो, चहकिलो रह्यो ।

•••

कपुरधाराको त्यो घर । जहाँ निकैनिकै खेप गएको छु म । कविवरका ती कविता– जसलाई मैले अनेक भाव र भङ्गिमा बुझेर पढेको छु । ती कविवर– निकै भेटघाट गरेर आफूलाई सधैँ ऊर्जा, उत्साह र उल्लसित बनाएर फर्केको छु ।

'गौरी' पढेर पनि भक्कानिएको क्षण, 'मालती मङ्गले' हेरेर परेली पुछेका दिन, 'राष्ट्रनिर्माता' पढेर जोसिएको क्षण, 'किन्नर

किन्नरी' पढेर पग्लिएको दिन वा 'आफ्नै बाँसुरी आफ्नै गीत' पढेर तरङ्गिएको साँझ सबै प्यारा लाग्छन् । ती प्यार पूर्ण समयका सबै अंशमा जोडिए राष्ट्रकवि घिमिरे ।

मानिस भएर सिर्जनशीलतामा सम्हालिइरहनु औधी ठूलो कुरा हो । सम्हालिनुभित्र धेरै पक्षले रेखदेख गरेको हुन्छ । कोही कता फुस्कन्छन्, कोही कता बाँधिन्छन्, कोही कता टन्किन्छन् वा कोही कता खुकुलिएर जान्छन् ।

कविवरका हरेक रचनामा गहकिलो र कसिलो, गहन र सुगठित पक्षले सँगालेको अनुभूत हुन्छ ।

•••

कविवरलाई उपकुलपतिबाट कुलपति बनाउँदाको बिहान रेडियो नेपालले खबर फुक्यो– '... श्री ५ महाराजाधिराजबाट माधवप्रसाद घिमिरेलाई कुलपतिमा नियुक्त गरिबक्सेको छ ।'

प्रवीण गिरीको आवाजमा यो समाचार आएथ्यो ।

प्रवीणता प्रमाणपत्र पढ्दै गरेको मैले एकाएक खुसी मनाएँ । किनभने प्रयागराज वाशिष्ठ गुरुले मलाई कविवर घिमिरेको 'पापिनी आमा' कविता अघिल्लो दिन पढाउनुभएथ्यो ।

त्यसलगत्तै प्रज्ञाप्रतिष्ठानको एउटा भव्य कोठामा कविवरसँग भेटेको रिमरिमे सम्झना छ– चालिस साललगत्तै ।

अनि त्यसयताको समयमा कविवरसँगको आत्मीयता र आशीर्वादमा जोडिएको छु म । तिनको हार्दिकता र मायामा उही व्यवहार छ, बोली छ, भावना छ, भाषा पनि छ उस्तै ।

•••

कविवरलाई राष्ट्रकवि सम्मान दिलाउन अनेक कार्य र गतिविधिहरू भए । यो शब्दको उच्चारणमा नइले थालनी गरेको लाग्छ । त्यसपछि मनग्गे कार्यहरू बने, बनाइए र सार्थक पनि ती भए ।

त्यसको नतिजा भयो– कविवरलाई राष्ट्रकै अग्रपङ्क्तिमा राखेर मानभाउ गरियो । उनको कदर जीवितमै गरिनुपर्छ भनेर प्रयत्नहरू गरिए धेरै ।

राष्ट्रकविलाई भेट्दा पनि उनका हरेक काव्य गुञ्जनले छेकारो मारेको लागिरहन्छ ।

•••

कविवरलाई श्रद्धा गरेर होटेल ब्लुस्टारमा २०५१ सालमा गरिएथ्यो– अभिनन्दन । त्यो सम्मान र अर्चना ऐतिहासिक हुनुपर्छ । देशकै विराट् लेखन र साधकहरूको उपस्थिति थियो त्यो बेला ।

म सेतो लुगा लाएर दुःखमा थिएँ । आमाको वार्षिकी बोकेर घरमै थन्के पनि मनले नमानेर त्यहाँ पुगेको थिएँ ।

कविवरलाई एउटा फूलको गुच्छा किनेर दीर्घायु, सिर्जनशीलता र समृद्धिको शुभकामना दिएको थिएँ ।

•••

बाटो काट्नेहरू काटिरहन्छन् । जानेहरूले बाटो र किनारबारे पर गएर चासो लिन्छन् । कतिले थाहा पाउलान्, कतिले नपाउलान् ।

नेपाली साहित्यमा बाटो हिँडिरहनेहरूका लागि सधैँ परिचय, पहिचान र परिदर्शन गराउनमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नेतृत्व आफैँमा अनन्यतम छ । यिनको लगाव र समर्पण आफैँमा स्मरणीय छ ।

राष्ट्रकविको सम्मान दिइनुपर्छ भनेर लागिपरेका थिए– नइ । यिनको बोली, भाषा र खटाइले सार्थकता अन्त्यमा पाइछाडचो । लागेपछि अर्थ र निष्कर्ष भेटिन्छ । त्यो निष्कर्षमा राष्ट्रकवि भए– माधव घिमिरे ।

नइको खटाइ, पसिना चुहाइ र अनवरत कम्मर कसाइकै प्रतिफल कविवरलाई राष्ट्रकै सम्मान प्राप्त भयो ।

चिन्नेलाई चिनाउने र देखाउने चेतना आजको समाजमा घटिरहेको छ । हाम्रा प्रतिभा र साधकलाई औँल्याउने र जगत्मा परिचित गराउन लागिपरेका नरेन्द्र इन्दिरालाई नेपाली भाषासाहित्यले हृदयमै सालिक बनाउनेछन् । मनकै फूलमाला चढाइरहनेछन् ।

राष्ट्रकविको श्रद्धामा यिनको कोसिस आफैँ गाँसिएर आउने नाम हुन्– फूल र परागजस्तो, सुवास र पुष्पजस्तो ।

कविवर हामी सबैको प्रणाम छ ।

जीवनमा सधैँ जितिरहने, नेतृत्व लिइरहने, विजयी भइरहने, समुन्नत भइरहने, जनमनमा रहिरहने नाम भयो– राष्ट्रकविको लेखन र जीवनयात्रा । अरूका लागि पनि त्यो अनुकरणीय चरित्र बनोस् ।

# मेरो समयका मानक र प्रिय कवि



डा.रजनी ढकाल

वैशाखले दुई महिनाअघि नै छोडिसकेको थियो । वसन्त र ग्रीष्मलाई नेपथ्यमा राखेर मञ्चिँदै थियो असार । असारको उत्तरार्द्ध वर्षामा चम्किनु नौलो पनि त होइन । तीन दिनदेखि लगातार बर्सिरहेथ्यो आकाश । एकैछिन झिमिक्क भएको थिएन पानी । रोकिएला भन्ने छाँट पनि थिएन । असारेझरी झरिरहनमा आश्चर्य पनि के थियो र ! हो, असार अवसर हो हाम्रा लागि, मेरा लागि । सिर्जनशीलताको बीउ रोप्न मैले सधैँ असारलाई उपयुक्त मानेँ, त्यसैले त मेरो हत्केलामा उम्रिन मानेको थियो असार । त्यस दिन पनि यस्तै कोसिसमा थिएँ, म सिर्जनशील बनूँ ।

**सय वर्षपछि पनि असार यस्तै होला**
**उठी आउने बादललाई हतार यस्तै होला !**

आहा, कति गजबको कल्पना छ कविको ! असारसँग हतारको जति लयगत मित्रता छ उति नै व्यावहारिक सामञ्जस्य पनि छ । असार हुनु र हतार नहुनु कहाँ ? कवि माधवप्रसाद घिमिरेले असारको कल्पनामा अनेक गीत लेखेका छन् । यसको प्राकृतिक सौन्दर्य र जनजीवनसँग जोडिएको संवेदना गजबको छ नेपाली जीवनमा अनि कविको कल्पनामा । जीवन रहर, चाहना र इच्छाको मेघमाला हो ।

जीवनसँग असारको साइनो कति छ कति, यो बुझ्न कि घिमिरे पढ्नुपर्छ कि कृषिकर्मको व्यावहारिक कुशल शिल्पी बन्नुपर्छ । 'ऋतुविचार'मा कविशिरोमणि लेखनाथ पौडयालले असारलाई अनेक सौन्दर्य र सङ्घर्षका बिम्बमा चिनाएका छन् । उनले असारलाई आफू बाँचेको राणाकालीन समयको सहानुभूतिशील सामाजिक प्रतिबिम्बमा समेत कुँदिदिए– 'वर्षा जाँगरिली दासी धोई पोती लिपी चली...।'

प्रिय कवि, तिमी आइरहनू सधैँ असारमा, म र मेरो राष्ट्र सधैँ बादल र वर्षाको प्रतीक्षामा हुनेछौँ । तिम्रो सङ्गीतमय गर्जनमा चुलीहरू छमछम नाचिरहनेछन् र गौरीहरू अनेक मायालु सपनामा बाँचिरहनेछन् । देशको स्वतन्त्रता, सौन्दर्य र कला गाउन जान्ने स्वचिन्तनमा सहअस्तित्व खोज्ने तिम्रो चेतना सधैँ चाहिन्छ– 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे !' यो प्रकृति रहँदासम्म नेपाली राष्ट्रियताको बीउ नेपालीहरूमा रहिरहनेछ ।

२०७६ हरिशयनी एकादशी, असार २७ गते शुक्रबार । गाडीबाहिर पानीले स्कर्टिङ गरिरहेको थियो । लाग्थ्यो, सिर्जनशीलताको असारे सुरक्षाघेरामा वाष्पमय बन्दै थियो, कल्पनाशील समय गाडीका सिसाभित्र । ओतसँगै गुडेर ओभानो थिएँ तर सिर्जनाले भिजाउने

परिवेश मनभरि अनि वातावरणभरि थियो । राष्ट्रकविलाई भेट्नु थियो र कुरा गर्नु थियो । उहाँको शतक जीवनको व्यस्त सूचीमा मिलेको त्यो स्वप्निल अवसरलाई कुनै अनिच्छाको बाढीले बगाउला भन्ने डर पनि थियो मनभित्र कतैकतै । आलस्यको भङ्गालो पर्ला भनेर निकै सतर्क थिएँ । मन हो कति बेला केके सोचिदिन्छ... आ यस्तो पानीमा कहाँ जानु... ! तर रहरले बाँधेको कर्मशील पटुकीमा असारले दिएको चुनौतीपूर्ण साथलाई आत्मसात् गरेका बाउसे र रोपाहारझैं मैले पनि गमक्कै समातेकी थिएँ गाडीको स्टेरिङ ! सहर रुझेरै चुपचाप थियो, म प्रश्नका वर्षाले मनमनै वाचाल थिएँ । कविले कति समय बोल्न सक्नुहोला ? यो समय उहाँका लागि उपयुक्त होला, नहोला ? के मेरा सबै जिज्ञासा राख्न सकूँला ? शतक आयुको शरीरले लगातार बसेर कति समय बोलिरहने रहर गर्ला ? तर असारले जुराएको बाटो पानी टमाटम भरिएर स्वागतमा थियो । सायद शुभ थियो दिन ।

झरीको दर्कोलाई बर्सादीले थाम्दाथाम्दै पनि अटेरी गरी भिजाएको रहेछ राधिकालाई ! नेपाली केन्द्रीय विभागको कर्मथलोमा मिसिएर चिसिएका लुगासँगै आइन् उनी मसँग । तताइदिएँ हिटरले उनलाई पनि । मेरा चिसिएका घुँडाहरू पनि सजिला भए र पैताला क्लच, ब्रेक र एक्सिलेरेटरमा हानथाप गरिरहे । हानियौँ हामी कीर्तिपुरबाट लैनचौरतिर ! राष्ट्रकविलाई भेट्ने रहरसाथै करले पनि जुराएको थियो आजको दिन हामी दुवैलाई । सधैँ जीवनको प्रारम्भ मान्ने शतायु कविसँग गफिन दर्जन बढी प्रश्नहरू थिए कापीका पानामा अनि मनमा पनि । थाहा थिएन राधिकासँग केके थिए जिज्ञासाहरू । अल्पभाषी मौनभाषा बढी बोल्छन् सायद ! मैले राधिकालाई उधार्न चाहिनँ ।

गाडी गुडाउन र मन उडाउन रमाइलो लाग्छ एकै चोटि ! सानैमा ‘गौरी’ पढेर आमासँगै रोएका दिन, जति पटक पढे पनि

फेरि पढ् त छोरी भनी आमाले उही 'गौरी' पढ्न कजाएका दिन, जति पटक पढे पनि आँसु झरेका दिन, २०४५ सालमा काठमाडौँ आएर एकेडेमीको हलमा 'मालती मङ्गले' नाटक हेरेका दिन फनफनी मनमा घुमिरहे । साथीलाई केही अनुभूति सेयर गरिरहेँ । सम्झेँ– बुबाले घिमिरेलाई रुन्चे कवि भनेको पनि । 'मालती मङ्गले' को सुरुको दृश्यले गजबले हाँसेकी थिएँ म तर बिस्तारै मनमा बादल मडारिइरह्यो । अनुभूतिका चुलीचुली मडारिएको बादल निरन्तर बर्सिरहेको थियो नाटक अन्त्य हुने बेलासम्म पनि । दर्शकले खचाखच थियो हल । रोएको कसैले देख्ला भनेर हातमा रुमाल लिएर नाकतिर मात्र पुछेजस्तो गरिरहेथेँ । भलभली बगेको आँसुले नाटक हेर्नसमेत गाह्रो पारिरहेको थियो । कमाराकमारीको किनबेचसँग जोडिएको दर्दनाक कथाले कति सजिलै मानवीयताको गतिलो पाठ सिकाएको थियो मलाई । मानिसको अस्तित्व र स्वतन्त्रता कति महान् हो भन्ने कुरा त्यति बेलै बुझेकी थिएँ नाटक हेरेर । नाटक सकिएर उठ्ने बेला बुबाले भन्नुभयो– 'रुन्चे कविका रुवाउने नाटक' ! बुबाका आँखा पनि मजाले भिजेका थिए । मैले सन्तोषको सास फेरेकी थिएँ त्यति बेला ! र रुनु नराम्रो रहेनछ भनी बुझेकी थिएँ ।

मनमा रहेको अर्को भ्रम पनि चिरिएको थियो त्यही दिन । रुनु अपराध लाग्थ्यो ! अन्यायको प्रतिरोध गर्न नसक्दा खसालेका आँसुलाई सानोमा आमाले 'यी कुकुरका मुत' भनी मेरा आँसुलाई उपेक्षा गरिरहँदा रुनु पनि पो अपराध हो कि भन्नेजस्तो लागिरहने अबोध किशोरी उमेरले एकाएक यो पाठ सिकेको थियो, रुवाइ अनुभूतिको स्वाभाविक अभिव्यक्ति हो । हो, त्यसपछि मैले आफ्नो रुवाइलाई कहिल्यै कमजोर ठानिनँ । बरु आँसुलाई सिद्धिचरणले झैँ क्रान्तिमा बदल्ने मनमा अठोट पलाएको थियो । शोक नै शक्ति हो भन्ने शिक्षा मिलेको थियो । संवेदित हुनु कमजोर हुनु होइन, केही सिक्नु र बुझ्नु हो रहेछ ।

असारको पानी अवसर हो कर्मशीलका लागि । मनको रुवाइमा संवेदनाका अनेक तह हुन्छन् र बर्सिन्छन् कविता, गीत र अमर कला ! 'मेरो शिल्पी यस शकलमा सिङ्गो आकार देऊ, एउटै सानो सरल कृतिमा पूर्ण संसार देऊ !' भन्ने कवि कति रुँदा हुन् स्वानुभूति र परानुभूतिमा समानुभूति गर्दै !

झमझम पानी पऱ्यो असारको रात, पारीबाट बज्न थाले मकइका पात !

बाटो सोध्दै कविको घर पुग्दा वरिपरि मकैका पात बजिरहेका थिए । पानी रोकिएको थिएन । प्रकृतिको यो सुन्दर सङ्गीतले स्वागत गर्दै पुऱ्याएको थियो कविको साधनाको कलात्मक थलोमा । काठको पुरानो भऱ्याङ उक्लेर पूर्वतिरको कोठामा छिर्दै गर्दा दम्पतीको मुस्कानले अभीभूत भयौँ हामी ।

शान्त शरीर खटियाको सफा ओछ्यानमा सजिलो गरी राखेर हामीलाई मुस्कानले स्वागत गर्दै हुनुहुन्थ्यो राष्ट्रकवि ! अभिवादनसँगै कुराकानीका लागि कापी र रेकर्डर ठीक पारेँ । राधिका फोटो र भिडियोका लागि मोबाइल लिएर अलि पर बस्नुभयो । कविका गहिरा आँखामा मैले आफ्नो परिचय दिएँ वा उहाँ आफैँले बुझ्नुभयो, प्रश्नहरूसँगै मैले आफूलाई चिनाएँ । कविलाई पढ्नु र कविलाई भेट्नुमा कति अन्तर छ ? मैले आफैँलाई पनि सोधिरहेँ । मैले सोधिरहनुभन्दा पनि उहाँका कुरालाई नै सुनिरहनुमा धेरै आनन्द महसुस गरेँ । सुन्दै गर्दा उत्तर मिलेझैँ भयो । कविताले कविलाई साधनाको थलो बनाउने रहेछ, जसरी कविले आफ्नो जीवनलाई साधनाको थलो बनाएका छन् । कवितालाई बुझेर होइन भोगेर लेख्ने कवि वास्तवमै पाठकको मनमा बस्छ । जुनसुकै तहको पाठकका लागि लेख्न सक्ने कविले तिनका संवेदनालाई राम्ररी बुझेको हुन्छ । कविता लेख्न विचार र अनुभूति मात्र भएर हुन्न, दीर्घ तपस्या पनि

आवश्यक पर्दछ । कवि बोलिरहे– 'मलाई सन्तुष्टि नमिल्दासम्म कविता छाप्न दिन्नँ । कविता भयो र मलाई राम्रो लाग्यो भने मात्र बाहिर निकाल्छु । कवितालाई सधैँ जीवन मानेँ । म कविता लेख्दिनँ, कविता बाँच्छु ।'

**वैशाखको पैलो फूल– अचम्म हो खालि**
**मेरो कहीँ अन्त्य छैन– प्रारम्भ हो खालि !**

कवि, जीवनलाई सधैँ आरम्भ मात्र देख्ने यो अनुभूति सबैले बुझ्न सकून् ! आफूलाई कहिल्यै बूढो भएको महसुस नगर्नु कर्मशील रहनु हो । यो तिम्रो अति राम्रो काव्यिक छाया अनि कवितामा पल्किएको माया ! यो माया सधैँ सुन्दर, शान्त र विशाल भएर बाँचिरहोस् । देवकोटाले देखेको नेपालको सुन्दर, शान्त र विशालको सुन्दर सपनालाई तिमीले कवितामा फेरि जोडिदियौ, पुनर्जागृत गरिदियौ नेपाली राष्ट्रियता । आफ्ना अग्रज भानुभक्त, लेखनाथ र देवकोटाप्रतिको तिम्रो अगाध श्रद्धाले तिमीलाई अर्को विशेष कविको रूपमा जन्माएको कुरा निर्विवाद छ । तिम्रो यो जीवन सधैँ आरम्भ होस्–

**संयोग अनि सुखद वार्ता अचम्म हो खालि**
**यो भेटको अन्त्य छैन प्रारम्भ हो खालि !**

# राष्ट्रकविका अभिप्रेरक पक्ष



रमेश शुभेच्छु

नेपाली साहित्यका युगपुरुषहरूमध्ये माधव घिमिरेको नाम अग्रस्थानमा आउँछ । उनी दीर्घ साधनाले मात्र होइन बहुमुखी साधना र सेवा समर्पणका आधारमा पनि नेपाली साहित्यजगत्का आदरणीय प्रतिभा हुन् । उनी मेरा पितामहपूज्य कवि हुन् । कवि पुस्ताका हिसाबले म नाप्त (नाति) पुस्ताको कवि हुँ । ती पितामहपूज्य कविलाई सम्झने र उनीबाट अभिप्रेरित बन्ने आधार अनेकौँ छन् । ती अनेकौँ आधारको संस्मरण केही झल्याकझुलुक मात्र छन् ।

माधव घिमिरेलाई मेरो पुस्ताका आममानिसले जसरी चिने, मैले पनि त्यसरी नै चिनेँ ।

उनलाई सानैमा पढें र चिनें । उनले लेखनाथ र भानुभक्तलाई पढेजसरी नै हामीले उनलाई पढ्यौं । त्यो पढाइ पढाइका लागि वा कक्षा चढ्नका लागि पढाइ मात्र थिएन । हाम्रा हुर्काइ, बढाइ र सोचाइसँग एकाकार हुने सामर्थ्यको चिनाइ थियो । 'ताराबाजी लैलै' कवितामा ताली बजाउँदै पढ्यौं र चिन्यौं । स्कुलका तल्ला कक्षाका कविताबाटै पढ्यौं र चिन्यौं । 'भँगेरा र भँगेरी' कवितामा आफैं भँगेरा र भँगेरीजस्तै बनेर पढ्यौं र चिन्यौं ।

आज सम्झन्छु– घिमिरेका राष्ट्रिय गीत गाउँदै र नाच्तै विद्यालय उमेरलाई रमाइलो बनाइयो । लाग्छ, उनका गीत नभएको भए विद्यालयमा शिक्षादिवस रमाइलो हुँदैन थियो । उनका गीत नभए विद्यालय उत्सव वास्तवमै उत्सव बन्दैनथ्यो । उनका गीत बजेपछि र हामी नाचेपछि बल्ल उत्सवहरू उत्सव हुन्थे । कार्यक्रमहरू कार्यक्रम बन्थे । राजारानीका जन्मदिन हुन् वा अरू उत्सव सबै उनैका गीतका रन्कोले भरिएका हुन्थे । जब उनका गीत बज्थे तब केही कार्यक्रम भएको आभास मिल्थ्यो । हो, त्यो बाल्यकालमा थाहा नपाईकनै माधव घिमिरे मेरो मानसपटलमा छाएछन् र विशाल व्यक्तित्व बनेर बसेछन् ।

माध्यमिक विद्यालय तहमा प्रवेश गरेसँगै 'वैशाख' कवितामा भाका हालियो । कक्षामा सरले भाका हाल्न लाउँदा अब्बल स्वर निकाल्न सक्ने छात्र भएका नाताले मलाई त्यो कविता आउँदो हुन समय लागेन । त्यसै बेला लेखकका विषयमा पनि पढ्न थालियो । त्यसरी कविता र त्यस कविताका लेखकका विषयमा पढ्ने क्रममा उनका विषयमा थप चासो बढ्यो ।

पहाडको कुनाको मान्छे म । पुस्तकालयविहीन विद्यालय । पुस्तक पसल नभएको ठाउँ । सन्दर्भ सामग्रीविहीन शिक्षक । घिमिरेका कृतिका नाम सुन्दैमा सबै पढिहाल्न पाइँदैन थियो । नौ कक्षा पढ्दै गर्दा मावलीघर जाने मौका पऱ्यो । मेरा मावली भर्खर

पाँचथरबाट बसाइँ सरेर मोरङ झरेका थिए । त्यहाँ पाएको दक्षिणाबाट बिर्तामोड बजारको कुनै पुस्तक पसलमा केही साहित्यिक किताब र अङग्रेजी भाषा सिक्ने स्पिकिङ कोर्सको किताब किनेको सम्झन्छु । ती किताबमध्ये एउटा 'गौरी' र अर्को 'राजेश्वरी' थिए । ती किताब गाईबाखा चराउँदा, घाँस दाउरा गर्दा गाएर हिँड्दाहिँड्दै किताबका पङ्क्ति त मुखाग्र भए नै, म छन्दको कवि पनि बनिसकेको थिएँ । मलाई छन्दकविता सिर्जनामा अभिप्रेरित गर्ने मूल सामग्री तत्कालीन पाठ्यक्रममा समेटिएको 'चरीको विलाप' कविता (लेखनाथ पौड्यालको 'तरुण तपसी'को अंश) भए पनि बढी सम्प्रेष्य सामग्री 'गौरी' र 'राजेश्वरी' थिए । 'राजेश्वरी'सँगै 'पापिनी आमा' पनि थियो । पछि सिर्जना भएको मेरो हजुरबा काव्यमा 'गौरी'को प्रभाव निकै व्यापक छ । त्यसमा 'राजेश्वरी' को प्रभाव पनि मिसिएको छ ।

त्यस बेला गाउँमा हुलाक सुविधा थियो । मैले घिमिरेलाई उनका दुई कृति पढेर एउटा पाठकपत्र पनि पठाएको थिएँ । मलाई लागेको थियो, उनको खुसीको जबाफ मेरा भारतमा बस्ने काका र बडीबाको जस्तै गरी चिठीमै आउँछ तर आएन । उनको जबाफ नआएपछि फेरिफेरि चिठी लेख्ने कुरा पनि भएन । श्यामप्रसाद शर्माजस्तै कागजपत्र सुरक्षित राख्ने गरेका भए घिमिरेका पुराना कागजपत्रमा मेरो चिठी पनि हुन सक्छ । त्यस बेला घिमिरे पढ्दापढ्दै मेरो मनस्थितिमा आदरणीय लेखक बनेका थिए । त्यो पत्र भावनात्मक पत्र थियो । त्यो पाठक प्रतिक्रिया मेरो प्रारम्भिक समालोचना चेतनाको प्रतिक्रिया थियो । मेरो कामना छ घिमिरेका चिठीपत्रमा त्यो पनि भेटियोस् ।

क्याम्पस तहमा पुग्नासाथ 'नवयुवक' कविता पढेर उत्साह बटुलियो । त्यस कविताका पठनमा मेरो युवा उमेरमा यति उत्साह

मिलेको थियो कि मानूँ, त्यो कविता घिमिरेले मेरै लागि लेखिदिएका हुन् । त्यसै बेला 'राष्ट्रनिर्माता' र 'धर्तीमाता' पढेर देशभक्तिको भावना साँचियो । ती रचनाले युवामनमा पारेको देशभक्ति भावना ढुङ्गाको अक्षर बनेर रहिरह्यो । त्यसै बेला 'पापिनी आमा' र 'मालती मङ्गले' पढ्दै उत्साही बनियो । 'राजेश्वरी' दोहोऱ्याइयो । 'हिमालपारि हिमालवारि', 'अश्वत्थामा' र अरू गीतिनाटक र कवितामा पढियो । स्नातकोत्तर तहमा 'राष्ट्रिय झन्डा', 'कालीगण्डकी', 'दुलही हिमाल कञ्चनजङ्घा' र 'परन्तु यौटै मूर्तिमा विराट्' जस्ता कविता पढियो । यी कविताको गहिराइ हामीले दैवज्ञराज न्यौपानेसँग पढेका थियौँ ।

जब उच्च शिक्षाको एउटा देउरालीमा पुगेर पढाउन थालियो, उही माधव घिमिरे पढाउन थालियो । मानूँ, उनी थिएनन् भने मेरो जागिर हुने थिएन । कक्षापिच्छे जस्तो उनका गीत र कविता पढ्नुपर्थ्यो । मानूँ, उनीबाहेक अरू लेखकै छैनन् जस्तो । म त्यस बेलासम्म विद्यार्थीलाई माधव घिमिरेको परिचय राम्ररी दिन सक्ने र दर्जनौँ उदाहरण दिन सक्ने भइसकेको थिएँ ।

स्नातकोत्तर तहको अध्ययन सकिएलगत्तै महाविद्यालयमा पढाउन थालेँ । त्यस बेला उनै पुराना गीत र कविता पढाउनुपर्ने पाठका रूपमा दोहोरिएर आउन थाले । जब माधव घिमिरे पढाउने पाठ आउँथ्यो तब किताबै हेर्नु नपर्ने । प्रवीणता प्रमाणपत्र र दस जोड दुईमा अनिवार्यतर्फ 'यही हो मेरो मिथिला' र विशेष नेपालीतर्फ 'नवयुवक' कविता पढाउनुपर्थ्यो । आफूले पढेकै कविता पढाउनुको मजा नै बेग्लै !

घिमिरेलाई पहिलो पटक मैले काठमाडौँको नेपाल प्रज्ञाप्रतिष्ठानमै विजय मल्लको अन्तिम बिदाइका बेला देखेको हुँ । त्यस बेला परैबाट देख्दा पनि आदरले मेरो शिर झुकेको थियो ।

राष्ट्रकवि घिमिरेसँग धेरैवटा संस्थाद्वारा आयोजित कार्यक्रममा मेरो भेट हुन्थ्यो । त्यहाँ उनी प्रमुख अतिथि र म उद्‍घोषक हुन्थ्यौँ । बारम्बार प्रमुख अतिथि र उद्‍घोषकका रूपमा भेटिँदाभेटिँदै उनले एक पटक भनेको सम्झन्छु– 'शुभेच्छु उद्‍घोषक कि कवि ?' मैले मुस्कुराएर मौन बस्नुबाहेक केही जबाफ निकालिनँ । मैले घिमिरेको त्यस जिज्ञासालाई कतै कविता लेख्न छाड्ने हो कि भन्ने चिन्ताका रूपमा बुझेँ ।

काठमाडौँ आएको साल विविध कारणले म घर गइनँ । त्यस दसैँमा घिमिरेकै घरमा फलफूल बोकेर दसैँको टीका लगाउन गएको सम्झन्छु । त्यस आसपासमै समय मिलाएर लिएको लामो अन्तर्वार्ता सम्झन्छु । त्यो अन्तर्वार्तामा धेरै कुरा समेटिएका छन् ।

घिमिरेसँग जोडिएका केही सुखद संस्मरणहरू अझ ताजाताजा बनेर आइरहेका छन् । धेरै वर्षपहिला २०५५ सालतिर महेन्द्र रत्न बहुमुखी क्याम्पस इलामको छात्र छँदा म छन्द जागरण अभियानको अभियन्ताका रूपमा सक्रिय थिएँ । त्यसताका मेरो र बालकृष्ण लामिछानेको हस्ताक्षर रहेको चिठी घिमिरेका नाममा रजिस्टर गरेका थियौँ । घिमिरेको हस्ताक्षरमा एउटा एक श्लोकको नयाँ कविता प्राप्त गरेर त्यस कृतिमा पनि प्रकाशन गरिएको छ ।

घिमिरको कविता पाउनु र आफ्नो कृतिमा छाप्न पाउनुलाई हामीले गौरवका रूपमा लिएका थियौँ । 'मेची पद्यमाला'मा छन्दका विषयमा 'छन्द कविताका निम्ति हो तर कविता छन्दका निम्ति होइन' शीर्षकको उनीसँगको अन्तर्वार्ता छापिएको छ । 'मेची पद्यमाला' हामी दुई जनाका उत्साह र लगानीमा छापिएको थियो । त्यस बेला काठमाडौँमा फोन गर्न ज्यादै महँगो पर्थ्यो । हामीसँग फोन गरिरहने पैसा पनि हुँदैन थियो । इमेल इन्टरनेटको पहुँच हुने कुरै भएन । त्यस बेला काठमाडौँ आइपुगेर घिमिरेलाई भेट्ने कुरा अहिले अर्कै

महादेश पुग्नुजस्तै थियो । त्यति बेला हामीले चिनेका झापाका कवि देवी नेपाललाई पत्राचार गरी घिमिरेको अन्तर्वार्ता मागेका थियौँ । त्यस कृतिमा माधव घिमिरे र केही प्रतिनिधि कविका कविता समेट्ने हाम्रो मन थियो । दैवज्ञराज न्यौपाने, कञ्चन पुडासैनी, वासुदेव त्रिपाठी आदिले चिठी पाएर पनि नपठाएको कुरा पछि भेटमा थाहा भयो तर घिमिरेको कविता उपलब्ध भएर समेटिएको छ । त्यो हामी नाति कविका लागि हजुरबा कविको आशीर्वाद थियो, सदाशय थियो ।

घिमिरेलाई सम्झने प्रसङ्गहरू अरू धेरै छन् । मेरो 'हजुरबा' शोककाव्य निस्कनासाथ घिमिरेलाई लामो पत्र पनि लेखेर रजिस्टर गरी हुलाकबाट पठाएको थिएँ । पछि काठमाडौँ आएपछि झोलामा बोकेरै लिएर गएर वाचन गरेर पनि सुनाएको थिएँ । त्यस काव्यमा केही मात्रामा 'गौरी'को प्रभाव रहेको छ । उनले पनि 'सुनेर हो रहेछ' भनेका थिए । घिमिरेलाई आफ्नो कृति दिनु मेरा हजुरबाहजुरआमालाई पशुपतिमा भेटी चढाउनुजस्तै थियो मलाई ।

कहिलेकाहीँ मीठा संयोग मिल्छन् । मैले घिमिरेका हातबाट २०७२ सालमा राष्ट्रिय युवावर्ष मोती पुरस्कार प्राप्त गरेँ । त्यस पुरस्कार छनोट समितिले मलाई छानेर मेरो व्यक्तित्व विकासमा ठूलो गुन लगाएको सम्झन्छु । मैले घिमिरेसँग पुरस्कार थापेका मञ्चमा बोल्ने क्रममा नेपालमा दिइने पुरस्कारमध्ये सबैभन्दा विशिष्ट साहित्यिक व्यक्तित्वका हातबाट पाएको विशिष्ट स्रष्टाका नाममा स्थापित विशिष्ट पुरस्कारका रूपमा चर्चा गरेको थिएँ । त्यस बेला भावुकतावश भनेको थिएँ– 'अब भविष्यमा मैले कुनै पुरस्कार नपाए पनि यही एउटा पुरस्कारले मलाई नेपाली साहित्यको सेवामा अभिप्रेरित गरिरहनेछ ।' मैले त्यस पुरस्कारलाई नेपाली साहित्यको विशेष पुरस्कारका रूपमा चिनाएको थिएँ । त्यहाँ बोलेकै थिएँ– 'मदन पुरस्कार एउटा कृतिलाई दिइने पुरस्कार हो तर यो पुरस्कार समग्र

व्यक्तित्वका मूल्यलाई दिइने पुरस्कार हो । कसैले मदन पुरस्कार पाउँदा एउटा कृतिमा पाउँछ, यो पुरस्कार पाउँदा समग्र योगदानमा पाउँछ ।' यस्तै अरू पनि उदाहरणबाट राष्ट्रिय युवावर्ष मोती पुरस्कार विशेष पुरस्कार हो भनेर व्याख्या गरेको थिएँ । त्यस बेला यो मेरा लागि मोतीराममलाई भारतेन्दुले दिएको पुरस्कारले जगाएको अभिप्रेरणा आज मलाई घिमिरेका हातबाट पाएको उनै मोतीरामका नामको पुरस्कारले दिएको पनि बताएको थिएँ । घिमिरेले पछि बोल्ने क्रममा मैले बोलेका कुरालाई जोडेर आशीर्वाद दिएका थिए ।


घिमिरे र मेरो जीवनको वयगत सम्बन्ध पितामह र नातिकै अन्तर रहे पनि मेरो साहित्यिक अभिरुचिले उनलाई नजिकबाट देखिरहन, भेटिरहन र सहकार्य गरिरहन पाएँ । यो मेरा लागि विशेष अवसर र सुयोग पनि हो ।

घिमिरे नेपाली कवि लेखकहरूमध्ये सर्वाधिक सम्मान र पुरस्कार पाउने कवि पनि हुन् । युवावस्थादेखि नै योग्यताअनुसार प्रतियोगितामा जितेर सम्मान पुरस्कार पाउँदै आएका घिमिरेलाई जीवनका पछिल्ला प्रहरमा राष्ट्रिय गरिमापूर्ण पुरस्कारहरू प्राप्त छन् । उनी प्रज्ञाप्रतिष्ठानको आजीवन सदस्यका साथै राष्ट्रकविका रूपमा सर्वमान्य छन् । उनको समग्र योगदानको मूल्याङ्कन गर्दै २०७२ सालमा त्रिभुवन विश्वविद्यालयले महाविद्यावारिधि उपाधिबाट उनलाई विभूषित गर्‍यो । उनका रचनामा रहेको राष्ट्रियतालाई बोध गरी २०७४ सालमा नेपाली सेनाले मानार्थ सहायकरथीको उपाधि प्रदान गर्‍यो (?) । उनका विषयमा विद्यावारिधि शोधको सङ्ख्या पनि झन्डै दर्जन पुगिसकेको छ । एउटै स्रष्टामा यतिविधि फरकफरक सम्मान नेपाली साहित्यका इतिहासमा अपूर्व घटना हो ।

घिमिरेलाई नेपालमा महाकवि लक्ष्मीप्रसाद देवकोटापछिका सर्वाधिक लोकप्रिय स्रष्टा मानिन्छ । उनी लेखनाथ पौड्यालले आरम्भ

गरेको परिष्कारवादी र देवकोटाका प्रयासबाट विकसित स्वच्छन्दतावादी भावधारालाई समानान्तर उचाइमा अगाडि बढाउँदै आएका विशिष्ट सामर्थ्यसम्पन्न कवि हुन् । कवि घिमिरेका राष्ट्रिय भाव एवम् मिलन बिछोडजन्य मानवीय भावका गीत र कविताहरू आमनेपाली जनजिब्रोमा झुन्डिएका छन् ।

# पूर्वदीप्तिमा राष्ट्रकवि



प्रा.राजेन्द्र सुवेदी

## १. राष्ट्रकवि घिमिरे : प्रवेश सन्दर्भ

'शतायुषं कृणुहि' अर्थात् मेरो कामना छ– 'तपाईं शतायु अर्थात् स्रहस्रायुवान् बन्नुहोस् ।' यही भौतिक शरीरमा तपाईंको सय वर्षको क्रियाशील जीवन पूर्ण भएको छ । अर्को शताब्दी जीवन पनि भोगिरहनुभएको छ । भोगका आधारमा मात्र धन तथा समृद्धिले शोभा प्राप्त गर्दछ भन्ने चाणक्यको कथन तपाईंका जीवनका कारणले पनि शतायुको शोभा विवर्धन भएको छ । दोस्रो शतायुको पहिलो संवत्सरको यात्रा चलिरहेका सन्दर्भमा यो स्मृति पूर्वदीप्ति पद्धतिमा प्रस्तुत गरिएको छ । हाल पनि विभिन्न कार्यक्रममा

सहभागी भइरहनुभएका राष्ट्रकवि बनेका कविको सिर्जनाको यात्रामा केही सुस्तता आए पनि चिन्तन र कलागत संवेदनाको ऊर्जामा कमी आउन पाएको छैन भन्ने कुरा पाठकले आत्मसात् गर्न पाइरहेका छन् । यो नेपाली कविताकाव्यका पारखीका निम्ति गरिमाबोधको विषय हो ।

१९९० को दशकबाट नै सिर्जनाको क्षेत्रमा प्रवृत्त बनेका कवि घिमिरेको सृजनयात्राले राष्ट्रिय गरिमा तथा नेपालीहरूको वीरताको उद्बोधन, गोरखालीको शौर्य र पराक्रमको महिमागान तथा राष्ट्रिय अखण्डताको चेतना जागरणलाई सिर्जनाको केन्द्र बनाउँदै गरेका स्थितिमा नै आकस्मिक दुर्घटना भएको छ । यो दुर्घटनाका रूपमा भएको पत्नी गौरीसँगको वियोगबाट कारुणिक संवेदनातर्फ मोडिएका सिर्जनाचेतले नेपाली काव्यपरम्परामा नयाँ दिशाको प्रादुर्भाव गरिदिएको छ । यसको परिणाम 'गौरी' काव्यका नाममा प्रकटमा आएको छ । कारुणिकता र वीरताको समायोजित बिम्ब बनेको काव्यकृति 'राजेश्वरी' काव्यको सिर्जनाले र मातृवत्सलता, कारुणिकता र वीरताका बिम्बको प्रतिष्ठापनले कवि घिमिरेलाई उत्कर्षतातिर उकालेको छ । करुणा, वीरता र रौद्र रूपमा आएको 'पापिनी आमा' काव्यले कविलाई विशिष्ट रौद्र संवेदना र अधिकतर वीरभावको समायोजन गर्ने कला पनि यहाँसम्म आइपुग्दा विमिस्रित र बहुचेतनात्मक संवेदना प्रौढ बनिसकेको स्थिति देखिन्छ । राष्ट्रिय भावका प्रखर चिन्तनको साक्ष्य बनेर 'राष्ट्रनिर्माता' काव्य प्रकाशनमा आएपछिको स्थितिमा भने कवि घिमिरेको सिर्जना वीरतापूर्ण भावको उत्कर्षबाट विश्वबिम्ब नियाल्ने बिन्दुतर्फ उन्मुख भएको देखिन्छ ।

सय वर्षको सन्दर्भमा प्रकाशित एक सय एक कविका विशिष्ट संवेदना र गम्भीर भाव सन्दर्भहरू पनि यहाँ कवि माधव घिमिरेको साक्ष्य गर्ने रचना तथा भावसमेत सन्तुलन गरेर कविता सिर्जना गर्ने कविका रूपमा लगभग एक शताब्दीको इतिहासलाई नेतृत्व गर्ने

सर्जकको उपस्थिति निकै दुर्लभ विषय मानिन्छ । यसै विषयले निर्देशित गरेका पक्षहरू साहित्यका अध्येताले सहजै आत्मसात् गर्ने विषय हुन् । यसले नेपाली साहित्यको आधुनिक कालको शताब्दीको जिउँदो साक्षीका रूपमा कवि माधव घिमिरे पनि यहाँ उपस्थित बनेको देखिन्छ । पूर्वदीप्तिका सन्दर्भमा घिमिरेको शतवार्षिकीका सन्दर्भमा मर्स्याङ्दी प्रश्रवणक्षेत्र तथा लमजुङवासीहरूको तर्फबाट आयोजित अभिनन्दन समारोहका सन्दर्भमा प्रधानमन्त्रीको उपस्थित भएको थियो । उक्त अभिनन्दनको भाषिक संरचना र सम्पादन तथा संयोजनमा प्रा.डा.वासुदेव त्रिपाठीसमेतको संलग्नताको स्थितिलाई मैले जिम्मेदारी लिनुपर्ने स्थिति आएको थियो । त्यतिखेर मैले घिमिरेको जीवनकाल प्रथम विश्वयुद्धको धङ्धङीको स्थिति टुङ्गिई नसकेको अस्थिर, दोस्रो विश्वयुद्धको भीषण विभीषिकाको प्रभावमै घिमिरेले सिर्जनाको ऊर्जा आर्जन गरेका र त्यसपछिको विश्वमा मडारिएको शीतयुद्धका स्थितिले विश्वलाई भावुक संवेदनाको तहमा पुऱ्याएको अवस्था पनि उनका रचनाको साक्ष्यका रूपमा देखिन्छ ।

## २. कवि घिमिरेका कृतिसँगको पहिलो जम्काभेट

कवि घिमिरेका कृतिसँग मेरो पहिलोपल्ट २०२३ सालतिर स्नातक तहको अध्ययनका क्रममा जम्काभेट भएको थियो । ती कृति ‘युवक’ र ‘कलमवीर’ थिए । यस्ता रचनासँग परिचित बनेको मैले कवि घिमिरेको बिम्ब आफ्नै मनोजगत्मा बनाएको थिएँ । विषयवस्तु, भाव, भाषा र शिल्पको समायोजनमा रहेको स्थितिलाई पनि अनुबिम्बित गर्ने काम सिर्जनाका सन्दर्भले पुष्टि गरेको हुन्छ । पाठ्यक्रममा पढिएका घिमिरेसँगको भौतिक साक्षात्कारचाहिँ स्नातकोत्तर तहको अध्ययनका क्रममा मात्र भयो । त्यस बेला कवि घिमिरे चिन्तन र चेतनाका दृष्टिले, वय र व्यवहारका दृष्टिले परिपक्व बनेका व्यक्तिका रूपमा स्थापित भइसकेका थिए । त्यतिखेर उनको सृजनयात्रा उत्कर्षमा पुगिसकेको थियो । यस सन्दर्भमा आइपुग्दा कविको जीवनयात्रा चार दशकबाट उकालो लागिसकेको थियो ।

कवि घिमिरेको भौतिक उपस्थितिसँगको परिचयचाहिँ २०२८ सालको भानुजयन्तीको सन्दर्भमा त्रि.वि.कीर्तिपुर क्याम्पसको सभाकक्षमा मात्र प्राप्त गरेको हुँ । त्यहाँ गोष्ठीको आयोजक विद्यार्थीमध्येको विद्यार्थी म पनि भएका कारण कविसँगको मौखिक वार्ता गर्न पहिलो अवसर मलाई मिलेको थियो । हालसम्मको झन्डै पाँच दशक लामो इतिहासको सहसम्पर्क र सहकार्य आदिका कारण र केही न केही प्रयोजनका आधारमा कवि घिमिरेसँगको व्यवहार मप्रति पनि जीवन्त रहँदै आएको छ । उत्सव र महोत्सव तथा गोष्ठी र छलफलका क्रममा कवि घिमिरेसँगको सहकार्य राम्ररी नै मौलाउने अवसर मिलेको थियो । २०३६ सालमा आइपुग्दा अरू मौका नमिले पनि यदाकदा सङ्गत गर्ने अवसरचाहिँ मिल्दै आएको थियो । तर यसले विकसित हुनै मौकाचाहिँ २०३७ सालमा पायो । कविसँगको मेरो सम्पर्क मौलाउने मौकाचाहिँ २०३८ सालमा आइपुग्दा 'नेपाली बृहत् शब्दकोश' निर्माणको इतिहाससँग जोडिएपछि मिलेको हो ।

### ३. कवि घिमिरेसँग सहकार्यको अवसर

कवि घिमिरेको उपस्थिति नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलपतिको पदमा थियो– जतिखेर मेरो कविसँग सम्पर्क भएको थियो । यस कालखण्डमा कुलपतिको पदमा चाहिँ लैनसिंह बाङ्देल आसीन रहेको स्थिति थियो । कोश सम्पादनको कार्य बालकृष्ण पाखरेलको निर्देशनमा र कोशको सम्पादन संयोजन प्रा.डा.बल्लभमणि दाहाल र प्रा.डा.वासुदेव त्रिपाठीबाट सम्पन्न हुँदै गरेको र अर्थलेखन तथा सम्पादन कार्यमा यही पङ्क्तिकार राजेन्द सुवेदी, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा आदि विभिन्न विषयक्षेत्रका विद्वान्हरूको समायोजन कार्यमा कवि घिमिरेको प्रभावकारी संयोजनको भूमिका कायम थियो । एक दिनको लघु बैठकमा कविले भनेको सन्दर्भ अहिले पनि स्मृतिमा जीवन्त रहेको छ । कविको मनस्थितिमा कुन तरङ्ग मडारिएको थियो, त्यो त थाहा भएन । कुलपति वाङ्देलको

अनुपस्थितिको सो बैठकको आरम्भमा कविता पढ्ने काम भयो कविबाट । कविता यस्तो थियो–

**कि जिन्दगीको रस रिक्त हुन्छ, कि जिन्दगीको रस तिक्त हुन्छ ।**
**दुर्भावनामा मनका कुनामा, जसैकसैको विषसिक्त हुन्छ ॥**

(राष्ट्रकवि घिमिरे)

हामी त्यहाँ उपस्थितहरू निकै ऋस्किएका थियौँ– यस कवितांशका 'जसैकसैको विषसिक्त हुन्छ' पदावलीभित्र हामी पनि सम्बोधित हुन सक्ने कुरा हामीलाई बोध भयो । त्यतिखेरका प्रात्रहरू यी पङ्क्ति लेखिरहेका बेलाका जस्ता झिँगे प्राज्ञहरू भएको भए त्यति ऋस्किनुपर्ने स्थिति नै आउने थिएन । आजका झिँगे प्राज्ञसँग भुसुनु नै पनि ऋस्किँदैन भन्ने कुरा त जगजाहेरै छ । अँ त उपकुलपति कविले हाम्रो स्तब्धता भङ्ग गर्दै भनेका थिए– 'यो पङ्क्ति मैले खाएको गालीको प्रेरणाका कारण मबाट नै जन्मिएको हो । म सदस्य मात्र रहँदा कार्यालयमा आउन केही विलम्ब भएका कारण केदारमान व्यथितले कुलपतिको आसनबाट मलाई केही नमीठो गाली गरेका कारण ममा अनायासै उत्पन्न भएका आवेगले यो कविताको रूप लिएको हो । यहाँ मैले कवि केदारमान व्यथितको आशयबाट यहाँहरूलाई लक्ष्यित गरेर यो कविता पढेको पनि होइन, केवल मौनता भङ्ग गरेको मात्र हो ।'

मलाई पछि सङ्कथन विश्लेषणको अध्ययनका क्रममा मात्र थाहा भयो । कुनै विषयको उठान गर्दा वक्ताले यस्तै नयाँ र सन्दर्भ परिस्थितिको सहजीकरण गर्ने किसिमका भावलाई उद्बोधन गर्ने अनौठा र रमाइला कथन, हाँस्ने, खोक्ने वा चेष्टा गर्ने काम गरेर आफ्नो विषयमा प्रवेश गर्ने काम गर्दछ । यसै तात्पर्यमा कवि घिमिरेले उक्त पङ्क्ति प्रस्तुत गरेका थिए । हामीले कोशको हालसम्मको प्रगतिको बारेमा सर्वेक्षण गरेका थियौँ र एक नयाँ शब्द खाजेर अर्थ लेखी ल्याएबापत वा सङ्कलित एक शब्दको अर्थ

लेखेबापत एक रुपियाँ प्राप्त हुने निर्णय पनि सुनेका थियौँ । उपकुलपतित्वको पदावधि समाप्त भएपछि कविलाई कुलपतिको पदमा आरोहित बन्ने अवसर प्राप्त भयो । नेपाली समाजका ज्ञान र विज्ञान क्षेत्रले, नेपाली भाषासाहित्यले, नेपाली कला तथा संस्कृतिले राम्रै र योग्य अभिभावक प्राप्त गरेको अनुभव गरेको थियो । तर २०४६-०४७ सालको राजनीतिक हावाहुरीका कारण देशका समग्र मूल्यहरू भताभुङ्ग भएर धराशायी बने । कवि घिमिरे कुलपतिको पदबाट बर्हिगमन हुनासाथ प्रज्ञाप्रतिष्ठानको उचाइ पनि भत्किएर सगरमाथाबाट चुरे बन्न पुग्यो ।

चुरेमा त जो पनि चढ्ने नै भए । राष्ट्रको गरिमा धान्ने सत्तामा नै थुम्की र ढिस्काहरू विराजित हुने संस्कृति विकसित बन्दै गएको अवस्थामा चुरे चढ्नसम्म सक्नेहरूलाई छानेर लानेहरू आफ्नो उचाइभन्दा कम उचाइ भएकालाई नै उपयुक्त प्राज्ञ ठान्ने संस्कृतिको विकास भयो । यस प्रकारका होचा चुलीमै चढ्न चाहने तर उचाइ निकै मूल्यवान् भएका प्राज्ञहरूले आफ्ना उच्चता घटाएर वा सत्ताको जुत्तामुनिकै प्वालबाटै भए पनि तँछाड र मछाड गरेर उपकुलपतिको आसनमा चढ्ने दौड चल्यो । रमाइलो त के भने समालोचक डा.ईश्वर बराल र स्रष्टा तथा चिन्तक मदनमणि दीक्षितजस्ता उच्च प्रतिभा पनि शिर निहुराएर सत्ताको जुतामुनिको त्यस पदमा आसीन बन्न पुगे । कताकता एउटा दुर्घटना तर सकारात्मक परिणामजस्तो अवस्था २०६० सालतिर देखियो । यस घटनामा पनि कवि घिमिरेको सिर्जनशील चेतनाले प्राज्ञिक गरिमालाई केही ऊर्जा प्रदान गरेको स्थिति उद्बोधन भएको थियो ।

कवि घिमिरेको राष्ट्रकवित्वको सन्दर्भ आउनुपूर्वको स्थिति उच्च रहेको र २०४५-२०५५ सालका बीचको नेपाली विषयको पाठ्यक्रमको निर्माण र पाठ्यविषयको चयनमा कविको सहयोग र सल्लाह पनि ऊर्जाशील रहेको सन्दर्भ यहाँ स्मरणीय विषयका रूपमा

लिने गरिन्छ । कविसँग जेजति सहकार्यहरू भए ती सबै नेपाली भाषा, साहित्य, कला, संस्कृति र राष्ट्रिय चिन्तनको विवर्धनका निम्ति प्रेरणास्पद थिए । यी प्रसङ्गहरू निकै प्रेरक रूपमा रहेको म सधैँ सम्झन्छु । विषय र समस्याको स्थापनापछि ती समस्या निराकरणका निम्ति आज पनि कविबाट सबैले सहज निकास प्राप्त गर्दछन् । २०४६-०४७ सालको आन्दोलनले कविलाई कुलपति पदबाट बहिर्गमन हुनु परेको विषयलाई कविले कसरी लिनुभयो, त्यो त मैले अनुभव गर्न पाइनँ । मैले केचाहिँ अनुभव गरेँ भने यस समाजमा भएका जति आन्दोलन छन्, ती सबै राजनीतिक संस्कृतिका दृष्टिले प्रशिक्षित र मर्यादित छैनन् । अराजक भीडका ठेलमठेल र ज्यादतीकै परिणामका रूपमा प्रतिष्ठित बनेका जमातका नाइके निर्माणमा टुङ्गिएका छन् । अपवादस्वरूप केही राम्रै पनि होलान् तर तिनको उपस्थितिको प्रभाव नगण्य छ ।

## ४. राष्ट्रिय गरिमा भत्किँदा पनि नहल्लिने सतिसाल कवि घिमिरे

नेपालभरि निर्माण भएका राष्ट्रिय प्रतिभाका प्रतिमा भत्काउँदा रमाइलो मान्ने नेताहरू आज आफैँ तिनै प्रतिमा बनाउन विदेशीसामु हात पसारेर भिक्षा मागिरहेका छन् । भत्किएका प्रतिमा निर्माण गर्न भिक्षा माग्नलाई नै हो भने ती अदूरदर्शी र अकर्मण्य नेतालाई सर्वसाधारण जनताले कमिसन खान पो भत्काइएको रहेछ भन्दा ती नेताले रिसाउने काम गर्नुभएन । तिम्रो नाक र मुखमा तिम्रै पेटको दुराचार पनि स्पष्ट र नग्न रूपमा देखिन्छ भनियो भने कसैले पनि नराम्रो र प्रतिशोधको विषयका रूपमा लिनुभएन । यसको उत्कर्ष २०५५-०६५ सालको बीचमा नै बढी भएको देखियो । यस समयमा विद्यालय र विश्वविद्यालयका अनेक कार्यक्रमहरूमा र विश्वविद्यालयको भौतिक साधनको उपयोग र प्रशासनिक गतिविधिमा पनि अनेक किसिमका बाँडफाँड र चक्लाबन्दीको संस्कृतिले प्रश्रय

पाउन थाल्यो । भौतिक विषयको सन्दर्भमा त भागबन्डा लाग्नुलाई सहज मानिदिऊँ, थप कुरा के पनि भयो भने स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रमको निर्माणमा पनि यस स्थितिको प्रभाव नकारात्मक ढङ्गले परिदियो । यसका केही बिम्बहरू पनि यहाँ विवेचनीय विषयका तहमा रहेको स्थिति बनेको छ ।

पाठ्यविषयमा स्तरको होइन, जातजातिको प्रवेश हुन पुग्यो । पाठ्यविषयमा गुणस्तर होइन, लिङ्ग र क्षेत्रले स्थान पाउनुपर्‍यो । प्रतिष्ठा र औचित्यको होइन, पहिचान र पृथक्ताले स्थान पाउनुपर्‍यो । यस किसिमको बबाल मच्चिएका समयमा भएका पाठ्यक्रमको विषय र अन्तिम निर्णयका निम्ति भएको गोष्ठीमा कवि घिमिरेको उपस्थितिले विषयको समीक्षण र स्तर निर्धारणका निम्ति सशक्त ऊर्जा प्रदान भएको थियो । आन्दोलनले लखेटेको गुणस्तरीयतालाई पुन:स्थापनाका निम्ति २०६४-०६५ सालमा भएको परिमार्जनमा कवि घिमिरेको सशक्त उपस्थिति भएको थियो । कवि संवेदनाले पनि प्रतिष्ठा प्राप्त गरेको अवस्था र गरिमाको उच्चता प्रदान गरेको स्थितिले पनि कविका उपस्थितिले थप ऊर्जाको बोध गरेको थिएँ । यस विषयसँग मैले जोडिनुपर्दाको सकारात्मक अनुभूतिगत र संवेदनाका तहहरू व्यवस्थापन गर्दा पनि कविको सहयोगको सन्दर्भ पनि यहाँ सम्झनलायक विषय बनेको अवस्था देखिन्छ ।

नेपाली पाठ्यविषयको प्रतिष्ठाका सन्दर्भमा आएको आँच लोकसेवा आयोगमा पनि पर्न थाल्यो । नेपाल र नेपाली नबुझे पनि नेपाली बन्न सक्ने, नेपालको पहिचान गुमे पनि नेपाली हुनुको गर्व बोध गर्ने शासकहरू मुलुकको शासनसत्तामा घोडा चढिरहने मौका पाए । यस्तो वातावरण बनाइदिने सत्ताको विक्षिप्त मनोदशाको उपचार हुनैपर्छ भन्ने पक्षको अघिल्लो पङ्क्तिमा कवि घिमिरेको साहस सलामयोग्य रहेको कुरा यहाँ सम्झनैपर्ने विषय बनेको छ । त्यस्तै नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थान र विकासमा

समर्पित एघार दशक लामो इतिहास बनाइसकेको संस्था साझा प्रकाशन दुर्घटित हुन लाग्दा उक्त संस्था बचाउने क्रममा पनि अघिल्लो पङ्क्तिमा उभिने प्रतिभाको रूपमा कवि घिमिरेलाई आज पनि देखिरहेका छन् । सिर्जनामा त घिमिरे अघिल्लो पङ्क्तिमै देखिन्छन्, अझ जतिजतिखेर राष्ट्रको रक्तसञ्चारको धमनी बनेर बसेको भाषा, संस्कृति र कलामा आँच आउन थाल्छ त्यतिखेर माधव घिमिरे सो सङ्कट निवारणका निम्ति अघिल्लो पङ्क्तिमै देखिने व्यक्तित्व रहेका छन् । यिनै पक्षलाई विलयको सँघारमा पुऱ्याउने काम हुन लागेको स्थितिमा कवि घिमिरे, सत्यमोहन जोशी, कमल दीक्षितजस्ता विशिष्ट व्यक्तित्वहरूबाट प्राण सञ्चार गर्न गम्भीर प्रयास भएको थियो ।

यस प्रकार लोकसेवा आयोगको अनिवार्य नेपाली विषयलाई हटाउने काम ठीक भएन भन्ने सन्दर्भमा तथा  शिक्षा मानविकीको समान तहमा एउटै पाठ्यविषय रहनुपर्ने अठोटका सन्दर्भमा जोडिन आएका दुर्घटनाजस्ता विषय र परिस्थिति पनि दु:खद अनुभूतिका संवेदनाका पक्षहरू त्यतिखेर निकै जटिल बनेर आयो । अनिवार्य नेपाली विषयको व्याकरणिक मर्यादामा २०६८-२०७० सालको अवधिमा विघटन र विचलनका अनेक वितण्डाहरू जन्मिए । यस स्थितिलाई पनि कवि घिमिरेको उपस्थितिले गहिरो र सकारात्मक प्रभाव पारेको कुरा यहाँ सम्झनयोग्य विषय बनेको छ । २०६३ पछिका वर्षहरूमा नेपाली भाषामा निकै नकारात्मक खेलबाडहरू भएका छन् । नेपाली समाजको सहिष्णु र सहभोक्ता भावको अभूतपूर्व आदर्श देखेर ईर्ष्या गर्ने विधर्मीहरूको प्रवेशले नेपालको भाषा, संस्कृति, धर्म र भूगोलका क्षेत्रलाई खण्डीकरण गरेर सन्तुष्टि लिने तत्त्वलाई प्रोत्साहित गर्ने शासकहरूको अकर्मण्यताका कारणले पनि यतिखेर निकै प्रभाव पारेको छ । नेपालको मौलिक अस्तित्वका अनेक आयामहरूमा दुष्प्रभाव परेका बेला साथ दिने प्रेरक स्रष्टा साक्ष्यका रूपमा घिमिरेको उपस्थिति

जीवन्त साबित बनेको छ । शासकहरूलाई होलीवाइनका दहमा डुब्न र एमसीसीको महमा लट्पटिन पनि अनुकूल अवसर दिनेहरूका विरुद्ध र यस देशको सांस्कृतिक, भाषिक र भोगोलिक अस्तित्व रक्षाका निम्ति समर्पित हुने यस्तै निस्वार्थ स्रष्टा हुन् कवि घिमिरे । यिनीहरूकै आत्मबलका कारणबाट त यो मुलुक कायम रहेको छ ।

यसपछिको चरणमा त प्रज्ञाप्रतिष्ठानको गरिमाको विषयले धेरै घर्षण र प्रकर्षणको दोहोरो भीडन्त बेहोर्नुपऱ्यो । विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानको गठन भए पनि कला, सङ्गीत, नाटच र भाषा तथा साहित्य अनि इतिहास र संस्कृतिको जिम्मा बोकेको तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलतिका चयनमा राष्ट्रकवि बनिसकेका माधव घिमिरेको गहन भूमिका रहेको थियो । कवि घिमिरेको सहयोगमै उपकुलपति पदमा आसीन प्रा.डा.वासुदेव त्रिपाठीको कार्यकाल पनि संस्थाको गरिमाको स्थिति कायम राख्न निकै सहयोगी बनेको थियो । यो अवस्था पनि यहाँ कवि घिमिरेको विशेषतालाई सम्झनलायक समयावधि थियो । देशको राजनीतिक धरातल खस्किँदै आएको र राजा ज्ञानेन्द्रको राजसत्ताबाट बहिर्गमनको स्थिति पनि आएका कारण फेरि गैरप्राज्ञहरूको वितण्डा मौलाउन लाग्यो । यस कारण राज्यसञ्चालकहरूकै कार्यकर्ता अर्थात् पार्टी प्राज्ञका खोजीमा लागेका सरकारले आफ्नै भकारो सोर्ने प्राज्ञ भर्ना गर्ने परम्परा आरम्भ भयो । बाउन्ने सरकारका अनुकूल देखिने एकाउन्ने प्राज्ञहरूको उपस्थिति जीवन्त देखियो । यो सन्दर्भचाहिँ यहाँ गौण विषय भए तापनि प्रसङ्गमा आएको हो । मूल विषय त कवि घिमिरेसँगकै मेरो संस्मरणमा रहेका बिम्बको प्रस्तुति नै हो ।

## ५. मेरा सम्धी कवि माधव घिमिरे

२०५६ सालमा मेरी छोरी पुष्पाको विवाह लमजुङका परम्जीवी घिमिरेका छोरा अमरजीवी घिमिरेका साथ सम्पन्न भएपछि कविले मलाई सम्धी भनेर सम्बोधन गर्न थालेका कारण मेरा लागि कवि

सम्धी पनि बने । मैले हजुर कति टाढा या नजिकको सम्धी हुनुहोला त भनेर कहिल्यै पनि प्रश्न गरिनँ । कवि मेरा सम्धी र म उहाँको सम्धी बस । यसले हाम्रो सिर्जनात्मक संवेदना र आत्मीयतामा सघनता नै थप्यो । यस नाताले औपचारिकतामा खुम्चिनुपर्ने कारण भने कत्ति पनि ल्याएन । सम्धीका स्थानमा सम्धी नै र कविका स्थानमा कवि नै । म स्वयम् कवि वा स्रष्टा या समालोचक जे थिएँ त्यही ठाउँमा रहेँ । कवि भावको संवेदना र प्रतिष्ठाका विषयले सार्वजनिक अवस्थाको स्थितिबाट व्यक्तिगत तहमा आकुञ्चित हुने अवसर अनुभव गर्नु परेन । साहित्यको प्रतिष्ठाले अकुण्ठित अवस्थामा आफ्नो संवेदना कायम रहने स्थिति देखाइ नै रह्यो ।

सम्धी वस्तुत: सन्धिकै विषय हो । पछिल्लो चरणका कवि घिमिरेको सिर्जनाचेत विश्वसम्बन्धको मैत्री भावलाई समायोजन गर्ने चेत हो । यस अर्थ कविमा रहेको चेतना समग्र विश्वमानवको सम्बन्धबोधक चेतना हो र सबैका निम्ति सम्धी या सन्धिचेतना हो । यसले नेपाली साहित्यको प्राप्तिलाई र विशेष गरी पछिल्लो चरणमा भएका साहित्यका सिर्जनात्मक मूल्यलाई कवि घिमिरेका प्राप्तिले विशिष्ट गतिलाई र रागात्मक तथा वैचारिक संवेदनालाई उपस्थापन गरेको देखिन्छ । यस प्राप्तिले विश्वमानवका चिन्तन र भावनालाई सन्धिकरण गरेर उभ्याएको देखिन्छ ।

## ६. राष्ट्रकविको प्रतिष्ठा प्रदानको सन्दर्भ

अर्को एक प्रसङ्गमा कवि घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गराउन नइको महत्त्वपूर्ण भूमिका रहेको थियो । यस अवधारणाको बीज नइकै हृदयमा रोपिएको हो । नइकै मनमा अङ्कुराएको र नइकै विवेकमा हुर्किएको हो र नइकै पहलमा तत्कालीन राजा श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहको स्वीकृतिबाट पल्लवित, पुष्पित र फलित भएको हो । विषयको औचित्य र महत्त्वका बीचमा रहेका अस्पष्टतालाई स्पष्ट पार्ने र यसको प्रतिष्ठा स्थापना

गराउने काममा नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको विशिष्ट भूमिका रहेको थियो । यसको समग्र पूर्वाधार नइबाट स्थापित बनेपछि कवि घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गरिएको थियो । यस विषयको सफलीकरणका निम्ति पनि धेरै व्यक्तित्वहरूको योगदान रहेको थियो । यसको सकारात्मकताका निम्ति महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको पनि भूमिका रहेको थियो । यस व्यवहारले नेपाली काव्य, कविताको गरिमालाई निकै बढाएको स्थिति पनि देखिएको थियो ।

आफू राष्ट्रकवि बनेको विषयमा घिमिरेले नइमाथि कृतज्ञता जनाउन पनि छाडेका देखिएन । राष्ट्रकविको उपाधिले घिमिरे गद्गद भएको पनि चाल नपाउने कुरै थिएन । यसै प्रसङ्गमा घिमिरेले एक दिन मसँग भनेको कुरा म सम्झन्छु– 'पहिलादेखि नै म भन्दै आएको छु; नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट नेपाली साहित्य र स्रष्टाका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ । मेरा लागि राष्ट्रकवि नै किटेर सरकारसामु प्रस्तावित गरेको नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले नै हो । नइ दम्पती कुनै काममा लागिसकेपछि त्यसलाई परिणाममा नपुऱ्याई छाड्दैनन् भन्ने उदाहरण त जगजाहेरै छँदै छ । राष्ट्रिय भावनाले भरिएको सिर्जना लेख्ने घिमिरे मात्र हुन् भनेर प्रसाई दम्पती एक पटक मात्र होइन, पटकपटक 'राष्ट्रकवि' नै दिनुपर्छ भनेर जोड गरेर लागेका थिए र नै म 'राष्ट्रकवि' भएँ ।'

राष्ट्रकविको सम्मानार्थ केही मासिक नगद राशिको व्यवस्था गर्ने क्रममा नइ र तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको पनि विशेष पहल रहेको थियो । तत्कालीन सरकारमा रहेका व्यक्तित्वहरूको पनि सकारात्मक समझदारीका कारण राष्ट्रकविलाई नगद राशिको व्यवस्था गर्न पनि सहज भएको थियो । यो सन्दर्भ पनि यहाँ स्मरणीय विषय बनेर रहेको छ । नेपाली भाषासाहित्यमा नेपाली प्रकृति, नेपाली

राष्ट्रियता, संस्कृति र नेपालको परम्परागत राष्ट्रिय चिन्तन तथा समग्र चेतनाको प्रद्योतन गर्ने कुशल शिल्पी कवि घिमिरेमा रहेको समग्र मूल्यको सञ्चेतना पनि प्रस्तुत सन्दर्भबाट घिमिरेमा प्रतिबिम्बन भएको स्थिति देखिन्छ । यस प्रकारका वैशिष्टचले नै कवि घिमिरेलाई उच्चताको प्रतिष्ठा प्रदान गरेको स्पष्ट हुन्छ । यसैमा पनि कवि घिमिरेको विशिष्ट संवेदनाले सम्मान प्राप्त गरेको बोध हुन्छ ।

सत्यमोहन जोशीले 'शताब्दी पुरुषको उपाधि प्राप्त गरेको र राष्ट्रकविले सहायक रथीको उपाधि प्राप्त गरेको सन्दर्भ र समय लगभग सँगसँगैको विषय हो । कवि घिमिरेले राष्ट्रकवि उपाधिका साथमा केही नगद राशिको सम्मान पाएका थिए । यस प्रकारको सम्मान मासिक भत्ता वाङ्मय 'शताब्दी पुरुषले पनि पाउनुपर्छ भन्ने कुरा हामी सबैलाई लागेकै थियो । संयोगवश नइको आयोजनामा सम्पन्न भएको कार्यक्रममा सहभागी बनेर घरतिर फर्किंदा वाङ्मय 'शताब्दी पुरुषकै गाडीमा कोटेश्वरसम्म आउने अवसर मिलेको थियो । यसै अवसरमा मैले 'शताब्दी पुरुषसँग सल्लाह मागेको थिएँ । 'शताब्दी पुरुष उपाधिको सम्मानका निम्ति केही आर्थिक भत्ता लिन सरकारमा पहल गर्न यहाँको अनुमति आवश्यक देखिन्छ । यसको प्रक्रिया चलाउन हजुरको अनुमति छ त ?' भनेर प्रश्न गर्दा उहाँले भन्नुभएको थियो– 'भइहाल्यो सुवेदीजी ! मलाई यस्ता कार्यक्रममा जान महानगरपालिकाले गाडी दिएकै छ र प्रज्ञाप्रतिष्ठानले केही भत्ता दिएकै छ । मेरा निम्ति यही नै पर्याप्त छ । अरू प्रयास गर्न आवश्यक छैन' भनेपछि मैले मनमनमा राष्ट्रकविको र सत्यमोहन जोशीको दृष्टिमा भएका भिन्नता पहिचान्ने अवसर प्राप्त गरेको थिएँ ।

### ७. राष्ट्रकविबाट सहायक रथी कविमा खुम्चिएका कवि घिमिरे

कविको प्रतिष्ठामा आएको आँचबाट भने मजस्ता कविप्रतिका धेरै आस्थावान्हरूमा निकै पीडाको अनुभूति भएको छ । राष्ट्रकविको प्रतिष्ठा र उपाधिप्रति प्रसन्नता प्रकट गर्ने नेपाली भाषासाहित्य र

संस्कृतिका स्रष्टा, राष्ट्रप्रेमी व्यक्तित्वहरूको मन भने घिमिरेले ग्रहण गरेको सहायक रथीका कारण केही कुँडिएको बोध भएको थियो । एकातर्फ राष्ट्रकविको उपाधि प्रदान गर्न भएको प्रयत्न र अर्कातर्फ यस उपाधि प्राप्तिबाट राष्ट्रका स्रष्टाहरूले गरेको गौरवको अनुभूतिमा आँच आएको मानसिक स्थिति पनि एकैपल्ट बेहोर्नुपरेको थियो । अभिनन्दन, सम्मान र पुरस्कारको विषय अलग हो । जति र जस्तो प्रकारको सम्मान र पुरस्कार भए पनि त्यसले खासै फरक पार्दैन तर उपाधिले पार्ने प्रभावचाहिँ उपाधि पाउनेका निम्ति मात्र होइन, त्यो उपाधिप्रति गर्व गर्नेका निम्ति पनि सङ्कोचको विषय बन्दो रहेछ । यहाँ कवि घिमिरेका विषयमा उठेका यस्ता तीता र कटु सन्दर्भ सुन्दा धेरैपल्ट खिस्रिक्क पर्नुपरेका कारण मात्र यहाँ उल्लेख गर्नुपरेको हो ।

सिङ्गै राष्ट्रका तर्फबाट राष्ट्रकविको उपाधि प्राप्त गरेका घिमिरेको नाम उच्चारण गर्न पाउँदा साहित्यको मूल्यबोध गर्नेहरू गर्वले फुलेको स्थिति पनि देखिएको थियो । यस देशको सेनाका महारथीले राष्ट्रकविका सामु सलामी टक्र्याएको देख्दा मेरो मन पनि गर्वले ढक्क फुलेको थियो । यसै प्रतिष्ठाप्रति कसैको ईर्ष्याका कारण हो वा वार्धक्य दोषका कारण राष्ट्रकविमै कुनै क्षुद्र मोह जन्मेका कारण हो, सेनाका तर्फबाट प्रथम श्रेणीको मानार्थ उपाधि मात्र प्रदान गरियो । हिजोसम्म सलामी अर्पण गरिँदै आएका राष्ट्रकविलाई यस मुलुकका प्रधान सेनापतिले रथीको मानार्थ उपाधि प्रदान गरेर राष्ट्रकै मान मर्दन गरियो भन्ने सुन्दा मेरो शिर पनि लज्जा र हीनताभासको सिकार बन्न पुगेको थियो । यस स्थितिलाई सम्बोधन गर्नु पनि कविको चिन्तन यहाँ मननीय विषय बनेको स्थिति देखिन्छ । राष्ट्रकविका विषयमा आएका यस प्रकारको आरोह र अवरोहका स्थितिलाई आत्मसात् गर्न असहज भइरहेका समयमा मेरो सन्दर्भमा पनि जोडिन आएका स्थितिलाई मैले बडो कठिनताका साथ सुन्नुपरेको अवस्था थियो ।

राष्ट्रकविको निवासपरिसरमा मसमेतको उपस्थितिमा सम्पन्न भएको २०७५ सालको रुपट पुरस्कार समर्पण समारोह २०७६ साल मङ्सिर १४ गतेका दिन राष्ट्रकविकै प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । राष्ट्रकविको शालीन तथा ऊर्जाशील आशीर्वचनले नेपाली साहित्यका पाठक, भावक र साधकलाई निकै गहकिलो ऊर्जा प्राप्त भएको थियो । यस प्रकारको चेतना र ऊर्जा राष्ट्रकविको जीवन्त उपस्थितिमा आज पनि सुलभ छँदै छ । यस प्रकारको प्रोत्साहन र आशीर्वचन आज पनि नेपाली साहित्यले पाइरहेको छ । यहाँनिर के भन्न सम्भव हुन्छ भने नेपाली साहित्यलाई आधुनिक कालको आरम्भकै चरणबाट ऊर्जा प्रदान गर्दै आएका प्रतिभा माधवप्रसाद घिमिरे त्यसै कालखण्डका लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ आदि स्रष्टाको सृजनयात्रासँग जोडिन आएका व्यक्तित्वको योगदानलाई सहजै आँकलन गर्न सकिने स्थिति देखिन्छ । त्यस प्रकारको व्यक्तित्व आज पनि हामीसँग सहकार्य गरिरहेको छ भन्न पाउँदा हाम्रो साहित्यिक गौरव निकै उच्च बनेको बोध हुन्छ । तर सहायक रथीको उपाधि भने किरकिर लाग्ने बनेर स्मृतिमा गढिरहेछ ।

## ८. उपसंहार वन्दना

अन्ततः नेपाली साहित्यको आधुनिक कालको इतिहासको समयको सिङ्गो आयतन समेटेर पनि आजसम्मको भौतिक जीवन भोगिरहेका राष्ट्रकविको उपस्थितिलाई हामीले सम्मानसाथ आत्मसात् गर्न पाएका छौँ । यो स्थिति नै हाम्रा निम्ति गौरवको विषय बनेको छ । यस अर्थ म कविको भौतिक जीवनको द्विशतकको कामना गर्दछु, कृतिगत जीवनको अनन्त शतकको समेत कामना गर्दछु ।

# लोकजीवनका कवि



प्रा.डा.लक्ष्मणप्रसाद गौतम

**नेपाली हामी रहौँला**
**कहाँ नेपालै नरहे !**

कालजयी र शाश्वत सूक्तिहरू सबै कविका हृदय र मस्तिष्कबाट निस्कँदैनन् । सबैबाट यस्ता शाश्वत मन्त्रहरू नि:सृत हुने भए कहाँ मूल्य रहन्थ्यो र यस्ता सूक्तिहरूको ! राष्ट्रकवि माधव घिमिरेका कवितासँग प्रथम साक्षात्कार विद्यालय तहमा पढ्दा भएको हो, २०३५/०३६ सालतिर हुनुपर्छ । ठ्याक्कै सम्झना छैन । त्यस समयदेखि आजसम्म छोइने भएरै मेरा मनमस्तिष्कमा बसेका छन्, उनका कविता । उनका केही श्लोकहरू कण्ठस्थ छन् अहिलेसम्म पनि !

विद्यालय तहमा पढ्दा र त्यसपछि धेरै समयसम्म पनि

लाग्थ्यो– यस्ता महान् कवि र साहित्यकारहरू अर्कै नक्षत्रबाट, अर्कै ग्रहबाट आएका हुन् ! के भेट्न सकिएला र तिनलाई ? ती देशका सर्वोच्च र महान् व्यक्तित्व हुन् भन्ने कुराले धेरै समयसम्म जरो गाडिरहेको थियो मनमा । २०४८ सालमा एमए पढ्न काठमाडौं आएपछि मनमा सुषुप्त भएर रहेको भेट्ने तीव्रताले लैनचौर उहाँको निवासमा गएँ । हँसिलो अनुहारका उहाँ ढोकैमा भेटिनुभयो, अभिवादन टक्र्याएँ । मलाई कण्ठस्थ भएका उहाँका केही कविता लय हालेर सुनाएँ, प्रसन्न हुनुभयो । त्यसको करिब एक वर्षपछि भेटें । 'पोहोर पनि आउनुभएको थियो नि !' भनेर ठ्याक्कै चिन्नुभयो । अब प्रसन्न हुने पालो मेरो थियो । एमए सकेपछि लगत्तै क्याम्पस पढाउन थालें । व्यस्तताले गाँज्यो, अलि राम्रैसँग पातलियो भेट ।

२०५२ सालको कुरा हो । हामी चितवनका केही युवासाहित्यकारहरू मिलेर अपारम्परिक र नवीन किसिमले साहित्यको प्रवर्द्धन गर्ने उद्देश्यले कवि खुमनारायण पौडेलको अध्यक्षतामा चितवन वाङ्मय प्रतिष्ठानको गठन गरेका थियौं । त्यस संस्थाको सचिव थिएँ म । चितवनका पुराना गीतकार प्रेमविनोद नन्दनलाई अभिनन्दन गर्ने निर्णय गरेका थियौं । कसको हातबाट गराउने ? एकछिन छलफल भयो । कविवर माधव घिमिरेले नन्दनलाई 'नेपाली गीतका गोलसिमल' भनेर लेखिसकेका हुनाले हामीले माधव घिमिरेकै हातबाट अभिनन्दन गराउने निर्णय गर्‍यौं । पछि यही कुरा कविवर घिमिरेलाई अनुरोध गर्‍यौं । उहाँ खुसी हुनुभयो र आउने स्वीकृति दिनुभयो । चितवनको निकै भव्य कार्यक्रममा कविवर घिमिरेलाई प्रमुख अतिथि बनाएर कार्यक्रम सम्पन्न गरेको क्षण सम्झिरहन्छु म । सचिवका नाताले म आफैंले कार्यक्रम सञ्चालन गरेको हुनाले पनि होला त्यसपछि कविले चितवनका अरूसँग भेट हुँदा पनि मलाई सोध्नुहुँदो रहेछ । ती क्षणहरू सम्झँदै अहिले पनि कामना गरिरहेको छु– कविवरबाट आशीर्वाद पाइरहूँ सधैं ।

समयको नदी आफ्नै गतिमा अगाडि बढिरह्यो; व्यस्तताहरू भेटघाट पातल्याउने महत्त्वपूर्ण कारक तत्त्व हुँदा रहेछन् भन्ने पाठ आफैँले आफैँसँग पढिरहेको थिएँ । झन्डै सात वर्षपछि एउटा कार्यक्रममा उहाँ प्रमुख अतिथि हुनुहुन्थ्यो, म थिएँ प्रमुख वक्ता । धेरै वर्षपछि जम्काभेटमा थियौँ हामी । मैले अभिवादनका हात जोड्दै गर्दा तिनै हात च्याप्प समाएर भन्नुभयो– 'तपाईं समालोचक गौतम होइन चितवनको ?' म अवाक् भएँ उहाँको स्मरणशक्ति देखेर । म मान्छे बिर्सने प्रतियोगिताको आयोजना हुने हो भने, नाम बिर्सने प्रतियोगिता गर्ने हो भने सधैँ प्रथम हुने हैसियत राख्ने मान्छे । उहाँको त्यो स्मरणशक्ति वा मान्छे चिन्ने सामर्थ्य देखेर अभिभूत भएँ । सोचेको थिएँ– 'त्यस्ता ठूला कविले के सम्झलान् र ? के सम्झेका होलान् र ?' तर मेरो अनुमानले फेल खायो । त्यति मात्र होइन, कविले त घरमै आमन्त्रण गर्नुभयो । २०५८ सालतिरको कुरा थियो यो । 'हुन्छ' स्वीकृतिका साथ उहाँको निमन्त्रणालाई आफैँभित्र राखेँ । त्यति बेला चितवनको बसाइ र कहिलेकाहीँको काठमाडौँको आगमन ! समयको व्यवस्थापनमा सधैँ उत्पन्न हुन्थ्यो एउटै जटिलता ! अहिले सोच्दा लाग्छ– चितवनबाट काठमाडौँ आउँदा बरु दुईचार दिन नै भए पनि त्यति दिनभित्र धेरै स्रष्टाहरूसँग भेट हुन्थ्यो । अहिले काठमाडौँमै घरबास भएको दिव्य बाह्र वर्ष हुँदा पनि औपचारिक कार्यक्रममा बाहेक भेट हुँदैन प्राय सबैसँग । काठमाडौँ आएको यतिका वर्ष भयो, औपचारिक कार्यक्रममा बाहेक जम्मा दुई पटक पुगेको छु म उहाँका घरमा !

उहाँसँगको भेटका अतीतका स्मृतितिर नियाल्छु म । २०५२ सालतिर हुनुपर्छ– उहाँका घरमा जाँदा झन्डै तीन घण्टा भएको साहित्यिक विमर्शबाट लोभिएको थिएँ म । पूर्वीय वाङ्मयको कति विराट् ज्ञान रहेछ उहाँमा । नत्र कसरी सिर्जिन्थे, 'हो मन्त्र मेरो सहनौ भुनक्तु', 'जीवेम भूय: शरद: शताच्च' लगायतका शक्तिशाली

र सूक्तिमय पङ्क्तिहरू ? त्यस दिन कविताका सैद्धान्तिक सन्दर्भ, नेपाली कविताको विगत र वर्तमान तथा आजका कवितामा देखिएका शक्ति र सीमा आदिबारे राम्रै गफिएका थियौँ हामी, कविताका कुरैकुरामा कवि घिमिरेले भन्नुभयो– 'तपाईं त समालोचक ! मेरा काव्यकवितामाथि पनि धेरै समालोचना लेखिएका छन् तर मेरा कविताको एउटा महत्त्वपूर्ण पक्षमा भने कसैले लेखेनन् ।'

त्यो नलेखिएको पक्ष के थियो, मैले ठम्याउन सकिनँ, किनकि लेखिएका पक्ष पो सीमित हुन्छन्; नलेखिएका पक्ष त कति हुन्छन् कति, मैले सोधेँ– 'कुन पक्ष कविवर ?' उहाँले भन्नुभयो– 'मेरा कवितामा प्रतिबिम्बित लोकजीवनबारे !'

कविका काव्यकृतिबारे लेखिएका कतिपय समालोचनाका सम्बन्धमा म पनि जानकार थिएँ केही रूपमा ! 'ए, हो त नि !' भन्ने सामान्य प्रतिक्रिया दिएँ र चियाबिस्कुटको काव्यिक प्रसाद खाएर फर्कें । कविको कथनले तरङ्गित भइरह्यो मन । मनमा खेलिरहे यस्तै कुरा ! सोचेँ– 'म नै किन नलेखूँ यस विषयमा !' उहाँका कविता छान्दै गएँ र सर्वाधिक चर्चित कविता 'वैशाख'मा आँखा परे । दुईतीन पटक पढेँ । नेपाली लोकसंस्कृतिको जीवन्त बिम्बचित्र यसमा पो देखेँ; अनि 'माधव घिमिरेको वैशाख कवितामा लोकजीवनको अभिव्यक्ति' शीर्षकमा समालोचना लेखेँ र त्यसको छसात महिनापछि उहाँकै घरमा गएर त्यो समालोचना पढेर सुनाउँदा निकै प्रसन्न हुनुभयो उहाँ । त्यो प्रसन्नता उहाँकै अनुहारमा पढिरहेको थिएँ म ।

माघव घिमिरे नेपाली लोकजीवनका कवि भएको कुरा उहाँका कविताको गम्भीर अध्ययनपछि अनुभव गरेँ मैले । मैले राष्ट्रकवि घिमिरेको अभिनन्दनीय क्षणका धेरै सन्दर्भ थाहा पाएको छु । उहाँका कविताको गाम्भीर्यबाट प्रभावित भएको छु । राष्ट्रप्रेमको अद्‌भुत नमुनाका पङ्क्तिपङ्क्ति मनभित्र साँचेको छु । राष्ट्रिय एकता र

अखण्डताको बिगुल फुकिएका श्लोकहरूमा रमाएको छु । प्रकृति र संस्कृतिलाई नजिकैबाट नियालिएका उहाँका कविताका सुमधुर श्लोकहरू एक्लैएक्लै गुनगुनाएको छु । नेपालीपनको विराट्ता उहाँका कवितामा मात्र पाएँ मैले । बीचबीचका कतिपय भेटहरूमा मैले उहाँका कवितामा अभिव्यक्त यी पक्षहरूका बारेमा मौखिक कुरा गर्दा पनि प्रसन्न देखिनुहुन्थ्यो उहाँ । कवितासम्बन्धी कुरा गर्न थालेपछि घण्टौँसम्म पनि नथाक्ने उहाँको स्वभावबाट परिचित हुँदै गएँ म ।

माघव घिमिरेको अभिनन्दन र सम्मानहरूमा पनि कतिपय ठाउँमा म संलग्न भएको हुँ । नइ प्रकाशनको पहलमा २०६० सालमा तत्कालीन सरकारबाट उहाँलाई राष्ट्रकविको उपाधि प्रदान गरियो । त्यसका लागि उहाँले भूरिभूरि प्रशंसा गर्नुभएको छ मसँग नइको । उहाँले राष्ट्रकविको उपाधि पाएकै अवसर र उपलक्ष्यमा चितवन साहित्य परिषद्ले चितवनमा उहाँको भव्य रथयात्रा गऱ्यो र त्यसको साक्षी थिएँ म पनि । तदुपरान्त उहाँमाथि सम्मान र पुरस्कारको यति ठूलो वर्षा भइरह्यो कि त्यो वर्णनातीत र अपरिमित छन् । साँच्चै राष्ट्रकविको सम्मानको लायक हुनुहुन्छ उहाँ । देशले सम्झेका कवि, जनमनका कवि, नेपाली हृदयका कवि !

त्यसपछिका समयका यात्राहरूले राष्ट्रकविसँग कहिले नजिक बनाएको छ । कहिले अलि टाढा बनाएको छ । धेरै ठाउँमा उहाँ प्रमुख अतिथि र म वक्ता भएका कार्यक्रमहरूमा हामीले साक्षात्कार गरेका छौँ । पछिल्लो समयमा उहाँ कार्यक्रमहरूमा जान सक्नुहुन्न, हिँड्न सक्नुहुन्न । म कार्यक्रमहरूमा अति न्यून उपस्थिति जनाउँछु; त्यसैले राष्ट्रकविसँगको भौतिक साक्षात्कार धेरै पातलिएको छ । व्यस्तताहरूले साक्षात्कारहरूलाई खबरदारी गरिरहेका छन् तर उहाँका कवितासँग टाढिएको छैन म ।

यो काठमाडौँ खाल्डो अचम्मको कङ्क्रिटको जङ्गल रहेछ । मान्छेको मनलाई पनि कङ्क्रिट बनाउँदो रहेछ काठमाडौँले । पर्खाल

लगाएका घरका फलामेढोकाहरूमा झुन्डचाइएका 'कुकुरदेखि सावधान' का साइनबोर्डमा बाँचेको काठमाडौंको जीवन मेसिनमा अनुवाद हुँदो रहेछ । सायद मेरो जीवन पनि कङ्क्रिटको जङ्गलभित्रका व्यस्तताहरूका अनकन्टार भीरहरूमा कतै अड्किएको भएर होला धेरै समयदेखि भेट भएको छैन उहाँसँग तर उहाँको 'वैशाख' गाइरहन्छु म, कविताकलाको 'कालीगण्डकी'मा कविताकै शालिग्राम खोजिरहन्छु म । पूर्ण संसार बनाउने उहाँका जीवनको धोको नियाल्न थाल्छु म । 'यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ' भन्ने कवि घिमिरेको मनोहारी शैलीले को प्रभावित नहोला र ?

अहिले सम्झिरहेको छु– झन्डै साढे दुई दशकअगाडि उहाँले भनेको वाक्य– 'मेरा कवितामाथि नेपाली लोकजीवनबारे कसैले लेखेन ।' उहाँले भनेका तिनै कुरा स्मरण गर्दै म भन्छु–

- उहाँ नेपाली पाखापखेराका कवि हुनुहुन्छ ।
- चौराली भन्ज्याङ र चौतारीका कवि हुनुहुन्छ ।
- लेक, बेसी र हिमशृङ्खलाका कवि हुनुहुन्छ ।
- उकाली, ओराली र पानीपँधेराका कवि हुनुहुन्छ ।
- नेपाली संस्कृति र प्रकृतिका कवि हुनुहुन्छ ।
- नेपाली ग्राम्यजीवनका जीवन्त कवि हुनुहुन्छ ।

अनि कसले भन्दैन तपाईंलाई लोकजीवनका कवि !

मेरो हृदयका राष्ट्रकवि घिमिरे ! जसबाट तपाईंले राष्ट्रकविको उपाधि पाउनुभयो; त्यो उपाधि तपाईंको मात्र नभएर सिङ्गो राष्ट्रको पनि त थियो । तपाईं शतायु पुगिसक्नुभएको छ । 'शतं जीवेम शरद:' वेदमन्त्रलाई पनि जित्नुभएको छ तपाईंले । तपाईंलाई कोटिकोटि नमन ! जीवेम शरद: सहस्रम् !

# राष्ट्रका सपूत राष्ट्रकवि



ललिता दोषी

छोरा हुनु तिमी जस्तो सपूत राष्ट्रको
तिम्रै नामले पनि उठ्छ शिर यो देशको
नेपालीका गहभरि छ तिम्रै तस्बिर आज
धन्य राष्ट्रकवि तिमीले राख्यौ जन्मेको लाज ।

नेपालीका धुकधुकीहरूमा तिमी सुस्तरी चलमलाउँछौ
रवि, शशी तिमी नै तिमी किन पो बिलाउँछौ
लाग्छ, छहरा पहरा आज तिम्रै गीत गाउँछन्
मोती दन्त देखाउँदै हिमालहरू मुस्कुराउँछन् ।

माधव माधव भन्दै लाग्छ पहाडहरू जुरमुराउँछन्
थकित बटुवाहरू पनि आज तिम्रै गीत गुनगुनाउँछन्
मेरो माधव भन्दै लाग्छ आमा जुर्मुराउँछिन्
तिमीलाई जन्म दिएकोमा धर्ती गर्वले मुस्काउँछिन् ।

**लहरा, पहरा, छहरा लाग्छ तिम्रै सम्झनामा टोलाउँछन्**
**कुहूकुहू गर्दै कोइली लाग्छ तिमीलाई बोलाउँछन्**
**मणिरत्न तिमी, तिमी हौ अजम्मरी फूल**
**भुल्ने छैनन् नेपालीले राष्ट्रकवि र नइको अमूल्य गुन ।**

राष्ट्रकविलाई धेरै पहिल्यै चिनेको भए पनि म र सीता 'असीम' बहिनी उहाँको घरमा पहिलोपल्ट मेरो 'निष्पाप आँखाहरू' कथासङ्ग्रहमा शुभकामना लेखिदिनुहोस् भन्नका लागि २०६७ मङ्सिर १४ गते गएका थियौँ । उहाँले हामीलाई मायालु भावमा बस्न आग्रह गर्नुभयो । मैले साझा प्रकाशनबाट प्रकाशित बालकवितासङ्ग्रह 'जूनपरी' पनि लगेकी थिएँ । उहाँले त्यो कविता पढ्दै भन्नुभयो– 'आहा ! तपाईंको त बालकविता पनि सुन्दर रहेछन् । म भूमिका लेखिदिन्छु ।' उहाँको मधुमय वचन सुनेर म पुलकित भएँ । जब कसैले मेरो प्रशंसा गरेको सुन्छु । मेरो आँखामा वरिष्ठ साहित्यकारहरूमा कृष्णप्रसाद पराजुली, डा.ओमवीरसिंह बस्न्यात, नइ आँखामा सलबलाउनुहुन्छ । उहाँहरू नै हो म लरखराएकीलाई पहिलो पाइला टेकाउने । पछि धेरै साहित्यकारहरूले ऊर्जा दिनुभयो सबैको नाम म पछिपछि कुनै लेखमा उल्लेख गर्ने नै छु ।

रत्न पुस्तक र एकता प्रकाशनको बालसाहित्यमा आफ्नै नियम हुने भएको हुँदा भूमिका लेख्न दिन भने सकिनँ । उहाँको मप्रतिको सद्भाव भने सधैँ सम्झिरहन्छु म । 'गाउँछ गीत नेपाली' पढ्दै हुर्केका हामीलाई उहाँको समीपमा बस्न पाउनु सौभाग्य नै थियो । जब उहाँको तल्लो तलामा भएको थुप्रै सम्मानपत्रबीचमा भएको राष्ट्रकवि लेखेको ठूलो प्रमाणपत्र देखेँ, कर्मशील माली नइलाई सम्झेँ । उहाँले पनि 'गर्नेभन्दा गराउने भलो' जस्ता कुरा गर्नुभयो । जीवनमा उतारचढाउ आउनुपर्छ । जीवनमा पीडा नहुने मान्छे मुर्दाजस्तै हो । मुर्दाले केही गर्न नसकेझैँ दु:ख नबुझेको मान्छेले केही गर्न सक्दैन भन्नेजस्ता कुरा गर्नुभयो ।

उषा शेरचनले पनि भन्नुभएको थियो– 'राष्ट्रकवि हुनुभन्दा घेरैअगाडि नै नइले राष्ट्रकविको उपमा दिएका थिए । त्यसपछि सरकारी स्तरबाट पनि राष्ट्रकवि बनाउनु नै पर्छ भनेर नइ जुटे । उनीहरूले चिताएझैँ राष्ट्रकवि बनाएर नै छोडे ।'

हुन पनि हो हामीले देखेकै छौँ । बगैँचामा सयौँ फूलहरू फुल्छन् । अति सुन्दर फूलहरू फुलेर पनि त्यसको पहिचान नभएर त्यसै झरेका कति छन् कति । नइ फूलको रूपरङ्ग हेरेर फूलको पहिचान दिलाउन सधैँ कटिबद्ध हुनुहुन्छ । शताब्दी पुरुष सत्यमोहन जोशी पनि कार्यक्रमहरूमा भनिरहनुहुन्छ– 'नइहरू जे भन्छन्, त्यो पुऱ्याएर नै छोड्छन् ।' हुन पनि उहाँहरू व्यक्तिको पहिचान गरेर उपमा दिनुहुन्छ । ओझेलमा परेकाहरूलाई 'लौ है यो पनि छ है' भन्दै सही पहिचान दिलाएर नै छाड्नुहुन्छ ।

राष्ट्रकविको बालापनको पनि बढो पीडादायी कथा रहेछ । त्यो पनि थाहा पाइयो । आमा डेढ वर्ष हुँदा नै बित्नुभएपछि बाबुले अर्को बिहे गर्नुभएको रहेछ । नौदस वर्षजतिको हुँदा उहाँहरू एउटा फुले जोगीको घरमा पढ्न जाने गर्नुहुँदो रहेछ । त्यति बेला कापीकलमको चलन नभएकाले पाटीमा धूलो माटो राखेर कोरेर पढिँदो रहेछ । पछि चौँधपन्ध्र वर्षमा उहाँ स्कुलमा भर्ना हुनुभएको रहेछ । त्यतिखेर स्कुलमा संस्कृत मात्र पढाइ हुने रहेछ । स्कुलमा राम्रो नम्बर ल्याउने विद्यार्थीलाई पुरस्कारस्वरूप 'सङ्क्षिप्त महाभारत', 'रामायण', 'लेखनाथ पौडयालका कविता' पढ्न दिने रहेछन् । उहाँले स्कुलेजीवनमा नै कविता सिर्जना गर्न थाल्नुभएछ । पहिलो कविता भने सत्र वर्षको उमेरमा 'गोरखापत्र'मा छापिएको रहेछ । अठार वर्षको उमेरमा उहाँ काठमाडौँ आउनुभएको रहेछ । त्यति बेला काठमाडौँलाई नेपाल भन्ने चलन रहेछ । संस्कृत पाठशालाबाट शास्त्री पूरा गर्नुभएको रहेछ ।

त्यसपछि पनि हामी नेपाली साहित्य विकास परिषद् नेपाल च्याप्टरको तर्फबाट अध्यक्ष इल्या भट्टराईलगायत च्याप्टर परिवार उहाँको जन्मदिन मनाउने कार्यक्रममा केही वर्ष गयौँ, जाँदै पनि छौँ। उमेश पाण्डेले उहाँको कविता, लेख विशेषाङ्क उहाँकै घरमा उहाँकै बाहुलीबाट विमोचन गर्नुभयो। जहिले भेट्दा पनि उस्तै ऊर्जा, उस्तै जोस, उस्तै लगन प्रकृतिकै सुन्दर सिर्जनाजस्तो लाग्छ उहाँ।

मेरो जीवनमा पनि उहाँसँग जोडिएको एउटा मीठो सम्झना छ। त्यो पल म सम्झिरहन्छु। साहित्यमा लाग्दा जीवनमा थुप्रै राम्रानराम्रा मोडहरू आए। ती सबैलाई पार गर्दै म हिँडिरहेकी थिएँ। २०५६ सालतिरको कुरा हुनुपर्छ, साल त मैले ठ्याक्कै बिर्सिएँ। मेरो विवाह भइसकेको थियो। हामी धोबीधारा डेरामा बस्थ्यौँ। कविता प्रतियोगिताका लागि मैले कविता दर्ता गरेकी थिएँ। कविता पास हुन्छ नै भनेर मैले श्रीमान्‌लगायत डेरामा बस्ने गुल्मीकै बाबूहरू सबैलाई भनेँ। उहाँहरूले पनि मेरो कविता सुन्न जाने कुरा गर्नुभयो। निर्णय भएपछि नाम हेर्न जाँदा मेरो नाम थिएन। म साह्रै निरास भएँ। कविता प्रतियोगिताको दिन सुन्न गएँ। त्यति बेला मैले धेरै साहित्यकारलाई चिनेकी थिइनँ। श्यामदास वैष्णवलाई भने चिनेकी थिएँ। मैले श्यामदास वैष्णवलाई अप्रतियोगीबाट कविता पाठ गर्न मन लागेको कुरा सुनाएँ। उहाँले आफू नजिकै बसेको मान्छेलाई मेरो कविता दिनुभयो। उहाँले मेरो कवितामा सही गरिदिनुभयो। त्यसपछि मैले पनि कविता पाठ गर्न पाएँ। धेरैले मेरो कविताको तारिफ गर्नुभयो।

कविता वाचन सकिएपछि अन्तमा बोल्दा राष्ट्रकविले पाँच जनाजतिको नाम लिनुभयो। महिलामा मेरो मात्र नाम लिएर भन्नुभयो– 'कविता त ललिता दोषीको जस्तो पो हुनुपर्छ।' त्यो वाचन गरेको कविता त्यही प्रतियोगितामा पास नभएको कविता नै थियो। त्यो बेला मैले उहाँलाई आक्कलझुक्कल देखेकी थिएँ होला, बोलेकी

थिइनँ । म छक्कै परेँ । म यति खुसी भए कि जसको लेखाजोखा नै छैन । मैले श्यामदास वैष्णवलाई आभार प्रकट गरेँ । उहाँको त्यही गुन सम्झेर मैले मेरो २०५७ सलमा प्रकाशित कथासङ्ग्रह 'भत्किएका किनारा'मा प्रेरणा दिने साहित्यकार भनेर श्यामदास वैष्णवको नाम राखेकी थिएँ । त्यही बेलादेखि मलाई श्यामदास वैष्णव र राष्ट्रकवि अति प्रिय लाग्न थाल्यो । पछि सीताराम प्रज्ञाप्रतिष्ठानबाट २०५९ सालमा पहिलो देशव्यापी भानुमोती कविता पुरस्कार पाएपछि मैले सोचेँ– 'अहो संसार त सुन्दर पो रहेछ मेरो मूल्याङ्कन गर्ने नइ, केशव सुवेदीजस्ता मान्छे पनि रहेछन् ।' मैले उहाँहरूले दिएको पुरस्कारको सम्मान गर्नकै लागि पनि लेख्नुपर्छ । म निरन्तर लेखिरहेँ । हौसला र प्रेरणाले मान्छेलाई अगाडि बढ्न सिकाउने रहेछ । नइले हजारौँ स्रष्टाहरूलाई हिँड्न सिकाइरहनुभएको छ, सिकाइरहनुहोस् ।

# स्वनामधन्य राष्ट्रकवि घिमिरे



लीलबहादुर क्षत्री

राष्ट्रकवि माधव घिमिरेसित साक्षात्कार हुनुभन्दा झन्डै पाँचसात वर्षअघि उहाँका दुई कृति 'गौरी' र 'राजेश्वरी' दुवै खण्डकाव्य पढ्ने सौभाग्य मैले पाएको थिएँ, भनौँ पढ्न करै लागेको थियो । मेरो प्राध्यापन कालताकै गुवाहाटी विश्वविद्यालयले स्नातक तहमा नेपाली भर्नकुलर (IL) विषयमा अन्य कृतिसित घिमिरेका यी दुई खण्डकाव्य पनि पाठ्यतालिकामा समावेश गरेको थियो । यसै त मेरो विषय अर्थविज्ञान हो । त्यसै विषयमा प्राध्यापन गर्थें र उक्त विषयको विभागीय प्रमुख पनि थिएँ । महाविद्यालयमा भर्नकुलरको नाममा नेपाली लिने केही

सीमित छात्र थिए र नेपाली पढाउने शिक्षक पनि थिएनन् । त्यसैले तिनीहरू नेपाली विषयको केही जानकारी प्राप्त गर्न मसित आउँथे र स्वेच्छाले मैले तिनको यथासक्य मार्गदर्शन गर्थें । त्यसरी कविको कृतिसित म परिचित भएँ । गुरुवर माधव घिमिरेको दु:खान्त काव्य 'गौरी'ले मलाई निकै प्रभाव पारेको थियो ।

कविवर माधव घिमिरेसित व्यक्तिगत भेटघाट भने धेरै पछि मात्र भयो । सभा समिति हुँदा झल्याकझुलुक भएको जम्काभेट छोडेर उहाँसितका तीनवटा भेटघाट भने प्रमुख छन् र कुराकानीको सिलसिलामा यी तीनैवटा भेटघाटमा उहाँले भन्नुभएको एकएकवटा वाक्य भने स्मृतिबाट अझ मेटिएको छैन र टड्कारै सम्झन सक्छु ।

उहाँसित पहिलो भेटचाहिँ सन् १९६६ (वि.सं.२०२२) तिर भएको हो जब म पहिलो चोटि काठमाडौँ पुगेको थिएँ । त्यसताक साझा प्रकाशनका महाप्रबन्धक थिए– क्षेत्रप्रताप अधिकारी र म उनकै पाहुना बनेर उनको तत्कालीन डेरा कमलपोखरीमा बसेको थिएँ । त्यस बेला प्रज्ञाप्रतिष्ठान (तत्कालीन रोयल नेपाल एकेडमी) को भवन तथा प्रेक्षागृह (Auditorium) बनिसकेको थिएन र धमाधम काम चल्दै थियो । प्रतिष्ठानको कार्यालय छेउको टहरोजस्तो लामो भवनको कोठाहरूमा चल्ने गर्थ्यो । मेरो काठमाडौँ यात्राताक म एक दिन एकेडमी पुगेँ । एकेडमीका उपकुलपति बालचन्द्र शर्मा, कविवर माधव घिमिरे, भवानी भिक्षु र त्यहीँ कार्यरतलगायत अन्य केही प्राज्ञसित मेरो भेट भएको थियो । माधव घिमिरेले उहाँकै सम्पादनमा निस्कने एकेडमीको 'कविता' शीर्षक पत्रिकाको एक सेटै मलाई उपहार दिनुभएको म सम्झन्छु । उहाँसित लामै साहित्यिक गफगाफ भएको हो र उहाँले भन्नुभएको एउटा वाक्य भने अझ सम्झनामा छँदै छ, उपरोक्त वाक्य थियो– 'बसाइँ' म पनि पढाउँछु (कुन पाठ्यतालिकामा हो, बिर्सें ।) पढाउँदा नदेखेको तपाईंको चेहेरा आँखासामु आउँदैन थियो, अब आउँछ । साहित्यको कुनै कृति पढ्दा

पढाउँदा, त्यस कृतिका सर्जकसित पूर्व साक्षात्कार छ भने, स्मृतिले उसको अनुहार स्वत: आँखासामु उभ्याउँछ ।' कविको प्रसङ्ग आउँदा उहाँको यो वाक्य कसोकसो म सम्झन पुग्छु ।

यसको केही वर्षपछि, साल संवत् अब सम्झना छैन, म कुनै सिलसिलामा काठमाडौँ पुग्दा कविसित भेट गर्ने इच्छा जागृत भयो । म उहाँको काठमाडौँ वासस्थान पुगेको थिएँ । हो त, लैनचौर हो क्यार, अब त्यो पनि राम्रो सम्झना छैन र मलाई त्यहाँ पुऱ्याउने कुनै युवा साहित्यिक थिए, जसको नाउँ पनि अहिले बिर्सें । यसरी धेरै कुरा अब बिर्से पनि कविसित भएको सौहार्दपूर्ण भेटघाट सम्झना छ र भलाकुसारी सम्झना छ । त्यो के भने– उहाँले भन्नुभएको थियो– 'लीलबहादुरजी, भूगोलले हामीलाई अलग्याए पनि नेपाली भाषा र साहित्यले हामीलाई जोडेको छ । तपाईं र हामी टाढाटाढा भए पनि इतिहासका पाटामा नजिकनजिक छौं ।'

गुरुवर माधव घिमिरेसित अर्को अलौकिक भेट भएको थियो– २०५७ पुस १८ गतेको दिन (सन् २०००) चितवन भरतपुरमा । यो एउटा संयोग थियो । प्रा.डा.नारायणप्रसाद खनाल र चितवनका स्थानीय शिक्षाविद् कवि साहित्यिकको भाषामा भनौं भने अपूर्व त्रिकोणात्मक मिलन संयोग जसमा राष्ट्रकवि माधव घिमिरे र मबाहेक जनकविकेशरी धर्मराज थापा पनि सामेल थिए ।

तीन जनाको यो मिलन संयोगबारे प्रा.डा.नारायणप्रसाद खनालले 'अपूर्व मिलन समारोह; घिमिरे, क्षत्री र थापा एउटै मञ्चमा', शीर्षकअन्तर्गत एउटा रोचक टिप्पणी लेख्नुभएको छ, जो चितवन नारायणगढबाट निस्कने 'हाम्रो सिर्जना' वर्ष १२ अङ्क १ पूर्णाङ्क २१, २०७४ असोजको अङ्कमा प्रकाशित भएको पाइन्छ ।

सन् २००० को कुरो हो, म धनगढीमा हुने बी.पी. कोइराला प्रतिष्ठानको भारत नेपाल नेपाली लेखक सम्मेलन समारोहको निम्तो

मान्न चितवन पुगेको थिएँ । साथमा छोरी कृष्णा थिइन् । चितवन साझा प्रकाशन क्षेत्रीय कार्यालयको अतिथिगृहमा कार्यालय प्रबन्धक केदारनाथ खतिवडाको आतिथ्यमा बसेको थिएँ ।

नेपाल बन्दको प्रकोप चलिरहेको बेला थियो । भोलिपल्ट काठमाडौँबाट कमल दीक्षितको फोन आयो– 'धनगढीको समारोह एक महिनापछि सऱ्यो' भनेर । त्यसताक चलिरहेको नेपाल बन्दको माऊ पनि निकै कष्ट खेपेर चितवनका साहित्यिक साथीहरूले देवघाट नारायणघाटको त्रिवेणी सङ्गमलगायत चितवनको सेरोफेरो डुलाए । संयोगले गुरुवर माधव घिमिरेकी कान्छी छोरी डा.किरण रेग्मी चितवनको चिकित्सा विभागमा कार्यरत भएकीले घिमिरे काठमाडौँको पुसको असह्य जाडो छल्न छोरीकोमा आएर बस्नुभएको रहेछ । अर्को त्यस्तै संयोग जनकविकेशरी धर्मराज थापा पनि काठमाडौँको जाडोले अत्तालिएर माडी क्षेत्रमा आएका रहेछन र त्यस दिन नारायणगढ भरतपुरमै रहेछन् ।

अब यो अपूर्व सङ्गमलाई ध्यानमा राखेर त्यहाँका विद्वान्, शिक्षाविद्, विशिष्ट साहित्यिक जुटेर अपर्झट अपूर्व त्रिकोणात्मक सम्बन्धलाई समारोहको रूप दिन सक्षम भए अनि अपूर्व मिलन समारोह सम्पन्न भयो, जसको अध्यक्षता 'चितवन' पत्रिकाका प्रधान सम्पादक गोविन्दराज विनोदीले गर्नुभएको थियो । समारोह रा.स.स. चितवन सभाभवनमा भएको थियो ।

उपरोक्त समारोहमा कविवर घिमिरेको लामै वक्तव्य सुन्ने अवसर त्यहाँ मिलेको थियो । उहाँको भाषण विशेषत् काव्य साहित्यमाथि नै थियो । तर भाषणका सबै कुरा मनमा कहाँ रहन्छन् र ? यहाँ पनि लामो कुराकानीमध्ये राष्ट्रकवि घिमिरेको एउटा वाक्य भने मेरो स्मृतिमा कता लुकेर बसेको छ र सम्झना गर्दा त्यो बाहिर निस्कन्छ । घिमिरेले भन्नुभएको थियो– 'कवितामा पनि दर्शन हुन्छ, तर कविताको विशेषता हो– कलात्मक अभिव्यक्ति, काव्य व्यञ्जना, छन्द, लय,

ताल र सौन्दर्य बोध । यिनै कुराको शृङ्गारले कविताको दार्शनिक पक्षलाई रसिलो र बोधगम्य पारेको हुन्छ ।'

कविवर घिमिरेसित भएका उपरोक्त तीन भेटघाटबाहेक पनि अन्य केही भेटघाट नभएका होइनन् । धुलाबारीको सन् १९९७ मार्चमा भएको कथा सङ्गोष्ठीमा पनि देखादेख भयो र उहाँको भाषण पनि सुनें, त्यस्तै वि.सं.२०७३ को मदन पुरस्कार तथा जगदम्बाश्री पुरस्कार वितरण समारोहमा पनि साक्षात्कार भएको हो । तर यी सामूहिक भेटघाट थिए, भनौं– जम्काभेट थियो । यिनमा व्यक्तिगत रूपले लामो भलाकुसारी गर्ने ठाउँ थिएन ।

कविवर घिमिरे आज राष्ट्रकविको सम्मानले विभूषित हुनुहुन्छ । नेपाली जाति आज विश्वको विभिन्न देशविदेशमा छरिएर बसेको छ र आफ्नो भाषासाहित्य, संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै आएको छ । नेपाली साहित्यको पठनपाठन विश्वभरि नै भइरहेको छ जहाँ नेपाली वा हाम्रा गोर्खा जातिको बसोबास छ । राष्ट्रकवि माधव घिमिरेका कृतिको पनि ती ठाउँहरूमा पठनपाठन हुन्छ । साथै उहाँका कृतिहरू अन्य भाषामा अनुवाद पनि भइरहेका छन् । त्यस अर्थमा माधव घिमिरे राष्ट्रको घेराबाहिर अन्तर्राष्ट्रिय कवि हुनुहुन्छ ।

कवि घिमिरेसित जहिले पनि साक्षात्कार भयो, संवेदनशील हृदयसित उहाँको शान्त, शिष्ट, सौम्य उज्यालो व्यक्तित्वले मलाई महात्मा घिमिरे भन्न मन लागेको थियो भने उहाँको कर्ममय जीवन, काव्यसाधना, नेपाली काव्यमा छन्दको प्रयोग र त्यसको संरक्षण नेपाल एकेडमीप्रति लगनशीलता तथा अटुट सेवा, पारिवारिक दायित्वप्रति कर्तव्यबोध र निष्ठा आदि कुरालाई बिचार्दा कर्मयोगी माधव घिमिरे भन्न मन लागेको थियो ।

आज बिचार्छु– राष्ट्रकवि माधव घिमिरेको धरोभित्र अन्तर्राष्ट्रिय काव्यचरित्र, महामानवीय महात्माको विशाल व्यक्तित्व र कर्मयोगी व्यक्तिको सर्वसम्पन्न गुण सबै समेटिएका छन् ।

# नारीसन्दर्भ र राष्ट्रकवि



डा.लेखप्रसाद निरौला

मानव जीवनमा सफलताका सोपानहरू उक्लँदै जानु गौरवको विषय हो । आँकलन गरिएको धुरीभन्दा अझै माथि पुग्नु झनै गौरवको विषय हो । पुगिएला कि नपुगिएला भन्ने कुरा सोच्दै नसोचे पनि निकै माथिसम्म पुग्नु अद्भुत सफलताको विषय हो । त्यस्तै राष्ट्रकवि माधव घिमिरेको जीवनयात्रा र सफलतालाई लिन सकिन्छ । मैले उहाँको साहित्यिक यात्रा र निरोगितामय सुदीर्घ जीवनलाई अद्भुत सफलताका रूपमा लिएको छु ।

राष्ट्रकवि माधव घिमिरेको जीवनयात्रालाई मैले पटकपटक पढेँ । उहाँ र उहाँका परिवारजनलाई अनेकौँ पटक

भेटेँ । उहाँहरूसँग लामो समयसम्म भलाकुसारी मात्र गरिनँ, औपचारिक वा अनौपचारिक अनेक किसिमबाट कुराकानी पनि गरेँ । उहाँसँगको मेरो प्रारम्भिक सम्पर्कदेखि हालसम्मको बीसबर्से अवधिभित्रका केही जिज्ञासाहरूले निश्चय नै आन्तरिक खुलदुली बढाएका छन् । यद्यपि मेरो जीवनको उपल्लो शैक्षिक उपाधिका निमित्त उहाँ र उहाँकै साहित्यिक कृतिले साथ दिएका हुन् । मैले उहाँभित्रको उर्वर साहित्यिक फाँटहरू सबै त छिचोलिनँ तर पनि आन्तरिक प्रेरणा पाएको कुरा सहर्ष स्वीकार गर्दछु ।

लमजुङको पुस्तुन, बाहुनडाँडामा जन्मिएर लेकबेँसी गर्दै बिस्तारै गोठालो जीवनबाट अलग्गिँदै काठमाडौँ छिरेका युवाले आफ्नो जीवनमा ल्याएको यति ठुलो परिवर्तनको लहरले मलाई छोएको हो । पारिवारिक आत्मीयता वा मातापिताको वात्सल्यभन्दा पनि जीवनसङ्घर्षको चट्टानले मान्छेलाई सफल बनाएको प्रत्यक्ष इतिहास सुन्दा र देख्दा म स्वयम् पनि रोमाञ्चित बनेको हुँ । परम्परित सामाजिक मान्यता, पारिवारिक आर्थिक अवस्था र शिक्षादीक्षाको तत्कालीन व्यवस्थाका बीच सङ्घर्षका सिँढीहरू उक्लँदै जानु धेरै ठूलो कुरा भएन । तर विषम परिस्थितिलाई अनुकूलन तुल्याउँदै सफलतातिर उन्मुख हुँदै जानु ठूलो उपलब्धि मानेको छु । मैले राष्ट्रकविभित्र त्यस्तै अनुकूलन क्षमता भएका सफल यात्रीको प्रतिच्छाया देखेको छु ।

जीवनको सफलता र असफलता मापन गर्ने आधारहरू पृथक्पृथक् होलान् । कुनै एउटा कोण वा कालखण्डले कसैलाई सफल मान्ला तर अर्को किसिमबाट असफल पनि मूल्याङ्कन होला । तर, राष्ट्रकविको जीवनयात्रालाई मैले सफल मान्नुको कारण उहाँभित्र विद्यमान 'आयुर्विद्यायशोबलम्' अर्थात् आयु, विद्या, यश र बल नै हो । केही अपवादलाई बेवास्ता गर्ने हो भने यी चारओटै कुरा कोही एउटै मानिसमा रहँदै रहँदैन । दीर्घायु, यशस्वी र बलवान् तर कमजोर विद्या; विद्यावान्, यशस्वी र बलवान् तर मध्यम आयु...

आदि इत्यादि । जस्तोसुकै कोणबाट हेरे पनि एउटा न एउटा पक्ष सिथिल पाइनु मानवीय अवस्था नै हो । तर अपवादलाई वरण गर्ने राष्ट्रकविको सफलताका पछाडि पक्कै केही रहस्य होलान् कि भन्ने जिज्ञासाले मलाई कहिल्यै छोडेन ।

पहिलो कुरा स्वस्थ जीवन वा निरोगिता हो । केही वंशाणुगत प्रभावलाई पर राखेर हेर्ने हो भने मानिस स्वस्थ र निरोगी हुन सक्छ । निरोगिताले पक्कै पनि आयु वृद्धि गर्छ । भनिन्छ– 'स्वस्थ शरीर नै व्यक्तिका सम्पूर्ण कार्यकलापहरूको बीज हो ।' आहार, विहार, आचरण, वातावरण, व्यवस्थित दिनचर्या, विश्राम र धीरतासहितको सकारात्मक सोच आदि निरोगिता वा दीर्घायुका कारण मानिन्छन् । यी सबै कुरा व्यक्ति स्वयम्को एकल प्रयासबाट असम्भव हुन्छ । सहयोगीका रूपमा अन्य कसैको प्रत्यक्ष वा परोक्ष योगदान चाहिन्छ । प्रदूषित आहार, अव्यवस्थित जीवनचर्या र अविवेकी निर्णयले मानिस कहिल्यै स्वस्थ र दीर्घायु हुनै सक्दैन । पारिवारिक सदस्य, समाज वा राष्ट्रको सहयोग वा योगदानका साथै स्वयम् व्यक्तिको उपयुक्त निर्णयबाट मात्र मानिसले स्वस्थ वा दीर्घायु जीवन पाउन सक्छ । राष्ट्रकविको निरोगिता र दीर्घायुका बारेमा मेरो जिज्ञासा केही हदसम्म समाधान भएको छ ।

धीरतासहितको सकारात्मक सोच वा आशावादिता राष्ट्रकविभित्र पाइने जीवन ऊर्जा हो । हरेक सङ्घर्ष र मोडहरूमा यही ऊर्जाले प्रतिरोधात्मक क्षमता बढाएको पाएको छु । रोगको आक्रमणबाट बचाउने पहिलो कवच बनेको छ– उहाँभित्रको ऊर्जा । काठमाडौँको डेरा, ससाना नानीहरू, प्रेयसीको अभाव, घरपट्टीको टोकसो, आर्थिक कमजोरीजस्ता तनावपूर्ण आक्रमणहरूलाई यही ऊर्जाले रोकेको बुझेको छु । समय वा बेला बलवान् हुने गर्छ । दोस्रो विवाहपछिको जीवनयात्रामा राष्ट्रकविले आहार, विहार र दिनचर्यालाई सन्तुलनमा राख्ने अवसर पाउनुभएको हो । जतिसुकै अभाव भए

पनि अथवा जतिसुकै कामधन्दाको दबाब भए पनि अर्धाङ्गिनी महाकाली घिमिरेको योगदान उल्लेखनीय बन्दै गएको हो । मैले राष्ट्रकविकी धर्मपत्नी महाकाली घिमिरेसँग राष्ट्रकविको आहारविहार आदिका बारेमा जिज्ञासा राखेको थिएँ । केही रहस्यमयी जबाफहरू पाएँ पनि ।

खानेकुरामा कहिल्यै नाकनिक नगर्नु, जे दिए पनि सहज रूपमा स्वीकार गर्नु, विशेष गरी दूधदही र माछामासु मन पराउनु, हरियो सागपात र सिन्की गुन्द्रुक आदि खान रुचाउनुजस्ता उहाँका खाद्य विषय रहेछन् । यस्ता कुरा त अरूका घरमा पनि सामान्य नै हुन् । तर यी र यस्ता कुरा कसरी तुल्याइन्छ ? विषादी हालिएका अथवा बजारबाट किनिएका हुन् कि घरमै करेसाबारीबाट उत्पादन गरिएका हुन् ? प्राङ्गारिक मलको प्रयोग भएको छ कि अन्य विधिबाट उत्पादन गरिएको छ ? भन्ने जस्ता प्रश्नहरू प्रमुख देखिन्छन् । सकेसम्म खाद्यवस्तुको गुणस्तरीयताप्रति अत्यन्त सचेत हुने उहाँजस्ती श्रीमतीको स्वभावले राष्ट्रकविको स्वास्थ्यलाई निरोगी तुल्याएको पाएँ । प्राय घरबाहिरका खाद्यपदार्थ सेवन नगराउने र गर्नुपर्ने वातावरणप्रति सचेतता अपनाउने श्रीमतीको सतर्कतालाई राष्ट्रकविको निरोगिताका लागि प्रमुख कारण मानेँ । हाल राष्ट्रकविले एक सय एक वर्षको दीर्घायु जीवनको यात्रा गरिरहँदासम्म पनि श्रीमतीकै रेखदेख अथवा सुपरीवेक्षणमा आहारविहारको सन्तुलन हुनुलाई नै निरोगिता र दीर्घायुको श्रेय ठम्याएँ ।

महाकाली घिमिरे, अहर्निश राष्ट्रकविको जीवनलाई सफल तुल्याउने आदर्श धर्मपत्नी हुनुहुन्छ । उहाँका लागि सारा तीर्थव्रत भनेकै राष्ट्रकविको सेवासुश्रुषा बनेको छ । दिनरात पतिको सेवामा रहँदा उहाँले एकाध ठाउँबाहेक स्वदेश वा विदेशको कुनै भूमिमा तीर्थाटन वा भ्रमण गर्नुभएकै छैन । उहाँले भन्नुभएको छ– 'मेरा लागि तीर्थ, व्रत, पर्यटन भ्रमण आदि सबै कुरा राष्ट्रकविको जीवन

सफलता नै हो । उहाँ निरोगी र दीर्घायु हुनुपर्छ, त्यत्ति मात्र हो । उहाँको सफलतामा मेरो सफलता छ । यसैमा खुसी छु । मैले उहाँलाई निरन्तर खानेकुराहरू दिएकी मात्र हैन, उहाँको खानेकुरा पनि छुटाएकी छु । स्वास्थ्यका दृष्टिले उहाँलाई चुरोट खानबाट वञ्चित गराएकी थिएँ । कुनै समयमा देवकोटाकै सङ्गतले होला उहाँले चुरोट खाएको देख्दा म स्वास्थ्यप्रति चिन्तित बनेकी थिएँ । मेरो नखाने आग्रहलाई उहाँले त्यतिखेरै स्वीकार गरिदिनुभयो । स्वास्थ्यमा प्रतिकूल असर पार्न पाएन । खसीको मासु खूब मन पराउनुहुन्थ्यो तर सय वर्षभन्दा बढी हुन थालेपछि कुखुराको मासुको झोल भए पनि दिने गरेकी छु । आहारविहार, दिनचर्या आदि हरेक कुरामा ख्याल राख्दै आएकी छु । अहिले कान अलि कमजोरजस्ता भएका छन् । अरू कुनै समस्या छैन ।'

राष्ट्रकविलाई दीर्घायु वा निरोगिताले मात्र सफल तुल्याएको हैन । उहाँको विद्या, साहित्य साधना र सहिष्णु स्वभाव पनि हो । घमन्ड या प्रतिशोधरहित विद्या, साहित्यिक तपस्या या दीर्घसाधना, प्रतिस्पर्धात्मक सोचबाट मुक्त सहिष्णु स्वभाव आदि पनि उहाँका सफलताका सूत्रहरू हुन् । दोस्रो वैवाहिक जीवनबाट वर्तमान सुस्वास्थ्यको वातावरण प्राप्त भएझैं पहिलो वैवाहिक जीवनले उहाँको साहित्यिक उचाइलाई स्पर्श गरेको हो । गौरी, उहाँकी पहिली जीवनसँगिनी । प्रेमिल जीवनका अनन्त स्रोतहरूकी मुहान । कविहृदयमा जमेका हिमकणहरूलाई पगालेर हिमनदी नै सिर्जना गर्न सक्ने जीवनको आधा हिस्सा । राष्ट्रकविको कवित्व गौरीमा टल्किएको हो; छचल्किएको हो र पग्लिएको हो । राष्ट्रकविको मूल आधार भनेकै गौरीसँगको मिलन, बिछोड र काव्यिक तरलता । कदाचित्, राष्ट्रकविलाई ममतामयी नारीहरूकै दिव्य प्रेरणा रहेको हुनुपर्छ । किनभने उहाँ गौरीमा मात्र सीमित नभई पापिनी आमा, राजेश्वरी, धर्तीमाता, इन्द्रकुमारी, मालती, देउकी, विषकन्या,

गौँथली, शकुन्तला आदि काव्यिक नारी पात्रहरूकै कारण साहित्यिक सफलताको दिशामा अघि बढ्नुभएको पाइन्छ ।

म राष्ट्रकविलाई यशस्वी मान्दछु । यश वा कीर्तिजस्तो कुरामा एउटा निश्चित कालखण्डपछि सेलाउने चुनौती रहन्छ । समयको प्रवाहले कहिले यशस्वी बनाएको व्यक्ति अन्तत: अपयशको भागीदार हुनुपरेको इतिहास पनि पाइन्छ । जीवनयात्राका मोडहरूसँगै यश अपयशमा र अपयश यशमा परिणत हुने सम्भावना प्रबल रहन्छ । राष्ट्रकविको जीवनी सन्दर्भलाई हेर्दा उहाँ नितान्त साहित्यिक प्रतिभा हुनुहुन्छ । उहाँले न त राजनीति गर्नुभएको छ, न त उद्योगधन्दा वा व्यापारका क्षेत्रमा सहभागिता जनाउनुभएको छ । कैयौँ मानिसहरू आफूलाई सबैतिर सक्षम र सफल छु भन्ने दाबी गर्छन् । अनि केही समयसम्म यशस्वीका रूपमा चर्चित पनि हुन्छन् । तर समयले एकातिरबाट अपयशको भागीदार तुल्याइरहेको हुन्छ । सायद राष्ट्रकविले त्यस्ता धेरै क्षेत्रहरूमा सहभागिता नजनाएर पनि होला, उहाँ निरन्तर एवम् उत्तरोत्तर यशस्वीका रूपमा स्थापित हुँदै जानुभएको हो । यद्यपि अजातशत्रु कोही पनि हुँदैनन् तापनि धेरै मानिसहरूको हृदयमा अँटाउन सक्ने र धेरैबाट श्रद्धा पाउने पात्रका रूपमा उहाँलाई लिन सकिन्छ । मैले उहाँसँगको सम्पर्कमा केही जिज्ञासाहरू राखेँ पनि । उहाँ भन्नुहुन्छ– 'म पटकपटक महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरमा गएको छु । धेरै गुणहरू उहाँबाट नजिकमै रहेर आत्मसात् पनि गरेको छु । कैयौँ पटक हाम्रा जुत्ताहरू पनि साटिएका छन् । त्यस्तै म कविशिरोमणि लेखनाथ पौड्यालसँगको सान्निध्यमा पनि रहेको छु । उहाँभित्रको दीर्घकालीन परिष्कृत साधनाबारे अनुभूत गरेको छु । अनि त्यसै गरी नाट्यसम्राट् बालकृष्ण समबाट व्यक्तित्व विकासबारे प्रेरणा पाएको छु ।' यसरी मैत्री, उदारता, सहिष्णुता, साधनाको निरन्तरता, कुलीन व्यक्तिसँगको सङ्गत र व्यक्तिगत,

सामाजिक तथा राष्ट्रिय सन्दर्भहरूबारे सचेत रहनेहरू निश्चय पनि यशस्वी हुँदा रहेछन् । यसै कारण पनि राष्ट्रकविको जीवनयात्रालाई मैले यशपूर्ण मानेको छु ।

यशलाई मापन गर्ने मूल आधार भनेकै योगदान हो । राष्ट्रकविको योगदान मूलतः साहित्यिक क्षेत्रमा रहेको छ । तर कसको योगदान कुन क्षेत्रका कति छ भन्ने कुराको मूल्याङ्कन यथासमयमा नभइदिँदा कैयौँ महापुरुषहरूले मरणोपरान्त मात्र यशस्विता प्राप्त गर्ने गरेका छन् । कैयौँले त युगपरिवर्तन हुँदासम्म धैर्य गर्नुपरेको छ । कतिपयको इतिहास नै हराएर जाने गरेको छ । तर राष्ट्रकवि माधव घिमिरे यस्तो अपवादबाट मुक्त हुनुहुन्छ । उहाँले सिर्जना गरेका साहित्यिक कृतिहरूको आस्वादन गर्ने पाठकहरूकै कारण जीवनकालदेखि नै उहाँ यशस्वी प्रतिभाका रूपमा स्थापित हुँदै जानुभएको हो । जतिजति कृतिहरू सार्वजनिक हुँदै गए त्यतित्यति पाठकहरूबाट रुचाइँदै गए । पाठकसँगसँगै समीक्षक, पत्रकार हुँदै सरकारसम्म सूचना प्रवाहित हुँदै गयो । क्रमशः राष्ट्रकवि निजी वैयक्तिक प्रतिभाबाट राष्ट्रिय प्रतिभाका रूपमा स्थापित हुँदै जानुभयो । स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैलीका सरल एवम् लोकप्रिय साहित्यकारका रूपमा स्थापित हुनुभयो । बालबालिकादेखि प्रौढ परिपक्व व्यक्तिसम्म प्रिय हुँदै राष्ट्रिय मात्र हैन अन्तर्राष्ट्रिय स्तरसम्म फैलिनुभयो । कविता, काव्य, गीत, नाटक र कथा आदिका माध्यमबाट उहाँको यश फैलिँदै गयो । त्यसैले पनि आज उहाँ यशस्वी पुरुषका रूपमा रहनुभएको छ ।

राष्ट्रकवि एउटा उपाधि हो । आदिकवि, आशुकवि, युवाकवि, युगकवि, महाकवि, कविशिरोमणि आदि जस्तै माधव घिमिरेको नामका अगाडि राष्ट्रकवि शब्दलाई ससम्मान उल्लेख वा सम्बोधन गरिन्छ । नेपाल सरकारबाट वैधानिक किसिमबाट उहाँलाई राष्ट्रकवि उपाधि प्रदान गरिएको हो । नेपाली साहित्यानुरागीहरूद्वारा उहाँलाई

केकस्ता शब्दहरूबाट उपाधि प्रदान गर्ने भन्ने विषयमा विभिन्न निकाय र समयहरूमा छलफल र बहसहरू पनि हुँदै आएका थिए । राष्ट्रकविको उपाधि दिनुपूर्व नै नइ प्रकाशनद्वारा आयोजित एउटा विशेष कार्यक्रममा साहित्यकारद्वय नइले बारम्बार यस्तै सम्बोधन गरेको कुरा स्वयम् राष्ट्रकविले सुनाउनुभएको छ । यसबाट पनि यश वा कीर्तिका लागि विभिन्न निकायहरूबाट यथासमयमा प्रयास भएको मान्न सकिन्छ । उहाँ जीवनको दीर्घकालसम्म यशस्वी प्रतिभाका रूपमा देखा पर्दै आउनुभएको राष्ट्रकवि हुनुहुन्छ नै ।

बलवान् हुनु भनेको हरेक कुरालाई क्षमादान दिन सक्नु हो । राष्ट्रकवि माधव घिमिरेसँग गाँसिएका कैयौँ पारिवारिक, सामाजिक, साहित्यिक सन्दर्भहरूले निश्चय नै कतिपय अवस्था वा परिघटनाहरूमा द्वन्द्व सिर्जना गरेका देखिन्छन् । तर उहाँभित्रको बलशालिताले गर्दा कसैप्रति आग्रह वा पूर्वाग्रह नभएको कुरा मैले पाएको छु । यस अर्थमा पनि उहाँ बलवान् स्रष्टा हुनुहुन्छ ।

अन्त्यमा भन्नुपर्दा मैले आफूलाई सय वर्ष पूरा भएका राष्ट्रकविसँग बारम्बार सहज रूपले सम्पर्क गर्न पाउने सौभाग्यशाली व्यक्तिका रूपमा पाएको छु । उहाँबाट निश्चय पनि केही जीवनदर्शन र प्रेरणा पाएको छु । त्यसै गरी कवि कुलगुरु कालिदासीय परम्पराको दीक्षा पनि पाएको छु र कालिदासलाई विद्योत्तमाजस्ती नारीको प्रेरणा अथवा स्वयम् कालीको आशीर्वाद भनेझैँ राष्ट्रकविलाई नारीहरूको प्रत्यक्ष र परोक्ष प्रेरणा, सहयोग वा योगदान रहेको हो कि भन्ने मेरो निष्कर्ष रहेको छ । जे होस्, मैले राष्ट्रकविमा 'आयुर्विद्यायशोबलम्' त्यो आर्षपरम्परामा पाइने महान् आदर्शको प्रतिबिम्ब पाएको छु ।

# राष्ट्रकविलाई डेराबाट अवलोकन



**वासुदेव अधिकारी**

पचासको मध्यतिर म केही वर्ष राष्ट्रकविको समीपमा डेरा बस्न पुगेँ । उहाँहरू लमजुङ, तनहुँका आफन्त लैनचौर अलकाबस्तीमा झुरुप्प बस्नुभएको रहेछ । कति मीठो सहकार्य ! कति सौहार्द वातावरण ! म पनि उहाँहरूको समाजमा भिज्न पुगेँ, लोभिन गएँ । टोल सुसंस्कृत थियो । डाँडाको बस्ती, बेग्लै रमाइलो । टोलमा घाम सजिलै आउने, पानी आउन अलि हम्मे पर्थ्यो । बस्ती अत्यन्त सुन्दर लाग्यो ।

बेलायती राजदूतावासको दक्षिण पश्चिम डिलको अलका बस्तीबाट स्वयम्भूको स्तूप मजाले देखिन्थ्यो । सामाखुसी

अलि तलै भएकाले हावा तथा घामका लागि बस्ती साँच्चै उपयुक्त लाग्यो । म कविवरको उत्तरतिरको लहरै चारमध्ये तेस्रो घर अर्थात् सूर्यवदना आचार्यकोमा बस्थेँ । छिमेकी घरको डेरावाला, जागिरे तथा सिकारु लेखक र ससाना बालबच्चासहितको बसाइ भएकाले म उहाँकोमा त्यति छिर्दिनथेँ । कविलाई म परबाट हेर्थें, नमस्कार गर्थें र उहाँको काव्य सिर्जनाको भङ्गिमा चाल पाउँथेँ ।

ती दिनमा उहाँलाई म नातिनीसित औधी नजिक देख्थेँ । हजुरबा-नातिनी साथीसाथीजस्तो लाग्थ्यो । नातिनी त्यति बेला स्कुल पढ्दै थिइन् । उहाँ आफ्नो फराकिलो कम्पाउन्डको चौरमा गमीगमी हिँड्नुहुन्थ्यो, बारीमा लगाएका फूल तथा हलुवावेदको बोटवरपर देखिनुहुन्थ्यो । म उहाँलाई आफ्नो कोठा तथा कौसीबाट आक्कलझुक्कल देख्थेँ । उहाँ सौन्दर्यको पारखी हुनुहुन्थ्यो । उहाँ घरमै पनि खासै अनौपचारिक पोसाकमा देखिनुहुन्नथ्यो । बिहानबेलुका घरमा पाठक, प्रशंसक, सञ्चारकर्मी, लेखक वा शिक्षाकर्मी आइरहने कारण पनि म उहाँलाई धेरैजसो कमिज सुरुवालमा नै देख्थेँ । उहाँ दिउँसोतिर घरीघरी साथीभाइसित तासमा मिसिनुहुँदो रहेछ आफ्नै घरमा । उहाँका समवयी वा अनुजहरू उहाँसित दिउँसो जम्न पुग्थे ।

कविको घरमा नियमितजसो नै भेटघाट, लेखरचना, अन्तर्वार्ता आदिका लागि मानिसहरू आउने गरेको देख्थेँ । उहाँको प्रत्येक भेटघाट सुखद र आत्मीय हुने गर्थे । उहाँ हरेक कुरामा सकारात्मकता खोज्नुहुन्थ्यो र सायद पाउनु पनि हुन्थ्यो । डेरा बसाइको करिब आठ वर्षको अवधिमा मचाहिँ उहाँको अमूल्य समय कम मात्रै लिने गरी आवश्यक काममा मात्र पसेको छु । बेलाबेला अरू साहित्यकारलाई घर चिनाउन पनि पुगेको छु । जति पटक म छिरेको छु, प्रत्येक भेटमा उहाँमा हार्दिकता नै पाएको छु । उहाँसित भेट हुने व्यक्तिले उहाँबाट केही न केही प्रभाव बोकेर नै जाने गरेका छन् ।

उपयुक्त समय र सन्दर्भ आउनुपर्छ, कवि औधी रौसिनुहुन्छ घरमा पनि कार्यक्रममा पनि । उहाँको स्मृति ताजा छ । उहाँलाई एक पटक लैनचौर ब्याङ्केटमा प्रभु बैङ्कले ठूलो अभिनन्दन कार्यक्रम गरेको थियो । त्यस कार्यक्रममा उमेर तथा स्वास्थ्यको कारण उहाँले निकै कम बोल्नुहोला वा थोरै रचना वाचन गर्नुहोला भन्ने अपेक्षाविपरीत उहाँले रौसिएर निकै लामो समय मन्तव्य तथा कविता वाचन गरेको म सम्झिन्छु । हामीले नै आयोजना गरेको एक कार्यक्रममा उहाँले नियात्राकारको विषयमा भनेको कुरा अहिले पनि मलाई घत लाग्छ– 'नियात्राकार कतै जाँदा चोरजस्तो चलाक र चियोचर्चो गर्ने, यताउति पल्याकपुलुक हेर्ने खालको हुनुपर्छ ताकि उसले वरपरको सबै वस्तुस्थिति र परिवेश चाल पाउन सकोस् ।' उहाँको त्यस भनाइसित म सहमत मात्र छैन, त्यो भनाइ नियात्राकारको सजगताको सम्बन्धमा गुरुवाक्य नै बन्न गएको छ ।

कविवरसँग मैले 'शब्द संयोजन' पत्रिकाका लागि तथा सामाजिक सन्दर्भमा पनि भेटघाट गरेको छु । पछि म त्यही टोलको पुछारघरे बासिन्दा भएपछि त उहाँको सयौँ तथा एक सय एकौँ जन्मोत्सव, प्रज्ञाप्रतिष्ठानको अभिनन्दन, उहाँ अध्यक्ष रहनुभएको नेपाली भाषा परिषद्को सबैजसो कार्यक्रममा सहभागी भई आएको छु । 'शब्द संयोजन' मासिकको सत्यमोहन जोशी विशेषाङ्कमा उहाँको लेख उहाँ भन्ने म टिप्ने गरेर तयार गरेको पनि छु । केही वर्षयता जहिले जाँदा पनि 'ऋतम्भरा' लेखिरहेको छु भन्ने कविले 'ऋतम्भरा' लेखिसकेँ भनी सुनाउनुभए हुने भन्नेचाहिँ लागिरहन्छ । हृदयमा स्वर घोल्ने उद्यममा उहाँको वाणीमा सुन्दै आएको थर्कनबाट म उहिल्यैबाट अचम्मित भएकोभयै छु ।

लय चेतनाका धनी घिमिरे काव्यसाधनाका दृष्टिले परिष्कृत कवि हुनुहुन्छ । उहाँको कवितामा जीवन तथा माटोको महक हरहराउँछ । काव्य तथा दर्शनमा पारङ्गत कविको सौन्दर्यचेत निकै

नै खारिएको छ । 'गाउँछ गीत नेपाली' लगायतका उहाँका गीत नेपाली जातिका महान् गौरवगाथा हुन् । बालसाहित्यसमेतमा उहाँको कृतिगत योगदान विशिष्ट छ । लेखनको विधागत आयाम सीमितजस्तो देखिए पनि म उहाँको रचनामा मनग्य गहिराइ पाउँछु । उहाँ अहिलेको राष्ट्रगानले मुलुक जोड्नुको साटो हिमाल, पहाड र तराई भनी विभाजनको शब्दावलीसहित आएको बताउनुहुन्छ ।

गेयात्मक कविता रचनामा आजीवन समर्पित कविवरसित हिजो हामीले राजनीतिक वैचारिक कारणले पर बसी असहमति तथा विरोध गऱ्यौँ । पञ्चायतको जगजगीको बेला उहाँ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कुलपति हुनुभयो, हामी कालो पट्टी लगाएर चौर घेर्ने आन्दोलनकारी । यी सबै समयका खेल थिए, जिम्मेवारीका विषय थिए । स्रष्टाद्रष्टा दुवै नजरले कविलाई छाम्दा, हेर्दा उहाँ अतिशय रसमयी साधक लाग्नुहुन्छ ।

कविवर घिमिरेलाई राष्ट्रकविको पदवी नदिएको भए पनि उहाँको कद अहिलेको भन्दा कम हुँदैनथ्यो । सरकारले दियो झन् राम्रो भयो । त्यसको पृष्ठभूमि नइले बनाएको भन्ने पनि सुन्दै आएको छु । अहिले कसैलाई यस्तो पहलकदमी र पदवी प्रदान गरिएको कुरा नपचे पनि समयक्रममा त्यसको मूल्यबोध हुँदै जानेछ । म सरकारले हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, पारिजात आदिलाई पनि सम्झने दिनको प्रतीक्षामा छु ।

विगत दशकमा मुलुकमा पहिचान र सङ्घीयताको मुद्दा प्रखरताका साथ उठ्यो र त्यो स्थापित पनि भयो । त्यही अवधिमा राष्ट्रिय एकता र एकीकरणको विषय पनि पेचिलो भएर पुनः बहसमा आयो । जनताजनताको बीचको सौहार्दता बिग्रेला कि बिग्रेला कि जस्तो गरी चालु भएको ती बहस तथा अभियान अहिले एक बिन्दुमा पुगी पार लागेको छ । त्यस अवधिको जटिल परिवेशमा कविरचित काव्य 'राष्ट्रनिर्माता' खण्डकाव्यका कतिपय सूक्तिले

सबैसबैलाई प्रेरित तथा निर्देशित गरिह्‍यो भन्ने मलाई लाग्छ । त्यस काव्यमा नेपाल एकीकरणका अगुवा पृथ्वीनारायण शाहको ऐतिहासिक कृत्यका साथै एकीकरणपश्चात् राज्य अक्षुण्ण राख्ने विचार बलवान् रूपमा आएको छ ।

देवकोटाको सान्निध्यमा काव्यसाधनामा लाग्नुभएको नेपालका विख्यात कविसित सङ्गत गर्न पाउनु कुनै पनि व्यक्तिका लागि सुखद अवसर हो । त्यस्ता कविको दैनिकी नियाल्ने मौका धेरैलाई उपलब्ध हुँदैन । छिमेकी घरको डेरावालको हैसियतमा मैले त्यो अवसर पाएँ । हिमाल चढ्नेहरू त्यसको चिसोबाट प्रताडित हुन्छन् भने परबाट हेर्नेहरू त्यसको आभामा मोहित हुन्छन् भनेजस्तै मैले ठिक्कको दूरीमा रहेर उहाँबाट प्रभाव ग्रहण गरेको छु । पूर्वीय दर्शनको गहिरो चेत तथा प्रभाव भएका कविमा सकारात्मक मानवीय भावना एवम् मुलुकप्रेम पाउँछु । चल्तीका सामाजिक रूपान्तरणभन्दा पनि सामाजिक सद्भाव र हार्दिकताले भरिएका उहाँका रचना खासमा अमृतकलश नै हो, जसले वैराग्य भाव दिएर पाठकलाई निरास बनाउँदैन, प्रेम र हार्दिकता बाँड्न सिकाउँछ ।

कविको कवितामा सघन एवम् मार्मिक सूक्ति आइरहन्छन् । सही सूक्ति प्रकाशको उत्खनन हो । प्रकाश कहाँ छ ? त्यो आफैँ स्वतन्त्र अस्तित्व हो । खासमा प्रकाश आफैँ वस्तु होइन, त्यो कुनै अर्को वस्तुबाट उत्पादन हुन्छ । त्यो केही समयका लागि पैदा हुन्छ । त्यसलाई टिप्न र कायम गर्न जान्नुपर्छ अन्यथा पैदा भएको उज्यालो त्यसै विलीन हुन्छ । असल सिर्जना त्यस्तै उज्यालोको उत्खनन हो । एउटा सिङ्गो महाकाव्यले दिने भाव गीतका एकाध लाइनले दिन सक्ने सामर्थ्य कविमा छ । उहाँको सूक्ति पनि त्यस्तै प्रकाश हो; जो हामीले सोचे, भोगेका सन्दर्भबाटै उत्पादन हुन्छ । कविको काम जनजीवनका सामान्यताबाट उपयोगी प्रकाश सिर्जना गर्ने नै हो । विचारको सीमामा उहाँले त्यो काम गर्नुभएको छ ।

रचनाको तन्मयता कविको खास भूगोल हो । उहाँले एक सय एक हिउँद बर्खा बिताउनुभयो, हेलै शतकको लङजम्प हान्नुभयो । धेरै सोच्नुभयो– खँदिलो गीत, काव्य तथा नाटक लेख्नुभयो । उहाँका रचना भोगटेजस्ता होइन, बोटमै पाकेका मीठो बेलौतीजस्ता छन्– न बोक्रा छोडाउनुपर्ने न गेडा फाल्नुपर्ने । उहाँलाई सयौँ वर्ष प्रवेशपूर्व झम्टिने काललाई सरकारले पटकपटक मेदान्त अस्पताल लगेर पराजित गरी छाड्यो ।

म आवेग र क्रोधबाट पर रहनुहुने कविको दीर्घ जीवन सकारात्मक सोच र सिर्जन तन्मयताबाट पोषित देख्छु । जीवनगीत गाउनै जन्मिनुभएको रहेछ माधव घिमिरे । सलाम राष्ट्रकविलाई, प्रणाम उहाँको दीर्घ साधनालाई ।

# जनमनका गायक राष्ट्रकवि



विजय चालिसे

'गाउँछ गीत नेपाली' भन्दै राष्ट्रप्रेमको शङ्खघोष गर्ने साहित्यशिखर राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाम सुन्दै श्रद्धानत हुन पुग्छु म । म मात्र नभएर यही र यस्तै गीत सुनेर, गाएर हुर्केको मजस्ता उहाँका नाति पुस्ताका अरू पनि धेरैका लागि काव्यजगत्का विराट् प्रतिभा माधवप्रसाद घिमिरे लोभलाग्दो आदर्श हुनुहुन्छ । उहाँको बारेमा के लेख्ने संस्मरण ? म सङ्कोचले पानीपानी हुन्छु र पनि मित्र नरेन्द्रराज प्रसाईको दूरभाषा यन्त्रमा आएको आधुनिक पत्रको आग्रह पन्छाउन सक्दिनँ । अझ भनूँ, राष्ट्रमनीषीप्रति छोटो शब्दपुष्प

अर्पण गर्ने लोभ थाम्न नसकेर मात्रै यी पुराना केही सम्झना उधिन्ने प्रयत्न गरेको हुँ ।

हुन त अहिले कसैको अधिमूल्याङ्कन र कसैको अल्प मूल्याङ्कन गर्ने संस्कृति नै बनेको छ । कतिपय हिजोको ब्याजमाथि ओथारो वर्तमान बाँचिरहेका छन् भने माधव घिमिरे सम्भवत: एक मात्र स्रष्टा हुनुहुन्छ, जो आफ्नो सय वर्षको उमेरभित्रका चौरासी वर्ष निरन्तर नै सिर्जनारत हुनुहुन्छ । एकपछि अर्को उत्तिकै सशक्त र शाश्वत सिर्जनाको अजश्र धारा बहाइरहनुभएको छ अझै ! यो निरन्तरको अनवरत सृजनयात्रा आफैँमा अनुपम छ । यति लामो निरन्तरको सृजनयात्रा गर्ने मैले अर्को यात्रीको नाम सुनेको, पढेको छैन । यो आफैँमा एउटा ऐतिहासिक अभिलेख हो ।

म उहाँको नाति पुस्ताको एक जना कनिष्ठ अक्षरकर्मी ! चेतभवनमा कलेज अफ एजुकेसनमा बी.एड. पढ्दा उहाँ मेरा पिताजीका पनि गुरु हुनुहुन्थ्यो ! मेरा पिताजी रमेश विकल उहाँलाई गुरुकै सम्बोधन गर्नुहुन्थ्यो । पाठ्यपुस्तक र रेडियोमा गुन्जने उहाँका राष्ट्रिय गीतहरू पढे, सुनेको मैले सानै छँदा एघारबाह्र वर्षको उमेरतिर उहाँलाई घरमै देख्ने अवसर पाएको थिएँ । केही श्रद्धेय स्रष्टाहरूको आगमन भएको थियो त्यतिखेर । अहिले सम्झना भएअनुसार कविवर माधव घिमिरे (त्यति बेला राष्ट्रकविको उपाधि प्राप्त भइसकेको थिएन), कविवर सिद्धिचरण श्रेष्ठ, भूपि शेरचनलगायत अरू पनि एकदुई जना हुनुहुन्थ्यो । त्यही बेला जगडोल, हालको उच्चस्तरीय शहीद पार्क, घुमेपछि भूपि शेरचनले सल्लाको प्रतीकमा एउटा कविता लेख्नुभएको थियो, शीर्षक बिर्सें । त्यस समयका दुई कुरा म कहिल्यै बिर्सन्नँ । एउटा हो, उहाँहरूले दिनुभएको चकलेटको मीठो स्वाद र दोस्रो उहाँहरू प्रकृतिमा निमग्न हुनुहुँदाको अनुपम क्षण !

त्यति बेला आरुबारीसम्म हिँडेरै आउनुपर्थ्यो । सार्वजनिक यातायातका साधन थिएनन् । महँगो भएर हो कि, अहिलेजस्तो बाबुबाजेको कमाइको जग्गा बेचेर निजी सवारी किन्ने चलन आइसकेको थिएन । ठूला साहू, महाजन र निकै धनीमानीको घरमा मात्रै आक्कलझुक्कल निजी मोटर देखिन्थे ।

हामी उहाँहरूलाई लिन भनेर अहिलेको बसपार्क, आरुबारी चोकसम्म पुगेका थियौँ । चोकको अलि उता अहिले अरुणोदय माध्यमिक विद्यालय रहेको ठाउँमा एउटा ठूलो सत्तल थियो । पर्खालले घेरिएको सत्तलपरिसरभित्र पलाँस, बेल आदिका रूख थिए । त्यही पलाँसको रूखमा आगोको लप्काझैँ देखिने विशिष्ट सौन्दर्य फैलाएर फुलेका पलाँसका फूलहरू ढकमक्क थिए । त्यहाँ आइपुगेपछि पहिला सिद्धिचरण टक्क रोकिनुभयो । उहाँसँगै माधव गुरु अडिनुभयो । उहाँहरूका पाइला मानौँ, शक्तिशाली चुम्बकले खिचेझैँ रोकिएका थिए । त्यो चुम्बकीय शक्ति थियो तिनै आगोका लप्काझैँ देखिने ढकमक्क फुलेका पलाँसका फूलहरू ! सिद्धिचरणका आँखा पहिले ती फूलहरूमा पुगे, लगत्तै माधव गुरुका आँखा तिनमा अडिए । ती दुवै महान् स्रष्टा निर्निमेष ती फूलहरूलाई नियालिरहनुभएको थियो । लगभग पाँच मिनेट दुवैले टक्क अडिएर प्रकृतिको त्यो अविराम दृश्य हेरिरहनुभयो ।

त्यसपछि ममा परेको अर्को नमेटिने प्रभाव थियो– मेरो आफ्नै उपन्यास 'अनि कुइरो फाट्छ'को प्रकाशन । २०३४-०३५ सालतिर हुनुपर्छ, मैले त्यो सामाजिक उपन्यास लेखेको थिएँ । बाबाले पनि हेरेर छाप्न हुन्छ भनेपछि कता दिने होला भन्ने सोच्दै थिएँ । बाबाले नै 'एकेडेमीमा दे न त, छाप्छन् कि !' भन्नुभएपछि लिएर एकेडेमीमा गएँ । मजस्तो सिकारु लेखकलाई उहाँहरूले के चिन्नुहुन्थ्यो होला र ! माधव घिमिरेले केटाकेटीमा घरमै देख्नुभएको भए पनि के पो सम्झना रहन्थ्यो र ? यस्तैयस्तै मनभरि द्विविधा बोकेर एकेडेमी

पुगेँ । पहिले डराईडराई सदस्यसचिव विजय मल्लको कोठामा पसेछु । उहाँले केके, किन आएको भन्दै बस्न अगाडिको सोफा हो कि मेच हो देखाउनुभयो । नाम भनेपछि तिमी विकलको छोरा हो त ? सोध्नुभएपछि बल्ल डर र सङ्कोच हरायो र आफ्नो कुरा राखेँ– 'एउटा उपन्यास लेखेको, कसरी छाप्ने होला ? सुझाव माग्न आएको' । उहाँले बडो माया गरेर प्रोत्साहन दिनुभयो । त्यसै दिनदेखि म भाइजस्तै तिमी र उहाँ विजय दाइमा साटिएका थियौँ हामी । त्यसपछि उहाँले 'एकेडेमीमै दर्ता गरेर जाऊ न त, हेरेर हुने भए छापौँला' भन्नुभयो । नछापिए नै पनि विजय मल्लजस्ता ठूला कथाकारले त्यति भन्नु नै मेरा लागि ठूलो पारितोषिक थियो । उहाँले नै 'कुलपतिलाई पनि एक पटक भेट्न त' भन्नुभयो म पाण्डुलिपि बोकेर कुलपति माधवप्रसाद घिमिरेको कोठा खोज्दै उहाँको सामुन्ने पुगेँ । मनभरि डर थियो, सङ्कोच थियो र थियो त्यति ठूला मान्छेसँग भेट्दाको रोमाञ्च ! अहिले पनि सम्झन्छु, उहाँको छेउमा अग्ला गोरा हँसिला अर्का एक जना बसेका थिए । पछि थाहा भयो, उहाँ तत्कालीन प्रशासन प्रमुख हुनुहुँदो रहेछ– लक्ष्मणप्रसाद लामिछाने, शीर्षस्थ निबन्धकार शङ्कर लामिछानेका भाइ ! उहाँकै अगाडि कविवरले परिचय र प्रयोजन सोध्नुभयो । उहाँको त्यो प्रश्नमा बडप्पन थिएन, कुलपति हुनुको घमन्ड थिएन, मात्र स्नेह थियो । त्यो स्नेहले मलाई आफ्नो कुरा राख्न सहजता प्रदान गऱ्यो । आफ्नो परिचयसहित सबै कुरा राखेँ । त्यो सुनेपछि उहाँले 'ए बाबू, विकलजीका छोरा रहेछौ ! ल... लक्ष्मणजी हेर्न लगाएर हुने नहुने मलाई भन्नुहोला !' कुलपतिले त्यति भनेपछि उहाँले 'ल हिँड्नोस् म दर्ता गराइदिन्छु' भन्नुभो । म कुलपतिसँग बिदा भएर उहाँकै साथ लागेँ । दर्ता भयो, फर्कें । मनमा छापिने विश्वास पटक्कै थिएन । पहिलो प्रयास, एकेडेमीजस्तो संस्थाबाट के छापिएला र ?

पछिल्लो वर्ष २०३६ सालमा उपन्यास छापिएर हातमा पर्दा मेरो हर्षको सीमा रहेन । सिकारु स्रष्टालाई स्नेहपूर्ण प्रोत्साहन दिने

उहाँहरूको विशाल हृदय सम्झेर म आज पनि उत्तिकै कृतज्ञ हुने गर्छु । त्यसको लगत्तै मैले डोटेली साहित्य र संस्कृतिको अध्ययनका लागि एकेडेमीको विद्वत्वृत्ति पनि पाएँ, यो पनि उहाँहरूकै सद्भावबाट पाएको थिएँ मैले । कार्यरत विद्यालयमा बिदा मिलाउन नसक्दा विद्वत्वृत्ति भने छाड्नुपरेको थियो । त्यही कृति तीन वर्षपछि साझा प्रकाशनबाट छापियो ।

त्यसपछिको मैले नबिर्सने अर्को उहाँसँगको साक्षात्कार पनि आरुबारीमै भयो । त्यति बेला आरुबारीको हाम्रो ग्रामनिर्माण बन्धुमण्डल क्लब निकै सक्रिय थियो । ठूलाठूला साहित्यिक-सांस्कृतिक कार्यक्रमहरू त्यही कालखण्डमा सम्पन्न भएका थिए । त्यही क्रममा क्लबले साहित्य प्रतियोगिता पनि गरेको थियो । संयोगले मैले कथामा प्रथम पुरस्कार पाएँ । कविवर घिमिरे नै त्यो कार्यक्रमको प्रमुख अतिथि बनेर आउनुभएको थियो । यसरी उहाँको हातबाट आशीर्वादस्वरूप थाप्न पाएको त्यो पुरस्कार मेरो जीवनकै पहिलो पुरस्कार थियो ।

सिर्जनात्मक योगदान, राष्ट्रप्रेम र नेपाली माटोको सुवास छर्ने सशक्त कविमा उहाँ अतुलनीय हुनुहुन्छ । सम्भवत: आदिकवि भानुभक्तपछि, महाकवि देवकोटापछि, कविवर माधव घिमिरे र भूपि शेरचन नै जनमानसमा सर्वाधिक स्थान बनाएका काव्यस्रष्टा हुनुपर्छ ।

# नेपाली वाणीका अमर कलाकार राष्ट्रकवि



डा.विष्णु केसी

कलासाधनाका अनेक स्वरूप छन् । कविता साधना त्यसैको एउटा स्वरूप हो । मानव सृष्टिदेखि अहिलेको उत्तरआधुनिक समयसम्म कतिले यस्तो साधना गरे त्यसको लेखाजोखा छैन । सामान्य साधक समयका गर्तमा बिलाउँदै गए; विशिष्ट साधक त्यस्तो गर्तबाट उम्किएर अमर भए, चम्किए, इतिहासमा लेखिए । ती पछिल्ला पुस्ताका मार्गदर्शक भए र जीवनजगत् पढ्नेहरूका लागि पाठ बने । नेपाली धर्तीले पनि त्यस्ता केही पाठतुल्य साधकहरू जन्माएकी छिन् । तीमध्ये एक हुनुहुन्छ– माधव घिमिरे । उहाँले परिष्कारवादी शिल्प र

स्वच्छन्दतावादी भावधाराका विशिष्ट कविता काव्य सिर्जना गरी नेपाली साहित्यलाई माथि उठाउन विशेष योगदान गर्नुभएको छ र गरिरहनुभएको छ । शताब्दीभन्दा पनि परको जीवन बाँचिरहनुभएका उहाँ सर्वप्रिय हुनुहुन्छ । कुनै वादविवाद वा मेरो तेरोभन्दा माथि उठ्नुभएका उहाँ नेपालका राष्ट्रकवि हुनुहुन्छ । नेपालीका गौरव हुनुहुन्छ । संयोगले म त्यही अमर व्यक्तित्वको खण्डकाव्यकारितामा विद्यावारिधि गर्ने शोधार्थी हुँ । म यहाँ उहाँसँगको त्यही प्राज्ञिक भेटघाटसम्बन्धी सम्झनाको क्षितिज उघार्ने प्रयत्न गर्दै छु ।

माधव घिमिरेसँग मेरो पहिलो भेट २०६१ सालमा भएको हो । बाल्यकालमा 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली...' भन्दै उफ्रने गरेको मलाई त्यतिखेर त्यसका स्रष्टाको पत्तो थिएन । समयक्रमले अघि बढिरहँदा पशुपति बहुमुखी क्याम्पस, चाबहिलसँग जोडिन पुगेँ । नेपाली पढाउने प्राध्यापक भएका नाताले गीत, कवितासँगको सामीप्यता पनि थियो नै । त्यसै भएर होला त्यहाँका साहित्यिक कार्यक्रम र खास गरी कविता प्रतियोगितासम्बन्धी तयारीको जिम्मेवारी मैले पाउँथेँ । म त्यसमा रमाउँथेँ पनि । त्यतिखेर घटराज भट्टराई पशुपति क्याम्पसका प्रमुख हुनुहुन्थ्यो । त्यसैताका एउटा साहित्यिक कार्यक्रमको प्रमुख अतिथिका रूपमा कविवर माधव घिमिरेलाई अनुरोध गर्ने हामीबीच सल्लाह भयो । त्यसैअनुरूप एक दिन बिहान ९ बजेतिर घटराज सरको नेतृत्वमा हामी लैनचौर कविवरको निवासतिर लाग्यौँ ।

लैनचौरको डाँडामा अवस्थित अलि पुरानै खालको लाग्ने घरमा माधव घिमिरे बस्नुहुँदो रहेछ । खुल्ला कम्पाउन्ड, वरिपरि बोटविरुवा लगाएको थियो, त्यो एक रोपनीभन्दा बढी नै जग्गामा बनेको थियो । घरभित्र भुइँतल्लाको पूर्वदक्षिणपट्टि पाहुना भेट्ने कोठा रहेछ । कोठाका भित्ताहरूमा उहाँका विशेष खाले छविचित्रहरू टाँगिएका थिए । कोठाको पश्चिमउत्तर कुनामा उहाँकै अर्ध कदको

मूर्ति थियो । हामी पुगेको केहीबेरपछि उहाँ भऱ्याङबाट झर्नुभयो । घटराज सरले हामीलाई चिनाउनुभयो । आँखामाथि बाक्लो रौँ, कानबाट पनि रौँहरू निस्केका, तेजिलो अनुहार तिलचामले कपाल, अग्लो कद, बोल्दा बीचबीचमा अड्केर बोल्ने मानौँ, त्यो कविताको कुनै लय होझैँ लाग्ने माधव घिमिरेलाई प्रत्यक्ष भेट्दा म एक प्रकारको आनन्दमा थिएँ । विशिष्ट अनुभूति सँगाल्दै थिएँ, अनि अत्यन्त सजग पनि थिएँ । बातचित सकियो । उहाँ आउनुहुने भयो । आधा घण्टापछि हामी फर्कियौँ ।

टचाक्सी चढेर फर्किँदै गर्दा बाटामा कुन्नि के कुरामा हो मैले 'मलाई पनि पिएचडी गर्ने रहर छ' भनेँ । घटराज सरले 'रहर पूरा गरे भइगो नि, माधव घिमिरेको बारेमा गर्नु क्या' भन्नुभयो । मलाई एक प्रकारले खुसी पनि लाग्यो, अर्को प्रकारले डर पनि । उहाँहरूले ठूला मान्छेका अघि ठूला कुरा गर्दो रहेछ भन्ने सोच्नुहोला कि भन्ने अन्तरत्रास ममा थियो । वास्तवमा मैले त्यो लहडमै बोलेको थिएँ । खास योजना र विज्ञता पनि थिएन । तर समयक्रमले त्यही वचन सत्य तुल्याइदियो । २०६२ सालतिर डा.शैलेन्दुप्रकाश नेपालको विशेष सल्लाह र सहयोगबाट म माधव घिमिरेकै खण्डकाव्यमा पिएचडी गर्ने तयारीमा पुगेँ । प्रा.डा.केशवप्रसाद उपाध्याय निर्देशक, प्रा.घटराज भट्टराई र डा.शैलेन्दुप्रकाश नेपाल विशेषज्ञ रहने गरी मेरो शोधकार्यको अस्थायी दर्ता पनि भयो । यद्यपि समयले केही फेरबदल ल्याइदियो । पहिलो मेरो शोधशीर्षक परिवर्तन गर्नुपर्ने भयो । प्रारम्भमा 'माधव घिमिरेका, खण्डकाव्यमा रसचेतना' शीर्षक रहेकोमा पछि 'माधवप्रसाद घिमिरेको खण्डकाव्यकारिता' बनाउनुपऱ्यो । दोस्रो, प्रा.डा.केशवप्रसाद उपाध्यायले 'विशेष अध्ययन गरेर एक वर्षपछि मात्र भेट्न आउनू' भनेपछि चित्त नबुझेर म प्रा.डा.महादेव अवस्थीको शरणमा पुगेँ । तेस्रो, २०६३ सालमा मस्तिष्क क्यान्सरबाट प्रा.घटराज भट्टराईको निधन भएपछि त्यस ठाउँमा मैले प्रा.गोपीकृष्ण

शर्माको माया पाएँ । अन्ततः प्रा.डा.महादेव अवस्थीको मुख्य निर्देशनमा र प्रा.गोपीकृष्ण शर्मा एवम् शैलेन्दुप्रकाश नेपालको विशेषज्ञ निर्देशनमा 'माधव घिमिरेको खण्डकाव्यकारिता' शीर्षकको मेरो शोधकार्यको स्थायी दर्ता भयो ।

शोधकार्य अघि बढिरहँदा माधव घिमिरेसँग धेरै पटक भेटघाट भयो । प्रारम्भतिर उहाँसँगको भेट मेरा लागि दुर्लभ नै थियो तर पछि त्यो सुलभ भयो । सुरुमा त्यत्रा ठूला मान्छेसँग कसरी बोल्ने भनेझैं लाग्थ्यो । पछितिर उहाँको सरल पन, सहृदयी व्यवहार र मायाले मलाई बारम्बार भेट्न गइरहूँझैं लाग्न थाल्यो । शोधकार्यकै क्रममा एक दिन मैले अन्तर्वार्ता लिनुपर्ने भयो । फोनमा कुरा गर्दा रुघा लागेकाले दसपन्ध्र मिनेट मात्रै भेट्ने भन्नुभयो । तर भेटेपछि भने उहाँले मलाई तीन घण्टाजति समय दिनुभयो । बिरामी भए पनि बडो उत्साहसाथ आफ्ना जीवनका उकालीओराली र कविताकृतिका बारेमा उहाँले गरेको कुराकानी मैले रेकर्डरमा कैद गरें । अन्ततः रेकर्डरको रिल नै सकिएपछि मात्र हाम्रो कुराकानी बन्द भएको थियो । शोधकार्य नसकिउन्जेल नै उहाँले मलाई चासोका साथ समय दिनुभयो । कार्यक्रमहरूमा भेट्दा बोलाएरै 'काम के भइरहेको छ कुन्नि, म त डाँडाको जून हुँ, म छँदै सके राम्रो हुन्थ्यो' भनी प्रेरित गरिरहनुभयो । नभन्दै उहाँ एकानब्बे वर्षमा हिँडिरहँदा २०६७ सालमा मैले शोधकार्य पूरा गरी उपाधि हासिल गरें । यो खबर सुनाउन जाँदा उहाँ अत्यन्तै खुसी हुनुभएको थियो । मलाई अँगालो मारेर बधाई दिँदाको तातोपन म अहिले पनि महसुस गरि नै रहेको छु । अहिलेसम्म उहाँका बारेमा धेरै शोधकार्य भइसकेका छन् । मैले बुझेसम्म मसहित शैलेन्दुप्रकाश नेपाल, कृष्णराज डिसी, कुलप्रसाद ढुङ्गाना, लेखप्रसाद निरौला, बच्चुराम भट्टराई, जयन्ती रूपाखेती, धनकृष्ण उपाध्यायलगायतले उहाँका बारेमा विद्यावारिधि शोध गर्नुभएको छ । यी कार्यहरूबाट निश्चय नै उहाँ खुसी भएको हुनुपर्छ । आफ्नो

जीवनकालमै आफ्नै बारेमा यति धेरै उच्च प्राज्ञिक शोधकार्य देख्न पाउने उहाँ भाग्यमानी हुनुहुन्छ ।

माधव घिमिरे स्वाभिमानी हुनुहुँदो रहेछ । हुन पनि राष्ट्र र स्वाधीनताको गीत गाएर कहिल्यै नथाक्ने उहाँ स्वाभिमानी नभए को हुने ! कुरा २०६८ सालतिरको हो । मैले शोधप्रबन्धको एक कपी बुझाउन पाएको थिइनँ । हामी (म, डा. शैलेन्दुप्रकाश नेपाल, कृष्ण नेपाल र यमनाथ चौलागाई) ले विद्यालय तहको पाठचपुस्तक लेख्दा उहाँको कविता प्रयोग गरेबापतको लेखकस्व पनि दिएका थिएनौँ । त्यही सन्दर्भलाई निहुँ पारी शैलेन्दुप्रकाश नेपाल, म र पाठचपुस्तक प्रकाशक भीमसेन खड्का उहाँको जन्मदिनका दिन भेट्न गएका थियौँ । उहाँले शोधप्रबन्ध लिनुभयो । हामीले दिएका उपहार लिनुभयो । शुभकामना लिनुभयो तर प्रकाशकले दिएको पैसा लिनुभएन । 'मेरा रचनाले बनेको किताबको मलाई वार्षिक रोयल्टी नै चाहिन्छ, यस्तो चानचुने लिन्न; बरु मलाई नदिए हुन्छ, कतिले मेरा कविता प्रयोग गरे, त्यो मैले खोजिनँ, भै गयो' भन्दै उहाँ अडिनुभयो । कति गरे पनि पैसा बुझ्नुभएन । पछि प्रकाशकले पैसा बुझाउन पनि गएनन् । उहाँले खोजी पनि गर्नुभएन । उहाँले थोरैमा स्वाभिमान पनि गुमाउनुभएन ।

शोधप्रबन्धबारे स्वयम् माधव घिमिरेको प्रतिक्रियाचाहिँ कस्तो होला भन्ने जिज्ञासाले मलाई बेलाबेलामा चौचौ बनाउँथ्यो । त्यस्तै शोधपत्रका आधारभूत पक्षहरू र केही अन्य पक्ष थप गरेर मैले 'माधव घिमिरेको खण्डकाव्यकारिता : विश्लेषण र मूल्याङ्कन' शीर्षकको पुस्तक पनि निकालिसकेको थिएँ । त्यसको विमोचन उहाँबाटै गराउने इच्छा पनि जागेको थियो । यसैबीच घटराज पुरस्कार समर्पण कार्यक्रममा उहाँ कपन आउनुभएको रहेछ । त्यहीँ भेट भयो । उहाँले बोलाएर मेरो शोधप्रबन्धबारे यसो भन्नुभयो– 'फेरि बधाई छ विष्णुजी, तपाईंले अरू नपुगेको ठाउँमा समेत पुगेर

मेरा खण्डकाव्यबारे लेख्नुभएको रहेछ । तपाईंको सम्भावना राम्रो छ ।' मैले उहाँको आशीर्वाद थापेँ । त्यहीँ पुस्तक विमोचनको पनि कुरा गरेँ । उहाँले आफू कमजोर हुँदै गएको सङ्केत गर्दै 'घरमै आउनुहोस् त्यहीँ विमोचन गरौँ' भन्नुभयो । मैले त्यसै गरेँ । २०७३ को आरम्भतिर हामी केही साथीहरू उहाँको घर गयौँ । उहाँले किताब विमोचन गर्नुभयो । मलाई अँगालो मारेर फोटो खिचाउनुभयो । जीवनको अर्को धोको पनि पूरा भयो । मेरो भुइँमा खुट्टा रहेन ।

२०७४ सालको अन्त्यतिरको एक रात माधव घिमिरेका बारेमा नराम्रो हल्ला चल्यो । फेसबुकका भित्ताभरि श्रद्धाञ्जली आउन थाले । मलाई चिन्ने, जान्नेहरूले फोन गरेर सोधे । म छक्क परेँ । म माधव घिमिरेबारे जानकारी राख्ने मान्छे भएको हुँदा मलाई सोध्नु स्वाभाविक थियो । तर म पनि त्यसबारे अनविज्ञ थिएँ । राष्ट्रका ठूला पद सम्हालेकाहरूले समेत श्रद्धाञ्जली दिएपछि मैले पनि आश गरेँ । यद्यपि श्रद्धाञ्जली लेखिनँ । साथीहरूको निकै ढिपीपछि राति ११ बजे मैले उहाँको घरको फोन डायल गरेँ । फोन उठ्यो, मेरो मुटु अझै धड्कियो, जबाफ आयो– 'हेलो, केही भएको छैन, उहाँ सुतिरहनुभएको छ ।' मैले त्यही सञ्चार गरेँ । भोलिपल्ट फेसबुकमा उहाँ र मसँगै बसेको फोटो हालेर उहाँको दीर्घ जीवनको कामना गरेँ । २०७५ को सुरुतिर त्रिपुरेश्वरको एउटा होटेलमा उहाँलाई कृष्णप्रसाद पराजुलीको स्मृतिमा स्थापित रमाइला नानी पुरस्कार समर्पण गर्ने कार्यक्रम थियो । त्यही कार्यक्रम सकेर विश्रामका क्रममा म, श्रीओम श्रेष्ठ 'रोदन', ठाकुर शर्मा, शाश्वत पराजुलीलगायतका अनुजहरूका माझ उहाँले आफू भाग्यमानी भएको बताउनुभयो । 'मरेपछि कस्तो प्रतिक्रिया हुँदो रहेछ भन्नेसमेत थाहा पाउने सौभाग्य मैले पाएँ; मेरो मृत्युमा कति चिन्ता हुँदो रहेछ त्यो बुझेँ; मलाई अझै बाँच्ने इच्छा भयो, सय त कटाउँछु नै, महाकाव्य पनि त सक्नु छ' भन्दै उहाँ हाँस्नुभयो । अहिले उहाँ सय सकेर एक सय एकमा टेक्तै हुनुहुन्छ । महाकाव्यचाहिँ अझै आएको छैन ।

माधव घिमिरे र मर्स्याङ्दी नदीको गहिरो सम्बन्ध रहेछ । उहाँ जन्मे, हुर्केको भूमि सिँचेर बहने मर्स्याङ्दी प्राय उहाँका कविताकृतिमा आएकै हुन्छ । यही नदीको नामबाट स्थापित मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान पनि रहेछ । त्यसका अध्यक्ष मुकुन्द पथिक सिर्जनशील कामहरूमा सक्रिय हुनुहुँदो रहेछ । त्यस संस्थाले माधव घिमिरेको खण्डकाव्यकारितामा विद्यावारिधि गरेबापत मलाई पनि २०७४ सालतिर सम्मान गरेको थियो । त्यही संस्थाले माधव घिमिरेको शताब्दी महोत्सवका सन्दर्भमा २०७५ असोजमा उहाँको सार्वजनिक रथयात्रा गऱ्यो ।

नेपाल प्रज्ञाप्रतिष्ठानको प्राङ्गणबाट त्यो यात्रा आरम्भ भएको थियो । देशका लब्धप्रतिष्ठित व्यक्तिहरू, साहित्यकारहरू र सर्वसाधारणसमेत सहभागी भएको त्यस यात्रामा म पनि एउटा सहभागी थिएँ । अगाडि ब्यान्डबाजा, बीचमा रथ, पछाडि सहभागीहरूको लर्को, रथमा माधव घिमिरे, उहाँकी धर्मपत्नी महाकाली घिमिरे र आयोजक संस्थाका अध्यक्ष मुकुन्द पथिक हुनुहुन्थ्यो । मैले सुनेको थिएँ– '२०११ सालमा कविशिरोमणि लेखनाथ पौड्यालको रथयात्रा भएको थियो रे । त्यसमा महाकवि देवकोटालगायतका स्रष्टाहरूले रथ तान्नुभएको थियो रे ।' म त्यही विशिष्ठ ऐतिहासिक प्रसङ्ग सम्झँदै रथका पछिपछि हिँडिरहें । कमलादी, पुतलीसडक, बागबजार, रत्नपार्क, जमल हुँदै रथ पुनः प्रज्ञाप्रतिष्ठान पुग्यो । लाग्यो– मैले एउटा ठूलो तीर्थयात्रा गरेँ, असीम आनन्द लिएँ, एउटा कलमजीवीको सम्मानमा सरिक भएर कर्तव्य पूरा गरेँ । त्यसपछि प्रतिष्ठानको सभाकक्षमा उहाँलाई नेपालका प्रधानमन्त्री के.पी. ओली स्वयम्ले अभिनन्दनपत्र हस्तान्तरण गर्नुभयो । हामी उहाँकै विषयमा विद्यावारिधि गर्ने डा.शैलेन्दुप्रकाश नेपाल, लेखप्रसाद निरौला, डा.जयन्ती रूपाखेती र मैले पनि संयुक्त रूपमा अभिनन्दनपत्र दियौँ । अरू थुप्रैले सम्मान गरे । त्यस्तो अपार आनन्दको क्षण,

त्यस्तो ऐतिहासिक क्षण, त्यस्तो विशिष्ट अनुभूतिको क्षण मेरा लागि फेरि सायदै आउला ।

माधव घिमिरे राष्ट्रिय स्वरका प्रखर स्रष्टा हुनुहुन्छ । 'राष्ट्रिय झन्डा' (वि.सं.२००४) देखि नै ध्वनित हुन थालेको उहाँको राष्ट्रवादी चिन्तन उहाँका सबै काव्यकृतिमा कुनै न कुनै रूपमा अभिव्यक्त भएकै पाइन्छ । राष्ट्रिय अखण्डता, माटोको महिमा, प्रकृतिको इन्द्रियग्राह्य चित्रण, प्रेमको अमरता, मातृत्व गान, जीवनका जिजीविषा आदिका अन्तरसंवेद्य मार्मिक कविता रच्ने उहाँले सबै कलाप्रेमीको मन जित्नुभएको छ । 'राष्ट्रनिर्माता', 'धर्तीमाता' जस्ता काव्यका स्रष्टा उहाँमा आफ्नो माटो, प्रकृति र धर्तीप्रतिको अगाध श्रद्धा पाइन्छ । भावकमा विशिष्ट अनुभूति गराउन सक्ने स्वच्छन्दतावादी भाव र परिष्कारवादी शिल्पले सज्जित उहाँको कवित्वकला अद्वितीय नै छ । उहाँको त्यस किसिमको कवित्वको सम्मान जनस्तरबाट त भएकै थियो । नेपाल सरकारले पनि गऱ्यो । उहाँलाई राजा ज्ञानेन्द्रबाट २०६० असोज ८ मा राष्ट्रकविको उपाधि प्राप्त भयो । नेपालीले राष्ट्रकवि पाए । यसबाट सबै खुसी भए । त्यसमध्ये बढी नै खुसी हुनेचाहिँ आधुनिक कालका मोतिराम नरेन्द्रराज प्रसाई थिए । जसरी मोतीराम भट्टले आदिकवि भानुभक्त आचार्य चिनाइदिएका थिए, त्यसरी नै नरेन्द्रराज प्रसाईको सिंहदरबारदेखि राजदरबारसम्मको एकोहोरो जिद्धीका कारण माधव घिमिरेले राष्ट्रकविको उपाधि प्राप्त गरेका थिए । यति मात्र भनेर पुग्दैन, माधव घिमिरेलाई राष्ट्रकविका रूपमा चिनाउन नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको बराबरी प्राज्ञिक लगानी रहेको छ । प्रधानमन्त्रीहरूलाई भनेर होस् वा राजा स्वयम्कहाँ त्यस्तो प्रस्ताव गरेर होस् या त सभा समारोहको आयोजना र त्यसमा राष्ट्रकविका रूपमा सम्बोधन गरेर होस्, उहाँहरूले माधव घिमिरेलाई राष्ट्रकवि घोषणा गराउने प्रयास गरि नै रहनुभयो । त्यस प्रयासमा उहाँहरू

समर्पित नै हुनुभयो । फलत: नइलाई सफलता प्राप्त भयो । नइ प्रसाईकै कारणले माधव घिमिरे राष्ट्रकवि हुनुभयो ।

माधव घिमिरेका नौ खण्डकाव्यको विशेष अध्ययन मैले गरेको हुँ । मभन्दा अगाडिका शोधार्थीहरूले पनि नौओटै खण्डकाव्यको विश्लेषण गरेको पाएको थिएँ । तर माधव घिमिरे स्वयम्चाहिँ आठओटा खण्डकाव्य मात्र मान्नुहुँदो रहेछ । उहाँ 'नयाँ नेपाल' (२०१३) काव्यको चर्चा नभएकै बेस भन्नुहुँदो रहेछ । अध्ययन सन्दर्भ र अन्तर्वार्ताका सिलसिलामा यो तथ्य बुझिन आयो । मलाई यसबारेमा जान्ने इच्छा झन् तीव्र भयो । मैले कुरा कोट्टयाएरै सोधेँ– 'किन 'नयाँ नेपाल'लाई अन्याय गर्न खोजेको ?' उहाँले 'त्यो अकेजनको कुरा हो, त्यो काव्य त्यतिखेरको परिस्थितिको उपज हो । म त्यो नलेखी बाँच्न सक्तैनथेँ, त्यो मेरो बाध्यता हो' भन्नुभयो । म झन् जिज्ञासामा परेँ । बुझ्दै जाँदा बदलिँदो परिस्थितिमा तीन राजा (पृथ्वीनारायण, त्रिभुवन र महेन्द्र) का बारेमा लेखेको काव्य सान्दर्भिक नहोला कि भन्ने सङ्कोच उहाँमा रहेछ । मैले उहाँलाई आश्वस्त पारेँ । 'कुनै पनि कृतिको मूल्याङ्कन त्यति बेलैको परिस्थितिलाई हेरेर गर्नुपर्छ, एउटा स्रष्टाको सिर्जनाको अर्को परिस्थितिसँग दाँजेर होइन' भन्दै मैले उहाँलाई बुझाएँ । मेरो शोधमा त्यस काव्यको पनि विश्लेषण छ । लोकलयमा रचिएको त्यो उहाँका सुन्दर काव्यमध्येकै एक हो । उहाँका 'गौरी' शोकभावको, 'पापिनी आमा' मातृत्वको, 'नयाँ नेपाल' राष्ट्रिय चेतनाको, 'राष्ट्रनिर्माता' राष्ट्रिय अखण्डताको, 'धर्तीमाता' माटोको महिमाको, 'इन्द्रकुमारी' र 'राजेश्वरी' प्रेम र जिजीविषाको अनि 'गौँथली' र 'गजधम्मे' एवम् 'बोराको परदा' मानवताको अभिव्यक्ति भएका विशिष्ट काव्य हुन् ।

माधव घिमिरे नेपाली साहित्यका अमूल्य धरोहर हुनुहुन्छ । उहाँका साहित्यिक व्यक्तित्वका कविबाहेक अन्य पक्ष पनि उल्लेख्य छन् । उहाँ नाटककार, कथाकार, बालसाहित्यकार, चिन्तक, समीक्षक

पनि हुनुहुन्छ । उहाँको साहित्यिक वाणीको प्रशंसा जति गरे पनि कमै हुन्छ । उहाँका काव्यकृतिमा अनेक खाले शोध गर्न सकिन्छ । सय वर्ष नाघिसक्तासमेत सिर्जनशील जीवन बाँचिरहनुभएका उहाँ नेपाली वाणीका अमर कलाकार हुनुहुन्छ । स्वयम्मा कहिल्यै पढिनसकिने पाठ हुनुहुन्छ । युगद्रष्टा हुनुहुन्छ । नेपाली धर्तीका यस्ता सपूत माधव घिमिरे तपाईं युगयुग बाँचिरहनुहोस् नेपाली वाणीमा कला भरिरहनुहोस् ।

# मैले सम्झेको कथा



विश्ववल्लभ

'नेपाली हामी रहुँला कहाँ नेपालै नरहे' यो हो वास्तविक राष्ट्रभक्त नेपालीको ढुकढुकी हाम्रो गीत, राम्रो गीत, राष्ट्रकवि माधव घिमिरेको अजर, अमर सिर्जना । यस्ता गीत कतिकति, देशप्रेमका कृति कतिकति !

राष्ट्रकवि माधव घिमिरेका हरेक सिर्जनामा देश बोल्छ, माटो बोल्छ । 'पापिनी आमा', 'किन्नर किन्नरी', 'गौरी', 'मालती मङ्गले', 'शाकुन्तला' जस्ता धेरै काव्यका कुशल कवि घिमिरे मेरो आदर्श, मार्गदर्शक, प्रिय गीतकार, सबैका लागि, सदाका लागि मान्य छन् ।

सरल भाषाका शब्दावलीमा पनि गहन भावलाई कुशलतापूर्वक प्रस्तुत

गर्नु कविको विशेषता हो । पूर्वीय दर्शन, संस्कृति, साहित्यको निचोड उहाँको रचनामा सर्वत्र छ्याापछ्याप्ती पाइन्छ ।

असङ्ख्य जूनताराको आफ्नाआफ्ना विशेषता होलान्, स्वाद होला, तर सूर्य र चन्द्रको आफ्नै पन, आफ्नै पारा छ, कोहीसित दाँज्न तौलन सकिन्न । खोतल्न सिपालुहरूले चन्द्रमामा दाग भेट्छन्, सूर्यमा ताप ।

हामीसँग के छैन, 'सुन्दर शान्त विशाल नेपाल' छ तर भन्नैपर्छ, हामी तन्नम छौँ, के छौँ, के छौँ, यस्तै छौँ । 'कीरा र हीरा' चिन्दैनौँ, चिन्नुपर्नेलाई चिन्दैनन्, नचिने पनि हुनेलाई बढी चासो दिन्छौँ, यस्तै छ ।

हाम्रा कर्ताधर्ता नेता, प्रशासकलाई आफ्ना र पराइ राम्रा ! नातागोता, कवि कलाकार विदेशीले प्रमाणित गरिदिनुपर्छ । राम्रो, नराम्रो कस्तो विडम्बना, कस्तो हाम्रो भाग्य !

तर निराश हुनुपर्ने, कारण मात्र छैन । यताउता हामीकहाँ पनि तालीको सट्टा गाली नै खाएर पनि 'सदा सर्वजन हिताय सर्वजन सुखाय' लागिपर्ने केही सङ्घसंस्था निस्कन थालेका छन्, जसले ओझेलमा परेका राष्ट्रका अमूल्य गहना गौरवशाली व्यक्तिहरू खोजीखोजी चिनाउने प्रयास गर्दै छन् । तीमध्ये विशेषत नइका नरेन्द्र र इन्दिरा आफूले सकेसम्म लागिपर्ने, हारगुहार गर्ने, घुर्क्याउने, दौडधूप गर्ने, सम्मान गर्ने, गराउने सत्कार्यका लागि सर्वत्र चर्चित र प्रशंसित छन् ।

नइले डटेर हाम्रा राष्ट्रकविलाई राष्ट्रबाट राष्ट्रकविको उपाधि तथा मान्यता दिलाइछोडे, त्यसै गरी कुनै भेदभाव नराखी नइले नै अर्का विद्वान् संस्कृतिविद् डा. सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' उपाधिबाट सम्मानित गराउन गरेको पहलस्वरूप राष्ट्रले सम्मानित गरिसकेको छ । त्यसै गरी डा.वानीरा गिरिलाई

'विश्व नारीरत्न' बाट सम्मानित गरिएको छ । नइले हरेक वर्ष यस्ता देश, विदेश, प्रवासका कवि कलाकार चित्रकारहरूलाई खोजीखोजी छानीछानी पत्रम् पुष्पम् नगदसाथ सम्मान गर्दै आएको छ । विश्वास छ, यो संस्था 'नइ' विशेषत: नरेन्द्र, इन्दिराको युगल जोडीका साथै यस सङ्घसंस्थामा आबद्ध सबैप्रति सम्मान व्यक्त गर्दै सदा यस्ता सत्कार्यको प्रशंसा गर्छु ।

प्रतिभा मात्र भएर के गर्नु; चिन्ने, चिनाउने पारखी नै नभए । सरकारी निकायको आशा त नगरे पनि हुन्छ । त्यो त कार्यकर्ताका लागि खोलेको म्यादी भर्नाकेन्द्र हो । नेताको आफ्नालाई पाल्ने, पोस्ने ठाउँहरू । जतिसुकै जस्तोसुकै योगदान दिने, कसैलाई पनि राज्यको तर्फबाट उचित, आदर सम्मान गर्ने परम्परा नै बसेन, हेरियो त क्षणिक मनोरञ्जनका सस्तो साधनको रूपमा गीत गाउने गाइने, नाचगान गर्ने नौटङ्कीको रूपमा ।

भन्न त भन्छन्– राष्ट्रको अमूल्य गहना भनेर तर काम नलाग्ने फुत्रा, काम नलाग्ने तन्नम जीवन बाँच्न बाध्य कोही छन् भने कवि, कलाकार नै छन् ।

नेपाली गीतलेखनको माध्यमबाट लोकप्रिय बनाउने प्रथम श्रेय पनि राष्ट्रकविलाई दिए हुन्छ । छन्दमा कविता लेख्ने घिमिरे बादशाह नै हो । गद्य कविताप्रति उहाँको धारणा नगण्यै थियो । रेडियो नेपालको स्थापनापछि यसले धेरै होनहार अमूल्य गीतकार, सङ्गीतकार, गायकगायिका जन्मायो, हुर्कायो र उनीहरूका सीप, कला, गला र सिर्जना जनजनमा पुऱ्यायो ।


त्यसैको फलस्वरूप आज हाम्रा गीतहरू, नृत्य, सिनेमाले देशविदेशमा सानो भए पनि उद्योगको रूप लिन थालिसक्यो । पहिले केवल नाम थियो, अहिले यस क्षेत्रमा लाग्ने नामदाम कमाउन थालेका छन् । प्रेरणाको स्रोत मार्गदर्शकको रूपमा पनि

राष्ट्रकविलाई स्विकार्न सकिन्छ । भनिन्छ– धेरै पुरस्कारबाट सम्मानित राष्ट्रकवि । राष्ट्रकविको रहनसहन, बोलीवचन, व्यवहार, चालढाल मलाई औधी मन पर्छ । उहाँ मेरो आदर्श पात्र नै हो । राष्ट्रकवि घिमिरे र शताब्दी पुरुष जोशी, राष्ट्रद्वारा समेत मान्य व्यक्ति हुन् । विशेषत: हाम्रो भाग्य नै हो, राष्ट्रकवि अझै लेख्दै हुनुहुन्छ, वृद्ध तथा अस्वस्थ रहेर पनि ।

मैले संस्थागत र कार्यगत रूपमा पटकपटक राष्ट्रकविको साक्षात्कार पाएको छु । प्रत्येक पटकको उहाँसँगको भेटघाटमा उहाँले मलाई हौसला दिनुभएको छ । हामी कर्मजीविहरू राष्ट्रका विराट् व्यक्तित्वको हौसलाको साथले नै कार्य प्रेरित हुने गर्छौं ।

राष्ट्रकविको भौतिक स्वरूप मेरा लागि जति प्रेरक छ, अझ उहाँको कार्यस्वरूप थप प्रेरक छ । अब त जनमानसका लागि नै राष्ट्रकवि प्रेरणाका प्रतिमूर्ति बनिसक्नुभएको छ ।

# गृहस्थ महात्मा



**प्रा.शिवगोपाल रिसाल**

वेदान्तले भनेको छ– उपाधिलाई मिल्काऊ र निरुपाधिक बन । विशेषणलाई पन्छाएर आफू निर्विशेष बन्नु पुरुषार्थ हो । तर यो दर्शन र सिद्धान्तलाई आधुनिक भौतिक जगत्‌ले स्वीकार गरेको छैन । सकेसम्म उपाधि र विशेषण थप्नुमा विशेषता मानेको छ वर्तमान विश्वले ।

हाम्रा राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई चिनाउने धेरैधेरै विशेषणहरू छन् । उनी पहिले कवि हुन्, अनि कविवर । अहिले त राष्ट्रकवि । कहिले सुरुमा भाषानुवाद परिषद्‌मा प्रवेश गरेको सर्वदर्शनका शास्त्री माधव घिमिरे सेवाको सन्दर्भमा गोरखापत्रका सहायक सम्पादक

(वि.सं.२००२) आधारशिक्षाका प्रधानाध्यापक, शिक्षक शिक्षण केन्द्रका शिक्षक हुँदै कलेज अफ एजुकेसनका नेपाली शिक्षक हुन पुगे वि.सं.२०१२ मा । वि.सं.२०१४ देखि २०२८ सम्म नेपाल प्रज्ञाप्रतिष्ठानको सदस्यदेखि आजीवन सदस्यसम्म बने । वि.सं.२०३६-२०४५ सम्म उपकुलपति र वि.सं. २०४५ देखि २०४६ सम्म कुलपति भए । राजपरिषद्का सदस्यसम्म भए वि.सं.२०५९ सालमा ।

बालसाहित्य, गीतिकाव्य, गीतिनाटक, कवितासङ्ग्रह, गीतसङ्ग्रह, लेख/निबन्धसङ्ग्रह, कथासङ्ग्रह लेख्दै प्रकाशित गर्दै नेपाली वाङ्मयजगत्मा असाधारण योगदान दिएर शिखर पुरुष बनेका माधव घिमिरेले आफ्नो कीर्ति, पताका सबैतिर फैलाएका छन् । अनेक संस्थाबाट पुरस्कृत माधव घिमिरे अनेक प्रकारका मान, पदक, तक्मा आदिबाट विभूषित भएका छन् । राष्ट्रका विभिन्न संस्थाबाट सम्मानित र अभिनन्दित भएका छन् । सम्भवत: उनले जति मानसम्मान पाउने नेपाली कमै होलान् ।

उनले पाएको सबभन्दा ठूलो सम्मान र उपाधि राष्ट्रकवि अरू कसैले पनि पाएका छैनन् र यो सम्मान दिलाउनका लागि सर्वोपरि भूमिका छ नइ प्रकाशनको । नइ प्रकाशनकै अग्रसरतामा संस्कृतिविद् सत्यमोहन जोशीले वाङ्मय शताब्दी पुरुष उपाधि पाए । हुन त अब माधव घिमिरे पनि शताब्दी वयमा पुगिसकेका छन् । उनी पनि सय वर्ष पार भइसकेका छन् । कलियुगको आयु सय वर्षसम्म मानिएको छ । सय वर्षपछिको आयुलाई सत्ययुगको आयु भनिदिए हुन्छ । अब माधव घिमिरे त सत्युगका महापुरुष भइसकेका छन् । यो उनको पूर्वजन्ममा गरिएको पुण्यको फल हो । यति लामो जीवन श्रीपरमात्माको कृपाले मात्र पाइन्छ ।

राष्ट्रकवि माधव घिमिरेको कलम अझै चल्दै छ । उनी सरस्वतीका वरद पुत्र हुन् । उनको मस्तिष्कको उर्वरा शक्ति अझ त्यत्तिकै प्रज्ज्वलित

छ र त आफ्नो अन्तिम रचना 'ॠतम्भरा' महाकाव्यलाई पूर्णता दिने अन्तिम चरणमा पुगेका छन् । सम्भवत: अबका केही दिनभित्रै उनको 'ॠतम्भरा' महाकाव्य पूर्ण भएर प्रकाशित पनि हुनेछ ।

राष्ट्रकवि माधव घिमिरे दार्शनिक कवि हुन् । उनले दर्शन पढेका छन् र आफ्ना सम्पूर्ण रचनामा, कृतिमा अध्यात्मदर्शन, राष्ट्रवादीदर्शन छताछुल्ल भएर पोखिएको र दर्शनले नै सिञ्चन गरेको पाइन्छ । दर्शनबिनाको कविता, काव्य, साहित्य कविता नै होइन, काव्य नै होइन, साहित्य नै होइन । यो पङ्क्तिकारको अडिग, अविचलित मान्यता हो । दर्शनमा पनि अध्यात्मदर्शन, आत्मदर्शन, वेदान्तदर्शन, अद्वैतदर्शन सर्वोपरि हो । भगवान् श्रीकृष्णले आफ्ना विभूतिहरूको वर्णन गर्ने क्रममा आफूलाई 'अध्यात्मविद्या विद्यान्तम्' (गीता १०/३२) भनेर अध्यात्मविद्याको महान्ता र सर्वोच्चता देखाउनुभएको छ । त्यसैले साहित्यले आध्यात्मिक खुराक पस्केकै हुनुपर्छ । राष्ट्रकविका कविता, काव्यमा सो कुराको अभाव छैन । त्यसैले उनी दार्शनिक कवि हुन् । 'ॠतम्भरा' महाकाव्य प्रकाशमा आएपछि यही सिद्धान्त र दर्शनको अऋ ज्यादा र स्पष्ट पुष्टि हुनेछ । अनि त राष्ट्रकवि, शताब्दी पुरुष, सत्ययुगीन जीवन बाँच्ने गृहस्थ महात्मा, कालजयी महापुरुष बन्नेछन् ।

आध्यात्मिक चेतनाको सञ्चार गर्न नसक्ने, सिञ्चन गर्न असक्षम कविता, काव्य वा साहित्यले क्षणिक मनोरञ्जन गराउला, बजारमा वा:वा: त होला, भौतिक जगत्मा मान्यता होला । बस् ! त्यत्ति हो । आध्यात्मिक चिन्तन र त्यसको अनुभवजन्य प्रकाशनले मात्र युगान्तकारी परिणाम दिनेछ र त्यो कविता, काव्य, साहित्य अमर हुनेछ र त्यसका सर्जक, स्रष्टा, प्रणेता अमर बन्नेछन् ।

हाम्रा राष्ट्रकवि अमर बनून् !
परब्रह्म परमात्मा श्रीपशुपतिनाथसँग यही प्रार्थना छ ।
शिवमस्तु !

उदायौ, मौलायौ गगनतलमा सर्जक बनी
फुलायौ, फैलायौ सरस कविता धन्य धरणी ।
तपस्वी, ओजस्वी अमर प्रतिभा शाश्वत वर
बनेका छौ श्रीमान् जनमान टिपी शब्द–शिखर ॥

• •

तिमी हौ वाणीका वरद तपसी सिर्जन कला
मिठो शैली, भाषा मनमुटु छुने दर्शन भला ।
महात्मा, काव्यातमा विविध कविता–अमृत दियौ
निरोगी, पुण्यात्मा शरद सय सम्वत्सर जियौ ॥

• •

तिमीले रोजेको शिवगति दिने शान्ति सरणी
भयौ मुक्तात्मा हे ! कविगणप्रभा पारसमणि ।
धरामा ओर्लेका शिखर घिमिरे माधव महान्
सुमान्, ऋमान्, धीमान् परमगतिका वैदिक पुमान् ॥

• •

तिमी स्रष्टा–द्रष्टा अतुलित प्रभा राष्ट्रकवि हौ
तिमी भाषासेवी प्रकृतकृतिका निर्झर भयौ ।
सबैका साझा हौ रनरबनमा शोभित हुने
कि लेख्ने–पढ्नेको मन र मतिको कल्मष धुने ॥

• •

कृपाले बाँचेका अब पनि कृपाले सुगति होस्
म को हुँ ? जानेरै परमगति ता मोक्षतिर होस् ।
अहा ! संन्यासीझैँ विरत घर नै आश्रम बनोस्
शुभेच्छा हाम्रो यो– 'शिवशिव भजी जीवन् चलोस् ॥

• •

(• राष्ट्रकवि एक सय एक कविका आँखा)

नेपालीका सरल मनका भावनाका बिहानी
लेख्यौ नाना सरस कविता सिर्जनका सिरानी ।
हाम्रै पाखा हिम शिखरका दिव्यगाथा सुनायौ
आफ्नै भाका विमल दिलका राष्ट्रसङ्गीत गायौ ॥

–१–

द्यौता बोल्यौ मनुज तनले राष्ट्र आलोक खोल्यौ
हाम्रो आत्मा कलम कविको शब्द राजा सुसेल्यौ ।

ढुङ्गामाटो बगर घरको दिव्य सौन्दर्य देख्ने
नेपालीका मन र मुटुका ढुक्ढुकी मर्म लेख्ने ॥

–२–

हाम्रा प्यारा अमर कविले राष्ट्रकै गीत गाए
साझा ताजा सुरपुर छुने मानवी प्रीत लाए ।
मेचीकाली तनमन मिले सेतु भो शब्दशक्ति
औतारी हौ परम तपसी राष्ट्रका हौ विभूति ॥

–३–

काव्यात्मा हौ प्रणयन गरी काव्यमा प्राण भर्ने
भाषा मीठो हृदयरसको शान्तिको ज्योति छर्ने ।
माटो बोल्ने अमर प्रतिभा शारदापुत्र नै हो
नेपालीका कविहृदयमा दिव्य सम्मानितै छौ ॥

–४–

भोले बाबा पशुपति खुसी आयु लामो दिएर
आमा बोल्यौ युगयुग जियौ राष्ट्रझन्डा लिएर ।
सेवा तिम्रो अबिरल भयो कीर्ति ठूलो कमायौ
भाषा बोकी घरघर पुगी उराष्ट्रो आस्था थमायौ ॥

–५–

बाँच्ने हो है अब त कविजी रामको नाम जप्तै
लानै पर्ला अब त कविजी पुण्य पाथेय बोक्तै ।
भोग्यौ धेरै विषय सय नै तीव्र वैराग्य आओस्
जागेकै हे भवविभवमा ब्रह्मको बोध जागोस् ॥

–६–

सुन्नै पर्ला अब त कविजी वेदवेदान्त सुन्नोस्
हेर्नै पर्ला अब त कविजी ईशको रूप हेर्नोस् ।
गीतै गाए अब त कविजी कृष्ण वा राम नाम
पुग्ने नै हो अब त कविजी दिव्य ब्रह्मात्मधाम ॥

–७–

बाँच्ने हो अझ भक्ति, दान, तवले वेदान्तका बोधले
आत्मानात्म विचारले विरत भै अध्यात्मका तेजले ।
बोल्ने हो अब वेद, शास्त्र, सविता, गीता र मातापिता
लेख्ने हो शिवशक्ति, शान्ति, सरिता, विधापरा पूजिता ॥

–८–

अध्यात्मै चिन्तनमा डुबेर
अध्यात्म आनन्द सुधा पिएर ।
अध्यात्मकै काव्यकथा रचेर
सरक्क पन्छेर बसेर हेर ॥
–९–

भवाद्धिको पार तरे भलो भो
मोहान्धका बोझ उतार्नु नै हो ।
यो मात्र हो है पुरुषार्थ लक्ष्य
ब्रह्मात्मको बोध गरेर मोक्ष ॥
–१०–

# गौरवशाली स्रष्टा



डा.शैलेन्दुप्रकाश नेपाल

> **गाउँछ गीत नेपाली**
> **ज्योतिको पङ्ख उचाली**
> **जय जय हे नेपाल**
> **सुन्दर शान्त विशाल ।**

पाठशालामा प्रत्येक बिहान हामीले गर्ने प्रार्थनामा यही गीत गाउने चलन थियो । यसका लेखक को हुन् र लेखक भनेकै के हो, बुझ्ने उमेर थिएन हाम्रो । सुनसरी जिल्लाको ढिकझोडामा शिशु, एक, दुई र तीन कक्षा पढ्दाको समय । छदेखि दस वर्षको उमेर । सुनेका भरमा कण्ठ भएका हरफहरू गाउँदै चौरमा उफ्रने गर्थ्यौं हामी । बालमनोभाव र चञ्चलतालाई सुहाउने गीत, कविता सुन्ने, पढ्ने गर्थ्यौं त्यस बेला । सबैको पद्धति यस्तै हो । कक्षाहरू उक्लँदै जाँदा माधव घिमिरेका नामसित परिचित

हुँदै गऱ्यौं । नौ कक्षा पोखरामा पढ्दा 'नवयुवक' कविता पढेको याद छ, जुँगा रेखी भरखर बसी मुस्कुराइरहेको !' आफ्नो पनि जुँगाको रेखी बसेको कारण कविताको भावार्थ र आफ्नो शारीरिक विकासको समीकरण भएको स्पष्ट सम्झन्छु । माधव घिमिरे गण्डकी अञ्चलकै कवि हुनुभएको र उहाँको 'गौरी' शोककाव्यका बारेमा अग्रजहरू, गुरुहरूबीच चर्चा हुने गर्थ्यो । अनि कवि हुनु पनि जीवनको उपलब्धि नै रहेछ भन्ने बालबोध हुन्थ्यो । पोखरा रहनुभएका जनकविकेशरी धर्मराज थापा, कवि अलिमिया, कवि मुकुन्दशरण उपाध्याय, डा.सुषमा आचार्य, दीपक सोती, मुक्तिनाथ तिमसिना विशिष्ट स्रष्टाहरूसँग साक्षात्कार हुने गर्थ्यो पिताजी पूर्णप्रकाश नेपालका कारण ।

२०३५ सालमा माधव घिमिरे नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलपति बन्नुभएको समाचार मैले पोखरामै सुनेको, पढेको थिएँ । 'गौरी' शोककाव्यको पछाडिपट्टि छापिएको उहाँको हँसिलो पाराको तस्बिरले आकर्षित गरेको थियो भने शिक्षाको महलमा 'सर्वदर्शनमा शास्त्री' भन्ने सूचनाले जिज्ञासा बढाएको थियो । घिमिरेहरू आफ्ना मावली भएका कारणले पनि उहाँप्रति चासो हुनु स्वाभाविक थियो ।

२०३६ सालमा काठमाडौं आएपछि विभिन्न अग्रज स्रष्टाहरूसँग भेट्ने सुअवसर प्राप्त भयो । पिताजीकै पछि लागेर ठाउँठाउँ पुगिन्थ्यो । कसैका कार्यालयमा, कसैका घरमा गएर साक्षात्कार गरिन्थ्यो । कविवर घिमिरेसँग प्रज्ञाप्रतिष्ठानमै प्रथम साक्षात्कार भएको थियो । उहाँ दोस्रोपल्ट पनि उपकुलपति हुनुहुँदाको सम्झना छ मसँग– मेरो 'विन्देश्वरी' खण्डकाव्य भर्खरै छापिएको थियो २०४१ सालमा । त्यतिखेर 'हिमाली सौगात' पत्रिका काठमाडौंबाट नै प्रकाशन गर्न थालिएको थियो । म एक्लै रचना माग्न भनेर प्रज्ञामा छिरेँ । जाडोको समय थियो । कवि दक्षिणपट्टिको कौसीमा टेबुलकुर्सी राखेर बस्नुभएको थियो । उहाँसँगै भाषाशास्त्री बालकृष्ण

पोखरेल पनि हुनुहुन्थ्यो । मैले दुवै जनालाई 'विन्देश्वरी' दिएँ । कविले पाना पल्टाएर सन्दर्भको श्लोक पढ्नुभयो र 'अहा ! कति राम्रो कविता रहेछ ?' भनेर पुन: सस्वर वाचन गर्नुभयो ।

**रचियो दिलको अति चाह हुँदै ।**
**दिल मिल्न गई रसमा बहँदा ।**
**दिलले जसको अति याद गर्‍यो**
**उसमै दिल भाव छ अर्पण यो ।**

मेरो प्रसन्नताको सीमा रहेन । मैले उहाँसँग रचनाका लागि अनुरोध गरेँ । मीठो र नरम स्वरमा 'भन्नेबित्तिकै लेख्न सकिन्न !' भन्नुभयो । बालकृष्ण पोखरेलले 'मागेपछि त जसरी पनि चाहियो नि, होइन ?' भनेर मतिर हेर्दै मेरो समर्थन गर्नुभयो । 'म प्रयास गर्छु !' भन्नुभएपछि म बाहिरिएँ ।

उच्च अध्ययनका क्रममा कविवर माधव घिमिरेका काव्यकृतिहरू धेरै पढियो । कतिको समीक्षा, विश्लेषण पनि गरियो । उहाँको कविता लेख्ने शैली आफ्नै किसिमको रहेको बोध पनि भयो । शास्त्रीय र लोकभाकाको समीकरण पारेर सरल, सहज शब्दावलीमा जीवनदर्शन वा मानवीय संवेदनालाई सरलतासाथ प्रस्तुत गर्ने उहाँको विशेषताले आकर्षित गर्‍यो । उहाँको जस्तै सरल शब्दशैलीमा गम्भीर कवित्व सिर्जना गर्ने कला कसरी सिक्न सकिन्छ होला भन्ने लाग्थ्यो । २०३९ सालमा प्रज्ञाप्रतिष्ठानको रजत जयन्तीका उपलक्ष्यमा प्रकाशित 'पच्चिस वर्षका भाषिक चर्चा'मा उहाँले नेपाली भाषाले एक हजार वर्षको यात्रा तय गरेको भन्नुभएको छ, पिताजीद्वारा खोज गरिएको राजा दामुपालको शाके ९०३ (वि.सं.१०३८) को शिलालेखलाई आधार बनाएर । राष्ट्रकविको गद्यशैली पनि गम्भीर र मिठासपूर्ण लाग्दथ्यो । २०४५ सालमा उहाँ कुलपति बन्नुभयो । यस बीचमा धेरै पटक सभासमारोहमा भेटघाट भइरह्यो । उहाँको अभिव्यक्ति कला पनि गम्भीर प्रकृतिको

र कलात्मक हुने गर्थ्यो । कविता रचना प्रक्रियाबारे उहाँको धारणा सुन्न खूब इच्छा लाग्थ्यो । नेपाली साहित्यमा प्रचलित शास्त्रीय र लोकभाकाको महत्ता वर्णन गरेर उहाँ थाक्नुहुन्नथ्यो । उहाँसँग भेट्दा, कुराकानी गर्दा र अभिव्यक्ति सुन्दा अद्यापि गौरवको अनुभूति भइरहन्छ । उहाँ तीव्र राष्ट्रवादी स्रष्टा हुनुहुन्थ्यो ।

२०४६ सालको प्रजातान्त्रिक आन्दोलनपश्चात् उहाँले कुलपति छोड्नुभयो । यो भने दु:खलाग्दो प्रसङ्ग हो । समय बित्दै गयो । हामीले २०५१ सालमा ‘नेपाली वाङ्मय प्रतिष्ठान’ नामको साहित्यिक संस्था खोल्यौं । यसको प्रायश: कार्यक्रममा कविवर माधव घिमिरेलाई प्रमुख अतिथि बनाउने गरियो । म मोटरसाइकल लिएर पूर्वनिर्धारित समयमा उहाँको निवासस्थान अलकाबस्ती, लैनचौर पुग्थें र पछाडि राखेर ल्याउने, पुऱ्याउने गर्थें । उहाँ सहज रूपमा हामीसमक्ष प्रस्तुत हुने गर्नुहुन्थ्यो । सादा जीवन उच्च विचारको एउटा विशिष्ट नमुना लाग्थ्यो । नेपाली वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित ‘नेपाली पद्य प्रवाह’ लोकार्पणको तय र ‘महाकवि देवकोटा पुरस्कार’ समर्पण समारोह उहाँकै प्रमुख आतिथ्यमा सम्पन्न भए । २०५५ सालमा भानुजयन्तीका उपलक्ष्यमा गरिएको कविगोष्ठीमा उहाँ बालाजुस्थित तरुण मा.वि.मा समेत उपस्थित हुनुभएको थियो । त्यस्तै श्री समाज, बसुन्धराले आयोजना गरेको साहित्यिक कार्यक्रम, युनिभर्सल एकेडेमी कलेज, बसुन्धराले सम्पन्न गरेको अभिमुखीकरण कार्यक्रममा पनि प्रमुख आतिथ्य ग्रहण गरी सहभागी बन्नुभएको थियो । सबैप्रति हार्दिकतापूर्ण व्यवहार गरी उत्प्रेरणा हौसला प्रदान गर्ने उहाँको शैली सबैका लागि अविस्मरणीय बन्ने गरेको छ । नेपाली वाङ्मय प्रतिष्ठानद्वारा २०६१ सालमा छयासिऔं जन्मदिवसको उपलक्ष्यमा असोज ७ गते उहाँकै निवासमा गएर अभिनन्दन गरेको थियो ।

कविवर माधवप्रसाद घिमिरेको विषयमा सर्वप्रथम विद्यावारिधि (पिएचडी) अनुसन्धान कार्यको प्रारम्भ कवि भानुभक्त पोखरेलले

गर्नुभएको थियो । हामी २०३६ सालमा पोखराबाट काठमाडौँ आउँदा पोखरेल थापाथली डेरामा रहेर शोधकार्य गरिरहनुभएको थियो । भानुभक्त पोखरेल र पिताजी साथीसाथी भएका कारण हिमचिम राम्रो थियो । हामीले कति छाक खाना उहाँकै डेरामा खायौँ । म शास्त्रीय छन्दमा कविता लेख्ने प्रारम्भिक प्रयासमा थिएँ । लय पक्रने धुन चलेको थियो । यसतर्फ पोखरेलले सङ्केत गर्नुभएको म सम्झन्छु । उहाँको विद्यावारिधि शोधकार्य के कारणले हो पूरा भएन । तत्सम्बन्धी पुस्तकहरूचाहिँ निकैवटा निकाल्नुभयो ।

मैले २०५४ सालमा नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि शोधकार्य गर्ने सोच बनाएँ । विषयपर शीर्षक चयनका लागि निकै दिन भौँतारिएँ । अन्त्यमा एउटा उपाय सुझ्यो– प्रा.डा.वासुदेव त्रिपाठीले कविशिरोमणि लेखनाथ पौड्याल, प्रा.डा.कुमारबहादुर जोशीले महाकवि लक्ष्मीप्रसाद देवकोटा तथा प्रा.डा.केशवप्रसाद उपाध्यायले नाटचसम्राट् बालकृष्ण समका बारेमा प्रथम पटक विद्यावारिधि शोधकार्य गरेर कीर्तिमान कायम गरेजस्तै कविवर माधवप्रसाद घिमिरेका विषयमा प्रथम पटक विद्यावारिधि गर्नु उत्तम हुन्छ भन्ने लाग्यो । अनि शीर्षक छनोटमा पनि ध्वनिलाई आधार बनाएर ‘माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्त्विक अध्ययन’ शीर्षक तय गरियो । शोधप्रस्ताव स्वीकृत पनि भयो । यस बीचमा मेरो ‘हाम्रो’ महाकाव्य प्रकाशनका सन्दर्भमा भूमिका लेख्नका लागि कविकहाँ पुगेँ । उहाँले ‘मलाई फुर्सदमा आएर महाकाव्य सुनाउनु अनि लेख्छु’, भन्नुभयो । म फुर्सद मिलेका बेला दिउँसोतिर उहाँकहाँ पुग्थेँ र केही सर्ग वाचन गरेर सुनाउँथेँ । एवम् रीतले महाकाव्य श्रवणपश्चात् उहाँले महत्त्वपूर्ण भूमिका लेखिदिनुभयो २०५५ मङ्सिरमा । २०५६ सालमा नइ प्रकाशनबाट ‘अनामिका’ महाकाव्य छापियो । मैले चितवनबाट कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार र विराटनगरबाट गेरु अम्बिका कोइराला स्मृति सम्मान ‘अनामिका’

महाकाव्यकै लागि प्राप्त गरें । यो मेरो उल्लेख्य काव्य बनेको छ । कविले पनि 'तपाईंको पद्यलेखन राम्रो रहेछ !' भनेर फुर्क्याउनुभयो ।

विद्यावारिधि अनुसन्धानका क्रममा म पटकपटक कविकहाँ पुग्थें । 'तपाईंले ध्वनिजस्तो जटिल विषय छान्नुभएछ ! मेरा काव्यमा ध्वनि फेला पर्लान् त के ?' भन्नुहुन्थ्यो । मैले राखेका जिज्ञासालाई सहज रूपमा समाधान गरी प्रोत्साहित गर्नुहुन्थ्यो । मैले यस कार्यमा उहाँबाट पूर्ण सहयोग प्राप्त गरें । मेरा शोध निर्देशक प्रा.डा. धनश्याम कँडेल र प्रा.नीलमणि ढुङ्गाना हुनुहुन्थ्यो । तीनै जना गुरुहरूबाट मैले आवश्यक निर्देशन प्राप्त गरिरहें । पूर्वीय साहित्यशास्त्रमा आचार्य आनन्दवर्धनद्वारा नवौं शताब्दीमा प्रवर्तित ध्वनिसिद्धान्त उपल्लो कोटिको आविष्कार मानिन्छ । काव्यकृतिमा ध्वनिको खोजी गर्ने यसको आफ्नो पद्धति छ । मैले त्यस पद्धतिलाई आफ्नो ढङ्गले व्यवस्थित गरेर कार्य अघि बढाएँ । घिमिरेका नौवटा खण्डकाव्य 'पापिनी आमा', 'नयाँ नेपाल', 'गौरी', 'राजेश्वरी', 'राष्ट्रनिर्माता', 'इन्द्रकुमारी', 'धर्तीमाता', 'गौंथली' र 'गजधम्मे' तथा 'बाराको परदा' लाई त्यही आधारमा विश्लेषण गरी शोधप्रबन्ध तयार पारें । २०५९ चैतमा मैले विश्वविद्यालयमा बुझाएँ । मेरो मौखिक परीक्षा २०६१ असारमा मात्र भयो । त्यसपछि मैले आफ्नो अध्ययनलाई सर्वोच्च तहमा पुऱ्याउने सफलता प्राप्त गरें । विद्यावारिधि (पिएचडी) शोधकार्य सम्पन्न गर्नु कुनै व्यक्तिका जीवनमा सामान्य कुरो होइन । यसबाट कवि तीनै जना गुरुहरू तथा मेरो पिताजी असाध्य खुसी हुनुभयो । सबैजसो अग्रज शुभचिन्तक, हितैषी, मित्र बन्धुहरूबाट बधाई प्राप्त गरें ।

यस बीचमा २०६० सालमा कविवर माधवप्रसाद घिमिरेको राष्ट्रिय अभिनन्दन गरियो र ग्रन्थसमेत प्रकाशनमा ल्याइयो । विद्यावारिधि अनुसन्धानकै क्रममा रहेका कारणले मैले त्यस ग्रन्थमा केही लेखिनँ । सम्बन्धित विषयमा शोधकार्य नसकिन्जेल केही

लेख्न नमिल्ने प्रावधान हुने रहेछ । त्यसपछि उहाँलाई राज्यका तर्फबाट राष्ट्रकवि उपाधि प्रदान गरियो । यो अत्यन्त समयसापेक्ष र गौरवशाली प्रसङ्ग हो । राष्ट्रिय स्तरमा उहाँको अभिनन्दन, सम्मान र राष्ट्रकविको उपाधि अभियानमा नइको परिकल्पना, योजना, तत्परता र संयोजन व्यवस्थापनका कारण सार्थकता प्राप्त भएको हो । म अत्यन्त गौरवान्वित बनेको छु । कविता काव्यसिर्जनाका पक्षमा पनि ममा परिवर्तन आएको छ । शोधकार्यका सन्दर्भमा जब मैले उहाँका काव्यकृतिहरू गम्भीरतासाथ पढेँ, त्यसबाट मेरो सोच र सिर्जनप्रक्रियामा परिवर्तन आयो । केका लागि लेख्ने, के दिने र कसरी सङ्क्षिप्त शैलीमा गम्भीरता भर्ने भन्ने उहाँको काव्यकलाबाट म विशेष उत्प्रेरित बनेँ ।

**एउटै सानो शकल कृतिमा पूर्ण संसार देऊ !**

राष्ट्रकवि माधव घिमिरेको सफल काव्यकलाको मूल सूत्र यही हो । सन्देशहरू त व्यापक छँदै छन् । मैले उहाँका सबैजसो काव्यकृतिमा ध्वनिको यथेष्ट उपस्थिति छ र ती सबै काव्य ध्वनिसम्पन्न छन् भन्ने पुष्टि गरेको छु । उहाँले शोधप्रबन्ध पूरै पढ्नुभएछ । भेटमा मलाई भन्नुभयो– 'तपाईंले मलाई ध्वनिवादी कविका रूपमा पुष्टि गर्नुभएछ । मेरा सबै खण्डकाव्यमा ध्वनि रहेको प्रमाणित गर्नुभएछ ।' म यो कुरा सुनेपछि छक्क परेँ । मैले त्यस पक्षमा सोचेको थिइनँ । 'तपाईंको पद्यजत्तिकै गद्यशैली पनि सशक्त रहेछ । मलाई राम्रो लाग्यो । जटिल विषय रोजेर पनि कार्य राम्रैसँग टुङ्ग्याउनुभएछ ।'

२०६१ सालमै राष्ट्रकविको जन्मदिवसका दिन गण्डकी सामाजिक गुठीले उहाँको अभिनन्दन गऱ्यो । सोही अवसरमा गुठीको तर्फबाट जीवनी र व्यक्तित्वगत परिचय समेटिएका मेरो पुस्तक 'राष्ट्रकवि माधव घिमिरे' प्रकाशन र लोकार्पणसमेत गरियो । प्रा.डा.वासुदेव त्रिपाठीले बोल्ने क्रममा 'राष्ट्रकवि माधव घिमिरेका

विषयमा विद्यावारिधि गरेर शैलेन्दुप्रकाश नेपालले उच्च कार्य गर्नुभयो र उहाँको यो पुस्तक पनि उपयोगी रहेको छ !' भन्ने धारणा राख्नुभयो । म बधाईको पात्र बनें । मेरो विद्यावारिधि शोधकार्यको सम्पन्नताले एकसाथ तीनवटा कीर्तिमान कायम हुन गयो– १. राष्ट्रकवि माधव घिमिरेका विषयमा पहिलो विद्यावारिधि भएको, २. ध्वनिसिद्धान्तसम्बन्धी पहिलो विद्यावारिधि भएको र ३. जीवित नेपाली स्रष्टासम्बन्धी पहिलो विद्यावारिधि भएको ।

विद्यावारिधि सम्पन्न गरेकै सन्दर्भमा मैले २०५६ सालमा सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार प्राप्त गरें । २०६६ सालमा पिताजी पूर्णप्रकाश नेपाल 'यात्री'ले 'राष्ट्रकवि' महाकाव्य प्रकाशन गर्नुभयो । राष्ट्रकविकै निवासमा गएर उक्त महाकाव्यको लोकार्पण गरियो । यो पनि अनौठो संयोग हो ।

२०६८ सालमा मेरो विद्यावारिधि शोधप्रबन्ध 'माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्त्विक अध्ययन' प्रकाशन भयो । पुस्तक उहाँलाई लगेर दिएँ । 'तपाईंले ठूलो काम गर्नुभयो बधाई छ ।' भन्दै सहर्ष स्वीकार गर्नुभयो । २०७० सालतिर एक दिन छिमेकमा रहेको बी.एन.एकेडेमी विद्यालयको कार्यक्रममा उहाँलाई प्रमुख अतिथि बोलाइएको रहेछ । म पनि सहभागी थिएँ । कार्यक्रम सकिएपछि 'मेरो घर यही हो ।' भनेर देखाएँ र लिएरै आएँ । तल पिँढीमा उभिएरै तस्बिर खिच्यौं । 'बस्ने समय भएन । भव्य घर बनाउनुभएको रहेछ !', भनेर प्रशंसा गर्नुभयो ।

म बेला, मौकामा उहाँको निवासमा पुग्ने गर्छु । प्रत्येक भेटमा 'तपाईंले ध्वनिबारे राम्रो काम गर्नुभएको छ ! वा नौलो काम गर्नुभएको छ' भनिरहनुहुन्छ ।

'तपाईंले त्यस्तो भव्य घर कसरी बनाउनुभयो ?' भनेर पनि सोध्ने गर्नुहुन्छ ।

मेरा पिताजी अशक्त हुँदा कपन फैकाको घरमा पनि राष्ट्रकवि पुग्नुभएको थियो । पिताजीको २०६९ पुस ५ गते देहावसानपश्चात् हामीले 'पूर्णप्रकाश नेपाल यात्री अध्ययन तथा अनुसन्धान केन्द्र' स्थापना गर्‍यौँ । पिताजीकै स्मृतिमा 'यात्री वाङ्मय पुरस्कार'को व्यवस्था गरेर २०७३ सालमा उहाँलाई प्रदान गर्ने योजनासाथ स्वीकृति लिन गएँ । सहर्ष स्वीकार गर्नुभयो । साउन ३ गते उक्त पुरस्कार उहाँलाई सर्वप्रथम समर्पण गरियो । 'यात्री स्मृतिग्रन्थ' (२०७५) मा पनि उहाँको हार्दिकतापूर्ण शुभकामना रहेको छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरे सय शरदा पूरा गरी एक सय एक वर्षमा प्रवेश गर्नुभयो । यो सम्पूर्ण नेपाली जातिकै लागि ऐतिहासिक र गौरवपूर्ण प्रसङ्ग हो । मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले सोही दिन राष्ट्रिय नाचघरमा बधाई तथा शुभकामना कार्यक्रम राखेको थियो । भव्य रूपमा आयोजित समारोहमा मैले पनि शुभकामना अर्पण गर्ने अवसर पाएँ । 'मर्स्याङ्दी' पत्रिकाको राष्ट्रकवि विशेषाङ्क लोकार्पण पनि गरियो । अघिल्लो दिन नेपाली शिक्षा परिषद्ले '१०१ कवितामा राष्ट्रकवि' कवितासङ्ग्रह लोकार्पण गरी राष्ट्रकविमा चढाएको थियो । त्यस्तै केही समयअघि 'राष्ट्रभाषा'को राष्ट्रकवि विशेषाङ्क पनि नेशिपले प्रकाशन गरेको थियो । यी तीनवटामै मेरा पनि राष्ट्रकविबारेका रचना छन् ।

अहिलेसम्म आठ जनाले राष्ट्रकविका विषयमा विद्यावारिधि गरिसकेको अवस्था छ । कति अझै क्रममा छन् । उहाँ जीवनकालमै विशिष्ट उपलब्धिको भागीदार बन्न पाउनुभएको छ । नेपाली काव्यजगत् उहाँप्रति पूर्ण ऋणी पनि छ, गौरवान्वित पनि छ । राष्ट्रकवि घिमिरे हाम्रो युगका काव्यनायक हुनुहुन्छ । उहाँको सान्निध्य प्राप्त गरी अग्रसर हुन पाउनु हाम्रो पनि उच्च सौभाग्य हो ।

राष्ट्रकविका विषयमा हालसम्म विद्यावारिधि शोधकार्य सम्पन्न गर्ने शोधार्थीहरू– डा.शैलेन्द्रप्रकाश नेपाल, डा.कृष्णराज डी.सी.,

डा.लेखप्रसाद निरौला, डा.कुलप्रसाद ढुङ्गाना, डा.विष्णुकुमार खत्री, डा.जयन्ती रूपाखेती, डा.बच्चुराम भट्टराई तथा डा.धनकृष्ण उपाध्याय रहेका छौँ । जीवनकालमै यति धेरै विद्यावारिधिका शोधनायक बन्न पाउने राष्ट्रकवि माधव घिमिरे प्रथम स्रष्टा हुनुहुन्छ । योभन्दा अर्को गौरवको विषय के हुन सक्छ ?

मैले व्यक्तिगत रूपमा राष्ट्रकवि माधव घिमिरेबाट अनन्य स्नेह, हौसला, प्रेरणा र शिक्षा प्राप्त गरेको छु । मैले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई देख्न पाइनँ । त्यसको क्षतिपूर्तिसमेत राष्ट्रकविकै दर्शन र सान्निध्यबाट भइरहेको अनुभूत गर्ने गरेको छु । दुवै स्रष्टा मेरा आदर्श हुनुहुन्छ । अन्त्यमा यसो भनौँ–

**काव्य सिर्जनमा रम्ने घिमिरे काव्य सारथि**
**लोकको ढुकढुकी छाम्दै बनेका छन् महारथी ।**
**नइको कल्पना पूर्ण इतिहास रची नयाँ**
**राष्ट्रकवि उठेका छन् उचाइमा चिरन्तन !**

**आफ्नै भाका खिपी नित्य काव्यस्वाद बढाउँदै**
**राष्ट्र, संस्कृति औ भाषा चुलीमाथि चढाउँदै**
**अपूर्व मोहनी भर्दै लोकलाई उठाउँदै**
**राष्ट्रकवि उठेकै छन् नेपालीत्व जगाउँदै !**

# राष्ट्रकविसँग साक्षात्कार



ज्ञानेन्द्र विवश

**गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली**
**जय जय हे नेपाल सुन्दर, शान्त, विशाल ।**

राष्ट्रिय भावनाले वशीभूत बनाउने हृदयस्पर्शी यस्ता कालजयी गीतिभाकाका कवि माधव घिमिरे र उहाँका सिर्जनासँग साक्षात्कार उहिल्यै भएको हो । मैले किताबी अध्ययनको शुभारम्भसँगै उहाँ मेरो मानसपटलमा प्रवेश हुनुभएको हो । सम्भवत: वि.सं. २०३९–०४० सालतिर उहाँलाई मैले पढ्न थालेको हुँ, एक आदर्श आदरणीय कविका रूपमा ।

कविवर माधव घिमिरे लमजुङ जिल्लाको पुस्तुनमा

जन्मिनुभएको हो । मैले राष्ट्रकवि हुनुअघि नै कविवर माधव घिमिरेको रूपमा उहाँलाई झन्डै तीस वर्षअघि भेटेको थिएँ । सम्भवत: त्यस बखत उहाँ तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको अन्तिम कुलपति हुनुहुन्थ्यो । म भर्खर स्कुलको अध्ययन पूरा गरी काठमाडौँ आएको थिएँ । म उहाँसँग भेट्न इच्छुक थिएँ । विशेषत: उहाँले लेख्नुभएका बालकविताहरू त्यस बेला स्कुलेजीवनमा मेरो प्रेरणाका खास स्रोत थिए । अत: उहाँ मेरो गुरु र कविताका आदर्श नै हुनुहुन्थ्यो । म सानैदेखि उहाँका सरल, मीठा, चखिला बालगीतिकविताहरूबाट अत्यन्तै प्रभावित थिएँ । उहाँसँग उति बेलै रमाइलो भेटघाट भएको थियो ।

मेरो गाउँको विषयमा उहाँले धेरै जिज्ञासा राख्नुभएको थियो । त्यसपछि धेरै समय उहाँसँग भेटघाट भएन । निकैपछि मैले उहाँको परिचयात्मक विवरण लेखेर त्यो बेलाको 'सुरुचि' साप्ताहिकमा छपाएको थिएँ । उहाँको साहित्यिक पाटोको परिचयलाई मैले आफ्नै किसिमले वर्णन गरेको थिएँ । उक्त पत्रिकाको प्रति लिएर उहाँको घरमा पुग्दा उहाँले आफ्नोबारे लिखित लेख आद्योपान्त पढ्नुभयो । पढिसकेपछि मलाई 'क्याबात विवशबाबू ! कति राम्रो लेख्नुभयो । हुने विरुवाको चिल्लो पात भनेको यही हो' भनी धाप मार्नुभएको स्मृति अद्यापि आलै छ ।

त्यस बखत उहाँको बारेमा २०५० सालतिर उक्त पत्रिकामा मैले लामै लेख लेखेको रहेछु । ती क्षणका केही सन्दर्भहरू पनि यहाँ प्रथमत: उल्लेख गर्दछु ।

कविवर माधप्रसाद घिमिरे अर्थात् प्रकृतिका गायक, गुरु जससँग साक्षात्कार नभए पनि अपरिचित भने विरलै मानिस होलान्, जससँग भेट्ने इच्छाले उहाँकै निवास लैनचौर पुगेको छु, जाडोको एक बिहान हुस्सुले ढाकेको काठमाडौँमा ।

कवि दृश्यमान हुनुहुन्छ सामुन्ने । र यस बेला बाल्यकालमै आफूले पढेका, खेल्दा गाएका बालकविताका यादहरू आउँछन् । 'टालाटुली बटुली कति राम्री पुतली । भँगेरा र भँगेरी कुरा गर्छन् कसरी । ढिकीच्याउँ, ढिकीच्याउँ ।' आदि । साक्षात्कार गर्छु बोलीमा– उही मीठो, नम्र, मसिनो, सरल गीति गुञ्जनसँगै सुमधुर झङ्कार । सुललित सङ्गीतको मिठास महसुस गर्छु । प्रकृति, प्रेम र मानवीय संवेदनाको सटीक स्वरूप । बौद्धिक चातुर्यको प्रखर काव्यध्वनि प्राकृत जीवनको सहज सम्प्रेषण ।

प्रकृतिको सुन्दरतामा कविताका भाव फुर्छन् उहाँमा । साँच्चै भनौँ भने कुनै अज्ञात तत्त्वले आएर उहाँको मस्तिष्कमा कविता बुनिरहेको हुन्छ । मनमा कुनै कुराले प्रभाव नपारी उहाँ कविता लेख्न सक्नुहुन्न । यद्यपि एउटा भावलाई एकै चोटि मूर्त रूप दिन सकिन्न । त्यसका लागि केही दिन वा केही हप्ता अथवा महिनासम्म उहाँ मनभित्र त्यसलाई आत्मशैली र संरचनामा ढाल्न शब्दशब्दमा डुबुल्किनुहुन्छ, गुनगुनाउनुहुन्छ । सहस्रौँ भावनाहरूलाई छोटो, मीठो र सघन भावशैलीमा काव्यरूप दिनुहुन्छ ।

कविका काव्यात्मक प्रस्तुति अन्तर्मनका अभिव्यक्तिलाई जीवन्तता दिनुहुन्छ । मर्स्याङ्दी नदी र खुदीबेँसीको सङ्गीतमय सङ्गमस्थल एवम् हिमाली सौन्दर्यको सेरोफेरोबाट रम्दै र तादात्म्य स्थापित गर्दै प्रकृति र मानवप्रेमको पवित्र सत्यलाई कलात्मक रूप दिनु कवि घिमिरेको महानता हो । कलिला नानीहरूका रमाइला कवि हुनुका साथै सबै उमेर र तहका कवि, पाठकका लागि उहाँका सिर्जना उत्तिकै आकर्षक छन् । उहाँ नेपाली मन र माटोका, पाखापखेरा, हिमाली लेकबेँसीका कवि हुनुहुन्छ । उहाँले आजसम्म प्राप्त गर्नुभएको मान, सम्मान सबै उहाँका यिनै मौलिक सिर्जना समग्रकै कदरका निम्ति हो ।

समष्टिगत रूपमा हेर्दा उहाँको लेखनप्रवृत्ति 'वैराग्य पुष्प' लेख्दाताका उहाँ 'कविता लय हो' भन्ने ठान्नुहुन्थ्यो । 'राष्ट्रिय झन्डा'

कवितामा आइपुग्दा 'कविता शब्दविन्यास मात्र हो' भन्ने मान्यता उहाँको थियो । तर 'गौरी' लेख्दा बल्ल उहाँलाई 'कविता भनेको भावनाको तरलता हो' भन्ने तथ्य बोध भयो । त्यसैताका कालिदास, रवीन्द्रनाथ आदिका कविता पढेपछि 'कविता सौन्दर्यबोधक पनि रहेछ' भन्ने कुरा बुझ्नुभयो र उहाँले कविता कविको जीवन र जीवनको रहस्यबोध हो भन्ने कुरालाई अनुभव गर्नुभयो । यस कुराको पुष्टि 'राष्ट्रनिर्माता' कविताकृतिले गर्दछ ।

गाउँबाट भर्खर सहर पसेको एउटा कलिलो युवकको साहित्यप्रेमलाई देखेर उहाँले भेटघाटहरूमा पनि मेरो प्रशंसा गर्ने गर्नुहुन्थ्यो । मेरो लेखाइ र पढाइका बारेमा सोधखोज गर्नुहुन्थ्यो । यसैबीच मेरो निबन्धसङ्ग्रह 'सुन्दरीचोक'का लागि शुभकामनाको आशीर्वचन लिन 'सुन्दरीचोक'को पाण्डुलिपि लिएर जाँदाको भेटमा पनि उहाँले यिनै कुरा दोहोऱ्याउनुभयो ।

वि.सं.२०७५ भदौ १८; अलकाबस्ती मार्ग, लैनचौर, काठमाडौँस्थित कविनिवास पुग्दा उहाँको जन्म शताब्दी महोत्सवको तयारी चलिरहेको थियो । सोही वर्षको असोज ७ गते उहाँ शताब्दी उमेरमा टेक्दै हुनुहुन्थ्यो । मेरो निबन्धसङ्ग्रह 'सुन्दरीचोक'मा उहाँले लेख्नुभएका यी अभिव्यक्ति मेरा लागि जिन्दगीकै एक महत्त्वपूर्ण उपहार हो । केही अनुभूतिका आलेख यहाँ प्रस्तुत छ–

*आज उनको 'सुन्दरीचोक' नामकरण गरिएको यति मीठो निबन्धको प्रकाशनपूर्व शुभकामना दिन पाउँदा शताब्दी उमेरको जीवनमा मलाई खुसी र आनन्द लागिरहेको छ । किनभने मेरो व्यक्तित्वका बारे जसले पहिले नै लेखे, अहिले उनैको कृतित्वमाथि मैले पनि लेख्न पाएँ । शब्दको गुन मैले शब्दबाटै यसै जुनीमा दिन पाएँ ।*

*मैले 'सुन्दरीचोक'का केही निबन्धहरू पढेँ, सुनेँ र मनन गरेँ । लेखनमा आफ्नोपन र मौलिकता छ । नेपालीपन, नेपाली प्रकृति,*

*नेपाली संस्कृति र नेपाली जीवनशैलीहरू यसमा कोरिएका छन् । यसले निबन्धकारितामा अलग्गै स्थान बनाउन सफल रहेको मैले विश्वास लिएको छु ।*

*'सुन्दरीचोक' निबन्धभित्र नेपाली जीवनका मार्मिक स्पन्दनहरूले हामीलाई छुन आउँछन् । वास्तवमा यी सबै नेपाली साहित्यका अमर अभिव्यक्ति हुन् भन्ने मेरो विश्वास छ । यसमा मैले शब्दको मीठोपन पाएँ । जसरी गीतमा, कविताहरूमा हाम्रै बोलीचालीका शब्दहरू शब्दकर्मीले सुन्दर रूपमा मिलाएर बेग्लै लय झङ्कृत पार्छन् त्यसरी नै यस निबन्धमा पनि शब्दहरूको कुशल संयोजनले सुन्दरता थप्ने काम गरेको छ । निबन्धका सबै विषय र वर्णनमा म गहिराइतिर नगए पनि सरसरतीको हेराइमा मैले 'सुन्दरीचोक'मा बेग्लै अभिव्यक्तिको अभिव्यञ्जना पाएँ ।*

*शताब्दी उमेरको ओछ्यानमा ढलेको कवि 'सुन्दरीचोक'का निबन्धबाट मुग्ध भएँ । यस निम्ति म 'सुन्दरीचोक'का निबन्धकार ज्ञानेन्द्र विवशलाई हार्दिक बधाई र शुभकामना पनि दिन्छु ।*

राष्ट्रकविका रूपमा आज उहाँको ख्याति, मानसम्मानले शिखर चुमिसकेको छ । भर्खरै उहाँको जन्म शताब्दी वर्ष सम्पन्न भएको छ । यसबीच उहाँलाई राज्यका तर्फबाट यो गरिमामय राष्ट्रिय सम्मानको राष्ट्रकवि पद प्रदान गर्न पृष्ठभूमिमा नइ प्रकाशनले खेलेको भूमिका सामान्य मान्न सकिँदैन । जसरी सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको सम्मानित उपाधि सरकारका तर्फबाट गराउन नइ प्रकाशन अग्रसर भयो त्यसरी नै माधव घिमिरेलाई राष्ट्रकवि बनाउन उत्तिकै प्रयत्न सार्थक रह्यो । नइको निरन्तरको दबाब, आग्रह र अभियानकै परिणामस्वरूप सरकारले कविवर माधवप्रसाद घिमिरेलाई नेपालको राष्ट्रकवि घोषणा गऱ्यो । २०६० सालमा सूर्यबहादुर थापा पुन: प्रधानमन्त्री भएका थिए । त्यसै बेला

मदनमणि दीक्षितको संयोजकत्वमा 'माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति'को पनि गठन भएको थियो ।

साहित्यकार नरेन्द्रराज प्रसाईका शब्दमा– माधव घिमिरेका सिर्जनामा राष्ट्रप्रेमको उज्यालो प्रशस्त मात्रामा थियो । 'गाउँछ गीत नेपाली' जस्ता कालजयी गीतका सर्जक र 'राष्ट्रनिर्माता' जस्तो खण्डकाव्यको सिर्जना गरेर घिमिरेले नेपालीधरामा आफूलाई सुप्रबल राष्ट्रवादी कविका रूपमा स्थापित पनि गराएका थिए । वास्तवमा आधुनिक नेपालको जनमानसमा राष्ट्रप्रेमको भावना जागरण गराउने प्रमुख भूमिका पनि घिमिरेले नै निर्वाह गरेका थिए ।

मूलत: उहाँ सच्चा राष्ट्रवादी कवि हुँदै हो । उहाँका प्रत्येक कविता तथा गीतले राष्ट्रिय गौरव र गरिमालाई प्रमुखताका साथ अभिव्यक्त गर्दै आएका छन् । अत: उहाँलाई राष्ट्रकविको उपाधि प्रदान गर्नु सम्पूर्ण साहित्यिक मनका लागि साझा खुसीको विषय हो ।

उहाँलाई समालोचकहरूले स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैली भएका कुशल नेपाली साहित्यकार कवि र गीतकार हुन् भनी व्याख्या गरेका छन् । नेपाली साहित्यका कविता, खण्डकाव्य, गीतिनाटक, कथा, अनुवाद, लेखजस्ता अनेकौँ विधाहरूमा राष्ट्रकवि घिमिरेले प्रकृति, जीवन र प्रेमलाई जिन्दगीको सुन्दरतासँग तुलना गरी कलात्मक अभिव्यक्ति दिँदै आउनुभएको छ । तत्कालीन प्रज्ञाप्रतिष्ठानमा छँदा जुन बेला उहाँ उपकुलपति हुनुहुन्थ्यो, त्यहाँबाट निस्किने अधिकांश पुस्तकहरूमा यति गहन, सटीक र जीवनदर्शनलाई आत्मसात् गरी समीक्षात्मक मन्तव्य लेख्नुभएको छ कि तीबाट पनि म स्कुलेजीवनदेखि प्रभावित थिएँ ।

प्रकृतिप्रेमका सुन्दर शब्दसंरचनाले जीवन्त उहाँका कुनै पनि रचनामा मानवीय सद्भावका प्रेमिल अनुभूतिहरू हुन्छन् । तिनले हाम्रा पाठकीय मनलाई बेग्लै किसिमको रचनात्मक रहस्यको स्वाद

चखाउँदै आह्लादित पार्ने क्षमता राख्दछ । दीर्घसाधनाले भरिएका उहाँका सिर्जनामा ऊर्जाशील भावनाका अविच्छिन्न भेलहरू प्रवाहित भइरहेका हुन्छन् । वि.सं. २०१० सालमै प्रकाशित उहाँको बालकविता 'घामपानी'मा पाइने बालसुलभ प्रस्तुतिको मिठास र कविताहरू अझै कण्ठै छन् । त्यस्तै 'किन्नर किन्नरी' र 'मालती मङ्गले' गीतिकवितामा पाइने काव्य सौन्दर्य हृदय छुने किसिमका छन् । जसलाई मैले कविसँगको साक्षात्कारपूर्व नै अनुभूति गरिसकेको थिएँ । मलाई मन पर्ने र मैले भेटेकाहरूमा उहाँ एक यस्ता कवि हुनुहुन्छ कि कैयौँ वर्षपछिको भेटमा पनि उहाँमा स्नेहिल भाव स्वत: आत्मीयतामा रूपान्तरित भएर प्रकट हुन्छ ।

उहाँका कुनै पनि कविता वा गीत अथवा गीतिकविताहरू प्रत्येकले हामी सबैलाई नयाँ अनुभूतिको सकारात्मक सन्देश दिन्छन् । तिनले हाम्रो जीवन, समाज र राष्ट्रप्रति हामीलाई साँचो प्रेम गर्न सिकाउँछ, अभिप्रेरित गर्दछ । चर्चित राष्ट्रिय गीत 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली'का प्रत्येक गीति हरफमा राष्ट्रिय स्वाभिमानका गौरवशाली अभिव्यक्ति व्यक्त छन् । अन्य आधुनिक गीतहरू पनि उत्तिकै मन र मुटु स्पर्श गर्ने किसिमका छन् । यस हिसाबले पनि राष्ट्रिय भावनाले अभिप्रेरित राष्ट्रवादी सिर्जनाका सर्जक उहाँलाई राष्ट्रकविको उपाधि दिनु किञ्चित् पनि अस्वाभाविक होइन ।

शतायु जिन्दगीको उमेरमा पनि सकारात्मकता र उत्साहका कविता लेखिरहनु, निवासमा आएका आगन्तुकहरूसँग विनम्रताका साथ भेट दिनु उहाँको दैनिकी हो । उहाँको दीर्घ जीवनको श्रेय प्रकृति र सद्विचार हो । काठमाडौँ जस्तो कङ्क्रिटको सहरमा फूलैफूलको वासना र चराचुङ्गीहरूका बीचमा उहाँ आफैँमा रमाएर गुनगुनाउँदै केही न केही लेखिरहनुहुन्छ । अझै पनि बाल्यकालीन लोकलयलाई पछ्याउँदै उहाँ भाका हालेर गुनगुनाउँदै

गीत लेख्न रुचाउनुहुन्छ । एकान्तमा गुनगुनाएर, आफैँलाई बिर्सेर लेख्दा आफ्नै आँखाबाट आँसु झरोस् तब पो लेख्नुको आनन्द प्राप्ति हुने उहाँको अनुभव छ ।

उहाँको विचारमा कवि भएर धेरै मान्छेले अनेकन् दु:ख पाइराख्या छन् । आफूले पनि धेरै हन्डर व्यहोरेको पीडा छ उहाँसँग । तर राष्ट्रकविको जुन दिन उपाधि घोषणा भयो, त्यो दिनको खुसीले जिन्दगीको सार्थकता, कवि हुनुको सार्थकता सबै सार्थक भएको महसुस भयो । उहाँको अनुभवमा जीवनमा केही कोसिस गर्दा केही प्राप्त हुँदो रहेछ । 'नइ प्रकाशन' निरन्तर नलागिदिएको भए आफूले यो राष्ट्रिय उपाधि पाउन सकिनेमा उहाँ ढुक्क हुनुहुन्न ।

उहाँको जीवनदर्शन र लेखनका प्रत्येक पक्षलाई भित्रैदेखि मनन र महसुस गर्नु हामी सबैका लागि सार्थक गति गन्तव्यको एक आवश्यक कार्य हो । प्रेरणाका धनी, प्रभावशाली यस्ता आदरणीय राष्ट्रकविलाई सतत प्रणाम ।

# राष्ट्रकविप्रतिको अभिवन्दना



**प्रा.डा.वासुदेव त्रिपाठी**
**(महासमालोचक)**

जीवनको परम सौभाग्यमय र सांस्कृतिक स्तरमा महिमामय शतशरद्‌दर्शन सम्पन्न गरिसकेका राष्ट्रकवि माधवप्रसाद घिमिरेप्रतिका अभिवन्दनामा यो समीक्षात्मक आलेख मुख्यत: केन्द्रित रहेको छ र यहाँ क्रमश: आमुख (शतशरद्‌द्रष्टा राष्ट्रकवि माधव घिमिरे), परिचर्चा (शतजीवी राष्ट्रकवि माधव घिमिरेको कृतित्वको विस्तार र त्यसका मूलभूत प्राप्ति तथा प्रदान) एवं कवितात्मक अभिवन्दना (राष्ट्रगायक राष्ट्रकविप्रति, राष्ट्रकवि शतायु माधव घिमिरेप्रति र राष्ट्रकवि माधव घिमिरेको शतकसाधना जस्ता

कवितात्रयमा आधारित कवितात्मक अभिवन्दना) भनिएका विभिन्न उपशीर्षकत्रयमा आधारित रहेका तीन कृतिखण्डहरू समाविष्ट छन् र ती अब यहाँ क्रमश: प्रस्तुत हुँदै छन् ।

## आमुख : शतशरद्द्रष्टा राष्ट्रकवि माधव घिमिरे

हाम्रा प्राचीन वैदिक मनीषीहरू कामना गर्थे– 'जीवेम शरद: शतम्' अनि 'भूयश्च शरद: शतात्' । यी मन्त्रको मूल सन्देश रहँदै आएको छ– हामी शतशरद् वा सय वर्ष जिऔँ र शतशरद्भन्दा पनि बढी बाँचौँ । अहिले हामीकहाँ एक सय एक वर्षका उमेरमा यात्राशील शताधिक वर्षजीवी अग्रज स्रष्टा राष्ट्रकवि माधव घिमिरे स्वयम् नेपाली महर्षिकल्प महास्रष्टाका रूपमा हाम्रा माझ विराजमान हुनुहुन्छ; वर्तमान समयसन्दर्भका हामी नेपालीभाषी र नेपाली जाति धन्य हुन पुगेका छौँ । (अधिकतर सूचनास्रोत नेपाल प्रज्ञाप्रतिष्ठानको 'साहित्यकार कलाकार परिचय कोश' (वि.सं.२०७०) लाई तुल्याई विभिन्न स्रोतका अरू जानकारीको समेत मिलान गरेर हेर्दा नेपाली भाषाका महान् र मूर्धन्य साहित्यस्रष्टाहरूका उज्ज्वल नक्षत्रपङ्क्तिमध्येका अग्रणी आदिकवि भानुभक्त आचार्य (वि.सं.१८७१–१९२६), मोतीराम भट्ट (१९२३–१९५३), शम्भुप्रसाद ढुङ्ग्याल (१९४५–१९८६), महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६), रूपनारायण सिंह (सन् १९०४–१९५५), शङ्कर लामिछाने (वि.सं.१९८४–२०३६), अगमसिंह गिरी (सन् १९२७–१९७१), अच्छा राई रसिक (वि.सं.१९८५–२००९), पारिजात (१९९०–२०५०), हरिभक्त कटुवाल (१९९२–२०३७), भैरव अर्याल (१९९३–२०३३) आदि अनेक मूर्धन्य नेपाली साहित्यकार प्रतिभाहरू अल्पायु या न्यूनायु रही असमयमै बित्न पुगेको पाइन्छ भने यो ठूलो राष्ट्रिय साहित्यिक र सांस्कृतिक क्षति हुँदै हो । आधारभूत मानवीय आयु सय वर्ष नै मान्ने हो भने पनि त्यसको एक चतुर्थांशदेखि आधाउधीकै नजिकमा उपर्युक्त देदीप्यमान अधिकतर प्रतिभाको अवसान हुनु दु:खद राष्ट्रिय

क्षतिका रूपमा रहेको छ । यस विषम परिप्रेक्ष्यबीच राष्ट्रकवि माधवप्रसाद घिमिरेचाहिँ हाम्रा शताधिक वर्षजीवी मूर्धन्य स्रष्टा हुन पुग्नुभयो र अझै हाम्राबीच जीवित र सिर्जनशील हुनुहुन्छ र यो हाम्रो विशेष सौभाग्य हो नै ।

उपर्युक्त परिप्रेक्ष्यमा दृष्टान्तका रूपमा मूर्धन्य नेपाली साहित्यस्रष्टाहरूमध्येका अपेक्षाकृत दीर्घजीवी मानिने चक्रपाणि चालिसे (वि.सं.१९४०–२०१५) ७५ वर्षमै, सोमनाथ सिग्देल (१९४१–२०२९) ८८ वर्षमै, कविशिरोमणि लेखनाथ पौड्याल (१९४१–२०२२) ८१ वर्षमै, धरणीधर कोइराला (१९४९–२०३६) ८७ वर्षमै, महानन्द सापकोटा (१९५३–२०३५) ८२ वर्षमै, पारसमणि प्रधान (१९५५–२०४२) ८७ वर्षमै, रुद्रराज पाण्डे (१९५७–२०४३) ८६ वर्षमै, बालकृष्ण सम (१९५९–२०३८) ७९ वर्षमै, माधवप्रसाद देवकोटा (१९६०–२०४९) ७९ वर्षमै, पुष्पलाल उपाध्याय (१९६२–२०४६) ८४ वर्षमै, भवानी भिक्षु (१९६६–२०३८) ७२ वर्षमै, सिद्धिचरण श्रेष्ठ (१९६६–२०४९) ८३ वर्षमै, केदारमान व्यथित (१९७१–२०५५) ८४ वर्षमै, गोविन्दबहादुर मल्ल गोठाले (१९७९–२०६७) ८८ वर्षमै, मदनमणि दीक्षित (१९७९–२०७६) ९७ वर्षमै, लैनसिंह बाङ्गदेल (सन् १९२४–२००३) ७९ वर्षमै, हरिप्रसाद गोर्खा राई (सन् १९१४–२००५) ९१ वर्षमै, इन्द्रबहादुर राई (१९८४–२०७४) ९० वर्षमै, कमल दीक्षित (वि.सं.१९८६–२०७३) ८७ वर्षमै, बालकृष्ण पोखरेल (१९९०–२०७६) ८६ वर्षमै र क्षेत्रप्रताप अधिकारी (१९९९–२०७०) ७१ वर्षमै दिवङ्गत भई शतायु मूर्धन्य स्रष्टा नेपाली जगत्ले साक्षात्कार गर्न नपाइरहेका परिप्रेक्ष्यमा राष्ट्रकवि शतायु माधव घिमिरे एक सय एकौँ वर्षमा गतिशील रहेको यो समय हाम्रा निम्ति विशेष सौभाग्यपूर्ण रहेको छ र हाम्रा प्रथम श्रद्धेय शताब्दीकाव्यपुरुष माधव घिमिरेप्रति हामी शतशत नमन व्यक्त गर्दछौँ । साथै नइका सत्प्रयासमा राष्ट्रिय स्तरमा वाङ्मय शताब्दी पुरुषका रूपमा सम्मानित सत्यमोहन जोशी (संस्कृतिविद्, साहित्यकार:

जन्म वि.सं.१९७७ वैशाख ३० गते) पनि सयौँ वर्षमा प्रवेश गरी यात्राशील हुनुहुन्छ र यो पनि वर्तमान समयको एक अर्को सुखद संयोग हुँदै हो ।

उपर्युक्त परिप्रेक्ष्यमा शताधिक वर्षजीवी गौरवी राष्ट्रकवि माधवप्रसाद घिमिरेका काव्यवृत्तका बारेमा नै अब चर्चालाई विशेषत: केन्द्रित गरौँ । उहाँ कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं.१९४१–२०२२)का पूर्वस्वच्छन्दतावादी र मूलत: परिष्कारवादी उत्कृष्ट कवितासंस्कारका साथै महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं.१९६६–२०१६)का पनि गद्यकविता फाँटबाहेकका अरू सबै छन्दलयका संरचनाका रुमानीस्वच्छन्दतावादी र प्रगामी एवं मानवतावादी उच्च कवितासंस्कृतिका निकै अंशमा समवेत उत्तराधिकारी प्रातिभ वाहक रही भावस्तरमा रुमानीस्वच्छन्दतावादी र शैलीस्तरमा परिष्कारवादी किसिमको स्वकीय उन्नत काव्यसंस्कारका प्रतिमानबाट उठेको तेस्रो नेपाली समुन्नत काव्यशिखरका रूपमा प्रतिष्ठित दीर्घजीवी साधक बन्न पुग्नुभएको हो ।

वि.सं.१९७६ साल असोज ७ गते लमजुङका पुस्तुन गाउँमा जन्मिई र अध्ययनशील किशोर कालमै सिर्जनतर्फ प्रवृत्त रही नेपाली साहित्यका कविताकाव्य, गीत र गीतिनाटक, बालकविता, निबन्ध आदि बहुविधाका सुन्दर र मर्ममधुर रचनाका सतत सिर्जनशील स्रष्टा एवं शालिग्रामी कविताशिल्पी हुनुहुन्छ अनि युवा प्रहरदेखि यो सान्ध्य वयसम्म नेपाल राष्ट्र र नेपाली जातिका गर्वगरिमा र सुखदु:ख एवं राष्ट्रिय प्राप्ति तथा विश्वप्रतिष्ठाका जागरुक उद्‌बोधक स्रष्टा एवं राष्ट्रद्वारा कृतज्ञता र आभारभावका साथ २०६० सालमा राष्ट्रकविका रूपमा अभिवन्दित एवं आफ्ना जीवनका उत्सवमय सयौँ वर्षका यात्राक्रममा यस संसारलाई विस्मयपूर्वक हेर्दै र देशदेशावरका अनि युगयुगान्तरका द्वन्द्व र संवादको दृष्ट र श्रुत साक्षी पनि रहँदै अनवरत सिर्जनशील महान् र मूर्धन्य स्रष्टाका

रूपमा हामीमाझ रही सिर्जनशील हुनुहुन्छ र हामी सकल नेपाली गौरवान्वित हुन पुगेका छौँ । उहाँ अझै छन्दबद्ध मन्त्रवत् पद्यरचना रच्दै नेपाली समाजलाई रसमय जीवन जिउने सन्देश दिँदै भन्दै हुनुहुन्छ– 'बुढेससम्मन् पनि ज्यून जानौँ । यो जीवनीको रस प्यून जानौँ' । उहाँले आफ्ना सयौँ वर्ष प्रवेशका अवसरमा २०७५ साल असोज ७ गते रचेको उपर्युक्त पद्यात्मक अधारी या अर्धश्लोकले अझै हामीलाई बुढेससम्मन् पनि जीवन ज्यून जान्नुपर्ने जीवनसन्देशसँगै जीवनी या जिन्दगीको रस पिउने मधुमय कला राम्ररी जान्ने पनि अभिप्रेरणा दिइरहेको छ जुन उहाँको सकल रचनाको मूल सिर्जनसन्देश पनि हुँदै हो ।

१९९२ सालमा वय:सन्धिकालमै जन्मस्थल लमजुङबाटै रचना गरी पठाई राजधानी काठमाडौँका 'गोरखापत्र' नाउँको सरकारी पत्रिकामा प्रथम रचना 'ज्ञानपुष्प' कविता प्रकाशित भएदेखि यताका झन्डै पचासी वर्षका अथक साधनाबाट दुई दर्जन वा चौबिसभन्दा बढी ग्रन्थरत्न प्रकाशित गरी नेपाली वाग्देवीलाई चढाउँदै महामनीषी माधव घिमिरे नेपाली भाषाका रससिद्ध सुकवि सिद्ध हुनुभएको छ र हामी निर्धक्क भन्न सक्छौँ– 'जयन्तु ते सुकृतिनो रससिद्धा कवीश्वरा: । नास्ति येषां यश:काये जरामरणजं भयम्' । यस संस्कृत सूक्तिको उहाँप्रति लक्षित र सम्बोधित भित्री अभिप्राय हो– सुकृती माधव घिमिरे रससिद्ध, यशस्वी र कालजयी कवि हुनुहुन्छ र उहाँको यशोमय अजर, अमर काव्यजीवन सदा जीवन्त रहनेछ । यस्तै मूल भावका बहुविध शब्दसुमनका माल्यरचना श्रद्धापूर्वक उपहार चढाउँदै कृतज्ञ र गुणग्राही नेपाली स्रष्टा र नेपाली भावक जनसमाजका तर्फबाट र नेपाल राष्ट्र तथा समस्त नेपाली जनता र नेपाली जातिका तर्फबाट हामी उहाँको कम्तीमा बिसासय र अझ द्विशतकीय आयुको र सदा सुस्वास्थ्यपूर्ण तथा सुखसमृद्धियुक्त सुदीर्घ जीवनप्रवाहका निम्ति शुभकामना प्रकट गर्दछौँ । उहाँका 'ऋतम्भरा' महाकाव्यलगायत

प्रकाशनशेष सकल रचनाको र नवनव सिर्जनाको पनि परिपूर्णताको शुभकामनासहित शतजीवी अग्रज स्रष्टा एवं कविवर राष्ट्रकवि माधव घिमिरेप्रति हार्दिक भावपूर्ण समभिनन्दन अहिले अनेक प्रकारले र ढङ्गले नेपाली साहित्यिक समुदाय व्यक्त गर्दै रहेको छ– विगत २०७५ साल असोज ७ गतेदेखि अद्यावधिसम्म । यसै समभिनन्दनका नेपाली जातीय तथा राष्ट्रिय लहरमा सम्मिलित भई नइ प्रकाशन पनि आफ्ना प्रकारले श्रद्धापूर्वक प्रस्तुत अभिनन्दनग्रन्थको वाङ्मयी उपहार राष्ट्रकवि माधव घिमिरेमा चढाउन समुत्सुक भएकोमा मलाई विशेष खुसी लाग्यो । नइ युगलले २०५० सालदेखि नै कविवर माधव घिमिरेका लोकस्तरीय विशिष्ट काव्यार्चनाका सन्दर्भमा उहाँप्रति परम अनुराग र श्रद्धाका भावसहित सम्मिलित हुँदै संस्थागत स्तरका सीताराम पुरस्कार (२०५०) र भूपालमानसिंह कार्की प्रज्ञापुरस्कार (सार्कस्तरीय : २०५५) जस्ता विशिष्ट सम्मान चढाउनमा र २०६० सालमा राष्ट्रका तर्फबाट राष्ट्रकविको सम्मानद्वारा कविवर माधव घिमिरेलाई सुसम्मानित गर्ने सन्दर्भलगायतमा खुबै दत्तचित्त भई सत्प्रयास गरेको प्रसङ्गसमेत यहाँ म स्मरण गर्दछु । यस परिप्रेक्ष्यमा शतजीवी राष्ट्रकवि माधव घिमिरेप्रति नइ प्रकाशनले अर्पन लागेको यो सद्भावपूर्ण अभिनन्दन ग्रन्थ अर्को विशेष उल्लेख्य सत्प्रयास हुन पुगोस् भनी कामना गर्दै म यहाँ उभिएको छु । मेरो यो समीक्षात्मक र कवितात्मक दोहरो जुगलबन्दी समवेत रहेको आलेख प्रथमत: राष्ट्रकविप्रतिको अर्को एक विनीत श्रद्धार्चन हुँदै हो र सँगसँगै नइ प्रकाशनप्रतिको एक हार्दिक स्नेहोद्गार पनि हो ।

२०२० सालदेखि यताका पौने शताब्दीका समयक्रममा सुरुदेखि अहिलेसम्म क्रमश: मैले कविवर माधव घिमिरेका कृतित्व र योगदानका सन्दर्भमा जे जो भन्दै र लेख्दै अनि सिक्दै र सिकाउँदै आएको छु तिनै स्थापना र अवधारणामध्येको यो अर्को थप समीक्षात्मक अभिमत हुँदै हो । यस समीक्षात्मक अभिमतका भिन्न

प्रकृतिको पूरकका रूपमा मैले शतजीवी राष्ट्रकवि माधव घिमिरेका सम्मानमा रचेका र अभिवन्दनामूलक भाव भएका तीनवटा फुटकर कविता पनि सहआबद्ध गरी यहाँ प्रस्तुत गरेको छु– सहृदयी भावकजनसमक्ष । भनिन्छ– कविका कविताको मूल्यनिरूपण गर्ने प्रज्ञासामर्थ्य कविहरूमै रहने गर्दछ (अङ्. 'टु जज द पोइट्स इज ओन्ली द फ्याकल्टी अफ पोइट्स्'); यो उक्ति कति युक्तिसङ्गत हो त्यो विचारणीय छँदै छ । यहाँचाहिँ कविभावबाट पनि राष्ट्रकवि माधव घिमिरेको कवितामूल्यतर्फ सङ्केत गर्ने त्यस प्रकारको अलिकति वरण गर्दै मैले केही उत्सुकतावश र केही कौतुकवश उहाँका शतशरद्दर्शनका यस राष्ट्रिय साहित्यिक उल्लासमय वर्षका सन्दर्भमा उहाँका कवित्वका गुणगरिमाको साङ्केतिक दिग्दर्शन गर्दै उपर्युक्त तीन शीर्षकका कविता रचेको हुँ भन्ने बेहोराको विनीत निवेदन पनि म भावकवृन्दसमक्ष गर्दछु ।

वास्तवमा यहाँ समीक्षात्मक गद्यका र समीक्षाधर्मी कविताका परस्परप्रतिपूरक शक्तिसीमाका अन्तरसन्तुलनबाट राष्ट्रकविको शतशरद्दर्शनको राष्ट्रिय साहित्यिक दुर्लभ वर्षको गरिमाअनुरूपको समुल्लासमा सम्मिलित हुने क्रममा नै मेरो यो आलेख रचिएको छ अनि यो विशेष ऊर्जावन्त र थेरथोर प्रेरणाप्रद बन्न सकोस् भन्ने नै यहाँ मेरो मूल अभीष्ट रहेको छ ।

## परिचर्चा : शतजीवी राष्ट्रकवि माधव घिमिरेको कृतित्वको विस्तार र त्यसका मूलभूत प्राप्ति र प्रदान

प्रस्तुत परिचर्चाका क्रममा यहाँ प्रथमतः कविवर माधवप्रसाद घिमिरेको प्रेरणादायी शतायु पार गरी एक सय एकौँ वर्षको दीर्घजीवन र उहाँका जीवनक्रममा खास गरी चौध वर्षको उमेरमा थालिएको र अद्यावधि चौरासीपचासी वर्ष लामो यात्राशील सार्वजनिक साधनाबाट सिद्धिप्राप्त सिर्जनगाथाको पनि भावपूर्ण स्मरण गरौँ । साथै यहाँ उहाँको कृतित्व र साक्षात् उहाँसँगको मेरो लामो भावकीय सम्बन्धका कतिपय

स्मृति प्रसङ्ग पनि सन्दर्भवश उल्लेखित हुनेछन् । त्यस क्रममा यहाँ उहाँको जीवनीपरक र शैक्षिक यात्रासँगैको साहित्यिक प्रस्फुटन र त्यसको अन्तर्विकासको सुरु प्रक्रियाको चर्चा प्रथमत: अपेक्षित देखियो । यिनै उपक्रमबीचबाट उहाँको समष्टि सिर्जनयात्राक्रम र कृतित्वका मुख्य प्राप्ति प्रवृत्ति र प्रदान तथा विशेषत: राष्ट्रकवित्वको केही ऊहापोह गर्ने लक्षित बिन्दुतर्फ यो समीक्षात्मक आलेख उन्मुख र प्रवृत्त हुनेछ ।

नेपालको पुरातन गण्डकी प्रस्रवण क्षेत्रअन्तर्गतको र पछि उत्तरमध्यकालमा चौबीसी राज्यसमूहमा पर्ने र गोरखा राज्यको विस्तार भई सृजित नेपालको राणाकालीन प्रशासकीय विभाजनअनुसारको पश्चिम ३ नम्बर गौँडाअन्तर्गतको लमजुङ जिल्लाको दुर्गम उत्तरी भेगको भीरपुस्तुनको पुस्तुन बाहुनडाँडा गाउँमा पुरानो लमजुङ राज्यका यशोब्रह्म शाहका राजपुरोहित काश्यपगोत्री कुसुमाकर उपाध्याय घिमिरेका वंशज एवं समसमयसन्दर्भमा निम्न मध्यवित्त परिवारका गौरीशङ्कर र द्रौपदीदेवीका सुपुत्रका रूपमा १९७६ साल असोज ७ गते मङ्गलबार कृष्णचतुर्दशीउप्रान्त अमावास्या तिथिका स्पर्शबिन्दुमा र उत्तराषाढा नक्षत्रको दोस्रो पाउका जन्मलग्नमा पछि माधवप्रसाद घिमिरे भनी चिनिने एक नवशिशुको जन्म भयो । डेढदुई वर्षका अबोध बाल्यवयमा नै चिरमातृवियोग आइपरी अनि दूधेटुहुराका रूपमा हजुरआमा, जेठाबा, आफ्ना बा र अर्की आमालगायतका संयुक्त परिवारका सजिला असजिलाका बीचमा खास गरी आफ्ना बाबासँग वर्षका छ महिनाजति अन्नपूर्ण हिमालका छहारीका जगरा लेकका गोठमा र छ महिनाजति आफ्ना गाउँका घरगोठमा बाबुका जाबीमा आउजाउ गर्दै पाँच वर्षका उमेरमा आफ्ना पिताबाट अक्षरारम्भका साथै अरू विभिन्न गुरुजनहरूबाट समेत क्रमश: जुन परम्परागत प्रारम्भिक संस्कृत शिक्षासँगै नेपाली भाषा र साहित्यको शिक्षाग्रहण र स्थानीय

हिमाली पहाडी विकट र सुरम्य प्राकृतिक परिवेशमा अनि ग्रामीण प्राकृत लोकजीवनका समविषम सन्दर्भमा एवं सात वर्षतिर व्रतबन्ध सम्पन्न भई शिक्षा ग्रहणका क्रममा नै जसरी बाल्य र किशोर जीवन व्यतीत भयो त्यस सन्दर्भबाट नै माधव घिमिरेको सहजात र किशोरकालमै, अनि सार्वजनिक प्रकाशनमाध्यम उपलब्ध नरहेको र नेपथ्यमा रहेरै गरिएको साधनाकालमै, गाउँमै प्रस्फुटित उहाँको सारस्वत कवित्व र रचनाशील प्रतिभाको परिपोषक आधारभूत पर्याधार निर्मित हुन पुग्यो । शैक्षिक यात्राका क्रममा जन्मराशिअनुसारका या अरू नामान्तरभन्दा गुरुबाट राखिएको 'माधव' नाउँबाटै चिनिँदै आई तत्कालीन प्रचलनअनुसार चौध वर्षकै उमेरतिर त्यसै भेगको खुदी बेनी तरापुका पोखरेल कुलकी कन्या गौरीसँग बिहे भई उत्तरी लमजुङका दुराडाँडा र खुदीका गुरुकुलबाट व्याकरण, साहित्य, नीतिशास्त्र र ज्योतिष आदि विषयको विद्यालाभ गर्दागर्दै उहाँद्वारा गाउँमै रचिएको 'ज्ञानपुष्प' नाउँको कविता सोह्र वर्षका उमेरमा काठमाडौँबाट प्रकाशित हुने 'गोरखापत्र' नाउँका सरकारी पत्रिकामा प्रकाशित भएलगत्तै विद्याकै तीव्र तिर्खाले १९९३ सालमा राजधानी काठमाडौँ प्रवेश गरी रानीपोखरी संस्कृत प्रधानपाठशालामा पढ्दै र तीनधारा संस्कृत छात्रावासमा बस्दै १९९७ सालमा संस्कृतमा सम्पूर्ण मध्यमामा समुत्तीर्ण भई २००१ सालमा सर्वदर्शनमा शास्त्री परीक्षामा समुत्तीर्ण हुने क्रममा समयुगीन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशसँग पनि उहाँ परिचित हुनुभयो ।

यसैबीच जागिरे जीवनमा प्रवेश गरी क्रमशः नेपाली भाषानुवादपरिषद्को लेखक (१९९९–२००२ साल), 'गोरखापत्र'को सहायक सम्पादक (२००२–२००४) र लमजुङ गाउँसहरको आधार स्कुलको शिक्षक र काठमाडौँको शिक्षकशिक्षणकेन्द्रको अध्यापक (२००९–१४) समेत भई जुन रूपमा राष्ट्रिय र वैश्विक युगीन परिवेशसँग पनि सुपरिचित रही माधव घिमिरे शैक्षिक प्राज्ञिक

उल्लेख्य अनुभवले सम्पन्न विद्वत्प्रतिभा पनि बन्नुभयो त्यसले उहाँको सारस्वत सिर्जनशक्तिलाई प्रचुर व्युत्पत्ति पनि प्रदान गऱ्यो । यसबीच उहाँको सार्वजनिक कवितायात्राको प्रथम दशक वरपरको समयको सिर्जन क्रमश: पर्याप्त गतिशील र उपलब्धिपूर्ण बन्दै आयो र त्यसअन्तर्गत अनेक फुटकर पद्य र कविताहरूको प्रकाशनसँगै उहाँको प्रथम कवितासङ्ग्रह 'नवमञ्जरी' नौ कविता थुँगाको गुच्छाका रूपमा १९९४ सालमा र चम्पूकाव्य 'उषाचरित्र' १९९८ सालमा प्रकाशित भयो भने २००२ सालमा अनूदित नेपाली 'नागानन्द' नाटक प्रकाशित हुनाका साथै सोही सालमा 'गोविन्द' महाकाव्यको रचना सुरु भई एक फर्मा छापिएको र पछिपछि अरू सर्ग पनि लेखिएको तर त्यो अधूरै रहेको पनि भेटिन्छ । त्यस्तै उहाँको प्रिय मन्दाक्रान्ता छन्दको प्रथम प्रयोग भएको कविता 'हाम्रो भावना' पनि यसै २००२ सालमा प्रकाशित भएको देखिन्छ । उहाँको लोकछन्दतर्फको रुचि र स्वदेशप्रेम तथा राष्ट्रिय भाव चलमलाएको 'स्वदेशी गीत' गीतिकविता तथा प्रथम गेय गीत 'कोइली करायो' २००५ सालमा प्रकाशित भएको पाइन्छ । एकातर्फ २००४ सालका जेठमा उहाँको स्रग्धरा छन्दमा वीर रस र राष्ट्रियता तथा देशभक्तिको प्रबल भावप्रवाह ठाँटिलो शैलीमा अभिव्यक्त भएको 'राष्ट्रिय झन्डा' कविता सार्वजनिक रूपमा प्रशंसित तथा प्रथम पुरस्कृत पनि भयो भने अर्कातर्फ २००४ सालका असारमा उहाँकी प्रिय धर्मपत्नी तथा कलिला दुई छोरी शान्ति र कान्तिकी उस्तै अपेक्षाकृत कलिली आमा गौरीको रोग लागी असमयमै बाइस वर्षकै उमेरमा आकस्मिक देहावसान भई उहाँको व्यक्तिगत र पारिवारिक जीवन एवं कविजीवन शोकविदीर्ण र निकै क्षतविक्षत हुन पुग्यो । तीव्र शोक मर्मस्पर्शी श्लोकमा परिणत हुँदै यसै वर्षदेखि त्यस शोककाव्य 'गौरी'को रचना प्रारम्भ भई केही अंश प्रकाशित हुन पनि लागेको पाइन्छ, जुन २०१५ सालमा पुस्तकका आकृतिमा प्रकाशित भई विगत साठीसत्तरी वर्षबीच नेपाली पाठक र श्रोताका भावकीय जगत्मा नेपाली

शोककाव्य परम्पराको चिरप्रिय र अम्लान रचना सिद्ध हुनाका साथै कविको आफ्नी ती दिवङ्गत पत्नीप्रतिको प्रगाढ प्रीतिभाव र चिरविरहको सघन भावलहर अप्रतिम करुण प्रेमोद्गारको साधारणीकरण प्राप्त गरेको रससिद्ध काव्यआलेखका रूपमा पनि औधी लोकप्रिय र अमर ठहरिएको छँदै छ ।

२००५ सालमा पितृवात्सल्य, गृहस्थी र संसारयात्राका अनुवृत्तिका सन्दर्भमा लमजुङ दुराडाँडाकी अधिकारी कुलकी चौध वर्षीया कन्या महाकालीसँग विवाह भई पुन: माधवप्रसाद घिमिरेको अर्को दाम्पत्य यात्रा थालियो र त्यसअन्तर्गत दुई गुँडका गरी जम्मा छ छोरी र दुई छोराका पिता रहेका शतजीवी र मानवजीवन तथा मानवीय जीवनरसका महान् गायक तथा रससिद्ध कविवरका रूपमा प्रतिष्ठित माधव घिमिरेको सार्वजनिक सिर्जनयात्राले यो २०७५ सालमा द्वितीय पत्नी महाकालीको जीवनको सहस्रचन्द्र दर्शन चौरासी पूजासहित २०७६ सालमा आइपुगी पचासी वर्ष पूरा गरेको छ ।

कविवर माधव घिमिरे २०१४ सालमा नवसंस्थापित नेपाल कला साहित्य एकेडेमी वा नेपाल एकेडेमी (नेपाल प्रज्ञाप्रतिष्ठान) का संस्थापक सदस्य र पछि (२०२८ सालदेखि) आजीवन सदस्य रहँदै २०३६–२०४५ सालबीच त्यस प्रज्ञाप्रतिष्ठानको उपकुलपति र त्यसपछि २०४६ सालमा कुलपति पनि हुनुभयो र उहाँ प्रज्ञाप्रतिष्ठानका प्राज्ञिक संस्थागत आधारशिला बसाउने महान् प्राज्ञ पनि हुनुहुन्छ । उहाँ पुस्तकाकार कृतिका प्रकाशनका दृष्टिले हेर्दा राष्ट्रका तर्फबाट र जनस्तरबाट पनि अनेकौँ सम्मानबाट अत्यन्तै सम्मानित महान् स्रष्टा हुनुहुन्छ ।

कविवर माधव घिमिरेका खास गरी २०१३ सालदेखि २०६१ सालसम्मका परिपाकोन्मुख र विशेष सिर्जनशील समयावधि र सान्ध्य वयक्रममा विभिन्न विधाका यी पुस्तकाकार कृति प्रकाशित

भएको पाइन्छ– (क) कविता र गीतको सङ्ग्रह : 'नयाँ नेपाल' कवितागीतिसङ्ग्रह (२०१३), 'किन्नर किन्नरी' गीतसङ्ग्रह (२०३३) का साथै 'चैतवैशाख' कवितासङ्ग्रह (२०६०) (ख) काव्य खण्डकाव्य : 'गौरी' शोककाव्य (२०१५), 'राजेश्वरी' (२०१७), र 'पापिनी आमा' (२०१७), (ग) कवितानाटक र गीतिनाटच : 'राष्ट्रनिर्माता' (२०२३), 'धर्तीमाता' (२०३०), 'राहुल यशोधरा' बाल लघुकाव्य (२०३५), 'इन्द्रकुमारी', 'बोराको परदा', 'गौँथली र गजधम्मे' आदि खण्डकाव्य (२०५७) अनि (घ) बालकविता र गीत : 'शकुन्तला' (२०३७), मालती मङ्गले (२०३९), विषकन्या (२०५०), 'अश्वत्थामा' (२०५३), हिमालपारि हिमालवारि (२०५४), 'देउकी' (२०५७), र 'बालकुमारी' (२०६१), जस्ता पद्यनाटक तथा गीतिनाटक एवं 'घामपानी' (२०१०), 'बालालहरी' (२०२६) र 'सुनपङ्खी चरी' बालकवितासङ्ग्रह (२०५३), 'बिजुले र बिजुला' (२०६३) अनि (ङ) निबन्धसङ्ग्रह : 'आफ्नो बाँसुरी आफ्नै गीत' (२०३०), र 'चारु चर्चा' (२०५८) र (च) कथासङ्ग्रह : 'मनचिन्ते मुरली'नामक मार्मिक कथासङ्ग्रह (२०५७) जस्ता मौलिक नेपाली ग्रन्थरचनाका साथै अनूदित 'नागानन्द' नाटक (२००२) र सप्तशती चण्डी काव्य (२०५८) जस्ता सुन्दर नेपाली अनुवाद कृति कवि माधव घिमिरेका यी दुई दर्जनभन्दा बढी विविध विधागत उत्कृष्ट साहित्यरचना विगत आठ दशकका बीच पुस्तकाकारमा नै नेपाली जनसमक्ष आइसकेका छन् र ती मर्ममधुर तथा लोकप्रिय रहेका छन् र अझै उहाँका कविता, गीत, नाटच आदि विधाक्षेत्रका अनेकौँ रचना अनेक पुस्तकका रूपमा सँगालिन बाँकी छन् । साथै उहाँको आजीवन कवितासाधनाका क्रममा २००२ सालको अपूर्ण 'गोविन्द' महाकाव्यदेखि चुलबुलाएको महाकाव्य रचनाको सङ्कल्पको परिणामी परवर्ती (वि.सं.२०६३ देखिको) विशेष केन्द्रित अथक साधनाको महाकाव्यसिर्जनस्वरूप 'ऋतम्भरा' महाकाव्य पनि अब दुई सर्ग मात्र सिर्जन गर्न बाँकी रही प्रकाशनको दैलो नजिकनजिक

आइपुगेको छँदै छ; त्यो परिपूर्ण भई प्रकाशित पनि होस् भनी हामी उहाँका भावकजनहरू तीव्र कामना गर्दछौँ । साथै उहाँको रुमानी स्वच्छन्दतावादी र प्रगामी भावाकुलता तथा ऊर्जस्वी परिष्कृत सिर्जनशीलताको सान्ध्य गानस्वरूपका उक्त 'ऋतम्भरा' महाकाव्यलगायतका नवनव सिर्जनकामनाको पनि परिपूर्णताको मङ्गल कामना गर्दै म यहाँ भन्दछु– 'उहाँको चिरसङ्घर्षी र अमित यशस्वी समादरणीय स्रष्टा व्यक्तित्व र कृतिगत समष्टि प्रदानस्वरूपको गौरवी शतायु जीवन हार्दिक रूपमा नमनीय, अभिवादनीय एवं समभिनन्दनीय हुन पुगेको छ र त्यो हाम्रो राष्ट्रिय गौरवी वाङ्मयिक प्राप्ति हो ।

शतजीवी कविवर माधवप्रसाद घिमिरेको सिर्जन र प्रकाशनको यात्रालाई मोटामोटीमा उहाँको जैविक उमेर र सिर्जनसक्रियताका सन्दर्भमा प्रथमतः आधाआधीजतिका पूर्वार्द्ध र उत्तरार्द्धमा अनि तिनलाई पनि केही चरणमा विभाजित गरी हेर्न सकिन्छ– १.पूर्वार्द्ध सिर्जनयात्रा : (क) वि.सं.१९९२–२००३; (ख) २००४–२०१५ र (ग) २०१७–२०३७ र उत्तरार्द्ध सिर्जनयात्रा : (क) २०३८–२०६१ र (ख) त्यसपछिदेखि अद्यावधि २०७६ सालसम्मको अवधि । अब यही उहाँको पचासीबर्से समष्टि सिर्जनायात्रा र त्यसैका उपर्युक्त पूर्वार्द्ध र उत्तरार्द्ध एवं विभिन्न चरणका स्वरूप तथा प्रवृत्ति र प्राप्तिबारे क्रमशः चर्चा गरौँ ।

कवि माधव घिमिरेले यसअगि प्रस्तुत समीक्षात्मक आलेखमा उल्लेख गरिएअनुरूप चौध वर्षको उमेरमा 'गोरखापत्र'मा १९९२ सालमा सार्वजनिक स्तरमा 'ज्ञानपुष्प' कविता प्रकाशित गराउनुभन्दा अगिदेखिकै किशोरकालीन छात्रावस्थाबीच कविता लेख्ने अभ्यास गरेको बुझिन्छ र त्यो सार्वजनिक प्रकाशनपूर्वको नेपथ्यकालीन रचनाभ्यास ठहर्छ । त्यस १९९२ सालभन्दा यताको अद्यावधिक (२०७६ सालतिरसम्मको) पचासीबर्से सिर्जनयात्रामा उहाँको

सिर्जनशीलता क्रमश: कविशिरोमणि लेखनाथ पौड्यालका सुरम्य परिष्कृत काव्यसंस्कारका छायाक्षेत्रबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाका द्रुतप्रवाही रुमानी रम्य काव्यप्रवृत्तितर्फ घिमिरेली युवावयका वृद्धिशील सन्दर्भमा बढ्दै 'गोविन्द' महाकाव्यांश (२००२ साल) सम्ममा हिन्दी छायावादी कविहरूमध्येका विशिष्ट परिष्कारशील कवि जयशङ्करप्रसाद र विशेषत: सुकुमार र सुकोमल प्रवृत्तिका कवि सुमित्रानन्दन पन्तप्रभृतिका स्वल्प छायाक्षेत्रतर्फबाट पनि उत्प्रेरित हुन पुगेको छ । खास गरी 'स्वदेशभक्ति' (१९९४), 'स्वदेशी गीत' (१९९५), 'जननी जन्मभूमि...' (१९९६), 'कोइली करायो' (१९९९), 'अप्सरा' (२००३), 'राष्ट्रिय झन्डा' (२००४), 'कलमवीर' र 'विश्वबन्धु' तथा 'स्वदेशको सङ्ग्रेलो' (२००७), 'पर्वतवासिनी देवीप्रति' र 'साँझ' एवं 'गाउँछ गीत नेपाली' (२०१०) अनि 'वैशाख' र 'अन्नपूर्ण' (२०११), 'नवयुवक' र 'सन्ध्या' (२०१३), 'हाइड्रोजन बम', 'चरीलमिनी', 'लेकको गीत' (२०१३) प्रभृति कविता र गीत हुँदै 'गौरी' शोककाव्य (२००४–१५) का साथै अगि बढ्ने क्रममा उहाँका कवितामा लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटासँगै नेपाली लोकगीति तथा रुमानीस्वच्छन्दतावादी र परिष्कारवादी सन्तुलित सिद्धि प्राप्त गर्ने अनि संस्कृत महाकवि कालिदास र आधुनिक बङ्गलाका महान् कवि र गीतकार रवीन्द्रनाथ ठाकुरको पनि स्वच्छन्दतावादी विशिष्ट प्रेरणा थपिन पुगेको पाइन्छ ।

उपर्युक्त सन्दर्भमा संस्कृत र नेपाली छन्दोबद्ध पद्य, काव्य, गीति र गीतिनाटच तथा ललित निबन्ध (र कथा) लगायतका रम्य गद्यका रचनामा विशेष गरी लेखनाथीय, लक्ष्मीप्रसादेली, कालिदासीय र वैदिक एवं औपनिषदिक एवं रवीन्द्रनाथीय अनि नेपाली लोकगीतिगत प्रवृत्तिलाई स्वकीय मौलिक सृष्टिसामर्थ्यका योगबाट स्वायत्तीकृत गर्दै उहाँको 'घामपानी' बालकवितासङ्ग्रह (२०१०) र 'नयाँ नेपाल' कविता गीतिसङ्ग्रह (२०१३) तथा 'गौरी' (२०१५) र

'राजेश्वरी' काव्य तथा 'पापिनी आमा' काव्य (२०१७) र 'राष्ट्रनिर्माता' र 'धर्तीमाता' काव्य (२०३०) जस्ता काव्यकृति उत्कृष्ट प्राप्ति हुन पुगेका छन् भने 'बालालहरी' बालकवितासङ्ग्रह (२०२६) विशेष उपलब्धिपूर्ण छन् । साथै यस अवधिमा उहाँको गीतसङ्ग्रह 'किन्नर किन्नरी' (२०३३) को प्रकाशन हुनु महत्त्वपूर्ण घटना हो । यसअन्तर्गत खास गरी वि.सं.२००४ सालदेखि वि.सं.२०१५ सालसम्मको उहाँको सिर्जनयात्रा 'राष्ट्रिय झन्डा' (२००४) हुँदै 'गौरी' खण्डकाव्य (२००४–२०१५) मा पुगी कीर्ति शिखर छुन सफल भएको छ भने वि.सं.२०१७ सालका 'राजेश्वरी' र 'पापिनी आमा' खण्डकाव्यबाट उहाँको उत्तरोत्तर उत्कर्षोन्मुख सिर्जनयात्रा थालिई अगि बढेको छ र त्यसका प्राप्तिक्रममा 'राष्ट्रनिर्माता' (२०२३–२०३०) र 'धर्तीमाता' (२०३०) जस्ता उत्कृष्ट खण्डकाव्य र 'बालालहरी' बालकवितागीतिसङ्ग्रह (२०२६) सँगै 'आफ्नो बाँसुरी आफ्नै गीत' (२०३०) जस्ता ललित निबन्धसङ्ग्रहसँगै यी विशेष सशक्त फुटकर कविता र गीतसमेत उल्लेख्य देखिन्छन्– 'कालीगण्डकी' कविता (२०१५, २०१९), 'वैशाखका दिन' गीत (२०२१), 'आफ्नो रूप हेरी' गीत (२०२५), 'छाया पनि भिमलभिमल' गीत (२०३३) र 'दुलही हिमाल कञ्चनजङ्घा' कविता (२०३५) । यसपछि २०३८ सालदेखि उहाँका 'शकुन्तला' र 'मालती मङ्गले' जस्ता उत्कृष्ट कवितानाटच वा गीतिनाटच अभिनित या प्रकाशित हुन सुरु भएको देखिन्छ र यहाँदेखि नै उहाँको साँढे चार दशकजति अवधिको उत्तरार्द्ध सिर्जनयात्रा थालिन्छ भने खास गरी यही २०३८ सालदेखि २०६१ सालसम्मको सिर्जनयात्रा जहाँ मुख्यतः उपर्युक्त 'शकुन्तला' र 'मालती मङ्गले' जस्ता कवितानाटच वा गीतिनाटचसँगै उहाँका अरू यी 'विषकन्या' (२०५०), 'अश्वत्थामा' (२०५३), 'हिमालपारि हिमालवारि' (२०५४), 'देउकी' (२०५५), 'बालकुमारी' (२०६१) कविता र गीतिनाटचका दृष्टिले विशेष प्राप्तिपूर्ण रहेको छ भने यस अवधिमा पूर्वरचित वा नवरचित काव्य वा कविताहरूको र अन्य (ललित निबन्ध र

कथालगायत) गद्यरचनाहरूको र काव्यात्मक अनुवादकृतिको प्रकाशन पनि महत्त्वपूर्ण रहेको छ । साथै यस अवधिमा उहाँका 'इन्द्रकुमारी' र 'बोराको परदा' अनि 'गौँथली', 'गजधम्मे' तथा काव्यहरू (२०५७) र अनूदित काव्य 'दुर्गासप्तशती' का साथै कवितासङ्ग्रह 'चैतवैशाख' (२०६०), ललित निबन्धसङ्ग्रह 'चारु चर्चा' (२०५८) प्रकाशित भएका पनि छन् । २०६१ सालयताको शीर्षस्थ प्राप्ति भने पूर्ण वा अलि अपूर्ण 'ऋतम्भरा' महाकाव्य नै हुने देखिन्छ । उक्त परिप्रेक्ष्यमा उहाँको कविता र काव्य तथा गीतियात्रा एवं गीतिनाटचका विशेष उल्लेख्य क्रमिक डोबका सङ्केतक कृतिहरूमा यी पर्न आउँछन्– (क) पूर्वार्द्ध सिर्जनयात्राको प्रथम चरणअन्तर्गत 'नवमञ्जरी' (नौ कविताको सङ्ग्रह वि.सं.१९९४), 'उषाचरित्र' (चम्पूकाव्य सन् १९४१, वि.सं.१९९८), 'गोविन्द' महाकाव्यांश (२००२), प्रथम पुरस्कृत 'राष्ट्रिय झन्डा' फुटकर कविता (२००४) र 'गौरी' शोककाव्यका दुई अंश: 'अन्तिम आँसु' र 'खाउँखाउँ र लाउँलाउँ वयमै' (२००४)सम्म विस्तारित हुन पुगेको मान्न सकिन्छ भने (ख) पूर्वार्द्ध सिर्जनयात्राकै द्वितीय चरणअन्तर्गत 'राष्ट्रिय झन्डा' (२००४), कवीन्द्र रवीन्द्रका दुई गीतहरूको अनुवाद (२००६) र 'गाउँछ गीत नेपाली' (२०१०) आदि फुटकर कविता तथा गीत हुँदै बालकवितासङ्ग्रह 'घामपानी' (२०१०) र 'नयाँ नेपाल' कवितागीतसङ्ग्रह (२०१३) हुँदै 'गौरी' खण्डकाव्य (२०१५)सम्म विस्तारित हुन आएको छ अनि (ग) पूर्वार्द्ध सिर्जनयात्राको तृतीय चरणअन्तर्गत खास गरी 'राजेश्वरी' र 'पापिनी आमा' खण्डकाव्यदेखि 'राष्ट्रनिर्माता' र 'धर्तीमाता' खण्डकाव्य हुँदै अनि 'बालालहरी' बालकवितागीतिसङ्ग्रह, 'दुलही हिमाल कञ्चनजङ्घा' आदि हुँदै प्रसारित रहेको छ भने अनि उत्तरार्द्ध सिर्जनयात्राको प्रथम चरणअन्तर्गत 'शकुन्तला' (२०३७), 'मालती मङ्गले' आदि गीतिनाटच नै मुख्य प्राप्ति रहेको छ र यसबाट उहाँ वरिष्ठ कवि र गीतकार एवं काव्यकारका साथै वरिष्ठ कवितागीतिनाटचकार पनि सिद्ध हुनुभएको पाइन्छ अनि उत्तरार्द्ध

सिर्जनयात्राकै द्वितीय चरणअन्तर्गतको शीर्षस्थ प्राप्तिचाहिँ पूरा हुनै लागेको 'ऋतम्भरा' महाकाव्य नै देखिन्छ ।

वरिष्ठ नेपाली स्रष्टा राष्ट्रकवि माधव घिमिरेका उपर्युक्त झन्डै पचासी वर्षका सिर्जनयात्राको मोटामोटी पूर्वार्द्ध र उत्तरार्द्ध यात्राका विभिन्न चरणको यति खाका प्रस्तुत गरिसकेपछि अब उहाँका सिर्जनात्मक काव्यहेतु र विधागत मुख्य सिर्जनप्रवृत्तिहरूबारेमा क्रमशः केही चर्चा गरौँ ।

संस्कृत काव्यशास्त्रका सन्दर्भमा काव्यसिर्जनाका हेतुत्रय वा तीन थरी मूलभूत सिर्जनात्मक कारक मानिएका छन्– प्रतिभा, व्युत्पत्ति र निरन्तरको साधना या अभ्यास । स्रष्टा माधव घिमिरेका जीवनीपरक र कृतिपरक अध्ययनबाट उहाँमा किशोरकालदेखि नै सिर्जनात्मक प्रतिभा चुलबुलाएको पाइन्छ, जसको सङ्केत उहाँको प्रथम प्रकाशित कविता 'ज्ञानपुष्प' (वि.सं.१९९२)का सन्दर्भमा 'गोरखापत्र'का सम्पादकद्वारा हुलाकबाट उहाँलाई लमजुङकै ठेगानामा पठाएको पत्रमा गरिएको विशेष प्रशंसाबाट खुल्दछ अनि त्यसको लगत्तै पाँच वर्षको बीचमा वि.सं.१९९४ सालमा उहाँको (९ कविता सँगालिएको) प्रथम कवितासङ्ग्रह तथा वि.सं.१९९६ सालमा पहिलो काव्य 'उषामञ्जरी' प्रकाशित भएबाट पनि बुझिन्छ । यसपछि एकातर्फ लेखनाथीय प्रभावले उहाँको द्रुत रचनाप्रक्रिया धैर्यपूर्ण परिमार्जनका दिशातर्फ मोडियो भने सँगसँगै लक्ष्मीप्रसाद देवकोटाका प्रभाववृत्तमा प्रवेश गर्दा पनि परिमार्जित सहज कवित्वतर्फ नै घिमिरेली कवित्व उन्मुख रह्यो र फलस्वरूप उत्कृष्ट प्रतिभाको परिष्कृत सिर्जनापथतर्फ उहाँको सिर्जनात्मक प्रवृत्ति विकासशील रह्यो । साथै शास्त्रीय व्युत्पत्ति, लोकव्युत्पत्ति र युगीन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बोधका व्युत्पत्ति तत्त्वबाट र बौद्धिकताबाट उहाँको सिर्जन अनुप्राणित रहेर पनि प्रातिभ नै मुख्यतः रह्यो अनि द्रुत लेखन र द्रुत प्रकाशनको हतारलाई वि.सं.२००४ सालयता नियन्त्रित गर्दै पूरै पचासी वर्षको

लामो जीवनक्रमले पनि उहाँलाई आफ्ना सिर्जनात्मक प्रतिभालाई आफूले क्रमशः सकारेका अग्रज तथा कृतिगत वाङ्मयी गुरुजनहरूका सान्निध्यबाट जीवनभर उत्कृष्ट कवित्वको कला सिक्ने र त्यसमा सिद्धि प्राप्त गर्ने अवसर पनि मिल्न गयो । यसरी विशिष्ट प्रतिभा, विस्तारित व्युत्पत्तियोग र झन्डै साढे आठ दशकको निरन्तरित तथा धैर्यपूर्ण साधनायोगबाट पनि उहाँको कवित्वले उच्च परिष्कार र परिमार्जनसँगै प्रातिभ कलात्मक उत्कृष्ट दीप्तिलाई जीवन्त रूपमा प्राप्त गरेको पाइन्छ ।

विशेष गरी कविता र गीतिका रम्य विधागत वृत्तमा विशेष सिद्धि प्राप्त गरेका वरिष्ठ नेपाली स्रष्टा माधव घिमिरेका सिर्जनात्मक मुख्य प्रवृत्तिहरूमध्ये उहाँ प्रथमतः छन्दवादी कवि रहेको पाइन्छ र गद्यकविताका प्रयोगबाट परै रहँदै संस्कृत छन्दपरम्पराका साथै नेपाली लोकगीति परम्पराका छन्दहरूमै उहाँको कवित्व विशेष रमाएको छ र यही प्राचीन वर्णमात्रिक र मात्रिक वैदिकलौकिक संस्कृत छन्दपरम्परा र नेपाली वार्णिक लोकलयात्मक पुरातन परम्परामै उहाँको नवकवित्व र नवगीतिको श्रुतिमधुर प्राप्ति र प्रवृत्तिको उत्कर्ष नै उहाँको कवित्वको प्रथम विशिष्ट पहिचान हुँदै हो । यस सन्दर्भमा सुमधुर लोकगीति र भानुभक्तीय छन्दसिद्धिका साथै लेखनाथीय र देवकोटेली छन्दगत लयसृष्टिको उत्कृष्ट श्रव्यगुण नै उहाँको केन्द्रीय सिर्जनप्रवृत्ति रहेको छ भने त्यो उहाँका कविता, गीत, काव्य र नाटचजस्ता सबै विधागत रचनामा प्रबल र उच्च रूपमा रहेको पाइन्छ अनि उहाँका निबन्ध, कथा आदिका ललितगद्यमा पनि छन्दगत साङ्गीतिक गुण उल्लेख्य मात्रामा रहने गरेको पाइन्छ । वास्तवमा उहाँको वर्णमात्रिक छन्दरचनाको वृत्त आठअक्षरे अनुष्टुप छन्दमा पनि रमाउँदै अनि एघारअक्षरे इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दमा विशेष सघनित हुँदै शिखरिणी सत्रअक्षरे मन्दाक्रान्ता छन्दमा साङ्गीतिक शिखर ताक्दै अनि उन्नाइसअक्षरे शार्दूलविक्रीडित

छन्दमा सुमधुर सिद्धिसँगै एक्काइसअक्षरे स्रग्धरा छन्दका साङ्गीतिक गमकसम्म उचालिएको पाइन्छ । उहाँद्वारा सफलतापूर्वक विशेष प्रयुक्त संस्कृत वर्णमात्रिक छन्दसङ्ख्या डेढ दर्जनभन्दा बढी नै रहेको पाइन्छ । संस्कृत मात्राछन्दमा चाहिँ सिर्जनयात्राका सुरुका दुई दशकसम्म उहाँले परिमित प्रयोग गरेको पाइन्छ भने खास गरी 'नयाँ नेपाल' कवितासङ्ग्रह २०१३ पछि मात्राछन्दतर्फको उहाँको विशेष झुकाउ कमै देखा पर्छ । नेपाली वार्णिक लोकछन्दको समृद्ध प्रयोग उहाँका कविताका साथै काव्यमा र विशेषतः गीत र गीतिनाटकमा भएको छ भने उहाँले प्रयोग गरेका दुई दर्जनजति विशिष्ट लोकछन्दहरूमध्ये झ्याउरे, लामो झ्याउरे, असारे, चुड्का, बाह्रमासे, भोटेसेलो, सवाई, सँगिनी आदि विशेष उल्लेख्य छन् । नेपाली लोकछन्दको प्रयोग परम्परामा लोकगीति र लक्ष्मीप्रसाद देवकोटाका उत्कृष्टताकै हाराहारीका शिखर ताक्दै माधव घिमिरेका लोकछन्दका गीत, काव्य र नाटक सिर्जिएका छन् भने उनको गीतिक्षेत्रको लोकप्रियताका साथै सिद्धि बेजोड रहेको पाइन्छ । वास्तवमा उहाँका सकल कृतिका छन्दसिद्धिमा छन्दढाँचा मात्र नभई कविताको वर्णमयी या अक्षरमयी गतियति र समष्टि लयसिर्जनशील अन्तरसंरचनामा विविध वर्णतारतम्यको बहुविध अनुप्रासी सहज स्फूर्त र कुशल सन्निवेशबाट अन्तरसञ्चारित हुने सघन अन्त्यानुप्रासलगायतको आन्तरिक विशेष श्रुतिरमणीय लयमाधुर्यको महत्त्वपूर्ण योगदान रहने गरेको छ भने समष्टिमा नेपाली कविता र गीतका क्षेत्रमा स्रष्टा माधव घिमिरेको योगदान लोकगीति र भानुभक्तपछि बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाले सिर्जेका साङ्गीतिक शिखरको हाराहारीको अर्को समुन्नत साङ्गीतिक शिखरसंरचनाका रूपमा विशेष आस्वाद्य रहेको छ र भावकीय सन्तृप्तिको र श्रव्यमाधुर्यको सञ्चारमा विशेष सफल रहेको पाइन्छ ।

वरिष्ठ स्रष्टा माधव घिमिरेको सकल सिर्जनामा कथ्य विषयवस्तु, अन्तर्वस्तु या भावविधानका क्रममा मुख्यतः प्रकृति, पर्यावरण र

जीवमण्डल अनि मानविकी र सामाजिकी तथा सांस्कृतिकी र आध्यात्मिकीका साथै वैश्विकी र मानवीय जीवनप्रवाह एवं मनोगत भावमण्डल र अन्तर्वैचारिकीको समवेत अन्तर्घुलन नै मुख्य पर्याधारका रूपमा रहेको पाइन्छ । यही संश्लेषी परिवृत्तमा अब उहाँको सिर्जनाको प्रकृति, पर्यावरण र जीवमण्डलका अन्तर्वस्तुका बारेमा नै प्रथमत: चर्चा गरौँ । वास्तवमा यो पक्ष उहाँको सिर्जनशीलताको जीवन र जैविकी एवं सांस्कृतिकीको पनि महत्त्वपूर्ण उपादानका रूपमा समेत रहेको पाइन्छ ।

वरिष्ठ स्रष्टा माधव घिमिरेका जैविक र शैक्षिक एवं सिर्जनागत विकासका सन्दर्भ र प्रवृत्तिविशेषका परिसन्दर्भलाई जोड्दै उहाँका आधारभूत प्राप्ति र प्रदानका बारेमा अब थप चर्चा गरौँ ।

नेपाली प्रकृतिको अद्‌भुत सौन्दर्यको लीलाभूमि लमजुङका लेकबेसीका गाउँघरमा र गुरुकुल एवं लोकजीवनका र लोकभावनाका पाठशालाहरूमा अनि हिमाली विश्वसुन्दरी अन्नपूर्णाका छहारीमा र मर्स्याङ्दी गण्डकीका अनहद ध्वनिनिनादका गुञ्जनबीच अनि डेढदुई वर्षकै उमेरको मातृवियोगका अव्यक्त र निगूढ पीडाबीच आफ्ना बाबाका स्नेहपरिपूर्ण जाबीमा बोकिई र हजुरआमालगायतका परिपूरक स्नेहधारामा भिजी अनि गुरुजनका शिष्यस्नेहमा आप्लावित हुँदै दूधकटुवा मातृटुहुरा माधव घिमिरेको बाल्यकाल बित्यो भने त्यहीँको हिमाली र पहाडी भूगोल तथा प्रकृति र पर्यावरण तथा गाउँले सामाजिक र धार्मिक, सांस्कृतिक एवं शैक्षिक र साहित्यिक परिवेशबाट प्रभावित रह्यो । आफ्ना पिता र गुरुजनहरूका सनातन संस्कृत मन्त्रोच्चारण र वर्णमात्रिक छन्दबद्ध काव्यपाठ एवं श्लोकवाचनका श्रुतिमधुर परम्परासँगसँगै आशुकवित्वका धनी स्थानीय लोकप्रतिभाका पद्य र सिलोकका छन्दलय र लोकभाकाका विविध लयका गीतगायनका गूँजअनुगूँजसँगै किशोर कालमै लमजुङमै प्रस्फुटित र अभ्यासशील उहाँको कवित्वको मूल प्रवाहस्रोत र पर्याधारपीठिका त्यो पूर्ववैदिक,

वैदिक र लौकिक संस्कृत परम्पराको वार्णिक र मूलतः वर्णमात्रिक शाश्वत सनातन छन्द प्रवाह रह्यो जुन अङ्गिरा र आङ्गिरस दीर्घतमा, गौतम वामदेव, विश्वामित्र र उनका वंशज मधुच्छन्दा, बृहस्पतिवंशी भरद्वाज, उशना र शुक्राचार्य, अथर्वा, याज्ञवल्क्य, वागम्भृणी प्रभृति सयौँ वैदिक ऋषिऋषिका र महाकवि वाल्मीकि, व्यास, कालिदास आदि हुँदै नेपाली कवि गुरुकुलका परम्परामा र नेपाली लोकपरम्परामा पनि सतत प्रवाहित हुँदै आएको छ । नेपाली भाषामा लोकपद्य हुँदै आदिकवि भानुभक्त आचार्यका मौलिक र नव रचना एवं 'रामायण'लगायत रूपान्तरित जस्तो ठानिने तर अन्य छायामोनि न्यून रहेका पद्यरचनामा आफ्ना ढङ्गले श्रुतिरमणीय छन्द र लयको गूँजबाट माधव घिमिरेको छन्दसंरचना चुलबुलायो ।

घिमिरे काठमाडौँ प्रवेश गरेपछि क्रमशः उक्त छन्दवैभवसँगै रसभाववैभव र काव्यउत्कर्षसहितको लोकप्रियता प्राप्त गर्दै कवि तीर्थराज पाण्डे, कविवर लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ आदिका सुकवित्वका उत्प्रेरणाबाट र लोक आशुकवि र गीतिप्रतिभाका परिपोषणबाट माधव घिमिरेका सुदीर्घ कवित्वसाधनाका क्रममा नेपाली वाङ्मय जगत्मा अझ नवीकृत र परिष्कृत हुन पुगेको हो । एकातर्फ उहाँका श्रुतिरम्य र सुमधुर कविता, बालकविता र काव्यमा विशेषतः कवि शिरोमणि लेखनाथको नेपाली परिष्कारवादी धाराको र अर्कातर्फ उहाँका कतिपय कविता, काव्य, गीत, गीतिनाटक, निबन्ध आदिमा विशेष गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा नेपालीकृत र देवकोटाकृत स्वच्छन्दतावादी र मानवतावादी प्रगामी धाराको आन्तरिक उत्प्रेरणा अन्तर्निहित रहेको मानिन्छ र यी दुवै महान् प्रतिभाको समन्वितिको परस्परपरिपूरक काव्यसेतु रच्दै कविवर माधव घिमिरेले आफ्नो सुन्दर मौलिक सिर्जनपथ क्रमशः पहिल्याउनुभएको हो । त्यस्तै अरबी, फारसी, उर्दू परम्पराका महान्

स्रष्टा गालिबलगायत विशेषत: बङ्गला भाषाका महान् स्रष्टा एवं विश्वकवि रवीन्द्रनाथ ठाकुर आदिको प्राचीन तथा नवीन एसियाली एवं युरोपेली साहित्यसम्पदाको र साहित्यसंस्कृतिको समन्वयकारी विश्वबोध र आंशिक रूपमा कतिपय पाश्चात्य स्रष्टाहरूका परोक्ष परिमित उत्प्रेरणासमेत लिई दक्षिण एसियाली शाश्वत छन्दप्रवाह र नेपाली लोकगीतिको सौन्दर्यमाधुर्यको जुन नव प्रतिष्ठापन माधव घिमिरेले गर्नुभयो त्यसबाट सहज रमणीय भावविन्यास एवं समलङ्कृत रम्य शिल्पशैलीको रससिद्धिको पूर्ण छनक भएको घिमिरेली मौलिक नेपाली र एसियाली पाराको नवजागृत कवित्व र नवगीतिको विशिष्ट गुरुकुलसमेत प्रतिष्ठित हुन पुग्यो र यसका सम्पोषणका सन्दर्भमा र सिद्धिप्राप्तिका क्रममा उहाँको जीवनभरको बहुविधागत सिर्जनयात्रा सफल रहेको पाइन्छ । नेपाल र नेपाली मर्ममहिमाका अथक उद्‌बोधक राष्ट्रकवि र विश्वबोध तथा मानवतावादको चेतनाधारा अनि विश्वशान्तिको अन्तर्ध्वनिको व्यञ्जक र गायक अनि प्रकृति र मानव जीवनका तादात्म्य र देश, समाज, जगत् र विश्वसृष्टिका समविषम वृत्तिप्रवृत्तिका अमृतविषका बीच सुन्दर र शिव विराट् जीवनचेतनाका कलात्मक सुन्दर अभिव्यञ्जनाका सन्दर्भमा उहाँको विशेष जोड मानवजीवनको आधारभूत रसमयताको र सिर्जनशीलताको गान गर्नुमा नै रहेको पाइन्छ । उहाँ नेपाली कविता र गीतिकविताका क्षेत्रमा जनहृदयस्पर्शी सिद्धिप्राप्त सुकवि एवं उच्च कवित्व र गीति गुणका साथै नाटचमर्म र नाटकीय चेतनाका पारखी र ललित निबन्ध चेतनाका कुशल शिल्पी हुनुजस्ता बहुगुणका धनी नेपाली महान् बहुप्रतिभाशाली काव्यशिल्पी र स्रष्टा हुनुहुन्छ । वास्तवमा उहाँका रचना जति बहुस्तरीय व्यञ्जनाशाली र ध्वनिगुणसम्पन्न तथा उत्कृष्ट छन्, त्यत्तिकै सहज, अजटिल, प्रसादगुणशाली, मर्ममधुर र रसमय अनि लोकप्रिय पनि रहेका छन् ।

•

राष्ट्रकवि माधव घिमिरे दक्षिण एसियाली विभिन्न समृद्ध भाषामा अब प्राय लुप्त हुँदो प्राग्वैदिक सनातन वार्णिक र वर्णमात्रिक अनुष्टुप्, गायत्री आदि प्राचीन छन्द र तिनका प्रस्तारभेदअन्तर्गतका लौकिक इन्द्रवज्रा, मन्दाक्रान्ता, शिखरिणी, शार्दूलविक्रिडित, स्रग्धरा आदि छन्दमाधुर्यका संरक्षणमा र झ्याउरे, सवाई, चुड्का, तामाङसेलो आदि बहुविध नेपाली लोकछन्दका नवनव प्रवर्तन एवं प्रवर्धन र प्रतिष्ठापनमा सफल नवछन्दशिरोमणि सुकवि, अमर गीतकार, लोकप्रिय गीतिनाटचकार, बालबालिकाका सहृदयी अति प्रिय कवि एवं सुललित गद्यस्रष्टाका साथै नेपाली अनुवादका रूपमा नेपाली जनहृदयमा र आफ्ना सुकृतिहरूमा पनि सुप्रतिष्ठित हुनुहुन्छ। उहाँजस्ता शतजीवी महान् स्रष्टाका राष्ट्रिय समभिनन्दनको साक्षी र गतिशील लहरको सहभागी हुन पाउनु हामी सबैको अहोभाग्य हो भन्ने ठान्दछौँ। उहाँका सयौँ जन्मवर्ष पूरा भई अर्को वर्ष चलिरहेको यस उल्लासमय अवसरमा उहाँले गरेको राष्ट्रभाषा नेपालीको यतिविधि बहुविध समृद्धिशाली पचासीबर्से उत्कृष्टतर साधनाको र सारस्वत सिद्धिप्राप्त महान् शिल्पी अग्रज स्रष्टा व्यक्तित्वको पारख र कदर गर्दै र उहाँका उत्कृष्ट र समुन्नत विभिन्न साहित्यिक प्रदानप्रति उच्च आभारसमेत व्यक्त गर्दै हामी उहाँप्रति मङ्गलमय चिरजीवन, सुस्वास्थ्य, निरन्तर सुसमृद्धि र आनन्दले परिपूरित आगामी दीर्घजीवनका निम्ति हार्दिक शुभकामना प्रकट गर्दछौँ ।

खास गरी गण्डकी प्रदेशका मर्स्याङ्दी कालीगण्डकी प्रभृति नदी प्रवाहको अनहद अन्तर्नादको साङ्गीतिक गूँज र गण्डकी सभ्यता संस्कृतिका अन्तर्ज्योतिसमेत समेटिएको नेपाली राष्ट्रभाव र युगीन विश्वबोध र मानवता निनादको पनि सिर्जनरस कविवर माधव घिमिरेका रचनामा अन्तर्व्याप्त रहेको छ। यस परिप्रेक्ष्यमा शतशरद्द्रष्टा जीवनयात्राको समकालका वि.सं.१९७६–२०७५ साल (सन् १९१९–२०१८)का बीचको समयको सिङ्गै शताब्दीको श्री ५

त्रिभुवनको राज्यकाल र श्री ३ चन्द्रशमशेर राणाका शासनकालदेखि वर्तमान गणतन्त्रकालसम्मको नेपालसन्दर्भ तथा प्रथम विश्वयुद्धोत्तर सङ्क्रमणसमयदेखि पराऔद्योगिक अद्भुत आंशिक विश्वसमृद्धिका सम्भावना तथा पारमाणविक विभञ्जन, साञ्चारिकी तथा अन्तरिक्षकीको निरन्तरित क्रान्तिक्रम मानवी अनुवंशकोशिकाको सम्पादन र परिवर्तन एवं कृत्रिम बुद्धिमत्ताको प्रायोगिकी आदिका साथै आधारभूत मानवीय गरिबी र पर्यावरणको ह्रास तथा विश्वविनाशका विविध खतरासँगसँगै मडारिइरहेको वर्तमान सङ्घर्षशील र रचनाशील विश्वसन्दर्भसम्मको विगत सय वर्ष या गत शताब्दीका हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा वैश्विक र मानवीय सङ्घर्ष, सिर्जना, पीडा, प्राप्ति र अस्मिताको अधिकतर प्रतिछायाको सूक्ष्म प्रतिबिम्बी सङ्केत जसरी कविवर माधव घिमिरेका 'विषकन्या' (२०५०) र 'अश्वत्थामा' गीतिनाटच (२०५३) र रचनाधीन 'ऋतम्भरा' महाकाव्यसम्मका र परवर्ती रचनामा भेटिन्छ । उहाँका सिर्जनाका वाङ्मयिक कलाका दर्पणमा जे जो अङ्कित र ध्वनित भएको छ त्यसको समष्टिगत उच्च मूल्याङ्कन गर्दै हामी नेपाल राष्ट्र, नेपाली जनसमुदाय र स्रष्टा तथा भावकवृन्दका तर्फबाट सादर उहाँको समभिवादन गर्दछौँ र भन्दछौँ– 'त्वं जीव भूयश्च शरदः शतात्; तपाईं शतशरद्भन्दा पनि धेरैधेरै बढी बाँच्नुहोस् ।'

कवि माधव घिमिरेको प्रथम प्रकाशित तथा सार्वजनिक हुन पुगेको पद्यरचना 'ज्ञानपुष्प' कविता ('गोरखापत्र' वि.सं.१९९२) देखिको साहित्ययात्राले पनि चार बीस र पाँचजतिको यात्रा पूरा गरिसकेको छ र उहाँको प्रथम पुस्तकाकार कविताकृति वा कविताग्रन्थ 'नवमञ्जरी' कवितासङ्ग्रह र 'उषाचरित्र' चम्पूकाव्यको प्रकाशन र सार्वजनिकीकरण क्रमशः वि.सं.१९९४ र १९९८ मा भएको परिप्रेक्ष्यमा उहाँले नेपाली पुस्तकसंसारका काव्यपथमा विचरण गर्न सुरु गरेकै पनि चार बीस र पाँच वर्षजति भइरहेको छ । प्रथमतः संस्कृत शिक्षा प्राप्त गरी

सर्वदर्शनशास्त्री हुन पुग्दै विशेषतः वैदिक काव्यस्रोत तथा वाल्मीकि, व्यासका आर्ष काव्य तथा उत्तर वैदिक युगका उपनिषदीय परम्परालगायत रुमानी भाव र परिष्कारवादी काव्यशैलीका अधिपति काव्यकलाकोविद महाकवि कालिदासलगायतका कवितारसायनबाट र नेपाली लोक पद्य तथा लोकगीतिको समृद्ध परम्परासँगै आदिकवि भानुभक्त आचार्य, माध्यमिक आख्यानकवि होमनाथ उपाध्याय र चम्पूकवि तीर्थराज पाण्डेलगायत विशेषतः नेपाली कविताका आधुनिक युगका नेपाली काव्यसौन्दर्यका उन्मेषक कविशिरोमणि लेखनाथ पौडयाल प्रभृति अंशतः पूर्वस्वच्छन्दतावादी र मूलतः परिष्कारधर्मी कविपरम्पराबाट उत्प्रेरित भई उन्मेषित हुँदो कवि माधव घिमिरेको कवित्वले महाकवि लक्ष्मीप्रसाद देवकोटाको नेतृत्वको नेपाली नवकवित्वको अर्को तरेलीको प्रथमतः स्वच्छन्दतावादी वा रुमानी र मानवतावादी तथा क्रमशः सामाजिक प्रगामी (वा प्रगतिपरक) युगोन्मेषतर्फ पनि समुन्मुख अभिनव काव्यधारालाई पनि आत्मसात् गर्दै क्रमशः यात्रा गर्‍यो । यही रुमानी भाव र परिष्कृत शैलीकै बीचबाट कवि तथा गीतकार माधव घिमिरेको नवकवितापथ ऊर्जस्वित हुन थाल्यो । यसै काव्ययात्रासँग हिन्दी छायावादी रहस्यवादी काव्य युगसँगको उहाँको प्राथमिक सिर्जनात्मक अन्तःसान्निध्यलाई पनि 'गोविन्द' महाकाव्य (२००४) सँग अलिकति सन्दर्भित तुल्याई हेर्न सकिन्छ नै । उहाँको कवित्वको प्रथम विख्यात सुकवित्वको ध्वज भने त्यही 'राष्ट्रिय झन्डा'नामक फुटकर कविता (२००४ सालमा काठमाडौँका सरस्वतीसदनमा सम्पन्न विराट् कविसम्मेलनमा प्रथम पुरस्कारप्राप्त रचना) नै हो जसले उहाँको राष्ट्रवादी प्रखर काव्यस्वरको र राष्ट्रकवित्वको पनि संवाहक प्रथम प्रतिष्ठित कविताकृतिका रूपमा समेत नेपाली काव्यधर्ती र गगनमा फरफराउँदो प्रथम कवितापताकाको भूमिका खेल्यो ।

उपर्युक्त सन्दर्भमा अगि बढ्दै विचार गर्दा कवि माधवप्रसाद घिमिरेको कवित्वको राष्ट्रिय ख्याति र राष्ट्रकवित्वको समुन्मेष सुरु

भएको पनि अहिले बहत्तर वर्ष हुँदै छ । यसैबीच उहाँको कवित्वका साथै गीतिकारिता हिन्दी छायावादी, रहस्यवादी काव्यलोकबाट प्राय: फुत्किई निकै परतिर चहार्दै ती भारतीय बाङ्गला (बङ्गाली) साहित्यका रुमानी वा स्वच्छन्दतावादी धाराका उन्नायक तथा विश्वकवि उपाधिले पनि सम्मानित गरिने (र विश्वविख्यात नोबल साहित्यपुरस्कारका पनि विजेता) बङ्गाली कवीन्द्र रवीन्द्रनाथ ठाकुरका कविताकाव्य, गीत र गीतिनाटचलगायतको विपुल काव्यसृष्टिसँग पनि सम्पर्कित हुन पुग्यो । वास्तवमा यसैताक आफ्नी प्रिय पत्नी गौरीको देहावसानको अविसह्य शोक खप्नुपर्दा माधव घिमिरेको भावुक करुण कविमानस 'गौरी' खण्डकाव्यका सशक्त शोकोद्गारका अन्तर्वाष्पित भावाकुल उत्कृष्ट कवित्वतर्फ उन्मुख हुन पुग्यो र यहीँबाट नेपाली काव्यजगत्मा रुमानी भाव र परिष्कृत शैलीमा सम्पुटित र सन्तुलित विशेष रम्य त्यो माधवीय वा घिमिरेली कवित्व उद्बुद्ध हुन पुग्यो जसले एकातर्फ महाकवि कालिदासको कवित्वकलालाई अलि झल्काउँछ भने अर्कातर्फ नेपाली सन्दर्भमा लेखनाथ र लक्ष्मीप्रसाद देवकोटाको बीचको कवित्वको अर्को उन्नत मध्यबिन्दुको सङ्केत गर्छ र आफूलाई कहिले, कता कालिदासको नूतन अवतारको दाबी गर्ने अनि भारतीय (संस्कृत : बङ्गाली), पाश्चात्य (युरोपेली : अङ्ग्रेजी) र मध्यएसियाली (फारसी : सूफी) वैश्विक प्राचीन र अभिनव काव्यअन्तर्धारका अनि राष्ट्रिय र लोकस्तरीय अनि आर्ष भारतवर्षीय विपुल अर्वाचीन काव्यसंसारका नवोद्भावक काव्यकोविद (तथा सँगसँगै रुमानी र परिष्कृत अनि पर्याप्त आर्ष र प्रचुर रूपमा प्रगामी नवविश्वकवि) रवीन्द्रनाथ ठाकुरको विराट् सुकवित्वलाई पनि 'शकलमै सकलता दिने' ढङ्गले झल्काउन सक्तछ ।

यिनै सन्दर्भमा नै नेपाली काव्यजगत्का सिद्धहस्त शिखर कविकाव्यकार तथा गीतकार (र गीतिनाटचकार) कवि माधव

घिमिरेको र उहाँको राष्ट्रकवित्वको पनि उर्वर बीजाधान हुन गयो– 'राष्ट्रिय रुन्डा' फुटकर कविता, 'गौरी' शोककाव्यका शारदामा प्रकाशित काव्यांश र अरू अनेक अम्लानधर्मी फुटकर कविता र गीत हुँदै । जहाँ २००४ सालकै वरपर कवि गोपालप्रसाद रिमालको दृढ प्रवर्तनशीलता र कवि भीमनिधि तिवारीको आंशिक संलग्नता एवम् महाकवि लक्ष्मीप्रसाद देवकोटा र कविवर बालकृष्ण सम आदिका ऊर्जस्वी रचना प्रवाहका एक अंशमार्फत पनि छन्दोबद्धताबाट पर्याप्त मुक्तिका दिशामा नेपाली गद्य कविताको प्रसारको नव फाँट विस्तारित हुँदै आयो र कवि विजय मल्ल, कवि भूपि शेरचन, कवि मोहन कोइराला, कवि बैरागी काहिँला, कवि ईश्वरवल्लभ आदि गद्यकविताकेन्द्री नवकविहरू हुँदै २०२० को दशकदेखि त्यो प्रयोगशील रूपमा समृद्धसमेत बन्दै अनि पर्याप्त प्रयोगधर्मी र सँगसँगै यथार्थवादी र प्रगतिवादी पनि फाँट छुँदै पौलमा नै अद्यावधि निरन्तर गतिमय छ । यस बहत्तरबर्से युग प्रवाहमा लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ तथा बालकृष्ण समका साथै भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ र केदारमान श्रेष्ठ प्रभृत्ति परिष्कारवादी नवपरिष्कारवादी तथा पूर्वस्वच्छन्दतावादी र नवस्वच्छन्दतावादी तथा प्रगामी मानवतावादी एवं प्रगतिवादी कवि प्रतिभाको ज्यादा अवसान र युगान्तको अनि नवप्रवाहको बीच पनि नेपाली पद्य र गीतिजगत् (र गीति नाटक)का अटल युगधरहरा र उन्नायक तथा अभिभावकका रूपमा कविवर माधव घिमिरे नेपाली पद्यफाँटमा र गीतिजगत्मा मुख्यत: फुटकर कविता र गीत तथा काव्य र गीतिनाटच सिर्जनामार्फत प्रतिष्ठित भई दिनमा सूर्य र रातमा ध्रुवधारातुल्य देदीव्यमान पनि रहेको पाइन्छ । यसैबीच पुन: २०३० को दशकदेखि क्रमश: नेपाली गद्य कविताको समानान्तर रूपमा तर कविसहभागिताका अति न्यून नै परिमाणमा रहेको तर श्रोतापाठकसङ्ख्या उल्लेख्य नै भएको पुन: नेपाली पद्यको पुनर्जागरण र पुनर्दीप्तिको युग देखा पर्दै आयो । यहाँ कवि घिमिरेको समष्टि कवित्व र राष्ट्रवादी स्वरको पद्यात्मक र

गीतिमय गेय, श्रव्य मधुर सम्प्रभाव केन्द्रीय प्रभावक तत्त्व रह्‍यो र त्यसको प्रभावकारिता पनि फैलँदै नै रह्‍यो ।

वस्तुत: पूर्वोक्त विगत पचासी वर्षका बीच कवि माधव घिमिरेको रुमानी, प्रगामी र परिष्कृत तथा 'शकल'मा 'सकल'ता र पूर्णताको व्यञ्जक परिमित तर अम्लान तथा अजर, अमर काव्यगुण र गीतिगुणका दृष्टिले अपरिमित उत्कृष्ट कवित्व र गीतिको (अनि बालसिर्जना र गीतिनाटचलगायतको) जुन सम्पदाले पर्याप्त मात्रामा फुटकर रूपमा प्रकट हुँदै र बिस्तारै अनि शनै:शनै: कृतिपुञ्जितसमेत हुँदै कवि माधव घिमिरेलाई अरू प्रवृत्तिगत कविवैभवसँगै राष्ट्रकवि तुल्याए भने तिनको पुस्तकीय वा सार्वजनिक, रङ्गमञ्चीय अभिव्यञ्जनाको सेरोफेरो यसभन्दा अगि पनि धेरथोर चर्चा गरिएको परिवृत्तमा यस्तो छ– 'घामपानी' बालकवितासङ्ग्रह (२०१०), 'नयाँ नेपाल' कवितासङ्ग्रह (२०१३), 'गौरी' शोककाव्य (२०१७), 'राष्ट्रनिर्माता' खण्डकाव्य (२०२३, २०३०), 'बालालहरी' बालकवितासङ्ग्रह (२०२६), 'धर्तीमाता' खण्डकाव्य (२०३०), 'किन्नरकिन्नरी' गीतिसङ्ग्रह (२०३३), 'शकुन्तला' गीतिनाटक (२०३७), 'मालती मङ्गले' गीतिनाटक (प्रकाशन २०३९), 'विषकन्या' गीतिनाटक (२०५०), 'सुनपङ्खी चरी' बालगीतसङ्ग्रह (२०५३), 'गौँथली र गजधम्मे' (२०५७), 'इन्द्रकुमारी' प्रभृति काव्य (२०५७), 'हिमालपारि हिमालवारि' (गीतिनाटक २०५४), 'देउकी' गीतिनाटक (२०५५), 'चैतवैशाख' कवितासङ्ग्रह (२०६०) आदि । केही वर्षयता उहाँ आफ्ना 'ऋतम्भरा' महाकाव्यमा विशेष केन्द्रित रहनुभएको छ । लक्ष्मीप्रसाद देवकोटाले 'शाकुन्तल' महाकाव्य रचेताक (२००२ सालतिर) नै कवि घिमिरेले नै 'गोविन्द' महाकाव्यका रचनामा संलग्न रही पछि सो प्रयास परित्याग गरेका सन्दर्भमा उहाँ हाल आफ्ना जीवनका महासान्ध्यगानका रूपमा 'ऋतम्भरा' महाकाव्य पूरा गर्न समुद्यत रहनु पनि विशेष उल्लेख्य छँदै छ ।

राष्ट्रका तर्फबाट नेपाल सरकारको निर्णयानुसार कविवर माधव घिमिरेलाई २०६० सालमा राष्ट्रकवि उपाधि प्राप्त भयो तर उहाँको राष्ट्रकवित्वको सम्प्रसारक्रम र त्यसको बहुस्तरीय जनानुमोदनको सन्दर्भ भने निकै नै पहिलेदेखिकै हो । वास्तवमा उहाँको 'राष्ट्रिय झन्डा' (२००४) देखि यताका सबैजसो मुख्य रचनामा नेपाल राष्ट्र र यसको राष्ट्रियता एवं देशभक्ति र स्वदेशानुरागको भावपरिमण्डल अन्तर्व्याप्त छ भने राष्ट्रियताका विभिन्न उपादान र पक्षलगायत समष्टि राष्ट्रप्रेमको भावको कृतिगत सञ्चरण र पुस्तौँपुस्ताको प्रभावको क्रम भने चालु नै रहँदै आएको छ । यहाँ म उहाँको राष्ट्रकवित्वका बारेका मैले प्रस्तुत गर्दै आएका कतिपय संस्थापनाका सारभूत मान्यतालाई पनि सङ्क्षेपमा रेखाङ्कित गरौँ कि भन्दछु !

जैविक उमेरका दृष्टिले कविवर माधव घिमिरे यतिखेर (२०७६ साल असोज ७ गतेयता) सय वर्षको उमेर पूरा गरी एक सय एकौँ वर्षमा प्रवेश गरिसक्नुभएको छ र सिर्जनात्मक रूपमा चाहिँ उहाँ सार्वजनिक रूपमा १९९२ सालदेखि देखा परी झन्डै साढे आठ दशकको शताब्दी लामो कवितायात्रा तथा गीति र परवर्ती गीतिनाटचपरक बृहत् काव्यसाधनाले बहुपुष्पित महान् जीवनगाथाका धनी बहुयशस्वी स्रष्टा हुनुहुन्छ । एकातर्फ यति बृहत् काव्ययात्राका बीच कविवर माधव घिमिरेले महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल' महाकाव्यको रचना र प्रकाशनको समकाल (२००२ साल) तिरै 'गोविन्द' महाकाव्य लेख्दै र छपाउँदै महाकाव्ययात्रा सुरु गरेको तर त्यो अपूर्ण नै रहेको अनि त्यसपछि विगत झन्डै छ दशकभन्दा बढी नै अवधिबीच आफ्ना सिर्जनशील काव्यपखेटा बिस्तारै फडफडाउँदै आराधनाशील रही २०६३ सालदेखि यता आफ्नो 'ऋतम्भरा' महाकाव्यका लेखनमा विशेष केन्द्रित भई त्यसको झन्डै चतु:पञ्चमांश र अरू बढी (नब्बे प्रतिशतजति अंश नै) पूरा

गर्न लागेको र अब दुई सर्ग सक्ने जानकारी उल्लेखयोग्य छ । वस्तुत: यही महाकाव्य पनि उहाँको राष्ट्रकवित्वको समेत अर्को शीर्षस्थ रचना हुन सक्ने बाँकी रहेको देखिन्छ ।

वास्तवमा नेपाली जनसाधारण र विभिन्न सुधी जनहरूले विगत छ दशकका बीचका विभिन्न पाठकीय अनुक्रिया प्रतिक्रिया र समालोचना तथा कविता र गीति तथा ललित निबन्ध प्रबन्धका रचनाका साथै काव्यगत भावोद्गारमार्फत एवम् मूलत: सहभागितामूलक कृतिगत पठन, श्रवण र अवलोकनको जनसघनता एवम् शैक्षिक सन्दर्भ र साहित्यिक आयोजना तथा सार्वजनिक मान्यता र स्वीकृतिका विभिन्न प्रसङ्गमार्फत पनि नेपाली जनहृदयका सच्चा राष्ट्रकवि माधवप्रसाद घिमिरेप्रति रचनात्मक कृतज्ञताका अभिमत विगत पैँसट्ठी वर्षबीच अनेक प्रकारले व्यञ्जित हुँदै आएका हुँदै हुन् । यसै बृहत् परिप्रेक्ष्यमा विशेषत: उहाँको सहस्रचन्द्रदर्शन अनुष्ठान (चौरासी) र त्यसपछिको राष्ट्रिय अभिनन्दन (२०६०)का परिप्रेक्ष्यमा प्रकाशित विभिन्न प्रकारका अभिनन्दनात्मक र समीक्षात्मक एवम् सिर्जनात्मक सामग्रीहरूका समेत समवेत उपस्थितिबीच पनि कवि घिमिरेको राष्ट्रकवित्व टड्कारिन पुगेको हो । आखिर यिनै सम्मतिको उपज उद्घोषण पनि हो उहाँलाई राष्ट्रकवि उपाधि प्रदान गर्ने २०६६ सालको सरकारी घोषणा । नेपाली कविताजगत्मा विगत पैँसट्ठी वर्षका बीच मुक्त अन्तर्लयी गद्यकविताका प्रचुर प्रचारप्रसारका बीचको लामो अवधिमा नेपाली छन्दोबद्ध कविताको अटल साधना गर्दै सिद्धिप्राप्त 'माधव घिमिरे'ली' (लेखनाथ, बालकृष्ण, लक्ष्मीप्रसादोत्तर) खास गरी विक्रमीय एक्काइसौँ शताब्दीको लगभग अद्यावधिक (झन्डै द्वितृतीयांश शताब्दीको) वर्णमात्रिक, मात्रिक र वार्णिक लोकलयात्मक उत्कृष्टतर छन्दकवित्वको राष्ट्रिय योगदानको अन्तर्महत्त्वमा जोड दिँदै र त्यसमार्फत सञ्चारित राष्ट्रिय कवित्वको पनि सम्मान गर्दैसमेत सम्भवत: उपर्युक्त राष्ट्रकवित्व घोषित भयो ।

यसै शृङ्खलामा के पनि सकार्नै पर्छ भने कविवर माधव घिमिरे राष्ट्रकवि घोषित भएपछि यतिखेर उहाँको अटल राष्ट्रिय छन्दप्रयोग र नेपालका भूगोल र प्रकृति तथा पर्यावरण एवम् नेपाली गरिमामय दीर्घ इतिहास र उन्नत सभ्यताप्रवाह अनि संश्लेषी नेपाली समाजरचना र संस्कृति तथा जनजीवनधारा एवम् नेपाली अगाध राष्ट्रप्रेम र राष्ट्रिय जागृति तथा राष्ट्रिय ऐक्यभावको सशक्त अन्त:स्पन्दनले पनि ओतप्रोत कालजयी असङ्ख्य कविता र गीत तथा 'गौरी', 'राजेश्वरी', 'राष्ट्रनिर्माता', 'धर्तीमाता', 'इन्द्रकुमारी' प्रभृति अनेक काव्य र 'मालती मङ्गले', 'हिमाल पारि हिमाल वारि' प्रभृति विभिन्न गीतिनाटच आदिमा अन्तर्निहित सुन्दर र मधुर एवम् सँगसँगै प्रखर तथा चिरप्रेरणाप्रद उत्कृष्ट राष्ट्रकवित्वको प्रगानका केन्द्रमा रहेर कतिपय स्रष्टाले राष्ट्रकविलाई कवि तुल्याई कवितात्मक अर्चनाप्रयासका रूपमा काव्य महाकाव्यका रचनाद्वारा पनि राष्ट्रकवि घिमिरेको अभिनन्दन नेपाली कविजगत्द्वारा गरिँदै आएको पाइन्छ ।

कविवर माधवप्रसाद घिमिरे नेपाली काव्यकविता र गीति एवम् गीतिनाटचका वर्तमान जीवित शिखर स्रष्टा तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठद्वारा प्रवर्तित नेपाली स्वच्छन्दतावादी (रुमानी : रोमान्टिक) काव्यधाराका विशेषत: उच्च परिष्कृतियुक्त तथा झन्डै उहाँहरूजस्तै पर्याप्त प्रगामी वा अग्रगामी जीवनदृष्टि एवं विश्वबोध तथा मानवतावादी उच्च संचेतनासहित अद्यावधिक रचनाशील नेपाली कवितायात्राका अन्यतम सशक्त उन्नायक पनि हुनुहुन्छ । नेपाल राष्ट्र र नेपाली राष्ट्रियताका कवितात्मक र गीतात्मक प्रगानका दृष्टिले बृहत् नेपाली समाजको अन्तर्हृदयलाई 'राष्ट्रिय झन्डा' कविता (२००४) देखिका विगत सात दशकभन्दा बढी नै समयका आफ्ना क्रमश: झन्झन् सुन्दर, मधुर र कालजयी हुन पुगेका असङ्ख्य कविता, गीत र अनेकौं खण्डकाव्य

तथा कतिपय गीतिनाटकमार्फत कवि माधवप्रसाद घिमिरेले चिरऋङ्कृत गर्दै आउनुभएको छ र नेपाली राष्ट्रियताका संवाहक कविका रूपमा पनि उहाँलाई उच्च सिद्धि प्राप्त छ । प्रथमत: बृहत् नेपाली जनसमाज र भावक समाज (पाठक, श्रोता र दर्शकको समुदाय) तथा विशिष्ट साहित्यानुरागी भावक र समालोचक वर्गबाट अनि आखिर राष्ट्रिय स्तरमा समेत अत्यन्त अन्वर्थक र सार्थक रूपमा कविवर माधव घिमिरेलाई राष्ट्रकवि उपाधि वा सम्मान प्राप्त भएको छ त्यो नेपाली जनहृदयको अनुरागमयी श्रद्धाका भावलहरलाई र आफ्ना राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान् नेपाली जनसंवेदनालाई नेपाल सरकारका तर्फबाट औपचारिक राष्ट्रिय मान्यता प्रदान गरिनुका रूपमा अर्थिन पुगेको छ ।

वास्तवमा नेपाली जनसाधारण र विभिन्न सुधी जनहरूले विगत छ दशकका बीचका विभिन्न पाठकीय अनुक्रिया, प्रतिक्रिया र समालोचना तथा कविता र गीति तथा निबन्धप्रबन्धका रचनाका साथै काव्यगत भावोद्‌गारमार्फत एवम् मूलत: सहभागितामूलक कृतिगत पठन, श्रवण र अवलोकनको जनसघनता एवम् शैक्षिक सन्दर्भ र साहित्यिक आयोजना तथा सार्वजनिक मान्यता र स्वीकृतिका विभिन्न प्रसङ्गमार्फत पनि नेपाली जनहृदयका सच्चा राष्ट्रकवि माधवप्रसाद घिमिरेप्रति रचनात्मक कृतज्ञताको अभिमत विगत साठी वर्षबीच अनेक प्रकारले व्यञ्जित गर्दै आएका हुँदै हुन् ।

यसै शृङ्खलामा कविवर माधव घिमिरे राष्ट्रकवि घोषित हुनु उहाँको अटल राष्ट्रिय छन्दप्रयोग र नेपालका भूगोल र प्रकृति तथा पर्यावरण एवम् जैविकी तथा सामाजिकी एवं नेपाली गरिमामय दीर्घ इतिहास र उन्नत सभ्यताप्रवाह अनि संश्लेषी नेपाली समाजरचना र संस्कृति तथा जनजीवनधारा एवम् नेपाली अगाध राष्ट्रप्रेम र राष्ट्रिय जागृति तथा राष्ट्रिय ऐक्यभावको सशक्त अन्त:स्पन्दनले पनि ओतप्रोत कालजयी असङ्ख्य कविता र गीत तथा ‘गौरी’,

'राष्ट्रनिर्माता' र 'धर्तीमाता' प्रभृति अनेक काव्य र 'मालती मङ्गले' प्रभृति विभिन्न गीतनाटच आदिमा अन्तर्निहित सुन्दर र मधुर एवम् सँगसँगै प्रखर तथा चिरप्रेरणाप्रद उत्कृष्ट राष्ट्रकवित्वको प्रगानका केन्द्रमा रही हुर्किंदै आएको जनस्तरको भावनाअनुरूप नै उहाँलाई राष्ट्रिय स्तरमा राष्ट्रकविको सम्मान दिइएको अनुभव हुन्छ ।

साझा राष्ट्रभाषा नेपालीका सिर्जनात्मक अँगालामा नेपाली राष्ट्रियताका भावधाराका उत्कृष्ट कवितात्मक गान र संवहनका पूर्वोक्त परिप्रेक्ष्यमा प्रथमतः सुवानन्द, उदयानन्द अर्ज्याल, भानुभक्त आचार्य, मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्ग्याल आदिले तथा त्यसपछि लेखनाथ पौडचाल, धरणीधर कोइराला, महानन्द सापकोटा आदि अनेक कविहरूले गरेको कवितात्मक सिर्जनको पनि आफ्नो महत्त्व छँदै छ । अवश्य नै राष्ट्रभाषा नेपालीमा रचित नेपाली काव्यजगत्मा नेपाली राष्ट्रियताको सशक्त संवाहकका रूपमा उपर्युक्त अनेकौँ अग्रज कविहरूले र विशेषतः कवि बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल आदि अनेकौँ विशिष्ट पूर्वकविहरूले र यी र धर्मराज थापालगायतका अरू गीतकारहरूले समेत गरेको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ तर विगत सात दशकजतिका बीच राष्ट्रियताको भावधारालाई नेपाली कविताकाव्य र गीत तथा गीतिनाटचमार्फत प्रतिष्ठित तुल्याउनमा स्रष्टा माधव घिमिरेको सिर्जनात्मक योगदान अति विशिष्ट कोटिको रहेको छ । त्यसैले नेपाली लोकहृदयले र विशेषतः भावकीय पारखी सञ्चेतनाले वि.सं.२००५ को दशकभित्रै प्रथमतः क्रमशः पहिचानेको र त्यसपछिका अरू दुईतीन दशकबीच सघनित तुल्याई प्राज्ञिक स्तरमा लगभग सकारेको माधव घिमिरेली नेपाली राष्ट्रकवित्वको राज्यस्तर र तत्कालीन सरकारी वा राजकीय स्तरबाट पनि २०६० साल असोज ८ गते औपचारिक परिपुष्टि हुन पुगेको हुँदै हो ।

माधवप्रसाद घिमिरेको साहित्यिक व्यक्तित्वको मूल केन्द्र कवित्व नै हो । उहाँ कवि, गीतकार र गीतिनाटचकारका रूपमा सक्रिय तथा सुपरिचित रहेको पाइन्छ तापनि कवित्व र गीतचेत परस्पर सम्बद्ध रहेको र त्यही गीतिकविताको चेतसँगै गीतिनाटचकारिता सम्बद्ध बनेको कुरासमेत स्मरणीय छँदै छ । त्यस्तै उहाँको बालकविताक्षेत्रको उत्कृष्ट योगदान पनि उहाँको कविव्यक्तित्वकै विशेष पक्ष हो ।

यस पूर्वार्द्ध सिर्जनयात्राको प्रथम चरणमा कवि माधव घिमिरे नेपाली कविता परम्पराका लेखनाथ पौडचालगायतका कविहरूबाट प्रेरित भई परिष्कारवादी धारातर्फ झुक्दै र क्रमश: त्यसभित्र स्वच्छन्दतावादी भावधाराको वरणतर्फ पनि उन्मुख हुँदै आएको पाइन्छ । वि.सं.१९९४ को 'नवमञ्जरी' कवितासङ्ग्रहको प्रकाशनपछि १९९५ सालको 'स्वदेशी गीत' शीर्षकको पहिलो लोकलयात्मक कवितादेखि स्वच्छन्दतावादी छायावादी प्रभावक्षेत्रतर्फ उहाँको अभिसार सुरु हुन्छ र क्रमश: २००२ सालको अप्रकाशित 'गोविन्द' महाकाव्यांशसम्म आइपुग्दा उहाँको परिष्कारवादी शैलीको साधनाक्रमसँगै स्वच्छन्दतावादी छायावादी भावधारासमेत निकै नै चलमलाएको पाइन्छ । यस क्रममा उहाँका कवित्वमा प्रकृतिचेत, लोकसंस्कृति र राष्ट्रियताको स्वच्छन्दतावादी भागरागसँगै छन्द र भाषाशैली एवम् संरचनाको लेखनाथीय पाराको परिष्कृतितर्फको चासो पनि बढ्दै रहेको पाइन्छ । उहाँको 'राष्ट्रिय झन्डा' कविता (२००४ साल जेठ)ले मूलत: भाषाशैली, छन्द र संरचनाको ठाँटिलो परिष्कृतिका साथै भावका दृष्टिले प्रखर राष्ट्रिय चेतनालाई झल्काएको हो । यही नै उहाँको प्रथम लोकप्रिय कविता होस् ।

यसपछि आफ्नी पत्नी गौरीको मृत्युको शोकप्रसङ्गले कवि घिमिरेका भावभूमिलाई बढी उद्वेलित तुल्याउन थाल्यो । तर स्वच्छन्दतावादी भावधारालाई परिष्कृत शैलीसंरचनाद्वारा प्रस्तुत

गर्न कुशल अग्रणी बङ्गाली (बङ्गला भाषाका) कवि रवीन्द्रनाथ ठाकुरका कविताकृतिको सम्पर्कले उहाँको कविताकलालाई नवीन दिशाबोध प्रदान गर्न थालेका सन्दर्भमा कवि माधव घिमिरेका कवितायात्राको त्यो दोस्रो चरण सुरु भयो जसले उहाँको कवित्वलाई स्वच्छन्दतावादी परिष्कारतर्फ डोऱ्यायो। यसैताकादेखि नेपाली लोकगीतको उत्प्रेरणासहित स्वच्छन्दतावादी भाव र परिष्कृत शैलीका फुटकर गीतको रचनातर्फ पनि उहाँको रुचि बढ्दै आयो र 'गौरी' खण्डकाव्यका कवितात्मक टुक्राहरूको रचनाक्रम पनि थालियो। मोटामोटीमा यसै परिप्रेक्ष्यमा थालिएका कवितायात्राका दोस्रो चरणमा नेपाली प्रकृति, संस्कृति र राष्ट्रियताको विषयवस्तुका साथै प्रीति र शोक तथा वीरताका मुख्य भावत्रिवेणीको रसात्मक परिणति एवम् खास गरी वर्णमात्रिक संस्कृत छन्द र वार्णिक लोकछन्दको परिष्कृत रम्यता अनि शैलीको प्राञ्जलता र संरचनाको मितव्ययितापूर्ण सौष्ठवतर्फ पनि उहाँको कवित्वको परिपाकक्रम देखा पर्न थाल्छ। यसै सन्दर्भमा उहाँका सामाजिक युगीन चेत र विश्वबोध पनि प्रवृत्तिगत रूपमा उल्लेख्य रहेका छन्। यस चरणका फुटकर कविता, गीत र खण्डकाव्यहरूले स्वच्छन्दतावादी भावधारा र परिष्कारोन्मुख लय, शैली र संरचनाको सन्तुलनमा आधारित सरल सम्प्रेष्य एवम् सरसहृदयस्पर्शी कवित्वको आफ्नै प्रकारको कवितापथ कवि घिमिरेले समातेको सङ्केत प्रदान गर्दछन्। यस चरणमा नै उहाँ स्वच्छन्दतावादी धाराका र छन्दपरम्पराका एक शक्तिशाली कवि गीतकारका साथै बालकविताका कविका रूपमा स्थापित तथा लोकप्रिय बन्न पुगेको पाइन्छ। उहाँका यस चरणका कवितामध्ये विशेष लोकप्रिय एवम् स्मरणीय हुन पुगेका वर्णमात्रिक छन्दका फुटकर कविताहरू हुन्– 'कलमवीर' (२००७), 'विश्वबन्धु' (२००७), 'स्वदेशको सङ्ग्रेलो' (२००७), 'पर्वतवासिनी देवी' (२०१०), 'साँझ' (२०१०), 'वैशाख' (२०११), 'अन्नपूर्णा' (२०११), 'नवयुवक' (२०१३), 'हाइड्रोजन बम' (२०१३), 'यात्री' (२०१३) र

'कालीगण्डकी' (२०१५–२०१९) आदि । उहाँका यस चरणका लोकलयात्मक (वार्णिक) प्रसिद्ध गीतिकविताहरू हुन्– 'गाउँछ गीत नेपाली' (२०१०), 'लाग्दछ मलाई रमाइलो' (२०१३), 'किशोरी' (२०१३), 'परन्तु यौटै मूर्तिमा विराट्' (२०१५) आदि । यसै चरणको उनको प्रसिद्ध बालकवितासङ्ग्रह 'घामपानी' (२०१०) हो । उहाँका प्रसिद्ध खण्डकाव्यहरू 'पापिनी आमा' (२०१७) र 'गौरी' (२०१५)ले पनि यस चरणमा उहाँको कवित्वलाई उचालेका हुन् । बिक्रीका हिसाबले नेपाली भाषाका सर्वाधिक लोकप्रिय चार कविताग्रन्थहरूमध्ये भानुभक्तको 'रामायण' र देवकोटाको 'मुनामदन' खण्डकाव्यसँगै 'गौरी' खण्डकाव्य पनि पर्दछ र यस शृङ्खलाको अर्को कृति हो भूपिको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रह । यस दोस्रो चरणको 'नयाँ नेपाल' गीतिपरक कवितासङ्ग्रह (२०१३)ले चाहिँ कवि घिमिरेको बढ्दो राष्ट्रिय चेतना र लोकछन्दको कवित्वको प्रतिनिधित्व गर्दछन् ।

२०१७ सालको 'राजेश्वरी' खण्डकाव्यबाट टङ्कारिँदै कवि माधव घिमिरेका कवितायात्राको तेस्रो चरण थालियो र खास गरी यस चरणमा प्रथम चरणका बहिरङ्ग प्रवृत्ति र दोस्रो चरणका अन्तरङ्ग प्रवृत्तिहरूका संयोजनबाट उहाँको कवित्वले व्याप्ति र प्रौढताका साथै परिपाकसमेत प्राप्त गर्न लागेको पाइन्छ । प्रथम चरणमा कवि माधव घिमिरेका कविताकृतिमा अन्तर्मुखी वा अन्तरङ्ग भावावेग कम छचल्किएको थियो र प्रकृतिको दृश्यको स्थूल चित्रणका साथै राष्ट्रियताको मोटामोटी धारणा एवम् सामाजिक सुधार र नवनिर्माणको आकाङ्क्षाजस्ता बहिरङ्ग वा बहिर्मुखी प्रवृत्ति बढी व्यक्त भएका थिए अनि शब्दशय्या, छन्द र संरचनाको परिष्कारवादी, रीतिवादी ठाँटबाँट बढी मात्रामा अँगालिएको थियो भने द्वितीय चरणका उहाँका कविताकृतिमा पत्नीशोकपछिका अन्तरङ्ग हलचल र अन्तर्मुखी भावावेगको विह्वलता एवम् जीवन मृत्युविक्षत भई

सग्बगाएको शून्यताको चिन्तनचस्को पनि सलबलाई प्रकृतिको सूक्ष्म संवेदना एवम् राष्ट्र र समाजका साथै विश्वलगायतको पीडाबोधसहित जीवनमुखी रचनात्मक अवधारणा बिस्तारै गहिरिन लागेको थियो र पदलालित्य तथा छन्दको गीतिचेत र संरचनाको आन्तरिक सौष्ठव पनि झल्किरहेको थियो तर संयम, सन्तुलन र परिष्कृतिका साथै सौन्दर्यको तीव्रताको आवाहन अझै अपेक्षित थियो । परन्तु उहाँका तेस्रो चरणका कविताकृतिमा चाहिँ कविको वैयक्तिक घाउ पुरिँदै आई अन्तर्जगत् र बहिर्जगत्को समीकरणका साथै शैलीशिल्प र भावपक्षको संयोजनका दृष्टिले पनि कवित्वको व्याप्ति र परिपाक बढ्दो देखिन्छ । भाषाशैलीका दृष्टिले पनि यस तेस्रो चरणका उहाँका कवितायात्रामा सहज झर्रो प्रवृत्तिसँगै तत्सम पदावलीको दोहोरो उपयोग गरी आन्तरिक शब्दालङ्कारको श्रुतिरम्य प्राप्ति बढ्दै आएको छ र अर्थगत बिम्बालङ्कारका साथै व्यञ्जनाधर्मी प्रतीकको बढ्दो साहचर्य पनि प्राप्त भई कवितात्मक अन्तर्विकासका सम्भावनातर्फ यस तेस्रो चरणमा उहाँको कवित्व गतिशील रहेको छ र कविको छन्दविधान पनि बाह्य आयोजना मात्र नरही आन्तरिक गीतिचेतले तीव्र हुन लागिरहेको पाइन्छ अनि संरचनामा पनि श्लोकश्लोकको अपेक्षाकृत सूक्ष्म आन्तरिक अन्वितिका अतिरिक्त प्रवाहमयताको सञ्चार बढ्दो देखिन्छ । त्यस्तै प्रथम चरणको कम भावाकुलता र कम चिन्तनचापको स्थितिपछि दोस्रो चरणमा देखा परेको भावाकुलता र चिन्तनका दोधारलाई पार गरी अन्तर्बाह्य जगत्को भावको सूक्ष्म व्यञ्जना र जीवनमूल्यको सकारात्मक वरणका दिशातर्फ उहाँको कवितायात्राको यो तेस्रो चरण उन्मुख भएको छ । यसमा रसपरिपाक तथा कलाकौशलको समन्विति देखिन्छ । यस तेस्रो चरणका मुख्य काव्यकृति हुन्– 'राजेश्वरी' र 'पापिनी आमा' (खण्डकाव्य : २०१७) । यी दुई खण्डकाव्यले अभिव्यक्तिगत सङ्क्षिप्तता र मितव्ययिताभित्र स्वच्छन्दतावादी सघन भावावेगलाई परिष्कृत कलाद्वारा व्यक्त गर्ने कविपरिपक्वतालाई जनाएका छन् ।

यिनले क्रमशः राष्ट्रियता र सामाजिकताका चेतलाई प्रकृतिमानव तादात्म्यका सन्दर्भमा समृद्ध लघु भावबिम्बका सुगठित संरचनाकौशलद्वारा व्यक्त गरेका छन् र यी दुई कृति (खण्डकाव्य) उहाँका कवित्वका वर्णमात्रिक र वार्णिक (लोकलयात्मक) छन्दचेतका पनि प्राप्तिशिखर हुन आएका छन् । लोकप्रियता 'गौरी' शोकखण्डकाव्य (२०१५)कै पक्षमा रहे पनि कवितात्मक उत्कर्षका दृष्टिले यी दुवै काव्य कविका अग्रगामी प्राप्ति हुन् । यस चरणमा उहाँका फुटकर गीत तथा बालकवितातर्फ भने कविको सिर्जनशीलता गतिमय नै रहेको देखिन्छ । यस चरणका उत्कृष्ट गीतहरूमध्ये पर्दछन् 'सुख र दुःख सञ्चित गर्छु' (२०१९), 'जून एक मुठी' (२०१९), 'वैशाखका दिन' (२०२१) आदि । यस चरणका खण्डकाव्य र गीतमा प्रकृतिको सौन्दर्य र जीवनको माधुर्यप्रतिको कविको संवेदनशीलता पनि बढ्दो नै देखिन्छ ।

कवि घिमिरेका कवितायात्राका उपर्युक्त चरणमा नै स्वच्छन्दतावादी प्रकृतिचेतको सेरोफेरो अझ फैलिएको, राष्ट्रियताको चेत अझ प्रखर भएको र जीवनजगत्प्रतिका आस्था र महिमा तीव्र पीडाबोधका बीच झन् सघन हुँदै आएको अनि सृष्टिको र जीवनको रहस्यबोधप्रतिको चासो वैदिक र उपनिषद्सम्बन्धी अध्ययनको प्रभावसमेत प्राप्त गरी तीव्र हुन पुगेको पाइन्छ । यस चरणमा उहाँका भाषाशैलीमा झर्रोपनसँगै संस्कृतनिष्ठताको अनुपात पनि अझ बढ्दो देखिन्छ र छन्दसिद्धि पनि उहाँका वर्णमात्रिक र वार्णिक (लोकलयात्मक) दुवै छन्दपद्धतिका कविताकृतिमा बढिरहेको पाइन्छ । बिम्बालङ्कार तथा प्रतीकव्यञ्जनाको सामर्थ्य तीव्र हुँदै आई संरचनापक्ष पनि बढी प्रवाहमय र अन्वितिपूर्ण भई यस चरणमा देखा परेको छ । पूर्वोक्त तेस्रो चरण नै उहाँका कवितायात्राको पूर्वार्द्धको पराकाष्ठा थियो भने यस चरणदेखि उहाँका कवितायात्राको उत्तरार्द्धको आभास देखिन थालेको छ । यतिखेर उमेरका हिसाबले

पनि घिमिरे जीवनका उत्तरार्द्ध (वार्धक्य)तर्फ यात्राशील हुनुहुन्छ । यस चरणको शीर्षस्थ कृति त्यो ‘राष्ट्रनिर्माता’ खण्डकाव्य (२०२३) हो जुन परिमार्जित पुस्तकाकारमा चाहिँ वि.सं.२०३० मा नै प्रकाशित भयो । राष्ट्रियता र रहस्यको चेतनासँगै उहाँको ‘धर्तीमाता’ खण्डकाव्य (‘पृथ्वीसूक्त’को भावानुवाद : २०३०) सम्बन्धित छ । यस चरणमा पनि फुटकर पद्यकविताभन्दा फुटकर गीत र बालकवितातर्फ नै उहाँको लेखन बढी झुकेको छ । यस चरणको उत्कृष्ट पद्यात्मक फुटकर कविता हो– ‘दुलही कञ्चनजङ्घा’ (२०३५) । यसै चरणमा उहाँको अर्को बालकवितासङ्ग्रह ‘बाला लहरी’ (२०३६) देखा पर्‍यो । यसै चरणमा उहाँको त्यो गीतसङ्ग्रह ‘किन्नर किन्नरी’ (२०३३) प्रकाशित भयो जसले उहाँको निरन्तर संशोधन र परिमार्जन गर्ने प्रवृत्तिलाई पनि जनाउँदछ । यसमा उहाँका छानिएका पुराना र नयाँ गीतहरू सङ्कलित भएका छन् । यस चरणका उत्कृष्ट नयाँ गीतहरूमध्ये ‘परन्तु यौटै मूर्तिमा विराट्’ र ‘कहिले भेट होला हे राजै’ निकै लोकप्रिय सिद्ध भएका छन् ।

कवि माधव घिमिरेका उत्तरार्द्ध कवितायात्राको पहिलो चरण गीतिनाटचहरूका थप प्रदानहरूबाट थालिएको छ । उहाँको पद्यात्मक ‘शकुन्तला’ गीतिनाटच (प्रदर्शन : २०३७) निकै लोकप्रिय रह्‍यो भने ‘मालती मङ्गले’ लोकलयात्मक गीतिनाटच (प्रदर्शन : २०४१)ले अत्यधिक लोकप्रियता प्राप्त गर्‍यो । यी दुवै गीतिनाटचले उहाँका कवित्वमा आइरहेको भावपरिपाक र कलात्मक कौशलका साथै तीव्र गीतिचेत, कवितानाटचचेत र सांस्कृतिक उन्मेषका थप वैशिष्टचतर्फ पनि औँल्याउँछन् । यिनै वैशिष्टचले गर्दा यो चरण अलग्गिएको छ । यस चरणमा उहाँका फुटकर कविता र गीत पनि केही मात्रामा प्रकाशित भएका छन् तापनि गीतिनाटचकै रचना र प्रदर्शनले उहाँको सिर्जनात्मक समय ज्यादा लिएको पाइन्छ । उहाँको ‘विषकन्या’ गीतिनाटक (२०५०) र ‘अश्वत्थामा’ पद्यनाटक (२०५३)

लगायतले पनि त्यही गीतिनाटचात्मक निरन्तरतालाई जनाउँछ । यसै चरणअन्तर्गतको 'सुनपङ्खी चरी' बालगीतमाला (२०५३)ले बालगीतिमय कवित्वतर्फको उहाँको पुन:सचेतताको र बढ्दो कौशलको पुष्टि गर्दछ । त्यसपछिको दोस्रो अद्यावधिक चरण 'ऋतम्भरा' महाकाव्यकै प्रकाशनको प्रतीक्षा रहेको छ ।

धारागत रूपमा नेपाली कविताको स्वच्छन्दतावादी भावधारालाई परिष्कृत शैलीशिल्पद्वारा प्रस्तुत गर्नु माधव घिमिरेको वैशिष्टच हो । यस सन्दर्भमा उहाँ लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौडचालका मध्यबिन्दुतर्फका विशिष्ट कवि देखा पर्नुहुन्छ । नेपाली कविताको स्वच्छन्दतावादी धाराको पूर्वार्द्ध सकिने बेलातिर उहाँ स्वच्छन्दतावादी भावधाराका तीव्रतातर्फ उन्मुख कविका रूपमा उदाउनुभयो भने यस धाराका उत्तरार्द्धकालमा उहाँ कवि (खण्डकाव्यकारसमेत) र गीतकारका रूपमा स्थापित अनि नेपाली कविताको प्रयोगवादी र समसामयिक धाराका कालमा उहाँले समानान्तर रूपमा स्वच्छन्दतावादी कवित्वलाई निरन्तरता दिनाका साथै आफ्नो स्वच्छन्दतावादी कवित्वलाई पनि खास गरी खण्डकाव्य, गीत, बालकविता र गीतिनाटचका माध्यमबाट उत्कर्षतर्फ डोऱ्याइराखेको भेटिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्यु (वि.सं.२०१६) र मूल धाराका रूपमा स्वच्छन्दतावादको अवधि समाप्त भई प्रयोगवादले नेपाली कवितालाई गाँजेको बखत स्वच्छन्दतावादी कवित्वका अवशिष्ट केन्द्रीय प्रवाहका केन्द्रीय प्रतिभाका रूपमा कवि माधव घिमिरेको योगदान महत्त्वपूर्ण रहेको छ । उहाँका कवितायात्राका तेस्रो चरणदेखिको फक्रँदो स्वच्छन्दतावादी कवित्वलाई हेर्दा वसन्त बितिसकेपछि आफ्ना सुषमामा मुस्कुराइरहेको फूलसँग उहाँको तुलना गर्नु अप्रासङ्गिक देखिन्न । उहाँ एसियाली प्रेरणाक्षेत्रभित्रका स्वच्छन्दतावादी कवि हुनुहुन्छ र उहाँले सीधै पाश्चात्य प्रभाव ग्रहण गरेको देखिन्न अनि यो उहाँको मूल

अध्ययनक्षेत्रले सिर्जेको परिधि पनि हो । मुख्यत: नेपाली लोकगीतपरम्परा, भानुभक्तदेखि लेखनाथसम्मको नेपाली कवितापरम्परा र लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी कविता र गीतका परम्पराबाटै कवि घिमिरेले कवित्वको प्राथमिक प्रेरणा पाएको पाइन्छ र संस्कृतका वेदउपनिषद्का साहित्यिक सन्दर्भदेखि कालिदाससम्मका कवितापरम्पराले र संस्कृत साहित्यशास्त्रले उहाँका कवित्वलाई केही प्रेरित गरेको हो तर निर्णायक रूपमा उहाँका कवितावैशिष्टचलाई प्रेरित गर्नमा बङ्गाली कवि रवीन्द्रनाथ ठाकुर, संस्कृतका महाकवि कालिदास, नेपाली गीतपरम्परा तथा उर्दू गीतपरम्पराले नै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

राष्ट्रियताको रागको तीव्रता विषयवस्तुगत वा भावात्मक प्रवृत्तिका दृष्टिले कवि माधव घिमिरेको टड्कारो पहिचान हो । यस क्रममा नेपाली प्रकृति, सांस्कृतिक स्वत्व र इतिहास उहाँका मुख्य उपादान रहेका छन् । उहाँका फुटकर कविता, गीत र खण्डकाव्यहरूले संयुक्त रूपमा उनलाई नेपाली राष्ट्रियताका सर्वाधिक प्रखर कविका रूपमा चिनाएका छन् ।

यस्तै उहाँको अर्को महत्त्वपूर्ण प्रवृत्तिगत विशेषता हो प्रकृतिचेत । खास गरी नेपालको हिमालीपहाडी भेगका हिमचुली, आकाश, वनपहाड, खोलानाला, पोखरी, गाउँबेँसी, वनस्पति र पशुपन्छी एवम् मौसमी समयसन्दर्भ आदिको चित्रणका दृष्टिले उहाँको प्रकृतिचेत निकै सूक्ष्म र मर्मस्पर्शी रहेको छ । नेपाली संस्कृति र जनजीवनका पहाडी वैशिष्टचसँग उहाँको प्रकृतिचेत गाँसिएको छ र तराईक्षेत्रतिर कम दृष्टि परे पनि पहाडी नेपालको प्राकृतिक सन्दर्भका सुन्दर भीषण दुवै पक्षलाई तिनका रङ्गरूप, ध्वनि, गन्ध, स्पर्श आदि इन्द्रियसंवेद्यतासहित प्रस्तुत गर्ने क्षमता उहाँमा पाइन्छ । प्रकृतिको अमूर्त पक्षभन्दा मूर्त पक्षतर्फ उहाँ बढी आकर्षित रहेको भेटिन्छ । उहाँ प्रकृतिका वस्तुसौन्दर्यलाई टिप्तै तिनलाई आत्मपरक भावरागमा

मुछेर व्यक्त गर्न निपुण रहेको देखिन्छ । प्रकृतिलाई मानवीय तादात्म्यसहित ग्रहण गर्दै मनुष्यसभ्यताको मूल स्रोतका रूपमा अङ्गीकार गर्ने र प्रकृतिको दैवीकरण (दिव्यत्वविधान) गर्ने स्वच्छन्दतावादी चेत उहाँमा पनि पाइन्छ । साथै प्रकृति भाव, बिम्ब र प्रतीकका रूपमा पनि उहाँका कवितामा बाम्बार आइरहन्छ । प्रकृतिको विराट् स्वरूप र स्वच्छन्दतावादी प्रकृतिदर्शनका सन्दर्भमा देवकोटाको आफ्नै महत्ता हुँदाहुँदै पनि पहाडी नेपाली प्रकृतिका वस्तुसौन्दर्यका आत्मपरक रागका मूर्त प्रस्तुतिका दृष्टिले चाहिँ घिमिरे सर्वाधिक सक्षम कवि रहेको पाइन्छ ।

सामाजिक र युगीन सुधार एवम् नवनिर्माणको चेत पनि उहाँको एक अवान्तर प्रवृत्ति हो तर यसमा उहाँको वैशिष्टच उहाँ ज्यादा देखा पर्दैन बरु अन्तर्राष्ट्रिय सन्दर्भमा युगीन मानवजीवनका अस्तित्व, चुनौती र सन्त्रासका साथै विश्वशान्ति र मानवताका पुरुज्जीवनका निम्तिको उहाँको कवितात्मक सचेतता उल्लेखनीय प्रवृत्तिका रूपमा देखा पर्छ ।

यसै प्रवृत्तिगत सन्दर्भमा कवि माधव घिमिरेको कवित्वले बौद्धिक धरातलको पनि चर्चा गर्न सकिन्छ । मुख्यत: संस्कृत दर्शनपरम्पराबाटै उहाँको बौद्धिक चेत प्रेरित रहे पनि त्यसमा अध्यात्मवादी वा धार्मिक उन्मुखता भानुभक्त वा लेखनाथका तुलनामा कम देखा पर्छ र खास गरी वेदउपनिषद्को आधारभूत आस्तिक जीवनचेतना जगत् र जीवनका सौन्दर्यमाधुर्य एवम् सृष्टिरहस्यप्रतिको सघन आस्थाको हस्ताक्षरसहित उहाँका कविताकृतिहरूमा अभिव्यक्त देखा पर्छ । यसका साथै प्रखर राष्ट्रवादी चेतना र स्वच्छन्दतावादी प्रकृतिदर्शन एवम् नेपाली सांस्कृतिक परम्पराप्रतिको परिमार्जनसहितको आस्था र सामाजिक रूढि एवं विकृति तथा शोषणप्रतिको नवयुगीन प्रगामी सचेतता एवम् विश्वजनीन मानवतावादी मूल्यप्रतिको निष्ठासहित उहाँका कविताकृतिभित्रको बौद्धिक रूपरेखा निर्मित

भएको पाइन्छ । यसमा भौतिकवादी जडता र मानवीय आसुरी प्रवृत्तिप्रतिको असहमति र मानवीय उदात्त प्रवृत्ति एवम् जगत्‌जीवनको सौन्दर्यमाधुर्यप्रतिको सकारात्मक एवम् कर्मण्य निष्ठासमेत सम्मिलित छ । परन्तु यो बौद्धिक चेत उहाँका कविताभित्र भाव र व्यञ्जनाका तहमा मुछिएको हुन्छ र दर्शन वा बौद्धिकताको जटिल चाप उहाँका कवितामा देखा पर्दैन । मूलतः उहाँ खास बौद्धिक वृत्तिका कवि नभई अन्तश्चिन्तक कवि भने रहेको देखिन्छ ।

उपर्युक्त जुनसुकै प्रवृत्ति अँगाले पनि प्रकृतिका विशिष्ट क्षण एवम् मानवमनका भावलोकका कलात्मक अभिव्यक्तिमा नै मुख्यतः उहाँको कवित्व केन्द्रित रहने गर्दछ । प्रेमका संयोग र विप्रलम्भ दुवै पक्षका विभिन्न शृङ्गारिक मनोदशा, वीररस, करुणरस र शान्तरसकै सेरोफेरोमा मुख्यतः उहाँका फुटकर कविता, गीत खण्डकाव्य एवम् गीतिनाटचकाव्य डुलेका छन् । यस परिप्रेक्ष्यमा एकपछि अर्का भावखण्डहरूको शृङ्खलित तथा अन्वतिपूर्ण आन्तरिक प्रस्तुति र भावको क्रमिक सञ्चयन र परिपाक पनि उहाँको महत्त्वपूर्ण प्रवृत्ति रहेको छ ।

कवि माधव घिमिरेका कविताको कलापक्ष मुख्यतः पूर्वीय साहित्यशास्त्रका संस्कारद्वारा प्रेरित रहेको छ । तर यस पूर्वीय काव्यकलाका संस्कारलाई स्वच्छन्दतावादी भावविन्यासका निम्ति उहाँले प्रयोग गर्ने गरेको पाइन्छ । प्रवृत्तिगत रूपमा उहाँ छन्दका दृष्टिले वर्णमात्रिक र वार्णिक लोकलयमै रमाएको पाइन्छ र गद्यकवितालाई छुँदै नछोएको भेटिन्छ । छन्दपरम्पराका हिसाबले उहाँलाई लेखनाथ पौडयाल र लक्ष्मीप्रसाद देवकोटा दुवैका सक्षम उत्तराधिकारी भन्न सकिन्छ । खास गरी वर्णमात्रिक छन्दका छन्दसिद्धिका कसीमा उहाँलाई लेखनाथका उत्तराधिकारी भनिन्छ भने वार्णिक लोकछन्दमा चाहिँ देवकोटाका उत्तराधिकारी भनिन्छ । नेपाली छन्दपरम्पराका वर्तमान समयसन्दर्भमा हेर्दा उहाँलाई अन्तिम

महान् छन्दोबद्ध कवितास्रष्टा पनि भन्ने गरिएको पनि पाइन्छ । अवश्य नै उहाँपछि पनि वर्णमात्रिक छन्दयात्रा या वार्णिक लोकछन्दमा पनि राम्रा कविहरूको एकपछि अर्को पुस्ता देखिएका छन् तर तिनको महत्ता वा उच्चता भने अझै स्थापित भइसकेको छैन र त्यो समयक्रममा हुँदै जाने नै छ । भाषाशैलीका प्रवृत्तिका दृष्टिले भानुभक्तको सरलता र ऊर्जापनबाट यात्रा थाल्दै र लेखनाथीय परिष्कृतिलाई पनि आत्मसात् गर्दै आफ्नोपन स्थापित गर्न सक्षम रहेको पाइन्छ र त्यो ज्यादाजसो सहज सम्प्रेष्य प्रसाद गुणले युक्त देखिन्छ । उहाँका कविताकृति (फुटकर कविता, खण्डकाव्य, गीत, गीतिनाटच, गीतिकाव्य तथा बालगीत र कविता)मा पाइन्छ । उहाँका कविता वा गीत दुवैका छन्दसिद्धिमा सहजता र परिष्कृतिको बीचको मध्यमार्गी शैलीको विशिष्ट भूमिका छ र त्यसले पदलालित्यसँगै वर्णतारतम्यगत श्रुतिमाधुर्यलाई पनि कोमल पाराले उचालेको पाइन्छ । खास गरी उहाँको कवितायात्राको पूर्वार्द्धको द्वितीय चरणदेखि वस्तुध्वनिका अतिरिक्त क्रमश: बिम्ब, अलङ्कार र प्रतीकका स्तरका व्यञ्जनात्मक गहिराइतर्फ उहाँका रचना उन्मुख हुँदै आएका छन् र उहाँका लघु भावबिम्बहरूमा व्यञ्जनात्मक उचाइ र सरस हृदयस्पर्शिताको दोहोरो वैशिष्टच सञ्चारित हुने गरेको पाइन्छ । कविता वा गीतका प्रत्येक श्लोकभित्र र प्रत्येक कृतिका समष्टिसंरचनामा पनि पूर्वापरक्रम, सङ्गति र सूक्ष्म शृङ्खलाबद्धतातर्फ क्रमश: उहाँको रचनाकौशल बढ्दो देखिन्छ । उच्च संयम, सन्तुलन, मितव्ययिता र परिष्कृतिप्रति सचेत रही अकृत्रिम सौन्दर्यविधान गर्ने कविताकलाको लामो उपासना उहाँबाट सम्पन्न भएको छ र यही कलात्मकताले गर्दा उहाँका कविता र गीतमा (खण्डकाव्य र गीतिनाटचकाव्यमा पनि) कणकणको परिमार्जन र प्राञ्जलताको सहअस्तित्व पाइन्छ । उहाँ ज्वारमय प्रवाहमा बग्ने आशुलेखनको देवकोटेली विराट् कवितापथभन्दा भिन्नै दिशामा सिर्जनशील रहेको देखा पर्छ र सङ्ख्या वा परिमाणका

दृष्टिले थोरै तर राम्रा एवम् परिष्कृतप्राञ्जल कृतित्वको उच्च गुणस्तरले गर्दा नै नेपाली स्वच्छन्दतावादी कविताधारामा उहाँको विशिष्ट पहिचान र उच्च स्थान स्थापित हुन आएको पाइन्छ । उहाँका विशेषत: २०३० सालको दशकदेखि पुनर्जागृत हुँदो शैलीशिल्पगत मुख्य प्रवृत्ति र प्राप्ति यिनै हुन् । नेपाली स्वच्छन्दतावादी कविताधारामा परिमाण र गुणस्तर दुवैलाई ध्यानमा राख्दा कवि माधव घिमिरेलाई महाकवि लक्ष्मीप्रसाद देवकोटापछि दोस्रो स्थानमा मूल्याङ्कित हुने वरिष्ठ स्रष्टाका रूपमा लिन सकिन्छ । नेपाली स्वच्छन्दतावादी खण्डकाव्यपरम्परामा पनि उहाँको यस्तै (लक्ष्मीप्रसाद देवकोटापछिको) दोस्रो स्थान सुरक्षित देखा पर्छ । नेपाली फुटकर गीति (गीत र गीतिकाव्य तथा गीतिनाटचकाव्य)का क्षेत्रमा भने उहाँको सिर्जना स्थान सर्वोपरि भइसकेको छ । नेपाली बालकविताका क्षेत्रमा पनि उहाँको देन उपल्लो कोटिको रहेको छ र प्रतिष्ठा शिखरप्रतिभाको छ । यस क्षेत्रमा उहाँको 'घामपानी' र 'बालालहरी'पछिको अर्को महत्त्वपूर्ण र नेपाली बालबालिकाका बीच विशेष लोकप्रिय पछिल्लो प्रदान हुँदै हो- 'सुनपङ्खी चरी' बालगीतमाला (२०५३) । निष्कर्षमा उहाँका कविताभन्दा गीत बढी लोकप्रिय छन् अनि काव्य र गीतिकाव्य दुवै स्तरीय र जनप्रिय रहेका छन् र दृश्यपाठ्य दुवै रूपमा उहाँका कवितानाटच र गीतिनाटच जनरुचिकर रहेका छन् तापनि दृश्यकाव्यका अभिनयात्मक विशेष सन्दर्भमा गीतिनाटच औधी लोकप्रिय रहेका छन् ।

अब वरिष्ठ स्रष्टा माधव घिमिरेका सिर्जनाहरूसँगको मेरो २००८–२००९ सालदेखि थालिएको भावकीय सम्बन्धको क्रमिक अन्तर्विकासको र उहाँको कृतित्वसँगको पछिपछिको समालोचकीय अभिव्यक्तिक्रम र वर्तमान सन्दर्भका बारेमा केही चर्चा गरौँ ।

कवि माधव घिमिरेका रचना मन पराउने एक पाठक र समीक्षकका रूपमा मैले जानेअनुसार र देखेअनुसार अब उहाँको

कवितायात्राकै समष्टि परिप्रेक्ष्यमा उहाँको कवित्वलाई र राष्ट्रकवित्वलाई रेखाङ्कित गरिने र चिन्ने थप प्रयास पनि गरौं ।

मेरा किशोरकालका शैक्षिक यात्राका क्रममा साहित्यिक रुचिको अन्तर्विकास हुँदै आउने सन्दर्भमा २००८–२००९ सालतिर गोरखा जौबारीमा जेठा साहू कुलदीपमान श्रेष्ठका घरमा रेडियो सुन्दा कवि माधव घिमिरेका केही गीत सुनी म रमाएको हुँ र पछि गोरखा लाङ्दी र लिगलिगतिरका गुरुकुल र भाषा पाठशालाका पढाइका क्रममा मैले कविवर घिमिरेको नेपाल राष्ट्रप्रतिका वन्दनाभावबाट ओतप्रोत त्यो 'जय जय जय नेपाल र सुन्दर शान्त विशाल' भन्ने कवितामय गीत समूहस्तरमा र एक्लै एकालापका रूपमा पनि धेरै पछिसम्म पनि गाउँदै आएको छु जुन पछि निकै वर्षसम्म नेपालका विद्यालयहरूमा चल्यो र नेपाल राष्ट्रको उदात्त महिमागानका रूपमा प्रतिष्ठित हुन पुगेको पनि छ । पछि २०१३ सालमा पढ्न काठमाडौँ आएपछि मैले रानीपोखरी प्रधानशाला र पढ्दा तीनधारा पाकशालामा बस्ने क्रममा उहाँका गुणचर्चा निकै सुनियो र एसएलसी र आईएतिर पढ्दा उहाँका 'राष्ट्रिय झन्डा', 'जननी जन्मभूमि ...', 'विश्वबन्धु' आदि पाठ्यकविता कण्ठस्थ नै हुने गरी पटकपटक पढियो र तिनको रसास्वादन पनि गरियो अनि विशेष गरी काठमाडौँका विभिन्न कविगोष्ठीहरूमा श्रोता या प्रतियोगी कविका रूपमा भाग लिँदा उहाँका श्रुतिमधुर स्वरमा वाचन गरिएका अनेक कविता र गीत पनि सुनी म औधी पुलकित र प्रति रहने गरेको हुँ र तीमध्ये उहाँका 'नवयुवक', 'वैशाख', 'अन्नपूर्णा', 'यात्री', 'लाग्दछ मलाई रमाइलो', 'सुख र दुःख सञ्चित गर्छु' आदि कविता तथा गीत गाएका मञ्च र भावमुद्रा अनि स्वरको गूँज भावमुद्रा अनि स्वरको गूँज म अझै पनि बेलाबखत मुग्ध जुन हाम्रा निम्ति मानकतुल्य लाग्ने गर्दथे । यसै क्रममा २०१८ साल जेठमा पश्चिमाञ्चल छात्रगोष्ठीबाट आयोजित तथा प्राज्ञ स्रष्टा बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र माधव घिमिरेका

निर्णयकत्वको प्रतियोगितात्मक कविगोष्ठीमा प्रथम भई मैले स्वर्णपदक पुरस्कार राजा महेन्द्रबाट प्राप्त गरें । त्यस्तै २०१८ साल भदौअसोजमा संस्कृत छात्र सङ्घ, नेपालका तर्फबाट २०१८ सालमा काठमाडौँमा आयोजित प्रथम राष्ट्रव्यापी (र अन्तर्राष्ट्रियसमेत) तीनदिने नेपाली साहित्य सम्मेलनमा निर्णायकमण्डलमा रही र कविता वाचनको एक सत्रको अध्यक्षता गरी तत्कालीन रायल नेपाल एकेडेमीका उपकुलपति बालचन्द्र शर्मा, प्राज्ञ सदस्य बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र भवानी भिक्षुसँगै माधव घिमिरेबाट प्राप्त प्रेरणाप्रद आशीर्वाद हामी आयोजकहरूका निम्ति ठूलो हौसला हुन पुग्यो । वास्तवमा त्यसताकदेखि नै र विशेष गरी वि.सं.२०२० का दशकदेखि अद्यावधिसम्मत पहिले विद्यार्थी र सिकारु युवा साहित्यकारका रूपमा र पछि विशेषत: प्राध्यापक र कवि अनि समालोचनाका रूपमा र निरन्तर रूपमा चाहिँ उहाँका कविता, काव्य, गीति, गीतिकाव्य र गीतिनाटच अनि ललित गद्यरचनाका सिर्जनोत्तर र प्रकाशोत्तर श्रोता, पाठक, प्रेक्षक र पारखीको रूपमा मेरो कविवर माधव घिमिरेसँग मेरो अत्यन्त आत्मीय सम्बन्ध रहँदै आएको छ र यो आत्मीय सम्बन्ध मेरो साहित्यिक जीवनको एक अत्यन्त रचनात्मक तथा विगत रुन्डै छ दशकदेखि यतै प्रगाढ रूपमा रहँदै आएको उत्प्रेरणास्रोतका रूपमा रहँदै आएको म अनुभव गर्छु ।

मेरा २०१३ सालदेखिका काठमाडौँ बसाइका क्रमका विगत छपन्न वर्षका स्मृतिक्रममा प्रथमत: म कविवर माधवप्रसाद घिमिरेका कविता र गीतिरचनाको रुचिशील पाठक र प्रशंसक तथा मुग्ध युवा गायक रहें भने क्रमश: उहाँ मेरा कवितारचनाका एक आदर्श प्रतिमान र उत्प्रेरक तथा प्रोत्साहक पनि रहनुभएको अनुभव गर्दछु । मेरा काठमाडौँ बानेश्वर जनसहयोगमार्गका वर्तमान आवास घरका सङ्ग्रहकक्षमा २०१८ साल असार ७ गतेका मितिमा पश्चिमाञ्चल छात्रगोष्ठीद्वारा काठमाडौँको तत्कालीन फोहरा दरबारका हलमा

आयोजित एक कवितागोष्ठीमा प्रथम भई मैले राजा श्री ५ महेन्द्रका हातबाट पाएको स्वर्णपदकको प्रमाणपत्र सङ्गृहीत छ भने मेरो कविजीवनको प्रथम सफलताको घडीस्वरूप त्यस कविगोष्ठीका निर्णायकहरूमध्ये प्राज्ञ वरिष्ठ साहित्यकार बालकृष्ण समसँगै प्राज्ञ वरिष्ठ कवि माधव घिमिरे पनि रहेको र कविवर घिमिरेले सो पुरस्कारको निर्णायक घोषणा गर्नुभएको क्षण म अहिले पनि झलझली सम्झन्छु । साथै २०१३ सालदेखि यताका विभिन्न गोष्ठी सम्मेलनमा उहाँले आफ्ना 'राष्ट्रिय झन्डा' (२००४), 'हिउँचुलीको यात्रा' (२००४), 'कलमवीर' (२००७), 'विश्वबन्धु' (२००७), 'स्वदेशको सङ्ग्रेलो' (२००७), 'गाउँछ गीत नेपाली' (२०१०), 'वैशाख' (२०१०), 'अन्नपूर्णा' (२०१०), 'लाग्दछ मलाई रमाइलो' (२०१३), 'सन्ध्या' (२०१३), 'नवयुवक' (२०१३), 'यात्री' (२०१३), 'चरीलमिनी' (२०१३), 'कालीगण्डकी' (२०१५, २०१९) आदि अनेक अमर पद्य र गीतिरचना अनेक पल्ट सुनाउँदा म विमुग्ध हुन पुगेको पनि हुँ । यसबीच मैले उहाँका 'गाउँछ गीत नेपाली' र 'लाग्दछ मलाई रमाइलो' प्रभृति अनेक सुमधुर गीत रेडियो नेपाल र अरू माध्यमबाट पनि मधुर सङ्गीत र गायकीमा सुन्दै रहेँ भने विशेषत: मन्दाक्रान्तालगायत चर्चित छन्दका 'वैशाख', 'पर्वतवासिनी देवीरचरी लमिनी', 'अन्नपूर्णा', 'नवयुवक', 'यात्री', 'हाइड्रोजन बम', 'विश्वबन्धु', 'कलमवीर', 'सन्ध्या', 'कालीगण्डकी' आदि कविता आफ्ना बेजोड भाका र स्वरमा मुग्धकारी ढङ्गले उहाँले सुनाएको र तिनले मेरो कविचेतनालाई त्यस वय:सन्धिकालमा निकै कुतकुत्याएको अनुभव पनि मेरा मनका स्मृतिचित्रपटमा अझै तरोताजै छन् । अब अहिले कविवर माधव घिमिरे एक शतक आयु पूरा भई एक सय एकौँ वर्षमा गतिशील हुनुहुन्छ र उहाँमा त्यो स्वर अब कहाँ रह्यो । मै पनि अब अठहत्तर वर्षतिरको यात्रामा छु र कवि शिरोमणि लेखनाथको एक कविता पङ्क्ति पैँचो मागी भनूँ कि भन्दछु– 'म गाउँ भन्दै छु तर सब गला घर्घर छ यो !'

२०१८ साल भदौ २३–२५ गतेका बीच संस्कृत छात्रसङ्घ, नेपालका कार्यवाहक सभापतिका हैसियतले काठमाडौंको विश्वज्योति सिनेमाहलका सभाकक्षामा त्रिदिवसीय राष्ट्रव्यापी (वस्तुत: अन्तर्राष्ट्रियसमेत) प्रथम नेपाली बृहत् साहित्यसम्मेलनको आयोजनाका क्रममा तत्कालीन नेपाल एकेडेमीका उपकुलपति बालचन्द्र शर्मा, प्राज्ञ सदस्य वरिष्ठ साहित्यकार पण्डितराज सोमनाथ सिग्देल, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र भवानी भिक्षुसँगै प्राज्ञ कविवर माधव घिमिरेसँग पनि आयोजक र निर्णायकवर्गका रूपमा निकै सघन अन्तर्क्रियाको अवसर जुर्न गयो । यसपछिका अर्द्धदशकका बीचमा विशेष गरी 'सिंहनाद' द्वैमासिक नेपाली साहित्यिक पत्रिका (२०१८)को प्रकाशन र 'हिमाली साहित्य' (नेपाली साहित्यिक प्रतिनिधि सङ्कलन, २०२०)का सम्पादनका क्रममा पनि मेरो (र ठाकुरप्रसाद पराजुलीको) कविवर माधव घिमिरेसँग बढी परिचय र चिनारी थपिन गयो । मैले सो 'हिमाली साहित्य'मा कवि घिमिरे र उहाँको 'कालीगण्डकी' कवितालाई लिएर लेखेका समीक्षात्मक नौ पङ्क्ति पनि छापिएका छन्– साहित्यिकहरूको सङ्क्षिप्त परिचय, पृ. ङ) । मेरो समालोचनाको समीक्षात्मक प्राभ्यासकालका ती पङ्क्ति पढ्दा म अझै पनि पुलकित हुन्छु ।

२०१९–२२–२३ सालबीच पूर्वीपश्चिमी तथा प्राचीन आधुनिक साहित्य र साहित्यशास्त्रका सागरमा सक्दो डुबुल्की लगाउँदै र छन्दोबद्ध कविता र प्रयोगधर्मी गद्यकविताको सिर्जनप्रकाशन पनि केही गर्दै अनि आफ्नो समीक्षायात्रातर्फ पनि गतिमान् रहँदै विद्यार्थीजीवनको बिदाइ र प्राध्यापकीय जीवनको सुरसारका सन्धिकालमा म कविवर माधव घिमिरेका सान्निध्यमा पुगेँ भने २०२२–२३ सालका बीच उहाँका उत्प्रेरणामा मैले कविताको परिपाकको चिन्ता र परिष्कृतिको चासो विशेष रूपमा आत्मसात् गरेँ । मेरो बहुलोकप्रिय सिद्ध भएको 'वसन्त' कविता (प्रकाशन : 'कविता' पत्रिका, २०२३) उहाँ सन्तुष्ट

नहुन्जेल मैले तेस्रोपल्ट पनि पुनर्लेखन गरेको कविता हो भने मेरो त्यसपछिको सहजोद्गारको लेखन हो, उहाँलाई मन परेको 'राजकुमारी वासवदत्ता' खण्डकाव्यको प्रकाशित प्रथम रूप (प्रकाशन : 'कविता' पत्रिका, २०२४) । यसैताक उहाँबारेको (उहाँको 'कालीगण्डकी' कवितालाई केन्द्र बनाई उहाँका काव्ययात्रा र काव्यप्रवृत्ति तथा प्राप्तिबारे चर्चा गरिएको) मेरो प्रथम बहुचर्चित समालोचनाकृति पनि कविता पत्रिकामा २०२३ सालमा प्रकाशित भयो । यसरी पनि क्रमश: सघनित हुँदै त्यसताकदेखि झन्डै पाँच दशक वा आधा शताब्दीजतिको उहाँको भावपूर्ण निकट स्नेह मलाई प्राप्त हुँदै रह्यो ।

मेरा साहित्यिक जीवनमा उहाँको स्नेह र आशीर्वाद सतत रूपमा प्राप्त हुँदै रहेको छ र उहाँ र उहाँका सिर्जना मेरा पठन र प्राध्यापन तथा समीक्षाका पनि रुचिकर विषयसन्दर्भ रहँदै आएका छन् । वास्तवमा व्यक्तिगत स्नेहसम्बन्धसँगै उहाँका कालजयी कृतिपुञ्ज (फुटकर कविता, गीत, काव्य, गीतिनाटच, ललित निबन्ध आदि सिर्जना)सँगको मेरो पाठकीय भावकीय तथा समीक्षकीय सघन चासो तथा उहाँको मुख्यत: मेरा कविताकाव्यकृतिप्रतिको अभिभावकीय ममत्वसँगसँगै मेरा प्राध्यापन कर्म र समालोचनाकृतित्वप्रतिको लेखकीय सन्तुष्टिबोधले बुनेको सघन आत्मीय सम्बन्ध अद्यावधि न्यानो र जीवन्त नै रहेको छ । म उहाँको सिर्जनयुगको मध्यबैंसदेखिको साक्षीजस्तो पनि रहेको छु र उहाँ पनि मेरो अग्रबैंसदेखि वर्तमानसम्मको काव्ययात्राको र प्रज्ञायात्राको उत्प्रेरक अभिभावक रहँदै भावनाले दाजुतुल्य र उमेरले पितृतुल्य जीवन्त छहारीमय व्यक्तित्व रहँदै आउनुभएको छ । यस सन्दर्भमा पनि उहाँको यो शतशरद्दर्शनवर्षको समुल्लास मेरा निम्ति विशेष प्रिय र प्रेरणादायी रहेको म अनुभव गर्दछु ।

## कवितात्मक अभिवन्दना

कविता, गीति र काव्य एवं कवितात्मक तथा गीतिपरक नाटच एवं ललित निबन्धका बहुमुखी विधागत वृत्तका वरिष्ठ

नेपाली स्रष्टा माधव घिमिरेको 'शतशरद्‌दर्शनको समुल्लासका सन्दर्भमा उहाँका कवित्व, गीतिकारिता र काव्यकारिताका साथै सन्दर्भित नाटचकारिताका विशेष गुण गरिमाको सङ्केत गर्दै मैले स्वयम् राष्ट्रकवि माधव घिमिरेलाई सम्बोधित गरी प्रथम पुरुष दृष्टिबिन्दुबाट रचेका पूर्वोक्त तीन कविता (राष्ट्रगायक राष्ट्रकविप्रति, राष्ट्रकवि 'शतायु माधव घिमिरेप्रति र राष्ट्रकवि माधव घिमिरेको 'शतकसाधना) अब भावकीय विशेष पठन र वाचन तथा आस्वादनका साथै मननका निम्ति तल क्रमशः प्रस्तुत छन्–

## राष्ट्रगायक राष्ट्रकविप्रति

१. **वाग्देवी वन्दनाको ऋरऋर ध्वनिको गूँज होस् जिन्दगी यो**
**भुल्काऊँ गण्डकीको अनहद ध्वनिको नाद हृद्‌धुक्धुकीको**
**गायौ यो देश सिङ्गै मुखरित महिमा राष्ट्र ऋन्डा निसान**
**मान्छेको मर्म गायौ कविवर घिमिरे विश्व ऐश्वर्य गान**

•

२. **शताब्दीको गाथा दुखसुख जिई जीवन कथा**
**सधैं देशै गायौ अमररचना सिर्जनज्यथा**
**चढाऊँ श्रद्धा यै सुकवि घिमिरे राष्ट्रकवि हे**
**जुगौं नेपालीका हृदय मुरलीमा गुँजिरहे**

३. **तिमीले जो पायौ शतक विजयी आयु अजर**
**त्यसैले सिर्जेको ललित लयको राष्ट्रशिखर**
**सुसेली छन्दैमा प्रकृति सुषमा मानवकथा**
**सधैं नेपालीको दिल छुनु रह्यो सिर्जन कथा**

४. **हिमाली छायामा गिरिनद नदीको कलकल**
**डुली लेकैबेसी लहरिनु तराई समतल**
**चिन्यौ देशैलाई ललित रचना राशि सरस**
**तिमीले सिर्जेको युगध्वनि शताब्दी नवरस**

५. **बुढचौली बेलाको ऋषिस्वर धराधाम धवल**
**जियौ विश्वै गाई दश दशकको आयु सकल**
**तिमीले आर्जेको सिर्जनरस रच्ने अमरता**
**शताब्दीको फन्को समयरस रागी सफलता**

६. किशोरैमा तिम्रो प्रकट कविता सृष्टि रहर
खुल्यो बैंसै वेला प्रणय रसको सृष्टि लहर
चिन्यौ त्यो वेलाको विषम धरती क्षोभ सकल
तिमीले जो राष्ट्रध्वज कृति रच्यौ त्यो छ अटल

७. म कल्पूँ त्यो वेला युवक कवि ऊर्जा समय त्यो
गलामा घन्केको लघु गुरु लयोच्चार ध्वनि त्यो
कि झन्डा राष्ट्रैको फरफर त्यहीं नै फहरियो
हुँदा पैलो तिम्रो हृदय कति हर्षोल्लसित भो

८. गलामा गुन्जेझैं ध्वनि भई खुलेकी सरस्वती
स्वयं श्री वाग्देवी झरझर बगेकी रसवती
अनेकौं भाकामा प्रथम कविसम्मेलन भयो
स्वयं साहित्यश्री पुलकित बनेकी समय त्यो

९. त्रिचन्द्रै वाग्देवी नव भवन त्यो ज्योति ज्वर त्यो
म सम्झूँ त्यो वेला कविजन जुटेको सदन त्यो
शताब्दी यै नै हो नव ध्वनि सुसेल्दो अलिअलि
थियो सालै चारै चुलबुल युवा तुल्बुल अलि

१०. थियौ जुँघारेखी भरखर बसी सुन्दर युवा
दिलैका झर्नाझैं अविरल सुसेली स्वर युवा
तिमीले गायौ हे अमर महिमा राष्ट्रध्वजको
अहो राष्ट्रै गायौ कति मधुर हो राष्ट्ररस त्यो

११. कि देशै छन्दै भो कविलय बनी स्रग्धरित भो
कि वीरात्मा वाणी ध्वज भई स्वयं नै प्रकट भो
कि पुर्खाको नासो अमर ध्वनि यो वीर रस हो
छ जन्मेको देशै कति प्रिय अहो काव्यमय यो

१२. म सम्झूँ पैलो त्यो विपुल कवि सम्मेलन थल
युवा तिम्रो स्फूर्ति प्रथम कविता वाचन पल
त्यहाँ वीरात्माको अमर रव त्यो गर्जन सुन्यौं
सुनी नेपालीको दिल धडक सम्मोहित बन्यौं

१३. कि झन्डा गाथामा प्रखर अरु भो देश महिमा
कि झन्डा नेपाली फरफर गुँज्यो ओष्ठपुटमा
कि नाचे शब्दैझैं चमक खुकुरी वीरमहिमा
छ गोर्खा वीरैको चहक खुकुरी विश्वमहिमा

१४. सबैको साझा भो रविशशिप्रभा राष्ट्रिय ध्वजा
यही झन्डा बोकी जुगजुग रहे ऊर्जित भुजा
कि ब्यूँझे शैलीमा अमर पुरुखा काव्यरस भै
बगेझैँ छन्दैमा छलबल भई देशरसझैँ

१५. त्यही वेलादेखिन् विदित सबका राष्ट्रछवि हे
तिमी राष्ट्रै गाई परिचित भयौ राष्ट्रगुरु हे
चिने नेपालीले मनमन गुने राष्ट्रकवि को
जुगौँ राष्ट्रै गाई अमर घिमिरे राष्ट्रकवि हो

१६. सिकायौ नेपाली सकल जनमा राष्ट्रमहिमा
जुगौँको पुर्खाको अमर रचना गर्व गरिमा
गुँजे पद्यै तिम्रा प्रतिपद गुँजी राष्ट्रिय स्वर
रच्यौ गीतै मीठा छलबल जहाँ राष्ट्रलहर

१७. बिते वर्षौं तिम्रा सृर्जनरसका सोखबीचमा
रसायौ राष्ट्रै ती मधुर रचनाका लहरमा
तिमी प्यारा स्रष्टा जनहृदयको राष्ट्ररथको
उपाधि प्राप्तै भो कतिपछि अहो राष्ट्रकविको

१८. तिमी रोयौ पत्नी स्मृतिपल भिजेको विरहमा
सधैँ गौरी गुन्जिन् जनहृदयकी शोक उपमा
तिमी गायौ छोई करुण रसले मानव दिल
वियोगीको भाका नयनरस उर्ली भलभल

१९. सबैका भाकाका गमक घिमिरे हे प्रिय कवि
उनै गौरीका हे पति बिरहिला माधव कवि
छ नेपाली माया कति अतल हो शोकपलमा
पहाडै रोयोझैँ सकल दिल झर्ना विरहमा

२०. छ यो देशै राम्रो प्रकृतिरचना चारु कति हो
हिमालै पाहाडै समतल तराई मिलित जो
जहाँ हेरूँ राम्रो प्रकृति रस वैविध्य कति हो
यिनैलाई गाई कवि गरिरह्यौ देशव्रत यो

२१. छ गाना झन्डाको जनहृदयमा गुञ्जित अझै
छ माटोको माया कवि दिल सुसेली प्रिय अझै

छ पुर्खाको नासो अमर रचना राष्ट्र प्रिय यो
बगैँचा साऊाऊँ कवि सिर्जन तिम्रो प्रिय भयो

२२. रच्यौ गाना नाना लय दिल छुने हे जति गुँजे
छ पुस्तौँ तिर्खा त्यै श्रुतिमधुर गीतै कति बजे
छ नेपाली आत्मा पुलकित हुने क्या मधुरिमा
छ गाऊँ गाऊँ ऊँ जुगजुग महान् राष्ट्रमहिमा

२३. छ मान्छेको माया सुखदुख सुसेली सब प्रिय
छ देशैको चासो कवि हृदयमा देश छ प्रिय
रच्यौ गीतै धेरै अमर रचना काव्य कविता
अहो स्रष्टा तिम्रो हृदयध्वनि भो देश कविता

२४. परी अन्नैपूर्णा हिमशिखरमा विश्वललिता
त्यही सेरोफेरो सिर्जनरसको क्या मधुरता
अहो कस्तो प्यारो प्रकृतिसुषमा जीवनरस
सबैभन्दा प्यारो कविकन रह्यो देश स्वरस

२५. रहे प्यारा पुर्खा मुलुक जसको सिर्जना महान्
स्वदेशैको श्रद्धा प्रणति तिनको आहुति महान्
तिमीलाई प्यारो स्मरण तिनको धूलि नमन
तिनैको हे गायौ अमर पदको चिह्न सृर्जन

२६. चिन्यौ ढुङ्गो माटो हिमगिरि नदी लेक चरन
डुल्यौ टारै बेसी समतल तराई घन वन
चिन्यौ प्राणी पन्छी सकल तिनको नाउँ कुन हो
सबै नेपालीको सुखदुख भिजी देशरस हो

२७. तिमीलाई आफ्ना सकल थल पुर्खाजन प्रिय
सबैलाई तिम्रा सृर्जन मुरलीका लय प्रिय
सबै नेपालीको सुख र सपना शान्ति छ प्रिय
अहो नेपालैको सकल विरुवा बोट छ प्रिय

२८. सबैले नै भन्छन् मुलुक कतिको सुन्दर छ यो
धराका टुप्पाका हिमधवल उच्चा शिखरको
हिमालै आँखामा सृर्जनरसको निर्झर बग्यो
सुसेली सिँच्दै जो समतल र गङ्गातक पुग्यो

२९. चिनायौ फूलै हे कविवर अहो देशभरको
गुराँसैको लाली गिरिवन सुहाई लय बन्यो
छ नेपाली बाजा हृदय तलमा गूँज मधुर
छ देशै गुन्जेछैँ जनहृदयमा गीत अमर

३०. छ प्यारो नेपालै मुलुकप्रति आस्था दृढ रह्यो
तिमीलाई प्यारो सब मुलुक माटो कण रह्यो
सबै जाति प्यारा सकल जन एकत्व प्रिय भो
कि काव्यैको आत्मा चिर मधुर यै राष्ट्ररस हो

३१. कहाँ हो आस्थाको गिरिशिखर धौलागिरि अहो
कहाँ नेपालीको दिल छुन सकी गीत हुनु हो
कहाँ हो चौतारी वर पीपलको बोट रचना
छहारीमा गुँज्ने अमर कविका गीतसृर्जना

३२. रहिन् कालीगङ्गा सिर्जन सुखकी शान्त कविता
हिमालै पैलेकी अविदित जगज्येष्ठ सरिता
रची शालिग्रामै हिमगिरि चिरी छाप अभय
छ गल्छी विश्वैको अधिक गहिरो सिर्जनलय

३३. हिमालै क्या अग्लो परतिर अहो चीन छ बृहत्
समुन्द्रैले बेह्री हिमशिखरले भारत बृहत्
सुगौलीको पीडा तर मुलुक ठूलै अझ पनि
सयौँ साना देखेँ मुलुक छ विशालै अझ पनि

३४. अहो गीतै गायौ सकल दिलको शान्त रसको
छ खोजी त्यै शान्ति परिणति अहो क्रान्ति रसको
छ फोहोरी कोही मुलुक तर यो सुन्दर सधैँ
सबै अट्ने जुट्ने मुलुक छ विशालैसरि सधैँ

३५. छ देशै यो साझा जन सकलको जाति सबको
बगैँचाछैँ साझा रङविरङका फूल सबको
जगेर्ना गर्ने हो सब जन मिली भोग्य सबको
न जातै क्षेत्रैको मुलुक सझिया सर्वजनको

३६. फिरङ्गी साम्राज्यै भुवन तलमा फैलिन पुग्यो
पस्यो आक्रान्ता त्यो तर मुलुक यो कञ्चन बच्यो

छ गोर्खा आत्मा जो कवि बन्यो वीर रसको
छ नेपाली छाती पुलकित हुने राष्ट्ररस त्यो

३७. रहोस् चन्द्रै सूर्यै ध्वजसँगसँगै देश अटल
दुई ढुङ्गाबीचै जुगजुग रहोस् राष्ट्र अचल
छ निर्मातालाई विपुल दिल श्रद्धाञ्जलि अझै
सिँगार्ने यो देशै श्रम र प्रतिभा जुट्नु छ अझै

३८. स्वदेशै आस्था हो तर पनि अहो विश्व छ प्रिय
सबै सृष्टि प्राणी सकल कवि तिम्रो पनि प्रिय
छ तिम्रो गीति श्री अमर सृर्जना राष्ट्र ध्वनिले
छ काव्यै नाटचश्री पनि अमर नेपाल ध्वनिले

३९. छ पुर्खाको प्यारो र अमर चिनो राष्ट्र रचना
गर्‍यौ नेपालीका हृदयतलमा राष्ट्र सिर्जना
सिकायौँ पुस्तौँका हृदयकन यो राष्ट्र गुरु हे
तिमीलाई श्रद्धा प्रकट म गरूँ राष्ट्रकवि हे

४०. तिमीले सृर्जेको सब सिर्जन हे राष्ट्रछवि भो
जहाा नेपालीको विभव सपना सञ्चित भयो
रच्यौ जे जो गीतै सकल कविता काव्य कृति जो
निबन्धै या नाटचै रचित तिनले राष्ट्रछवि भो

४१. छ दर्जै सर्कारी परिचिति स्वयं राष्ट्रकवि भो
स्वयंले आर्जेको प्रबल जनश्रद्धा प्रकट यो
अहो राष्ट्रै गायौ कति दशक पौने शतक नै
चिनारी तिम्रो भो सरस रचना राष्ट्ररस नै

४२. कहाँ तिम्रो प्यारो लमजुङ कहाँ पुस्तुन पर्‍यो
कहाँ लेकै तिम्रो ललित जगरा घाम कुहिरो
कहाँ बग्छिन् डादी कविध्वनि सुसेल्ने जल परी
बगूँ मर्स्याङ्दीका लहरसँग क्यै मै पनि सरि

४३. हिमश्री क्या प्यारो गिरिवर मनास्लू शिखरको
म देख्दै आएँ जो तनहुँतिरदेखिन् गिरि उचो
उज्यालो छाया त्यो हिमधवल आभा प्रिय रत्यो
पुगूँ बाहुन्डाँडैतिर कि कविको जन्मथल त्यो

४४. हाँसोझैँ कविता अहो प्रिय रह्यो मुस्कानझैँ जिन्दगी
बोल्दो चित्र र भावको लय झरी ऐश्वर्यको सगबगी
हे प्यारा घिमिरे रह्यौ प्रिय सधैँ वैशाख लागेसरि
गाऊँ या म सुनूँ सधैँ मधुरझैँ क्यै मात लागेसरि ।

## राष्ट्रकवि शतायु माधव घिमिरेप्रति

१. के नै होला मधुर र अरू बैँसको बागभन्दा
के नै सोच्ने सरस र अरू काव्य आस्वादभन्दा
नेपालीका शिखर कवि हे आज तिम्रो शताब्दी
मन्दाक्रान्ता लयलहरमा बाँच सय्यौँ शताब्दी

२. नेपालीका सुखदुख कथा मानवी मर्म माया
गायौ पीडा विरह करुणा जिन्दगी घामछाया
धर्ती गायौ प्रकृति सुषमा सृष्टि ऐश्वर्य साध्यौ
मेरा प्यारा सुकवि घिमिरे छन्दमा विश्व बाँध्यौ

३. प्यारो पक्कै पनि सिर्जनको वेगवान् मुक्त छन्द
सानैदेखिन् बहुप्रिय रह्यो विश्वसङ्गीत केन्द्र
छन्दैभन्दा अमर छ र के स्वर्ग धर्ती दुवैमा
भाकै मीठो सिर्जन विपना स्वप्नमा कल्पनैमा

४. रच्छौ मीठो मधुर लयमा गीत उत्कर्षशाली
के नै होला सिर्जन र अरू गीतझैँ शक्तिशाली
देशै गायौ ललित लयमा लोकभाका सुसेली
नेपालीका हृदय झरना गान मानौँ सँगेली

५. पढ्दै जाँदा समयरसले सिद्ध भै काव्य स्वादु
घोट्दै जाँदा युगनिकषमा सिद्धझैँ स्वर्णधातु
जे जो सिर्ज्यौ सिर्जनसुषमा देशको शान भो त्यो
नेपालीको हृदयध्वनि भो सृर्जनै सम्पदा भो

६. शिल्पी सिर्जी अमर सृर्जना राष्ट्रभाषा सजायौ
छाया फेटी किरण रङमा देश शोभा उभायौ
नेपाली जे जति छ सब त्यो सम्पदा देश गाऊँ
आमा सम्झी नमन म गरूँ देश प्रत्येक ठाउँ

७. शोभा सम्मोहक रस कला शब्द श्री हे उदाऊ
जे जो सोचें लिपिलहरमा त्यो सुनी मुस्कुराऊ
राष्ट्रै सिङ्गो प्रणत छ तिमी राष्ट्रशोभा र शान
गाई तिम्रै यश गुण कथा यो रचें काव्य गान

८. मेरा प्यारा लमजुङ तनौ काठमाडौँ छ प्यारो
गाई तिम्रा सृर्जन कि भयो काव्यसंसार प्यारो
चाखी तिम्रा मधुर सिर्जना जिन्दगीमा सिकें क्यै
भाषा भाका रङविरङमा मूर्तिऊँ इन्द्रिनी भै

९. जे सोच्यो त्यो सब मधुरझैँ सिर्जियौ शब्द जादु
तिम्रा ऊर्जामय सृर्जनमा काव्य भै खुल्छ जादु
भाका फेर्दै छडछड बगी गुँज्छु झर्ना हिमाली
देशै गाई लयलहरले लेकबेसी उचाली

१०. इन्द्रेनीका विविध रङमा बिम्बमा राष्ट्र गायौ
सिर्जी शिल्पी अमर रचना राष्ट्रभेटी चढायौ
भाषालाई ललित लयले लौल्यले भर्न पाऊँ
गाई तिम्रा मधुर रचना राष्ट्र सम्झी रमाऊँ

११. के नै होला प्रियतर अरू स्नेहझैँ मानिसैको
सोचूँ के नै सुखमय अरू सोखझैँ भावकैको
देशप्रेमी सकल दिलका ज्वारझैँ उत्तरङ्ग
पढ्दा तिम्रा मधुर रचना देश सिङ्गै उमङ्ग

१२. कोशीलाई नमन म गरूँ गण्डकी गीत गाऊँ
कर्णालीका लयलहरले राष्ट्रलाई जगाऊँ
आमा तिम्रो अनुपम कला देश ऐश्वर्य प्यारो
तिम्रै शोभा सकल चुलिने देश आमा छ प्यारो

१३. नेपालीको परिचय कथा रक्तउत्सर्गधारा
राष्ट्रै रच्ने अमर रस त्यो आहुति प्राणधारा
पृथ्वीनारायण सँगसँगै अर्मुडी सम्झनामा
राष्ट्रै उच्चो अमर चुलिई धीरता वीरतामा

१४. शिल्पी दामोदर गिरिशिला गण्डकी शिल्प छाप
यात्रा होओस् रहर रसमा सोखमा मुक्तताप

सोखै बग्ने अविरल बगोस् गण्डकी निर्विराम
तप्दातप्दै पनि बगरमा जिन्दगी शान्तिधाम

१५. जे जो काली लय लहरले गण्डकीका शिलामा
सिर्जेको हो अभय भगवत्पादका सम्झनामा
के नै अर्थ्याउनु र त्यसको शिल्परेखा तिलस्मी
फिर्ती यात्रा चरम वयमा सान्ध्यझैं शेष रश्मि

१६. पुस्तौं सोची अमर रचना सिर्जने सोख साँचो
जाँदाजाँदै अलिकति कतै क्यै दिने सोच साँचो
माया पिर्ती विरह रस भो जिन्दगी मूल स्रोत
चिर्दै द्वन्द्वै रण रस गुँज्यो शान्तिको विश्वगीत

१७. धर्ती यात्रा समय सबको शिल्पझैं जिन्दगी यो
हावापानी पवन किरणै मृत्तिका मेलझैं यो
सारांशै हो अविरल कुदी कुँद्नु क्यै जिन्दगीको
चिह्नै त्यैझैं समयपथ डोब त्यै साधनाको

१८. जे जो सिर्ज्यौं सहज सृर्जना माधुरी शब्दको त्यो
हीरा कुँद्ने कलम रसको मुग्ध मुस्कानझैं त्यो
मीठो भाका कुसुमसपने भाव साम्राज्यशोभा
जे चाख्यो त्यो सरस कविता काव्यसङ्गीत हो वा

१९. सिर्जी पात्रै समय घटना कार्य व्यापारद्वारा
दृश्यैलाई लयलहरमा बाँध्नु संवादद्वारा
जे जो भोग्यौ रहर रमिता जिन्दगी द्वन्द्व दृश्य
नाटचै भै त्यो अवतरित भो गाउने गीतिनाटच

२०. तिम्रा मीठा ललित रचना गद्यमा जो निबन्ध
शैली लीला सरस सिर्जना दर्शनै होस् प्रबन्ध
क्यै नौलोझैं सृर्जनसरणी सोच्नु नै रम्यजस्तो
गद्यै बग्ने सरस कविता गद्यमा हो कि जस्तो

२१. जे सिर्ज्यौं त्यो श्रुतिमधुर भो सुन्नुको स्वाद रम्य
शैली शय्या ललित लयझैं वर्णको तारतम्य
सुन्दै लाग्ने मधुर पद या वाक्यविन्यास बान्की
हेर्दै सुन्दै सरस झरना काव्य सौन्दर्य झाँकी

२२. मान्छे जे हो तन सकल त्यो स्नायुसञ्चार तन्त्र
ऊर्जाशाली सृर्जनरसको भावना मूल मन्त्र
तिम्रो भावाकुल रसकला शौर्य उत्साह जे होस्
प्रेमै होओस् विरह करुणा शान्ति होस् विस्मयै होस्

२३. रम्ने हाँस्ने अभय रसमा रौद्र या अद्भुतै होस्
बाँच्ने बाटो बिनु छल घृणा प्रेम वात्सल्य जे होस्
मान्छे तिम्रै हृदयतलमा काव्यसङ्गीत गुँज्ला
चित्रै नृत्यै कि सकल कला भावसञ्चार लीला

२४. शब्दैले हो लय सृर्जनले बिम्बले काव्यलीला
जे भोग्यो त्यो स्वरस लहरी घाम छाया र छेला
आफ्नै अन्तर्ध्वनि कि त कला शब्दमा नृत्य गीत
आफै विश्वै सब सँगसँगै सोच संवेग मूर्त

२५. के हो जान्यौ जति जति रच्यौ काव्य सङ्गीत शोभा
गद्यै हो वा ललित रचना गीति हो नाटच हो वा
तिम्रो खोजी सब सृर्जनमा भर्छ सौन्दर्य केले
तिम्रो रोजी हृदयरस त्यो काव्य सिर्जिन्छ जेले

२६. जो छातीमा स्वरस त्यसको माधुरी मर्म गायौ
जे जो बाँच्ने रहर छ त्यही मोहको गीत गायौ
देशै गायौ अमर धरती मोह सम्मोह गायौ
देखी विश्वै विषज्वरित यो विश्वबन्धुत्व गायौ

२७. नेपालीका सकल दिलमा काव्यश्री हे सुसाऊ
स्वर्गङ्गाका अमर रसले लोकलाई जियाऊ
नेपालीका दिल सकलको कामना सोच भो यो
धोको चोखो कवि हृदयको पूर्ण होस् माधवैको

२८. बाँच्यौ सिङ्गो शतक सृर्जना ज्वार साँची दिलैमा
बोक्दै छौ हे भगीरथ महाकाव्य गङ्गा शिरैमा
काव्यश्री हे शिखर तपसी कामना यै चढाऊँ
तिम्रो लामो तपफल महाकाव्य त्यो पढ्न पाऊँ ।

## राष्ट्रकवि माधव घिमिरेको शतकसाधना

१. यो धर्तीको सुखदुख कथा जिन्दगी गीत गायौ
माटोभन्दा मधुर छ र के देश ऐश्वर्य गायौ

बाँच्यौ श्रद्धाशिखर घिमिरे सिर्जनाले शतायु
नेपालीका हृदयध्वनि हे कल्पकल्पान्त गाऊ

२. के नै होला सुमधुर अरू माधवी मञ्जरीऊँ
शिल्पी तिम्रा कलमरसका मोहिनी सिर्जनाऊँ
पैलो स्रष्टा शतकविजयी सिद्धि यो साधनाको
मन्द्राक्रान्ता लय लहरमा गीत यो अर्चनाको

३. तिम्रो प्यारो लमजुङ कहाँ पुस्तुनै त्यो कहाँ हो
छायाँ खेल्ने हिमशिखरको जन्मधर्ती जहाँ हो
पाएँ पैलो परिचय तिमी गण्डकी बाँसुरी ह्वौ
मर्स्याङ्दीका लहर चुलिई गुन्जिने माधुरी हौ

४. बाँचें तिम्रा सिर्जनयुगमा भेट के नै चढाऊँ
जे जो सिर्ज्यौ त्यस सृर्जनको चारु चर्चा म गाऊँ
साक्षी तिम्रो सृर्जनयुगको आज बोलूँ कि भन्छु
तिम्रा भाका मुकुलित भई काव्य आफै कि बन्छु

५. के हो मेरो कविपथ चिनी ऊक्ऊक्यायौ तिमीले
थाहा पाएँ सब सृर्जनमा माधुरी भर्छ केले
सााच्चै चिन्छौ मधुर रचना काव्यका पारखी हे
टक्र्याऊँ क्या सृर्जनरसकै अर्घ्य स्रष्टाचुली हे ।